नेपाल सरकार

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

सिंहदरबार, काठमाडौं नेपाल

फोन नं. : ४२००२५१/४२००४१३/४२००१६४

फ्याक्स नं. : ४२००११६

ईमेल : mowcsw@ntc.net.np, Web : www.mowcsw.gov.np

# सशक्तीकरण

(महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँग सम्बन्धित)

वर्ष १३ पूर्णाङ्क २० २०७४ असार

# EMPOWERMENT

**A Journal of MoWCSW**

नेपाल सरकार

**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

सिंहदरबार, काठमाडौं नेपाल

# सशक्तीकरण

(महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयसँग सम्बन्धित)

वर्ष १३ पूर्णाङ्क २० २०७४ असार

# EMPOWERMENT

A Journal of MoWCSW

नेपाल सरकार
**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**
सिंहदरबार, काठमाडौं नेपाल
फोन नं. : ४२००२५१/४२००४१३/४२००१६४
फ्याक्स नं. : ४२००११६
ईमेल : mowcsw@ntc.net.np
Web : www.mowcsw.gov.np

**सम्पादक मण्डल**

**सल्लाहकार**

**खगराज बराल, सचिव**

**संयोजक**

**महेन्द्रकुमार थापा, सहसचिव**

**सदस्यहरु**

**भरतराज शर्मा, उपसचिव**

**विनिता भट्टराई, उपसचिव**

**सुनिता नेपाल, उपसचिव**

**सदस्यसचिव**

**पवित्रा ढकाल, शाखा अधिकृत**

मुद्रणः स्काई प्रेस (०१-४७८४२८३), बिजुलीबजार, काठमाडौं नेपाल

# प्रकाशकीय

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले प्रकाशन गरेको **सशक्तीकरण जर्नल** पाठकसामु प्रस्तुत भएको छ । व्यक्तिमा रहेका क्षमतालाई अझ सशक्त बनाउनु सशक्तीकरण हो । सशक्तीकरणका माध्यमबाट व्यक्तिमा रहेको अन्तर्निहित क्षमतालाई उद्घाटन गर्न सघाउ पुर्‍याउँदछ । अन्तर्मुखी व्यक्तिका भएका व्यक्तिका आन्तरिक क्षमताले बाह्य जतगमा प्रष्फुटन हुने माध्यम खोजिरहेको हुन्छ; यस्तो अवस्थामा सशक्तीकरणका माध्यमबाट व्यक्तिका त्यस्ता क्षमतालाई उजागर गर्न मदत मिल्छ ।

जुनसुकै जात, जाति, वर्ग, वर्ण लिङ्ग, धर्म, संस्कृति तथा समुदायका व्यक्तिहरू विना भेदभाव समाजका हरेक क्रियाकलापमा सहभागी हुन पाउनु उनीहरूको नैसर्गिक अधिकार हो। हाम्रो संविधानले यी र यस्तै समाजपयोगी कुराहरूलाई आत्मसात् गरी समतामूलक समाज निर्माणको परिकल्पना गरेको छ । मुलुकको सर्वतोमुखी विकासमा सबै वर्ग र समुदायका व्यक्तिको सहभागिता अपरिहार्य छ। कुनै पनि धर्म, संस्कृति लिङ्ग, जात, जाति, वा समुदायका व्यक्तिले आफू उपेक्षित भएको अनुभूति हुने किसिमको वातावरण सिर्जना हुनु समाज र राष्ट्रका लागि प्रत्युत्पादक हुन्छ । मुलुकको सर्वाङ्गीण विकासमा समाजका सबै वर्ग र समुदायका व्यक्तिको सहभागितामा सम्पन्न कार्यमा सहभागीहरूले अपनत्वको महसुस गर्दछन् । समाजमा पछाडि परेका तथा पारिएका व्यक्ति वा समुदायलाई मुलुकको विकास निर्माण देखि नीति निर्माणका तहसम्म सहभागी हुने अवसर प्रदान गर्ने विभिन्न औजारहरूमध्ये सशक्तीकरण एक हो ।

प्रस्तुत जर्नलमा समाविष्ट लेखरचनाहरू लेखकका आफ्ना निजी विचार र धारणा हुन् ।त्यसैले यसको अन्तिम जवाफदेहित्व लेखकमा नै रहेको छ ।साथै, यस जर्नलभित्र रहेका तथ्य, तथ्याङ्कहरू र धारणा सरकारको आधिकारिक तथ्याङ्क तथा धारणाका रूपमा नलिइदिनुहुन सम्पादक मण्डल अनुरोध गर्दछ ।

अन्त्यमा, **सशक्तीकरण जर्नल**मा समाविष्ट लेख रचनाहरूले जनतामा आपसी सद्भाव कायम राख्न मदत पुग्नुका साथै सशक्तीकरणका विषयमा अध्ययन अनुसन्धान गर्नेहरूका लागि उपयोगी सङ्ग्रह हुने विश्वास प्रकाशक मण्डलको रहेको छ ।

# विषयसूची


बाल विवाह : केही चर्चा परिचर्चा

*खगराज बराल* १

जेष्ठ नागरिकका समस्या र सवलीकरण व्यवस्थापनको आवश्यकता

*महेन्द्र सैंबुले* ११

दिगो विकास र बालबालिका

*राधिका अर्याल* २१

जेष्ठ नागरिक र सामाजिक सुरक्षा: सन्दर्भ जेष्ठ नागारिक ऐन संशोधनको

*शंकर प्रसाद पाठक* ३१

निर्वाचन र बालअधिकार

*तारक धिताल* ३७

चौथो अन्तर्राष्ट्रिय महिला सम्मेलनका प्राथमिकता क्षेत्रहरू

*भरतराज शर्मा* ४५

मानव बेचबिखन तथा ओसारपसारको अवस्था र निराकरणका लागि भएका प्रयासहरू

*सुनिता नेपाल* ५०

संविधान र महिला अधिकार

*मीठू थापा* ५६

अपाङ्गता परिचयपत्रः पहिचान र सामाजिक सुरक्षाको

*नीरा अधिकारी* ६१

अपांगता र नेपालमा अपांगता भएका व्यक्तिहरुको अवस्था

*निम राज भट्टराई* ६४

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ कार्यानव्यनको अवस्थाः सन्दर्भ नेपालको

*सुदर्शन सुवेदी* ७०

अपाङ्गताः परिचयपत्र र सेवा सुविधाहरू

*विष्णुकुमारी लामिछाने* ७६

सामाजिक न्याय र सामाजिक सुरक्षा

*रामदरेश शाह* ८३

लैङ्गिक विभेद र महिला शिक्षा

*दिलिप कुमार श्रीवास्तव* ९३

दोस्रो विश्व महिला सम्मेलन र त्यसले उठाएका विषयहरू

*बिन्दा मैनाली* ९७

**Economic Empowerment of Women in Nepal**

***Bimala Kafle Wagle*** १०३

**Human Rights and Resources: Concept of Maximum Available Resource in context of International Human Rights Law**

***Saroj Pathak*** १०९

## पाठक वर्गमा सम्पादक मण्डलको अनुरोध

- 'सशक्तीकरण' महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट नियमित प्रकाशन हुने जर्नल हो ।
- यस जर्नलमा विशेषतः महिला, बालबालिका, अपाङ्ग एवं ज्येष्ठ नागरिकहरुसँग सम्बन्धित खोजपूर्ण अनुसन्धानात्मक लेखहरुलाई स्थान दिईन्छ ।
- प्रकाशित लेखामा उल्लेखित विचारहरु लेखकका निजी विचार हुनेछन् ।
- यसमा प्रकाशित लेखहरुलाई उचित पारिश्रमिक दिने व्यवस्था छ ।
- यस मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित खोजपूर्ण अनुसन्धानात्मक एवं विचारपूर्ण लेखहरु र लेखकको व्यक्तिगत विवरण सकेसम्म डिस्केटबाट यस मन्त्रालयमा पठाई सहयोग गरिदिनु हुन लेखक वर्गमा अनुरोध गरिन्छ ।
- प्रकाशन नभएका लेखहरु फिर्ता गरिने व्यवस्था नभएको व्यहोरा अनुरोध गर्न चाहन्छौं ।

# बाल विवाह : केही चर्चा परिचर्चा

**खगराज बराल**

**सारांश**

विवाह मानव सभ्यताको विकासको क्रम सँगसँगै आएको सामाजिक संस्था हो । यो संस्कार र संस्कृतिसँग जोडिएको विषय हो । विवाह गर्ने संस्कार वा परम्परा संस्कृतिपिच्छे फरक फरक हुनसक्छ । मानव सभ्यतालाई शिष्ट, सभ्य र शालिन बनाउन विवाह पद्धति बसालिएको हो । मागी विवाह, भागी विवाह, चोरी विवाह, जारी विवाह आदि विवाहका विभिन्न प्रकार हुन् । समाज आधुनिकतामा प्रवेश गरेपछि अन्य विषयलेझैं विवाहले पनि कानुनी मान्यता पाउँदै गयो । विवाह व्यक्तिको नैसर्गिक अधिकार हो । हरेक देशले विवाह योग्य उमेर कानुनमै तोकेका हुन्छन् । नेपालको कानुन अनुसार विवाहयोग्य उमेर २० वर्ष निर्धारण गरेको छ । यद्यपि कतिपय समुदायमा रहेको परम्परा, बालबालिकाहरूमा आउने परिवर्तनमा उपयुक्त व्यवस्थापन सम्बन्धी जानकारीको अभाव, बालबालिकाहरूलाई अभिभावकको सही मार्गनिर्देशनको अभाव आदि कारणबाट बाल विवाह अझैपनि पूर्ण रूपमा रोकिएको छैन । बाल विवाहलाई अभिभावकलो पनि स्वीकार्ने, केही जाती र स्थानका अभिभावकमा चेतनाको अभाव, गलत संस्कृतिको निरन्तरता आदिका कारणले अझै पनि बाल विवाह अभ्यासमा छ । संस्कारमा परिवर्तन, कानुनको प्रभावकारी कार्यान्वयन, कार्यक्रमको केन्द्रित कार्यान्वयन, विवाह योग्य उमेरमा परिवर्तन आदि गर्न सकेमा नेपालमा बाल विवाहलाई उल्लेख्य रूपमा कम गर्न सकिन्छ ।

**विषयप्रवेश**

विवाह मानव सभ्यताको विकाससँगै पद्धतिबद्ध एवम् संस्कारयुक्त हुँदै आएको हो । प्राय : सबै धर्म तथा परम्परामा विवाहलाई औपचारिक रूपमा मान्यता दिइएको हो । यसलाई संस्कार तथा संस्कृतिसँग जोडिएको छ । विवाहले नै मानव जीवनलाई निरन्तरता दिँदै आएको छ । विवाहलाई पद्धतिबद्ध गराउन परिवार, समाज तथा समुदायले अलिखित नियम बनाएका थिए, राज्यको पद्धतिबद्ध विकासपश्चात् कानुनको निर्माण गरिए । विवाहका लागि निश्चित आधार निर्धारण गरिए । यस्ता आधारले विवाहको निश्चित उमेर तय गऱ्यो । तोकिएको उमेरभन्दा कम उमेरमा विवाह गर्न निषेध गरियो । तोकिएको उमेरभन्दा कम उमेरको (गैह्र)विवाहलाई बाल विवाह भनियो । बाल विवाह अविकसित तथा अल्प विकसित देशहरूका साझा समस्या हो । कानुनले निषेध गरे पनि कतिपय समुदायमा बाल विवाहको प्रचलन अहिले पनि रहेको छ । यो लेख बाल विवाहको चर्चा र परिचर्चामा केन्द्रित छ । यस लेखमा विवाहको परम्परा, विवाह र कानुन, बाल विवाह, बाल विवाह सम्बन्धी केही तथ्याङ्क, बाल विवाह सम्बन्धी केही मामलाहरू, प्राप्ति, भावी दिशा र अन्त्यमा निचोड प्रस्तुत गरिएको छ ।

**विवाह : एक परम्परा**

विवाह विभिन्न किसिमबाट परापूर्व कालदेखि नै भैरहेको छ । मानव जीवनको सृष्टिदेखि नै कुनै न कुनै

किसिमले विवाह अगाडि बढेको हो । मानव सम्भताको विकाससँग विवाहलाई मर्यादित बनाउन विभिन्न विधि विधानहरू बनाइएका थिए । स्त्री र पुरुषका बीच विवाह गरिँदै र गराउँदै आएको हो । यो विवाह पद्धतिले स्त्री र पुरुषलाई सामाजिक बन्धनमा राखेको पनि हो । मानव सभ्यतालाई शिष्ट, सभ्य र शालिन बनाउन विवाहका पद्धति बसालिएको हो । संसारमा विभिन्न किसिमका विवाह पद्धति छन् : मागी विवाह, भागी विवाह, गन्धर्व विवाह, राक्षस विवाह, प्रेम विवाह, चोरी विवाह, जारी विवाह । आधुनिक समाजमा यस प्रकारका विवाहभन्दा फरक किसिमका विवाह पनि गर्ने चलन छ : सामन्तवादी विवाह, जनवादी विवाह, समाजवादी विवाह, पूँजीवादी विवाह । जसरी विवाह गरे पनि विवाह विवाह नै हो । समाज र समुदायले विवाहलाई महत्त्वपूर्ण कार्यका रूपमा लिएको छ । विचारणीय कुरा के हो भने विवाह आवश्यक कुरा हो तर सबै थोक चाहिँ होइन । विवाह एकअर्का प्रतिको समर्पण हो, सम्झौता हो, अनि वंश विस्तारको माध्यम हो । इ.एस. बोगार्डसले भने जस्तै विवाह स्त्री र पुरुषले पारिवारिक जीवनमा प्रवेश गर्ने संस्था हो ।

**विवाह र कानुन** : विवाह गर्ने व्यक्तिको नैसर्गिक अधिकार हो । विवाह गर्ने वा नगर्ने भन्ने निर्णय पनि व्यक्तिको स्वविवेकीय अधिकार हो । मानव अधिकारको दृष्टिकोणले पनि व्यक्तिलाई आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने कुरालाई मानव अधिकारका रूपमा लिइएको छ । तर यस्तो अधिकार बेलगाम भने हुँदैन । विवाह जसले जहिले पनि गर्न पाउँदैन । विवाह गर्नका लागि परिपक्व उमेर तोकिएको छ । नेपालको बालबालिका सम्बन्धी ऐन, २०४८ ले “बालक” भन्नाले सोह्र वर्षको उमेर पूरा नगरेको बालबालिका सम्झनु पर्छ भनेको छ (बालबालिकासम्बन्धी ऐन, २०४८ दफा २ (क) ) । संयुक्त राष्ट्र सङ्घको बालबालिका अधिकार सम्बन्धी महासन्धि, १९८९ ले  यस महासन्धिको प्रयोजनका लागि बालकसम्बन्धी कानुनअन्तर्गत वयस्कताको उमेर योभन्दा कम रहने गरी तोकिएको स्थितिमा बाहेक बालबालिका भन्नाले १८ वर्षमुनिका प्रत्येक मानवलाई सम्झनु पर्छ भनेको छ । बालबालिकाले विवाह गर्न मिल्दैन । यस अर्थमा १८ वर्षसम्म बालबालिका हुने भएकाले विवाह हुन्छ भनेर सोच्न पनि सकिँदैन । नेपालको मुलुकी ऐन, २०२० ले विवाहका लागि न्यूनतम् उमेर २० वर्ष तोकेको छ । विवाहका लागि कानुनी उमेर २० वर्ष भएकाले यो उमेरभन्दा कम उमेरमा विवाह गरेमा कानुनी विपरीत हुन्छ र दण्डनीय पनि हुन्छ । नेपालको संविधान (२०७२) ले बाल विवाहलाई बाल अधिकारको हननको रूपमा लिएको छ । २० वर्ष उमेरभन्दा कम उमेरमा विवाह गरे गराएमा बाल विवाह हुने र कानुन उल्लङ्घनमा कानुनी दायरामा ल्याएर कारवाही हुन्छ ।

**बाल विवाह**

नेपालमा बाल विवाह एउटा समस्याको रूपमा रहेको छ । बाल विवाहलाई रोक्नका लागि कानुन, ऐन, नियम तथा नीति, रणनीति एवम् कार्यनीति बनेका छन् । नीति, नियम तथा काननुले बाल विवाहलाई रोक्ने रहेनछ । बाल विवाह रोक्नका लागि हरेक घर परिवारको प्रतिबद्धता र सोहीअनुसारको कार्यान्वयन आवश्यक पर्ने रहेछ । अहिले त घर, परिवार तथा अभिभावकको प्रतिबद्धता, सोहीअनुसारको कार्यान्वयनले मात्र बाल विवाह रोक्न सकेको छैन । विद्यालय उमेरका बालबालिकाले आफू खुशी आफैँ विवाह गर्ने प्रवृत्तिले वर्तमान समयमा बालविवाहको समस्यालाई अझ जटिल बनाएको छ । सचेत अभिभावक नभएको स्थानमा पारिवारिक किसिमले बालविवाह गरिदिएमा सचेतना कार्यक्रम र कानुनी कारवाहीबाट न्यूनीकरण गर्न सकिने अवस्था छ तर सचेत अभिभावकका छोराछोरीले कानुनले तोकेको उमेर नपुग्दै आफू खुशी गर्ने विवाहले बाल विवाह न्यूनीकरणमा समस्या ल्याएको छ । यस्तो विवाह कानुन विपरीत हुने हुँदा यी विवाहित जोडीको विवाह दर्ता, बच्चाको जन्मदर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ताका साथै श्रीमान् श्रीमतीका रूपमा कानुनी र सरकारी तथा संस्थागत काम सम्पादन गर्न पनि मिल्ने अवस्था छैन ।

बालबालिकामा यौवनावस्था र किशोरावस्थामा हुने शारीरिक तथा हर्मोनल परिवर्तनले विवाह गर्न उत्प्रेरित गर्ने र कानुनी जटिलता तथा शिक्षा एवम् व्यावसायिक कामप्रतिको बेवास्ताका कारण आफू खुशी विवाह गर्ने प्रवृत्तिले कानुनी समस्या मात्र होइन, प्रजनन स्वास्थ्यमा पनि समस्या ल्याएको छ। २० वर्षभन्दा कम उमेरको विवाह कानुनी दृष्टिबाटै अवैध र गैह्रकानुनी देखिन्छ। २० वर्षभन्दा कम उमेर गरिएका विवाह कानुन बमोजिम व्यक्तिगत घटनामा  दर्ता हुँदैनन्, कानुनी हिसाबले विवाहित दम्पत्तीले श्रीमान् श्रीमतीको दर्जा पाउँदैनन्। कतिपय घटनामा २० वर्ष उमेर नपुग्दै विवाह गर्ने, सन्तान जन्माउने र सम्बन्ध विच्छेद गर्ने जस्ता काम भइसकेको अवस्था पनि छ। २० वर्षभित्रै सन्तान जन्माएमा बच्चाको जन्म दर्ता पनि हुँदैन र २० वर्षभित्र सम्बन्ध विच्छेद पनि हुँदैन। विवाह नै दर्ता नभएका दम्पत्तीको सम्बन्ध विच्छेद हुने कुरा पनि भएन। २० वर्षभित्र र २० वर्षपछि अर्को विवाह गरेमा बहुविवाह पनि हुँदैन, किनकि पहिलो विवाह कानुनी दृष्टिबाट दर्ता भएको हुँदैन। विवाह दर्ता भएका कतिपय दम्पत्तीको त व्यावहारिक रूपमा सम्बन्ध विच्छेद गरेका हुन्छन्, कानुनभन्दा बाहिरको अवस्थामा विवाह गरेका हुनाले सम्बन्ध विच्छेदका अवस्थामा कानुनबमोजिम पाउनु पर्ने सुबिधा पनि पाउने अवस्था रहदैंन। मुलुकी ऐनमा भएको संशोधनले पुरुष र महिलाको विवाहको उमेर २० वर्ष तोकेर प्रजनन स्वास्थ्यका लागि परिपक्व उमेरको कल्पना गरिए पनि २० वर्ष पूर्व नै विवाह गर्ने प्रवृत्तिले समस्या समाधान त भएन तर थप नौला किसिमका समस्या थपिएको हो कि जस्तो भएको छ। वर्तमान युवा पिढीँमा देखिएको हर्मोनल प्रेम (Hormonal Love) र हर्मोनल विवाह (Hormonal Marriage) ले बाल विवाह न्यूनीकरण र नियन्त्रणमा राज्यलाई चुनौती दिएको पाइन्छ।

**बाल विवाह सम्बन्धी केही तथ्याङ्क**

| जात/जाती (समूहीकृत) | जम्मा | कहिल्यै विवाह नगरेका | एक पटक विवाह गरेका | एकपटक भन्दा बढी विवाह गरेका | पुनः विवाह गरेका | विधुवा/विधुर | छोडपत्र गरेका | छुट्टिएका | कुनै समयमा विवाह गरेका | कुनै समय विवाह गरेकाको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पहाडी ब्राह्मण | ६६७६१४ | ६५१७२७ | १५७५५ | २५ | ३२ | ४१ | १८ | १६ | १५,८८७ | २.४ |
| पहाडी क्षत्री | ११५३१७९ | ११०१२९५ | ५१२९४ | ९४ | २३१ | ९६ | १०० | ६९ | ५१,८८४ | ४.५ |
| मधेशी ब्राह्मण/क्षत्री | ४४२०३ | ४२५७५ | १६२५ | १ | - | २ | - | - | १,६२८ | ३.७ |
| अन्य मधेशी जात -क | ६५८९८१ | ६०८०८२ | ५०६७३ | ८२ | ३५ | ६८ | १९ | २२ | ५०,८९९ | ७.७ |
| अन्य मधेशी जात -ख | १४८७६५ | १३३६२६ | १५०५९ | २२ | ९ | २१ | १३ | १५ | १५,१३९ | १०.२ |
| पहाडी दलित | ५३०५६१ | ४८९४२१ | ४०३४४ | १३० | ३५२ | ५६ | १३९ | ११९ | ४१,१४० | ७.८ |
| मधेशी दलित | २५२८६८ | २२७१८२ | २५५२३ | ५७ | ३१ | २८ | १५ | ३२ | २५,६८६ | १०.२ |
| नेवार | २४९३९८ | २४२९९५ | ६३२९ | १५ | १६ | १४ | १२ | १७ | ६,४०३ | २.६ |
| हिमाली/पहाडी जनजाती-क | ८८८८८३ | ८४३७२१ | ४४४६२ | ११३ | ३१४ | ७१ | १०७ | ९५ | ४५,१६२ | ५.१ |
| हिमाली/पहाडी जनजाती-ख | ५०२७८३ | ४७४८५३ | २७६०२ | ६४ | ७७ | ४५ | ६७ | ७५ | २७,९३० | ५.६ |
| तराई जनजाती | ५३८९९५ | ५११०६२ | २७७१३ | ६१ | ६९ | ३६ | २२ | ३२ | २७,९३३ | ५.२ |
| मुस्लिम | २७८३०२ | २५१०४२ | २६९८९ | १६८ | १० | २६ | २९ | ३८ | २७,२६० | ९.८ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य | १५६२२ | १४९३३ | ६८३ | ४ | ० | १ | १ | | ६८९ | ४.४ |
| माथि परिभाषित नगरिएका अन्य | ६३८३७ | ५८७९६ | ४९९१ | १० | १७ | ८ | ७ | ८ | ५,०४१ | ७.९ |
| विदेशी | ११२२ | १०५६ | ६६ | | | | | | ६६ | ५.९ |
| जम्मा | ५९९५११३ | ५६५२३६६ | ३३९,१०८ | ८४६ | ११९३ | ५१३ | ५४९ | ५३८ | ३,४२,७४७ | ५.७ |

स्रोत : *Situation of Voilence Against Children in Nepal, 2015, p.11 (Special tabulation, National Population Census, 2011; Central Bureau of Statistics)*

सिचुएसन अफ भायोलेन्स अगेन्स्ट चिल्ड्रन इन नेपाल (Situation of Voilence Against Children in Nepal) को सन् २०१५ को प्रतिवेदनअनुसार बालबालिकाको उमेर १०-१८ सम्ममा विवाह गर्नेको सङ्ख्या ५.७ प्रतिशत रहेको छ । यस प्रतिवेदनमा उल्लेख गरिएको तथ्याङ्क राष्ट्रिय जनगणना २०६८ (सन् २०११) का आधारमा राखिएको हो । यही तथ्याङ्कअनुसार नेपालमा १० देखि १८ वर्ष उमेरका जनसङ्ख्या ५९,९५,११३ थियो । यसमध्ये ३,४२,७४६ जना १८ वर्ष उमेर नपुग्दै विवाह बन्धनमा बाँधिएका थिए । यस तथ्याङ्कले १८ वर्ष उमेरभित्र कतिपयले बहुविवाह, कतिपयले पुनः विवाह, विधवा वा विधुर विवाह, सम्बन्ध विच्छेद, श्रीमान वा श्रीमतीसँग भिन्न बसाइ जस्ता गरेको पाइन्छ । तथ्याङ्कअनुसार १०-१८ वर्ष उमेरभित्र विवाह गर्ने बालबालिकाहरूमा सबैभन्दा बढी मधेशी अन्य जाति बी (Madhesi Other Caste-B) मा १०.२% र मधेशी दलित जातिमा १०.२% रहेको छ। सबैभन्दा कम पहाडी ब्राह्मण जातिमा २.४% र त्यसपछि नेवार जातिमा २.६% रहेको छ ।

नेपालमा बाल विवाहको सम्बन्धमा विभिन्न प्रतिवेदनले समय समयमा विभिन्न तथ्याङ्क देखाएका छन् । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ (Nepal Demographic Health Survey, 2011) ले नेपालमा २० देखि २४ वर्ष उमेर समूहका ४१ प्रतिशत महिलाहरूको विवाह १८ वर्ष पुग्नु अगावै भएको उल्लेख गरेको छ । अर्कोतर्फ यही उमेर समूहका ११ प्रतिशत मात्र पुरुषहरूको विवाह १८ वर्षभन्दा कम उमेरमा हुने गरेको छ (बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ पृ.४) । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणअनुसार सन् २००१ मा १५ देखि १९ वर्ष उमेर समूहमा अविवाहित महिला ६० प्रतिशत रहेकोमा सन् २०११ मा ७१ प्रतिशत पुगेको छ । यसले कम उमेरमा विवाह गर्ने क्रम क्रमशः घट्दै गएको देखिन्छ (राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ पृ. १६५) । राष्ट्र सङ्घीय जनसङ्ख्या कोषका अनुसार ग्रामीण क्षेत्रमा बसोबास गर्ने मध्ये ४३ र सहरमा बस्ने मध्ये २७ महिलाले १८ वर्ष नपुग्दै विवाह गर्छन् (बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ पृ.४) । त्यस्तै युनिसेफको २०१५ को प्रतिवेदनलाई आधार मान्दै नेपालमा बालबालिकाको स्थिति २०७२ मा बालविवाहका सम्बन्धमा यसरी लेखिएको छ : सन् २००५ देखि २०१३ सम्मको तथ्याङ्कको आधारमा युनिसेफले सार्वजनिक गरे अनुसार नेपालमा १५ वर्षमुनिका विवाहितहरू १०.१ प्रतिशत रहेका छन् भने १८ वर्षमुनिका विवाहितहरू ४०.७ प्रतिशत रहेका छन् (नेपालमा बालबालिकाको स्थिति, २०७२, पृ.२५) ।

नेपाल सरकारले बाल विवाह अन्त्यका लागि विभिन्न नीति तथा रणनीति अपनाएको छ । बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ तर्जुमा भई कार्यान्वयन भएको छ । नेपालको बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ को ८.९ बुँदामा 'बाल विवाह रोक्न सरकारी र विकास साझेदार सँस्थाहरूको सहकार्यमा समुदायस्तरका सङ्घ संस्थाहरूलाई परिचालन गरिनेछ' भनी उल्लेख गरिएको छ । साथै 'बाल विवाह विरुद्धको उजूरी सक्रियताका साथ लिने र कारवाही गर्ने व्यवस्था गरिनेछ र बाल विवाह रोक्ने कार्यका लागि स्थानीय

निकायलाई थप जिम्मेवारी दिइनेछ’ भनी उल्लेख गरिएको छ ।

## बाल विवाह सम्बन्धी केही मामलाहरू

**मामला १**

कार्यालयको कामको सिलसिलामा म दोलखा जिल्ला पुगेको थिएँ। जिल्ला शिक्षा अधिकारीको कार्यकक्षमा केही अभिभावकहरू जिल्ला शिक्षा अधिकारीसँग काम मिलाइदिन अनुनय विनय गरिरहनु भएको थियो । म कार्यकक्षमा पुगेपछि सामान्य औपचारिकता पूरा गरेपछि जिल्ला शिक्षा अधिकारी फेरि तिनै अभिभावकहरूको गुनासो सुन्नतिर लाग्नुभयो । अभिभावकहरू आफ्ना कुरा एकोहोरो राख्दै कुनै पनि हालतमा विद्यार्थी भर्नाको अनुमति दिनुपर्ने कुरामा जोड दिनुभएको थियो ।

म भरखरै जिल्ला शिक्षा अधिकारीको कार्यकक्षमा प्रवेश गरेकाले मैले उहाँहरूको कुरालाई ध्यान दिएर सुनेको थिएँ । कुराकानीको बीचमा आएको हुनाले विषयवस्तुको प्रसङ्गलाई पूरा बुझ्नसकेको थिइनँ । जिल्ला शिक्षा अधिकारीले बारम्बार “विवाह दर्ताको प्रमाण पत्र लिएर आउनुहोला म एक मिनेटभित्र विद्यालय स्थानान्तरणको स्वीकृति दिन्छु ।” भन्दै शिक्षा नियमावली, २०५९ को नियम ८० को उपनियम (२) लाई देखाउँदै भन्दै हुनुहुन्थ्यो । सो उपनियममा कक्षा दसमा अध्ययन गर्ने विद्यार्थीलाई स्थानान्तरण प्रमाण पत्र दिइने छैन भनिएको थियो तर शैक्षिक सत्र सुरू भएको दुई महिनाभित्र स्थानान्तरण प्रमाण पत्र दिने र स्थानान्तरण भई आउने विद्यालयको सिफारिसमा जिल्ला शिक्षा कार्यालयले सहमति लिई स्थानान्तरण प्रमाण पत्र दिन सकिने अवस्था भनी (क) स्थानान्तरण हुने विद्यार्थीको अभिभावक कर्मचारी भएमा र निजको सो समयमा सरूवा भएमा (ख) वैवाहिक सम्वन्धको कारणले महिला विद्यार्थी अन्यत्र स्थानान्तरण हुनु परेमा वा (ग) अभिभावकको बसाईसराई भएमा भन्ने कुरा सुनाइरहनु भएको थियो ।

“यस्ता प्रमाण ल्याउनसक्ने भएमा र सकेको भएमा त हाकिम साहेबसँग यति धेरै अनुरोध किन गर्नुपर्थ्यो र ! यी प्रमाण ल्याउन नसकेर हो ।” एक जना अभिभावकले भन्नुभयो ।

जिल्ला शिक्षा अधिकारीले भन्नुभयो, “तपाइँ छोराले विवाह गरेको भन्नु हुन्छ, विद्यार्थी आफ्नो बुहारी पनि भन्नुहुन्छ । खुरुक्क गाउँ विकास समितिमा गएर विवाह दर्ता गराउनुहोस् अनि विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि राखेर स्थानान्तरण प्रमाण पत्र दिने र स्थानान्तरण भई आउने विद्यालयको सिफारिस साथ पेस गर्नुहोस् । यसमा के को कठिनाइ छ र ! विवाह भएको रहेछ, बुहारी स्वीकार्नु भएको रहेछ । अनि विबाह दर्ता किन नगरेको ? हाम्रो नियममा त वैवाहिक सम्बन्धका कारणले महिला विद्यार्थी अन्यत्र स्थानान्तरण हुँदा सिफारिस दिने व्यवस्था त छ नि ! कुरा गर्नुभन्दा कागज ल्याउनुहोला ।”

“विवाह दर्ता गर्न सक्ने भए सरलाई यति धेरै अनुनय विनय किन गर्थ्यौं र !” अभिभावकले भन्नुभयो ।

मैले जिल्ला शिक्षा अधिकारी र अभिभावकहरू बीचको सम्बाद सुनिरहेको थिएँ ।

“तपाईंले बुहारीको रूपमा स्वीकार्नु भएको छ। अनि विवाह दर्ता गर्न गाउँ विकास समितिमा जानुहोस्। विवाह दर्ता भइहाल्छ ।” जिल्ला शिक्षा अधिकारीले भन्नुभयो ।

“गाउँ विकास समितिको सचिवले विवाह दर्ता गर्नु मान्नुहुन्न ।” अभिभावकले भन्नुभयो ।

“किन?” जिल्ला शिक्षा अधिकारले आँखा ठूला ठूला बनाएर भन्नुभयो, “नियमानुसार विवाह दर्ता गर्न किन आनाकानी गर्ने? यहाँ विद्यार्थीको पढाइको कुरा छ, परीक्षाको कुरा छ। गाउँ विकास समितिको सचिवहरू पनि नहुने कुराको सिफारिस भने गर्ने, यो जीवनसँग सम्बन्धित कामको दर्ता नगर्ने?”

“हो सर ! यही नियमानुसार विवाह दर्ता गर्न नमिल्ने रे” अभिभावकले भन्नुभयो ।

जिल्ला शिक्षा अधिकारीले आश्चर्यरूपमा फेरि सोध्नुभयो, “किन? किन नियमले ?”

अभिभावकले भन्नुभयो, “मेरो छोराले विवाह गरेर (लभ गरेर) ल्याएको नानीको उमेर १५ वर्षको छ । १५ वर्षको नानीको विवाह दर्ता गर्न कानुनले मिल्दैन रे । बाल विवाह भयो रे । ”

जिल्ला शिक्षा अधिकारी झसङ्ग हुनुभयो र भन्नुभयो । “गाउँ विकास समितिका सचिवले ठीक कुरा गर्नुभएको रहेछ । हो, १५ वर्षको बालिकाको विवाह दर्ता हुँदैन ।”

अभिभावकले भन्नुभयो, “शिक्षाले त आजकल कक्षा ९ मा नै एसएलसीको फाराम भराउँछ रे । कक्षा ९ को फाराममा नै जन्ममिति भर्छन् रे । अहिले बुहारी कक्षा १० मा पुगिन् । सचिवले १८ वर्ष उमेर राखेर विवाह दर्ता हुन्छ भन्नुहुन्छ तर १८ वर्ष मिलाउन फाराम पहिल्यै भरेकाले मिल्दैन भन्छन् । पहिला पहिला त कक्षा १० मा फाराम भर्थे । अहिले ९ मा रहेछ । यसले पनि समस्या ल्यायो ।”

“जन्म मिति सच्याउन मिल्ला र हजूर?” अभिभावकले भन्नुभयो ।

“यो अहिले मिल्दैन । फेरि १-२ वर्ष मिलाएर पनि भएन नि । ३ वर्ष थप्नु पर्ने । खै ! मलाई त मिल्ला जस्तो लागेन तपाईँको कुरा ।” जिल्ला शिक्षा अधिकारीले भन्नुभयो ।

“के मेरी बुहारीले पढ्नै नपाउने? के उनको पढ्ने अधिकार छैन? के विवाह गर्दामा नै सबै थोक बिग्रिएको हो?” अभिभावक निराशा मिश्रित आक्रोशमा बोल्नुभयो ।

“खै ! मैले त केही उपाय देखिनँ ।” जिल्ला शिक्षा अधिकारीले मतिर फर्कदै भन्नुभयो, “सर ! तपाइँ एक पटक परीक्षा नियन्त्रक भईसक्नु भएको । केही उपाय छ त ! कक्षा १० मा महिला विद्यार्थीलाई वैवाहिक सम्बन्धका कारण अन्यत्र स्थानान्तरण गर्न सकिने हो तर वैवाहिक सम्बन्धको प्रमाण त चाहियो नि ! अनि कानुनले तोकेभन्दा कमको विवाह दर्ता नहुने । के गर्ने ?”

मैले सबै कुरा सुनिरहेको थिएँ । कक्षा ९ बाट एस.एल.सी.को रजिष्ट्रेसन गर्ने काम म परीक्षा नियन्त्रक हुँदा सुरु भएको थियो । छात्रवृत्ति ऐनमा संसदले संशोधन गर्दा एम.बी.बी.एस. लगायतका विषयमा सरकारको तर्फबाट छात्रवृत्तिमा अध्ययन गर्नकालागि खुला र समावेशी तर्फ महिला, जनजाति, आदिवासी, अपाङ्ग, दलित, पिछडिएको क्षेत्र, गरिब तथा विपन्न आदिमा कोटा छुट्याउँदा समावेशीतर्फ प्रतिस्पर्धा गर्न सामुदायिक माध्यमिक विद्यालयमा अध्ययन गरेको हुनुपर्ने प्रावधान राखेको थियो । कक्षा ९ सम्म संस्थागत विद्यालयमा अध्ययन गर्ने र कक्षा १० मा सामुदायिकमा स्थानान्तरण हुने, सुगमबाट दुर्गममा स्थानान्तरण हुने र संस्थागतमा अध्ययन गरेपनि संस्थागत र सामुदायिक दुवैमा र कसै कसैले सामुदायिक विद्यालयमा एस.एल.सी.को रजिष्ट्रेसन र आवेदन फाराम भरी छात्रवृत्ति कोटामा प्रतिस्पर्धा गर्ने प्रवृत्ति बढेको पाइयो । यो प्रवृत्तिलाई न्यूनीकरण गर्न कक्षा ९ मा नै रजिष्ट्रेसन फाराम भर्ने नीतिगत निर्णय गरी लागू गरियो । यस सम्बन्धमा त्यहाँ उपस्थित अभिभावकले भनेका कुराहरूसँग प्रसङ्ग जोड्दै मैले बताएँ ।

मैले भने, “कक्षा ९ मा रजिष्ट्रेसन फाराम भरे पनि कक्षा १० मा विद्यार्थी स्थानान्तरण हुन सक्छ तर यसलाई विशेष अवस्थाका लागि मात्र प्रयोग हुने बनाइएको छ । पहिलो त विद्यार्थीको अभिभावक कर्मचारी भएमा र सो समयमा सरूवा भएमा भन्ने छ। यसका लागि विद्यार्थीका अभिभावकले आफ्नो सरुवा र रमानाको प्रतिलिपि पेस गर्नुपर्छ । यसमा पनि विद्यार्थीका अभिभावकको सरुवा चितवन भएकामा काठमाडौं स्थानान्तरण गर्न माग गरेमा काठमाडौं स्थानान्तरण गर्न मिल्दैन, चितवन मागेमा मात्र मिल्दछ । दोस्रो, महिला विद्यार्थीको वैवाहिक सम्बन्धका कारण अन्यत्र स्थानान्तरण हुनु परेमा विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपिका आधारमा गर्न सकिन्छ । यसका लागि विवाह कहाँ भएको छ सोही ठेगानामा स्थानान्तरणका लागि स्थानान्तरण पत्र दिने र लिने विद्यालयकोसिफारिस साथ पेस गर्न पर्छ । पोखरामा विवाह हुने (पतिको ठेगाना हुने) अनि काठमाडौं

स्थानान्तरण माग्नु भने हुँदैन । तेस्रो, बसाईसराई हो, विद्यार्थीको अभिभावक बसाईसराई गरेमा बसाईसराई प्रमाण पत्रको प्रतिलीपिका आधारमा बसाईसराई भएकै स्थानमा स्थानान्तरण स्वीकृति दिनुपर्छ । चितवन बसाईसराई भएमा चितवनकै विद्यालयमा स्थानान्तरण हुनुपर्छ झापामा होइन । यी तीन थरिबाहेक कक्षा १० मा विद्यार्थी स्थानान्तरण गर्न नियमले दिँदैन । स्थानान्तरण पत्र दिने र विद्यार्थी भर्ना लिने दुबैले सिफारिस गर्नुपर्छ । कतिपय विद्यालयमा विद्यार्थी ऐच्छिक विषय मिल्दैन, कक्षा ९ को रजिष्टेसनमा भरेको विषय नै अध्ययन गर्नुपर्छ ।”

मेरा कुरा जिल्ला शिक्षा अधिकारी र अभिभावकहरूले ध्यानपूर्वक सुन्नुभयो । मेरो भनाई सकेपछि उहाँहरू समस्या समाधानको आशा पूरा नभएको जस्तो अनुहार बनाउनुभयो । अहिलेको समस्याको समाधान के होला ? मैले सोचेँ ।

मैले अघि भनेका कुराबाट तपाईंहरूको समस्या समाधान भएन जस्तो लागेको छ । मैले अभिभावकसँग भनेँ, “अहिलेलाई तपाईंको बुहारीलाई स्थानान्तरणका लागि जिल्ला शिक्षा अधिकारीले अनुमति दिन सक्ने अवस्था देखिनँ । जिल्ला शिक्षा अधिकारीको अनुमति बिना फाराम भरेमा परीक्षा रद्द हुन्छ । अनि तपाईंको बुहारीको जिल्ला पनि फरक पर्दो रहेछ ।  बरु, एउटा उपाय छ, त्यो प्रयोग गर्नुहोस् न । ”

“के उपाय होला?”, अभिभावकले उत्सुकतापूर्वक सोध्नुभयो । जिल्ला शिक्षा अधिकारीले पनि समाधान आउँछ कि भनेर उत्सुकता प्रकट गर्नुभयो । मैले भने, “एक पटक बुहारीको माइतीसँग कुरा गर्नुहोस् । यत्रो वर्ष त पढाइदिनुभयो, अब ८-१० महिना माइतीमा नै पढ्ने बन्दोवस्त मिलाएमा समस्या नै हल हुन्छ । बुहारी तपाईंहरूको, छोरी उहाँहरूको । उहाँहरूलाई पनि आफ्नी छोरीको पढाइको चिन्ता पक्कै छ होला । यसतिर प्रयास गर्नुभयो कि भएन?”

“असम्भव ।” अभिभावकले कड्केर भन्नुभयो ।

“किन?” मैले भनेँ ।

“समस्या नै यही हो नि । माइतीमा नै बसेर पढ्न पाउने भए त हामी यस्तो समस्या बनाएर किन आउँथ्यौ ? बुझ्नुहोस् न । मेरो छोराले लभ म्यारिज (भगाएर ल्याएको) गरेको । बुहारीको माइती त यति विघ्न रिसाएका छन् कि छोरीको मुखै हेर्दैनौं भन्छन् रे । बुहारीलाई माइती पठाउन सम्भव नै छैन । माइती गएर पढ्ने भन्दा बुहारीले पढाइ नै छोडदिन्छिन् जस्तो छ । बुहारीका माइतीले त छोरीलाई जिन्दगीभर नभित्राउने रे । के गर्नु? हाम्रो गल्ती होइन । केटाकेटीको हित्तचित्त मिल्यो, भागे । पढाइ सकेपछि भागेका भए पनि हुन्थ्यो ।”

विवाह दर्ता गर्न कानुनी जटिलताले गाउँ विकास समितिको सचिव नमान्ने, विवाह दर्ता नभई जिल्ला शिक्षा अधिकारीले स्थानान्तरणका लागि अनुमति नदिने, विवाहित महिला विद्यार्थी माइतीमा नै बसेर कक्षा १० को पढाइ पूरा गर्न नसक्ने जस्ता समस्याले जिल्ला शिक्षा कार्यालयको सो दिनको छलफल बिना निष्कर्ष टुङ्गिने अवस्था सिर्जना भयो ।

मैले विवाहित महिला विद्यार्थीको समस्या बुझेपछि जिल्ला शिक्षा अधिकारीको रोहवरमा व्यक्तिगत सल्लाह दिएँ । सायद यो सल्लाह आधिकारिक रूपमा दिन मिल्नैनथ्यो । अपरिपक्क बुद्धिका कारण कक्षा १० मा नै विवाह गरेर आफ्नो अध्ययन र पारिवारिक (माइतीतर्फ) सम्बन्धमा उतारचढाव ल्याउने छात्रालाई पतिको गाउँकै स्कुल (जहाँ अध्ययन गर्न सजिलो छ) मा अध्ययन गराउने, यस स्कुलले विद्यार्थीको प्रगति, चालचलन, हाजिरी प्रमाणित गरी रजिस्ट्रेसन फारम भरेको विद्यालयलाई आधिकारिक जानकारी गराउने र विद्यार्थी फाराम भरेकै विद्यालयको मान्ने । यसका लागि छात्राका घरतिरका अभिभावकले सम्बन्धित विद्यालयहरूसँग सल्लाह सहमति गर्ने, कुनै कठिनाइ आएमा जिल्ला शिक्षा अधिकारीहरूले सकारात्मक सहयोग गर्ने । राष्ट्रलाई कुनै

हानी हुने काम नभएको र नियम कानुन विपरीत पनि नहुने हुँदा यो नै अहिलेका लागि समाधान हुन सक्छ ।

उपस्थित सबैले मेरो सल्लाहमा चित्त बुझाउनुभयो ।

**मामला २**

२०७४ जेठ २४ गतेको अन्नपूर्ण पोस्टमा शिव उप्रेती, छतिवनगैरा, गोरखाबाट प्रेषित **चेपाङ समाजमा जटिल बन्दै बालविवाह** शीर्षकमा समाचार छापिएको थियो । यस समाचारमा कृष्ण चेपाङ वडा अध्यक्षको विचार यसरी दिइएको छ , "अगुवाहरूको देखासिकी, चेतनाको अभाव, अन्धविश्वास, गरिबी र विभिन्न बाध्यतामा परी बालविवाह परम्परा जटिल समस्याको रूपमा कायमै छ ।" यस समाचारमा लेखिएको छ :

सहिद लखन गाउँपालिका ४ ढाँडेगाउँकी १४ बर्षीया श्रीमाया चेपाङ र सोही ठाउँका १५ वर्षका भीमबहादुर चेपाङ हालै विवाह बन्धनमा बाँधिनुभयो । एक हप्तासँगै बसेपछि खटपट भयो । सम्बन्ध विच्छेद भयो ।

गण्डकी गाउँपालिका ७ छतिवनगैराका लक्ष्मी चेपाङ अहिले १७ वर्षको हुनुभयो । उहाँको साथी कमला चेपाङ २० वर्ष र रीता चेपाङ अहिले २२ वर्ष हुनुभयो । उहाँहरू तीनैजना विवाहित र आमा पनि बनिसक्नु भएको छ । लक्ष्मीको माइत धादिङको जोगिमारा हो । १४ वर्ष पुग्दा नपुग्दै त्रिशुलीपारि छतिवनगैराका एक युवासँग माया बस्यो । माया बसेको ६ महिना हुनासाथ परम्पराअनुसार भागी बिहे पनि भयो । १७ वर्ष पुग्दा नपुग्दै उहाँ पनि दुई सन्तानका आमा हुनुभएको छ ।

चार कक्षामा पढ्दा पढ्दै रीता चेपाङले कसैलाई मन पराउन थाल्नुभयो । वरिपरि सबैको उस्तै देखेपछि उहाँ पनि १५ वर्षमै मन पराएको मान्छेसँग विवाह बन्धनमा बाँधिनुभयो । २२ वर्षकी रीताका अहिले तीन सन्तान छन् ।

२० वर्षकी सुनिता चेपाङले १७ वर्ष पुगेपछि प्रेम विवाह गर्नुभएको हो । उहाँका पनि अहिले तीन सन्तान छन् । दुखजिलो गरेर उहाँको गुजारा चलेको छ ।

समुदायमा १४, १५ वर्षका किशोर, किशोरीको बालविवाह गर्ने जटिल समस्या छ । (अन्नपूर्ण पोष्ट : २०७४)

**मामला ३**

२०७४ असार १६ गतेको कान्तिपुरमा घनश्याम खड्काद्वारा म्याग्दीबाट प्रेषित **छोरो च्यापेर स्कुल जान्छिन् किशोरी** शीर्षकमा समाचार छापिएको थियो । यस समाचारमा लेखिएको छ :

अहिले टिफिन समय भएको छ । केही विद्यार्थी ग्राउन्डमा खेलिरहेका छन्, केही क्यान्टिनमा खाजका लागि झुम्मिएका छन् । क्यान्टिनको अर्को छेउमा स्कुले पोसाक लगाएकी एउटी किशोरी बच्चालाई दूध चुसाइरहेकी छन् ।

बिहान १० बज्न १५ मिनेट बाँकी छँदा कुममा झोला झुन्डाएर, पिठ्युँमा छोरा बोकेर उनी स्कुल आउँछिन् । छोरालाई नर्सरी कक्षामा छाडेपछि प्रार्थनाको लाइनमा पुग्छिन् । फुर्सद भयो भने साथीहरूसँग खेल्न पनि भ्याउँछिन् कहिलेकाही । पाँचौ पिरियडपछि छोराको छुट्टी हुन्छ, त्यसैले छैटौं र सातौं पिरियड छोरालाई काखमै राखेर पढ्छिन् ।

सदरमुकामस्थित प्रकाश माध्यमिक विद्यालयमा ९ कक्षामा अध्ययनरत भूमिका परियार बल्ल १८ वर्षकी भइन् । उनका तीन वर्षीय छोरा रिदम पनि सँगै छन् । आमा ९ कक्षामा पढ्छिन् भने छोरा रिदम नर्सरीमा । बिहान १० नबज्दै र दिउँसो ४ बजेपछि दुईवटा झोला दुईपट्टि, पिठ्युमा छोरा बोकेर स्कुल आउनु र डेरामा फर्कनु उनको दैनिकी हो । साविक मराङ गाविसस्थित जनविकास माविमा ८ कक्षा पढ्दै गर्दा १४

वर्षको उमेरमा उनको परिवारले पल्लो गाउँ साविक रुम गाविस-२ खबाङका १८ वर्षे किरण परियारसँग विवाह गरिदिएको हो, १५ वर्षकै उमेरमा उनी आमा बनिन् । स्कुल जाने क्रम टुट्यो । 'बाबा-आमाले बिहे गर्नुपर्छ हामीले टीकाटालो गरिसक्यौं भनेपछि म पनि खुरुखुरु गएँ । विवाह भन्ने नै थाहा भएन । गर्भवती भएपछि बल्ल चेत खुल्यो ।' उनले भनिन् । (कान्तिपुर, २०७४ असार १६)

**प्राप्ति**

१. किशोर उमेरका बालबालिकाहरूले विवाह योग्य कानुनी उमेरको मतलब गरेको पाइएन । विद्यालय उमेरमा नै विवाह गर्दा कानुनी लगायत व्यावहारिक कठिनाइ आएको पाइयो ।

२. साँस्कृतिक र सामाजिक कारण देखाइ विवाह योग्य कानुनी उमेरभन्दा कम उमेरमा विवाह भए पनि समाज र परिवारले स्वीकारेका अवस्था पाइयो । बाल विवाह भए पनि कानुनी उपचारका लागि सम्बन्धित निकायमा उजूरी वा निवेदन दाखिला गर्ने मनोवृत्ति देखिएन ।

३. कानुनमा विवाहका लागि पुरुष तथा महिलाका लागि २० वर्ष उमेर निर्धारण भए पनि किशोर किशोरी आफू खुशी विवाहले प्रभावित पारेको र कानुनबमोजिमको उमेरभन्दा कम उमेरमा विवाह गर्नाले व्यक्तिगत घटना लगायतका काम कारवाही प्रभावित भएको पाइयो ।

४. विद्यालय उमेरमा नै विवाह गर्ने प्रवृत्तिले व्यक्तिको शारीरिक, आर्थिक तथा शैक्षिक अवस्थामा प्रतिकूल असर पारेको पाइयो । विद्यालय तहमा अध्ययन गर्ने अवस्थामा हर्मोनल प्रेम (Hormonal Love) र हर्मोनल विवाह (Hormonal Marriage) को बढी प्रभाव परेको पाइयो ।

५. बाल विवाह विशेष गरी पिछडिएको क्षेत्र, वर्ग र जातिमा बढी पाइयो । शिक्षाका सन्दर्भमा निरक्षर समुदायमा बढी भेटियो । हर्मोनल प्रेम (Hormonal Love) र हर्मोनल विवाह (Hormonal Marriage) बाट हुने बाल विवाह सुगम-दुर्गम, साक्षर-निरक्षर, धनी-गरिब सबैतिर देखियो । आर्थिक अवस्थाका दृष्टिले सम्पन्न व्यक्ति वा समुदायमा हर्मोनल प्रेम (Hormonal Love) भए पनि विवाहका लागि कानुन योग्य उमेरभन्दा कम उमेरमा विवाह भएको खासै पाइएन । प्रेम भए पनि विवाह चाहिँ गरिहाल्ने प्रवृत्ति देखिएन ।

**भावी दिशा**

१. बाल विवाहलाई न्यूनीकरण एवम् निराकरण गर्नका लागि घर परिवारबाट नै पहल गर्ने । घर परिवारबाट बालबालिकालाई असल संस्कार सिकाउने । विवाहको प्रयोजनका साथसाथै विवाहका सम्बन्धमा गर्न हुने र गर्न नहुने विषयको जानकारी घर परिवारबाट नै दिने ।

२. बाल विवाहबाट हुने नकारात्मक परिणामको व्यापक प्रचार प्रसार गर्ने । सचेतना बढाउन सार्वजनिक आम सञ्चारका माध्यम, आमा समूह, बाल क्लब, सहकारी, सामुदायिक वन, स्थानीय सरकार, विद्यालयको व्यापक उपयोग गर्ने ।

३. बाल विवाहका दुष्परिणामका अनुभवजन्य कथाको प्रचार प्रसार गर्ने ।

४. बाल विवाहका घटना बारम्बार दोहोरिने समुदाय, जाति विशेष, स्थान विशेषलाई केन्द्रित गरी रोकथाम र नियन्त्रणका लागि विशेष कार्यक्रम गर्ने ।

५. अधिकांश किशोर किशोरीको विवाह १८ र २० वर्षबीचमा हुने प्रवृत्ति देखिएकाले विवाह योग्य कानुनी उमेरलाई पुनरवलोकन गर्ने ।

६. कानुन विपरीत विवाह गर्ने र गराउनेलाई कानुनी कारवाहीको दायरामा ल्याई कानुन कार्यान्वयनमा

तिव्रता र प्रभावकारिता ल्याउने ।

७. बाल विवाहलाई सामाजिक कलङ्कका रूपमा अपनाएर बाल विवाह गर्ने र गराउनेलाई सामाजिक तथा साँस्कृतिक मान्यता नदिने किसिमले जागरण ल्याउने ।

८. हर्मोनल प्रेमले मानिसभित्रको वास्तविक प्रेमको प्रतिनिधित्व नगर्ने भएकाले आत्मिक प्रेमले आत्मा र परामात्म जोड्न योग तथा ध्यानको अभ्यास गर्न हरेक व्यक्तिलाई प्रेरित गर्ने, अभ्यास गर्ने अवसर उपलब्ध गराउने ।

**निचोड**

बाल विवाहका घटना घटेका छैनन्, अहिले बढिरहेका छन् । मुलुकी ऐनमा विगतमा भएको १८ वर्षको उमेरलाई २० वर्ष पुऱ्याएपछि स्वभाविक रूपमा बाल विवाहको सङ्ख्या बढ्ने देखिन्छ । यसको कारण २० वर्षभन्दा कम उमेरमा विवाह गर्ने प्रवृत्ति नघट्नु नै हो । पहाडी दुर्गम गाउँ र सहरी क्षेत्रमा विद्यालय उमेरमा भागी (प्रेम) विवाह गर्न विद्यार्थीहरूमा यो समस्या देखिएको छ । कानुनी दृष्टिमा बाल विवाह भए पनि यो अभिभावकहरूको सहमतिमा भएको विवाह थिएन । कतिपय विद्यालयमा एउटै कक्षाका छात्र र छात्रा विवाह गरेको पाइन्छ भने कतिपयले एउटै विद्यालयमा अध्ययन गर्ने बीच विवाह गरेको पाइन्छ । कानुनी हिसाबमा विवाह गर्न नमिल्ने उमेर मै विद्यालयमा अध्ययनरत छात्र र छात्राले विवाह गर्दा पारिवारिक सम्बन्ध बिग्रेको पाइन्छ । यसरी विवाह गर्नेले चाँडै नै बच्चा जन्माउने र पठन पाठन बीचैमा छाड्ने, पारिवारिक आर्थिक स्थिति सुधार्न नसक्ने र आफ्ना सन्तानको भविष्यका लागि केही सोच्न पनि नसक्ने हुँदा रहेछन् । हर्मोनल प्रेम र हर्मोनल विवाहलाई घटाउन सकिएको अवस्थामा नेपालमा बाल विवाहको सङ्ख्या उल्लेखनीय रूपमा नै घट्नेमा विश्वस्त हुन सकिन्छ । कलिलै उमेरमा विवाह गर्न नदिन विद्यालयमा शिक्षकहरूले, घर परिवारमा अभिभावकहरूले र समुदायमा अगुवाहरूले सचेतीकरण गर्नु जरूरी छ ।

■■■

*(लेखक नेपाल सरकारका सचिव हुनुहुन्छ)*

**सन्दर्भ सामग्री**

उप्रेती, शिव, २०७४, चेपाङ समाजमा जटिल बन्दै बालविवाह, काठमाडौं : अन्नपूर्ण पोस्ट, २०७४ जेठ २४ गते पोस्ट

नेपालमा बालबालिकाको स्थिति २०७२, ललितपुर : केन्द्रीय बालकल्याण समिति, पृ. २५

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११, काठमाडौं : स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

खड्का, घनश्याम, २०७४, छोरो च्यापेर स्कुल जान्छिन् किशोरी , काठमाडौं : कान्तिपुर प्रकाशन, कान्तिपुर, २०७४ असार १६ गतेको कान्तिपुर

Situation of Voilence against Children in Nepal, 2015, p.11 (Special tabulation, National Population Census, 2011; Central Bureau of Statistics), Ministry of Women, Children and Social Welfare : Kathmandu

# जेष्ठ नागरिकका समस्या र सवलीकरण व्यवस्थापनको आवश्यकता

महेन्द्र सैंबुले

**पृष्ठभूमी**

१. प्रायः सबैका घरपरिवारमा जेष्ठ नागरिक रहेका हुन्छन् । सबै मानिस शिशु, बाल, युवा, वयस्क र पौढ हुँदै जेष्ठ नागरिक हुन्छन् । उमेरको गति सँगै हरेक मानिसले बुढ्यौली जीवन विताउनै पर्दछ । तसर्थ, जेष्ठ नागरिकलाई परिवारका अभिभावक मानिएको छ । परिवारलाई अग्रगमनमा समृद्धशाली बनाउन वहाँहरुको परिपक्वता मद्दतगर हुन्छ । सबै जेष्ठ नागरिकहरु उमेर, विचार र व्यवहारले पाका (परिपक्क) नागरिकका रुपमा गनिएका हुन्छन् । साच्चै भन्ने नै हो भने आज हामीले उपभोग गरिरहेका घर जग्गा विद्यालय, सामुदायिक भवन आदीको व्यवस्थापन र हाम्रा अगाडी ठडिएका भौतिक संरचनाहरुको निर्माण गर्ने जीवित नागरिकहरु आजका हाम्रा जेष्ठ नागरिक नै हुन् । नेपालमा ६० वर्ष माथिका सबै मानिसलाई जेष्ठ नागरिक मानिएको छ । (जेष्ठ नागरिक ऐन, २०६३: २क)।

२. जेष्ठ नागरिक राष्ट्रका अमूल्य नीधि हुन्, सम्पत्ति हुन् र समाजका पथप्रदर्शक हुन् । ज्ञान, सीप र अनुभवका कुवेर नै हुन् । यिनबाट हामीले लिन मात्र सक्नुपर्छ ; हामीलाई दिने धेरै विषय वँहाहरुसँग अझै छ । जेष्ठ नागरिक जिउँदा इतिहास हुन्, लिपिवद्ध गर्न मात्र सक्नु पर्छ । अझै भन्ने नै हो भने त जेष्ठ नागरिकहरु जीवन्त पुस्तकालय नै हुन् । खुशी र समृद्धिका द्योतक हुन् । अतितका पौरख र वर्तमानका सम्पदा हुन् । घरपरिवार, नाता गोता, समाज र राष्ट्रका प्रतिष्ठा हुन् जसले आफ्नो समय कालमा थुप्रै मूल्यवान कार्य गरेका थिए जसले गर्दा आज हामी यो अवस्थामा छौं ।हामीले गौरव गर्नुपर्छ सकेजति सम्मान दिनुपर्छ । वहाँहरुलाई खुशी, सुखी देख्न सम्मानयोग्य, मर्यादित र सकिनेसम्मको सवल बनाई बाँकी जीवन सहज सरल बनाउन गरिने व्यवस्थापन गर्नुपर्दछ ।

३. वहाँहरुले उमेरका वृद्धिसँगै जीवनका सबै प्रकारका उकाली-आरोली आरोह-अवरोध पारगर्दै जेष्ठ नागरिकका रुपमा जीवन विताइ बालकलाई अभिभावकत्व र युवा एवं वयस्कहरुका लागि प्रेरणा दिई राष्ट्रलाई समृद्धशाली बनाउन प्रत्येकपलमा योगदान दिइरहेका छन् । वहाँहरु सबै भाषा , धर्म, संस्कृति र समुदायका अलौकिक तीर्थस्थल हुन् वहाँहरुमा भाषा संस्कृतिको भण्डार रहेका छन् । मानव सभ्यताका प्रमाण र पून्ज हुन् । त्यसैले जेष्ठ नागरिकलाई समाजका पथप्रर्दशकका रुपमा लिनुपर्दछ ।

४. विश्वमा नै जेष्ठ नागरिकहरुको संख्या अभूतपूर्व रुपमा वृद्धि भइरहेको छ । हाल विश्वमा विश्वको कूल जनसंख्याको ७ अर्व ५१ करोड (२०१७) रहेको छ । नेपालमा जेष्ठ नागरिकहरुको कुल जनसंख्याको ८.१३ प्रतिशतले पुगेको छ । (राष्ट्रिय जनगणना, २०६८) । औषत उमेर बढनु, मृत्युदर घट्दै जानु र स्वास्थ्य सुविधा बढ्दै जानाले यो संख्याको वृद्धिदर वार्षिक ३.५ प्रतिशत रहेको छ । वि.स. २०७८

(सन् २०२०) सम्ममा १०.१० प्रतिशत, वि.सं. २०८३ (सन् २०२५) मा १३ प्रतिशत र वि.सं.(सन् २०५०) मा पुग्दा २१.६ प्रतिशत पुग्ने अनुमान छ । आगामी २० वर्षमा यो जनसंख्या दोब्बर हुने अनुमान छ । यही गतिमा जेष्ठ नागरिकको संख्या वृद्धि भएमा ५१ वर्षमा नेपालको कूल जनसंख्या दोब्बर हुन पुग्दछ । वि.स. २०४८ मा १०,७३,४८७, वि.सं. २०५८ मा १४,७०,३७९ भएकोमा वि.सं. २०६८ मा आइपुग्दा २४,२२,४९४ पुगेको यो संख्या हाल २६ लाख पुगेको अनुमान छ । उमेरको वृद्धि संगै मानिसहरुमा शारिरीक, मानसिक, भौतिक रुपमा सकारात्मक एवं नकारात्मक परिवर्तनहरु देखा पर्दै गइरहेको हुन्छ । वास्तवमा उमेर बढ्ने क्रम प्राकृतिक नियम एवं प्रक्रिया हो । उमेरको वृद्धिसँगै शारिरीक एवं भौतिक रुपमा कमजोर हुने देखि विभिन्न प्रकारका रोग व्याधिबाट ग्रसित हुने हुन्छन् भने, अर्को तर्फ धेरै मानिसहरुका ज्ञान, शीप, कला कौशलमा निखारपन आएको हुन्छ । कतिपयमा जीवन प्रक्रियाका सम्बन्धमा परिपक्क हुँदै ज्ञान वृद्धि भइरहेको हुन्छ; जसले परिवार, समाज, राष्ट्रलाइ समृद्धशाली बनाउन सहयोग पुग्दछ ।

५. परिस्थिति अनुरुप हुन त व्यक्ति आफैमा आउने नैराश्यता त छदैछ नैराश्यताबाट पनि जेष्ठ नागरिक ग्रसित छन् । समष्टी स्वरुपमा एवं सारमा नबुझेरै होला, परिवार, समाज र राष्ट्रले समेत यिनीहरुलाई बोझ एवं समस्याको रुपमा लिने, बुझ्ने गरेको पाइन्छ । बुझ्नुपर्ने कुरा भनेको यस संसारमा जन्मने व्यक्ति जन्मेको दिन देखि नै सबैको उमेर बढ्दै जान्छ । उमेर बढ्दै गई एक दिन सबैजसोले अवश्य जेष्ठ नागरिक हुनुपर्ने हुन्छ । सबै जसोले एकपटक जेष्ठ नागरिक हुनुपर्ने भएकाले यिनीहरुमा आएको र जेष्ठ नागरिकको उमेरमा पुग्दा आउने परिवर्तन, कमजोरी, समस्या, केही असक्षमतालाई स्पष्ट बुझी त्यसलाई विभेद र बहिष्कारबाट टाढा राखी सवल, सक्षम, सशक्त बनाउन गर्नुपर्ने कार्यहरु गर्दै श्रद्धा, आदर, सम्मान एवं सद्भाव समर्पित गर्दै सहज, सुरक्षित, सम्मानित र सुनिश्चित जीवन यापन गर्न गराउन समुचित व्यवस्थापन गर्नुपर्ने आवश्यक भएको छ । किनकि जेष्ठ नागरिकको संख्या वृद्धिले चुनौतिहरुको सूची मात्र दिएको छैन, नयाँ अवसरहरु समेत देखाइदिएको छ । त्यसैले, जेष्ठ नागरिकको समूचित व्यवस्थापन र उनीहरुको ज्ञान शीपद्वारा सामाजिक विकास गर्दै समग्र राष्ट्रलाई आधुनिक र समृद्शाली बनाउन सकिने अवस्था छ ।

६. जेष्ठ नागरिक मात्रै होइन सबै मानिस सहज, सुरक्षित आरामपूर्वक र सम्मानपूर्वक बाँच्न चाहेका हुन्छन् यो चाहना स्वाभाविक पनि हो ।तर आफ्नो सम्पूर्ण जीवन परिवार, समाज र राष्ट्रलाई समर्पित गरिसकेका जेष्ठ नागरिकहरु सबैको जीवन, एकाधलाई छाडेर/केही प्रतिशतलाई छाडेर, धेरैले कष्टकर जीवन बिताउन बाध्य भएका छन् । जीवनको उत्तरार्धमा पर्ने यो कालखण्ड धेरैको लागि दु:खदायी भएको र हुने संभावना रहेको देखिएको छ ।

७. जन्मले सबै मानिस बराबर हुन्छन् । सबै उमेर समूहका मानिसहरुको अधिकार मानव अधिकारको मूल सिद्धान्तले सुनिश्चित गरेको छ । यद्यपि परिवार भित्र आफ्नो अधिकार खोजी गर्ने, माग गर्ने र प्रयोग गर्ने तर अर्को वर्गको अधिकारमा कुनै विचारै नगर्ने प्रवृत्ति समाजमा व्याप्त छ । परिवारका सदस्यहरु मध्ये भौतिक, शारिरीक एवं मानसिक रुपले स्वस्थ र सक्षम भएकाले आफ्नो मानव अधिकार सदैव उपयोग गर्ने गर्दछन् । उमेर वृद्धि संगै आउने रोग र कमजोरीका कारण मानिसहरु जव विस्तारै निर्वल हुदै जान्छन् तव शास्त्रीय रुपको शक्ति संरचना (Power Structure) बलियो व्यक्तिमा सर्दै जान्छ र निर्वलहरुको सुविधा घट्दै जाने गर्छ । त्यसैले, कमजोर वृद्धवृद्धाहरु बहिष्करणको घेरा भित्र पर्दै गएका हुन्छन् । यसरी उमेरगत विभेदबाट जेष्ठ नागरिकहरु निरन्तर

पिडित छन् । धेरैजसो परिवारबाटै र समाजबाट धेरै प्रताडित भए छन् भन्ने विषयमा समाज र आमसंचार मिडियामा देख्न पढ्न परिरहेको यथार्थ जगजाहेर छ ।

**जेष्ठ नागरिकहरुका अवस्था एवं कमीकमजोरी**

८. जेष्ठ नागरिक स्वंय आफै, परिवार समाज राष्ट्रले उनीहरुमा आउने र आएको परिवर्तनलाई ख्याल नगर्दा; उनीहरुको आवश्यकता अनुरुप सक्षम नबनाउँदा र सवलीकरण नगर्दा जेष्ठ नागरिकले कष्टकर जीवन बिताउनु परेको छ भने परिवार, समाज र राष्ट्रले वहाँहरुबाट लिन सक्ने लाभ लिन सकिरहेको छैन । तसर्थ, जेष्ठ नागरिकको क्षमता बढाउन सवलीकरण र व्यवस्थापन गर्नुपर्दछ । त्यसका लागि सवैले बुझ्नु पर्ने विषय हो : बुढ्यौलीमा आउने परिवर्तनहरु के के हुन्, कसरी आउँदछ, यसलाई कम गर्न वा टाढा धकेल्न प्रत्येक व्यक्ति स्वंयले के के गर्नुपर्दछ; व्यक्तिगत समस्याहरु के के आउन सक्तदछ, जेष्ठ नागरिकमा उमेरगत प्रकृयाबाट आउने, देखिने परिवर्तनका बारेमा बुझ्नु पर्ने कुराहरु बुझ्नुपर्ने, पारिवारिक व्यवस्थापन, समाजमा सवैले तिनलाई बुझी व्यवहारमा/गर्नुपर्ने विषयहरु व्यवहारहरुका बारेमा बुझ्नु पर्ने र हरेकले प्रत्येकलाई सिकाउनु पर्ने कुराहरु सिकाउनु पर्ने हुन्छ । जसलाई अनुसूची १ मा संक्षेपमा उल्लेख गरिएको छ ।

**जेष्ठ नागरिकका विषयमा नेपालमा भएका प्रयासहरु**

९. अन्तरराष्ट्रिय जेष्ठ नारिक वर्ष - सन् १९९९ पश्चात् नेपालमा जेष्ठ नागरिकहरुको हक हीत र सेवाका लागि क्रियाशिल हुन थालेको पाइन्छ । त्यसपछिका वर्षहरुमा नेपाल सरकार यस क्षेत्रमा क्रियाशिल गैरसरकारी संस्थाहरुको निरन्तरको सक्रियता, सिर्जनशीलता अविछिन्न समन्वयात्मक कार्यसम्पादनबाट जेष्ठ नागरिक जीवन सहज, सुरक्षित र सम्मानीत तुल्याउने दिशामा केही न केही भएको छ । यी विषयहरुमा कार्य गर्दा जेष्ठ नागरिकलाई इच्छा अनुसारका काममा चल्न दिनुपर्छ चाहना भएमा स्वतन्त्र छाडिदिनुपर्छ भन्ने असलग्नताको सिद्धान्त (Disengagement Theory), जेष्ठ नागरिकको जीवन सहज बनाउन निरन्तर सक्रिय बनाउनुपर्छ त्यसैले नयाँ भूमिकामा ल्याउनुपर्छ, लैजानुपर्छ र त्यतातर्फ उत्प्रेरित गराई डोऱ्याउनुपर्छ भन्ने सहितको सक्रियताको सिद्धान्त (Activity Theory), जेष्ठ नागरिकहरुले निश्चित व्यवहार देखाउने र त्यो व्यवहारलाई परिवार एवं समाजले नमान्ने, स्वीकार नगर्ने बेवास्ता गर्ने जस्ता व्यवहार समाजमा देखिन्छ भन्ने अंकको सिद्धान्त (Labelling Theory), त्यसैगरी, वृद्धवृद्धाबाट सिक्न सकिने ज्ञान, शीपलाई नबुझी उमेरका वयस्क युवाहरु आफ्नै सर्वेसर्वा भन्ने ठान्ने आधुनिक एवं सभ्य मान्ने र जेष्ठ नागरिकलाई परित्यक्त गर्न सक्ने समाजको विकास भएको उल्लेख गर्ने आधुनिकता सिद्धान्त (Modernization Theory) को अवधारणा समेतका सार बुझ्दै विश्वभर जेष्ठ नागरिकको हक हित र अधिकारका प्रयोगमा धेरै कुराहरु भएका छन् । त्यसै अनुरुप नेपालमा पनि थुप्रै कार्यहरु सम्पन्न भएका छन् ।

**संविधान र कानूनी व्यवस्थाहरु**

१०. नेपालको वर्तमान संविधानले (धारा ४१) मा जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरिने छ भनी स्पष्ट व्यवस्था भएको छ । जेष्ठ नागरिकको आधारभूत हक अधिकारको संरक्षण गरी सम्मानपूर्वक जीवनयापन गर्न उनीहरुको उन्नतीका लागि उनीहरुमा भएको

ज्ञान, शीप, क्षमता र अनुभवको सदुपयोग गरि निजहरु प्रति श्रद्धा आदर तथा सद्भावको अभिवृद्धि गर्ने कार्य सहितका लागि निम्न व्यवस्थाहरु भएको छ ।

- ➢ जेष्ठ नागरिक सम्बन्धि ऐन, २०६३
- ➢ जेष्ठ नागरिक सम्बन्धि नियमावली, २०६५
- ➢ जेष्ठ नागरिक राष्ट्रिय कार्ययोजना, २०६२
- ➢ जेष्ठ नागरिक स्वास्थ्योपचार सेवा संचालन निर्देशिका, २०६१
- ➢ जेष्ठ नागरिक समूह परिचालन निर्देशिका, २०७२
- ➢ जेष्ठ नागरिक घुम्ती कोष व्यवस्थापन निर्देशिका, २०७२
- ➢ जेष्ठ नागरिक विपद् राहत परिक्रमा कोष संचालन निर्देशिका, २०७३
- ➢ जेष्ठ नागरिक आवास गृह संचालन तथा पूर्वाधार सम्बन्धि निर्देशिका, २०७० (तयारी)
- ➢ जेष्ठ नागरिक कोष

**अन्य व्यवस्था र तिनको कार्यान्वयन अवस्था :**

१) जेष्ठ नागरिकका विषयमा सरोकारवाला निकायहरु र संस्था बीच प्रभावकारी कार्यसम्पादन सक्षम समन्वयका लागि उच्चस्तरीय केन्द्रीय जेष्ठ नागरिक कल्याण समिति र सवै जिल्लामा हेरचाहका लागि जिल्ला जेष्ठ नागरिक कल्याण समिति गठन भई कार्य संचालनमा रहेको छ ।

२) जेष्ठ नागरिकका लागि अस्पतालहरुमा जेरियाट्रिक वार्डको व्यवस्था भएको, सार्वजनिक यातायातमा २ सीट सुरक्षित, भाडामा ५०% छुट हुने व्यवस्था भएको छ भने विद्यालयस्तरको पाठ्यक्रममा बुद्यौली विज्ञान (Gerentology) विषय संक्षिप्तमा समावेश गरिएको छ।

३) जेष्ठ नागरिकको आवाजलाई “जसको सवाल उसकै अगुवाई” भने झैं जेष्ठ नागरिकका सवालमा आवाज सुनाउन जेष्ठ नागरिक महासंघ समेत क्रियाशिल रहेको छ । रेडियो नेपाल, नेपाल टेलिभिजन, एफएमहरुमा समेत जेष्ठ नागरिक सम्बन्धी कार्यक्रमहरु प्रसारण हुने गरेका छन् । अहिलेको समयमा त यस विषयमा काम गर्न थुप्रै गैर सरकारी संस्थाहरु विभिन्न क्षेत्र र प्रदेशमा क्रियाशिल रहेका छन् । यसै गरी, जेष्ठ नागरिकहरुको स्याहार तथा हेरचाहका प्रशिक्षण निर्देशिका तयारीको क्रममा रहेको छ । वि.सं. २०५१ देखि जेष्ठ नागरिकहरुलाई राज्यले मासिक भत्ता उपलब्ध गराउँदै आएकोमा अहिल भत्ता रकम रु. २०००।- पुगेको छ । यद्यपि राज्यले सम्मान स्वरुप उपलब्ध गराएको भत्ताले जीवन निर्वाह गर्न नपुग्ने र राज्यले ठूलो धनरासी खर्च गर्नुपर्ने तर जेष्ठ नागरिकको पिडा, कष्टकर जीवनलाई सहज, सुरक्षित र सम्मान योग्य बनाउन काम प्रभावकारी भएको र परिवारले आधुनिकरणको नाम र कारणबाट वृद्धाश्रममा पठाउने क्रम समेत बढेकाले राज्यले छिट्टै जेष्ठ नागरिक कानूनमा परिमार्जन गर्दै छ । जसमा जेष्ठ नागरिकका सन्तानले मातापिताको नाममा बैंक खाता खोली आफ्नो आयको १० प्रतिशत रकम जम्मा गर्नुपर्ने अनिवार्य व्यवस्था; जेष्ठ नागरिकको अचल सम्पत्तिमा निजहरुको जीवनभर २५% सम्पत्ति कुनै पनि किसिमले हस्तान्तरण नहुने तथा कसैले फकाइफुलाई मिलोमतोमा जेसुकै कारणबाट हस्तान्तरण हुन गएमा पनि फिर्ता हुने र सम्बन्धित कसुरदारलाई दण्ड जरिवाना सजाय हुने व्यवस्था गरिने गरि मस्यौदा तयारी भएको छ । जेष्ठ नागरिकलाई भिक्षा माग्न लगाउने, बलजफती काममा लगाउने, दुर्व्यवहार गर्ने, अवहेलना गर्ने, जस्ता कार्यहरु दण्डनीय कार्य मान्दै दण्ड सजायको व्यवस्था गर्ने गरी मस्यौदा तयार भएको छ । यसले जेष्ठ नागरिकको जीवनलाई सुरक्षित,

सम्मानित र सहज बनाउने कार्यमा थप योगदान पुग्दछ। यद्यपी यी व्यवस्थाले मात्र नपुग्ने भएकाले केही सवलीकरण व्यवस्थापनका कार्यहरु अगाडि बढाउनु पर्ने देखिएको छ।

**जेष्ठ नागरिकको क्षमता सवल बनाउन गर्नुपर्ने सुधारका कार्यहरु**

११. निर्वलहरु बहिष्करणमा पर्ने, विभेद हुने, कारणबाट जीवन सहज, सुरक्षित र सम्मानित हुन नपुग्ने भएकाले वहाँहरुको सर्वपक्षिय क्षमता अभिवृद्धि गर्न सवलीकरण गर्नुपर्ने भएकाले निम्न कार्यहरु गर्नुपर्ने देखी प्रस्तुत गरिएको छ।

१) **प्रदेशस्तरमा जेष्ठ नागरिक ग्राम बनाउने**

करीब १०० जना आनन्दपूर्वक बस्न र बाँच्न सक्ने अवस्था भएको आधुनिक, सुविधा सम्पन्नस्तरको जेष्ठ नागरिक ग्राम मुलुकका प्रदेशमा एक/एक ओटा बनाउने। जसमा विश्राम हल, धार्मिक प्रवचन हल, मनोरन्जन स्थल, सिनेमा घर, टेलिभिजन हल, खेलकुद एवं व्यायाम शाला, योगासन, ध्यान एवं प्राणायाम गर्ने स्थल, जेरियाट्रिक वार्ड र सुविधा सहितको उपचारको व्यवस्था भएको, यातायातको प्रबन्ध र सेवाका लागि सहयोगीको व्यवस्था समेत हुनु आवश्यक देखिन्छ।

२) प्रविधिले मानिसलाई सीमान्तकृत हुनबाट रोक्ने, अरुसँग घुलमिल हुन प्रेरणा र शक्ति दिने जसबाट एक्लोपन घटाउनु सहयोग हुने, जीवन यापन सहज बनाउने र सबै उमेरकालाई एकै ठाउँमा ल्याउने (जस्तै सामाजिक संजाल भएकाले) जेष्ठ नागरिकलाई बाँचुन्जेल नयाँ कुराहरु सिक्ने (कम्प्यूटर, इन्टरनेट, मोबाइल चलाउने, आधुनिक प्रविधि आदी) प्रेरणा दिन सकेमा श्रम बजारमा सहभागिता हुन सक्ने आत्म स्वाभिमान कायम राख्न सकिने र सामाजिक एकता कायम हुन सक्ने भएकोले

- Life-long learning
- जीवन निर्वाह सिकाई
- हेरचाह स्याहार सुसार सिकाई, व्यवस्थापन र बजेट कार्यक्रम पुऱ्याउने।
- राष्ट्रलाई आर्दश समृद्धशाली, सभ्य राष्ट्र बनाउन "आदर्श नागरिक"को परिकल्पना सहित तालीम र सिकाई दिने र व्यवहारमा बनाउनुपर्दछ।

३) जेष्ठ नागरिकलाई सम्मान, आदर गर्ने, अन्तरपुस्ता सोच विचारको फरकलाई कम गर्न तथा सामाजिक पारिवारिक व्यवहारको वातावरण तयार गर्नुपर्ने हुन्छ। त्यसका लागि अन्तरपुस्ता सम्मेलन, कार्यक्रमहरु चलाउने। स्वेच्छिक आयमूलक कामको माध्यमबाट आर्थिक, सामाजिक तथा राजनीतिक जीवनमा पूर्ण र प्रभावकारी ढंगले सहभागि हुन वृद्ध व्यक्तिहरुको सवलीकरण गर्ने।

४) उमेर मैत्री संरचना र उचित व्यवस्थापनमा जोड दिदै परिवार, समाज र राष्ट्रले गर्नुपर्ने।

- घरमै नर्सिङ्ग सेवा उपलब्ध गराउने,
- हेरचाह सुसार गर्ने सेवा (Care Giver Services),
- सुरक्षाका लागि CCTV जडान र सुरक्षा निकायसँग Connection गर्ने,
- संचालनमा रहेका दिवा सेवा केन्द्रको व्यवस्थापनमा सुधार गरी प्रभावकारी बनाउने र यस्ता केन्द्रहरुको स्थापना, संचालनमा विस्तार गर्दै जाने,
- नियमित रुपमा जेष्ठ नागरिक केन्द्रमा विद्यार्थी (नयाँ पुस्ता) हरुलाई भ्रमण गराई अन्तर पुस्ता फरकपन (Generation Gap) हटाउनुको साथै ज्ञान, शीपलाई हस्तान्तरण गर्ने।

५) जेष्ठ नागरिकको बाँच्ने प्रेरणा प्रति उत्प्रेरणा बढाउन र समाजमा सम्मान बढाउन जेष्ठ नागरिकबाट

संसारमा वा अन्य मुलुकमा भए गरेका विषयमा सूचना, फिल्म, रोचक जानकारी, कथा सुनाउने गर्नुपर्ने, त्यसका लागि जेष्ठ नागरिक सम्बन्धी पुस्तकालय व्यवस्था गर्ने ।

६) वृद्धावस्थाको पूर्वतयारी गरि योजना, कार्यक्रम, रणनीति बनाउने र सो अनुसार चल्ने स्वचालित संयन्त्र बनाउन सबैलाई सिकाउनुपर्ने (व्यस्त राख्ने, खुशी हुने, सकारात्मक सोच्ने, व्यायाम गर्ने आदि) ।

७) आवात जावत सहजीकरण, सर्वसुलभ र कम खर्चमा चाहेको स्थानमा पुग्नका लागि यातायात क्षेत्रमा साप्ताहिक, मासिक वा वार्षिक टिकटको व्यवस्था गर्ने र जेष्ठ नागरिकले पाएको छुटको एकमुष्ट हिसाब गरि यातायात व्यवसायी संघलाई स्थानीय तह, प्रदेश सरकार वा संघीय सरकारबाट भुक्तानी हुने व्यवस्था मिलाउने

८) "जस्तो गर्‍यो, त्यस्तै भोग्नु पर्छ" भन्ने व्यवहार र "आर्दश नागरिक" का सम्बन्धमा बच्चा अवस्थाबाटै सिकाउने र प्रत्येक नागरिकले (वयस्क र वृद्धावृद्ध)ले पनि आर्दश नागरिक जन्माउन, बढाउन, सद्व्यवहार, सद्विचारका बारेमा सिकाउने, प्रचार प्रसार गर्ने ।

९) जेष्ठ नागरिकलाई दुर्व्यवहार कहि कतैबाट हुनु नहुने गरि कानून मै दण्डनीय कार्य घोषित गर्दै दण्ड, जरिवाना र सजायको व्यवस्था गर्ने ।

१०) सही पोषण र हेरचाहले सबै उमेर सम्बन्धी परिवर्तन र दीर्घकालीन रोगहरुमा सकारात्मक सहयोगात्मक परिवर्तन एवं असर गर्ने भएकाले वृद्धवृद्धाहरुको खानपान र उचित हेरचाह गर्नुपर्ने (उदाहरण वृद्धावस्थामा खानाको मात्रा घटाए पनि खानामा प्रोटिनको मात्र घट्न दिनु हुदैन) त्यसैले, जेष्ठ नागरिकका लागि सन्तुलित, एवं आवश्यकीय पोषण व्यवस्था गर्नुपर्दछ । सो को व्यवस्थापनमा परिवार, समाज र सरकारले ध्यान दिनुपर्दछ ।

११) जेष्ठ नागरिकका सम्बन्धमा भए गरेका एवं हुने गरेका भ्रम सम्बन्धमा सबैले जानकारी राख्नै पर्ने र त्यसलाई सिकाई मार्फत सबैमा पुर्‍याउने कार्य राज्य एवं सरकारले गर्नुपर्ने ।

- आफ्ना घरका बुढाबुढीलाई सबैले मान सम्मान गर्नुपर्दछ ।
- राम्रो हेरचाह र पोषण तत्वको व्यवस्थापन मिलाएमा (पौष्टिक र झोलिलो खानेकुरा) जेष्ठ नागरिक सवल हुन्छन् ।
- जेष्ठ नागरिकको पनि मन हुने र युवावस्थामा जस्तै अवस्थामा विचरण गर्ने भएकाले माया स्नेह, दयाले मन जित्ने, मन वचनले सेवा गर्ने, राम्रो संग हेरचाह स्याहार सुसार गर्ने गर्नुपर्दछ ।
- जेष्ठ नागरिक मैत्री व्यायाम (उदाहरणः ताई-ची व्यायाम), योग प्राणायाम गर्ने व्यवस्था, सुत्ने र उठ्ने खाने हिडडुल गर्ने समयलाई कार्य तालिका बमोजिम गर्ने व्यवस्था मिलाउने ।
- मनोरन्जनात्मक कार्य गरी तनावमुक्त गराउने ।
- जेष्ठ नागरिक बस्ने घर सुरक्षित, न्यानो, सहज हिडडूल गर्न सक्ने किसिमको हुनुपर्ने र सबैले बनाउनु पर्ने ।
- जेष्ठ नागरिकहरुलाई अलग्याउने, होच्याउने, गाली गर्ने, कुटपीट गर्ने जस्ता दुर्व्यहार आफूले पनि नगर्ने, कसैले गरेको देखेमा तत्काल प्रतिकार गर्ने, रोक्ने र प्रहरीमा जानकारी दिने ।

१२) प्रत्येक परिवारले आफ्ना पूर्वज जेष्ठ नागरिकको संरक्षण गर्नुपर्ने दायित्व भएकाले जेष्ठ नागरिकहरुलाई आफ्ना सन्तानहरुले घर परिवारमै आफू संगै राख्नुपर्ने - स्याहार सुसार पालनपोषण गर्नुपर्ने व्यवस्था

गर्नुपर्दछ यसका लागि सवैले सक्रियता, अग्रसरता र निरन्तरता दिने काम गरौं । आफ्ना आमाबाबु बोझका रुपमा होइन वहाँहरुको पालनपोषणलाई गौरव एवं जिम्मेवारीको रुपमा लिने संस्कृति बसाल्नुपर्दछ र मेरो बाबु आमा मसंग बस्नु हुन्छ भन्ने र सोच्ने होइन त्यसको सट्टा "म आमाबुवा संगै बस्छु" भन्ने सन्देश दिनुपर्छ र निरन्तर यसै गर्दै जानुपर्छ ।

१३) जेष्ठ नागरिकका सम्बन्धमा नेपाल सरकारले विभिन्न विषयमा सेवा सुविधा उपलब्ध गराउदै आएको भएतापनि सवै जेष्ठ नागरिकलाई जानकारी नभएकाले नेपाल सरकारबाट उपलब्ध भएको सेवा सुविधाको पुस्तिका (हाते पुस्तिका) छपाई सवै जेष्ठ नागरिकलाई पुऱ्याउनु पर्ने र वितरणका लागि स्थानीय तहका सरकारको सहयोग सहकार्य र समन्वयको व्यवस्था मिलाउने गर्नुपर्दछ ।

१४) जेष्ठ नागरिकका विषयमा हुने कार्यक्रम परियोजनाका सम्बन्धमा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारले विस्तृत जानकारी प्रकाशनमा ल्याउने र आम संचार माध्यमबाट सार्वजनिकीकरण गर्ने कार्य गर्नुपर्दछ ।

१५) हरेक टोल बस्तीमा जेष्ठ नागरिकको समूह बनाई जेष्ठ नागरिकको क्लब समेत बनाउँदै, वहाँहरुलाई अधिकार उपभोग गर्न सक्षम बनाउने र जेष्ठ नागरिक मैत्री वातावरण कार्य समाजबाटै शुरु गर्नुपर्दछ ।

**निष्कर्ष**

१२. जेष्ठ नागरिक राष्ट्र अमूल्य नीधि हुन्, अतितका पौरख हुन्, वर्तमानका सम्पदा हुन् । ज्ञान, सीप र अनुभवका कुवेर नै हुन् । यिनीहरु जिउंदा इतिहास हुन्, जीवन्त पुस्तकालय पनि हुन् । हामीले गौरव गर्नुपर्छ वहाँहरु हाम्रो साथमा हुनु हुन्छ, सकेको सम्मान दिनुपर्छ, सद्भाव व्यक्त गर्नुपर्दछ । खुशी र सुखी राख्नुपर्छ । जेष्ठ नागरिकहरुको सम्मान र खुशीमा सवैको सहभागिता बढाऔं र वहाँहरुको मर्यादित र सम्मानित जीवनयापनका लागि निरन्तर लागि परौं यहि नै पुस्ता पुस्ताका लागि उदाहरण हुन्छ; जो हामीले आज लगानी गरेको ठहर्छ भविष्यमा हामीमध्ये धेरैले प्राप्त गर्न सक्दछन् । प्रत्येक प्रदेशमा आधुनिक र सुविधायुक्त जेष्ठ नागरिक ग्राम, दिवा सेवा केन्द्र, हेरचाहका लागि सेवा सहयोगी, घरघरमा जेष्ठ नागरिक मैत्रीभवन संरचना र सुरक्षा व्यवस्था गराउनु पर्दछ । यसैमा वर्तमान र भविष्यको नेपालको हीत र हाम्रा भावी पुस्ता समृद्धशाली बन्न बनाउन मद्दत पुग्दछ ।

**सन्दर्भ सामाग्री**


१) "जेष्ठ नागरिक व्यवस्थापन तालिम कार्यक्रम प्रशिक्षण निर्देशिका", स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः २०७०, काठमाडौं, नेपाल (१-३९)

२) "जेष्ठ नागरिक स्याहारकर्ता तालिम निर्देशिका" (प्रशिक्षकहरुका लागि), राष्ट्रिय जेष्ठ नागरिक महासंघ तथा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०७४, काठमाडौं ।

३) जेष्ठ नागरिक, द्धैमासिक पत्रिका, जेष्ठ नागरिक आधारभूत शिक्षा, बुढानिलकण्ठ न.पा. १२ ,कपन (वर्ष ५, अंक १६, २०७३ असोज/कार्त्तिक)

४) जेष्ठ नागरिक सवलीकरण संगालो - ऐन, प्रक्रिया सरोकारवालाहरुको भूमिका सन्देश र सफलताका कथाहरु, हेल्पएज इन्टरनेशनल नेपाल, २०७३ काठमाडौं ।

५) आवधिक योजनाहरु, राष्ट्रिय योजना आयोग

६) जेष्ठ नागरिक संग नेपालको डेड दशकको यात्रा, नेपाल सहभागीमूलक कार्य समूह (नेपाल), २०७३,

७) जेष्ठ नागरिक, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०६६
८) ज्ञानेन्द्र गिरी 'यति' २०६६ जेष्ठ नागरिक "बुढ्यौलीको समाज शास्त्रीय विश्लेषण, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, २०६६ (पाना ३६-४१)
९) युवराज पाण्डे 'सामाजिक सुरक्षा र सामाजिक संरक्षणको सैद्धान्तिक रुपरेखा, निजामती सेवा पत्रिका, लोक सेवा आयोग, २०.. (पाना १८-३०)

# अनुसूची १

## जेष्ठ नागरिकका समस्या र कमी कमजोरी

**बुढ्यौलीमा आउने परिवर्तनहरु**

१) अनुहार र छाला चाउरो पर्ने
२) कपाल सेतै भएर फुल्ने
३) कपाल झर्ने र चिण्डै बन्ने
४) कानको सुन्ने शक्ति कम हुने
५) आँखाको देख्ने शक्ति कम हुने
६) स्मरण शक्ति घट्ने
७) हाड तथा शरीर कमजोर हुँदै जाने

**व्यक्तिगत समस्या**

१) मेरुदण्ड संकुचन
२) हाडजोर्नी तथा मांसपेशीमा समस्या
३) नशा खुम्चने
४) आँखाको देख्ने शक्ति समस्या
५) सुन्ने शक्ति कम हुँदै जाने
६) पाचन प्रणाली कमजोर हुँदै जाने शरीरले खानाबाट पोषणतत्व लिने क्षमतामा कमी आउने (कारण: कुपोषणको चपेटामा पर्ने)
७) निन्द्रा नलाग्ने (रातमा पटक पटक ब्युझने)
८) यौनाङ्गमा शिथिलता
९) मिर्गौला कमजोर
१०) डिएनएको क्षयीकरण
११) हिडडूल गर्दा लड्ने
१२) मुख र दाँतको समस्या
१३) जिब्रो र स्वादको समस्या
१४) फोक्सो कमजोर हुँदै जाने
१५) अल्जाइमरको ग्रसता
१६) वृद्ध वृद्धाहरुको हेरचाह गर्ने सन्तानको अभाव, भएकोमा पनि मृत्यु भइसकेको

**जेष्ठ नागरिकहरुका बानि व्यवहारहरु**

१) एकान्त मन पराउने
२) कोही भेट हुँदा धेरै कुरा भन्न मनपराउने, पुराना कुरा र दुःख कुरा गर्ने
३) उनीहरुका कुरा सुनिदिदा खुशी हुने
४) घर समाजमा नयाँ कामको थालनी गर्दा सोधि दियो हुन्थ्यो भन्ने चाहन्छन्
५) धेरै बोल्ने
६) कामहरु छिटो छिटो सकिदिए हुन्थ्यो भन्ने ठान्दछन्
७) चिन्ता बढी लिने
८) केटा केटीहरुलाई बढी माया गर्ने

*(स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः २०७०)*

**जेष्ठ नागरिकहरुका राम्रा पक्षहरु**

१) उमेर अनुभव र ज्ञानमा परिपक्क, स्थानीय खतरा तथा जोखिम र विपद्का ऐतिहासिक घटना एवं परम्परागत ज्ञानका बारेमा जान्ने, आफ्नो परिवार समाजको आवश्यकताको बारेमा थाहा हुने ।
२) कामबाट अवकाश प्राप्त भए पनि परिवार, समाजलाई अधिक तथा सामाजिक योगदान पुऱ्याईरहेका
३) दैनिक आर्थिक कृयाकलापमा प्राय सहभागी हुनु नपर्नाले फुर्सद भइरहने कारणबाट ज्ञान हस्तान्तरण गर्न सहज हुने ।
४) घरायसी काम, पेशा, व्यवहार, रेखदेख, व्यवसाय संचालित गरिरहेका

**जेष्ठ नागरिकलाई सवल बनाउन र समुचित व्यवहार गर्न वहाँहरुको समस्या, कमजोरी बुझी आवश्यकतालाई सुनी सुधारका पहल गर्नुपर्दछ ।**

**जेष्ठ नागरिक संग जोडिएर आउने अन्य समस्याहरुः**

**स्थानीय समस्या**

१) पारिवारिक अवहेलना
२) बेरोजगारी
३) स्वास्थ्य उपचार
४) बसाई सराई
५) दुव्यवहारको घटना बढ्ने
६) परिवारले देखभाल संरक्षण नगरि छाडि दिने

**राष्ट्रको समस्या**

१) वृद्ध जनसंख्याको वृद्धि र व्यवस्थापन
२) सामाजिक आर्थिक
३) स्वास्थ्य उपचार (रोगको दोहरो भार अपाङ्गता हुने संभावना वृद्धि

**जेष्ठ नागरिकमा हुने दुर्व्यवहार**

**शारिरीक** : धकेल्ने, जवरजस्ती खुवाउने, कुटपीट गर्ने, चिमोट्ने, हुत्याउने, घचेट्ने, लडाइ दिने, घोची दिने, जानीजानी पिडादायक हिड्डुल गराउने, कष्ट हुने गरी बस्न र सुत्न लगाउने र त्यस्तो ठाँउमा राख्ने ।

**यौनिक** : जेष्ठ नागरिकको स्वीकृति विना गरिने, कुनै पनि यौनजन्य क्रियाकलाप र दुर्व्यवहार

**परित्याग** : एक्लै छाडिदिने/ख्याल वा देखभाल नगर्ने । आधारभूत सामाग्री उपलब्धी नगराउने ।

**मनोभावनात्मक**: घृणा, वेवास्ता, नबोली गर्ने गाली (Result: मानसिक पिडा र ग्लानी) जेष्ठ नागरिकका सामाग्री/सम्पत्ति चोरी गर्ने, जान्न भनेको ठाउँमा लैजाने, खान्न भनेको कुरा खुवाउने, गर्दिन भनेको काम गर्न लगाउने, वाक्क दिक्क लगाउने काम गर्ने ।

**आर्थिक दुर्व्यवहार**: वृद्ध अवस्थामा पालनपोषणमा लाग्ने रकम नहुने, आय नहुने, सम्पत्ति भए पनि परिवार र समाजकाले हडप्ने, खोशी लिने वा खुशीराजीमा फकाई लिने । जिन्सी नगदी अपचलन गर्ने, उनीहरुले पाउनुपर्ने रकम नदिने वा कम दिने आदी

**जेष्ठ नागरिक माथि दुर्व्यवहार भएको छ कि छैन भनी थाहा पाउने उपायहरु**

१) अनौठो र अपत्यारिलो किसिमको घाउहरु हुनु (जस्तो : चिथोरेरको दाग, पोलेको घाउ)

२) वहाँहरुले गर्ने दैनिक क्रियाकलाप बन्द गर्नु फरक समय र फरक तरिकाले गर्न खोज्नु, साथीभाई संग भेटघाट गर्ने कार्य पनि बन्द गर्नु ।

३) वहाँहरुले आफ्नो सरसफाई आदीमा पनि ध्यान दिन छोड्नु ।

४) हरेक चीजको बारेमा दोधार रहनु र डिप्रेसनमा जानु ।

५) छिन छिनमा स्वभाव परिवर्तन गर्नु एकै छिनमा रुने, खुशी हुने, रिसाउने स्वभाव गर्नु ।

*(स्रोत : रेवा दाहाल: २०७३)*

*(लेखक नेपाल सरकारका सहसचिव हुनुहुन्छ)*

# दिगो विकास र बालबालिका

राधिका अर्याल

(१) **विषय प्रवेश**

सहश्राब्दी विकास लक्ष्यलाई नेपालले दशौं योजना देखि कार्यान्वयनमा ल्याएको थियो । यस सहश्राब्दी विकास लक्ष्य हासिल सम्वन्धी प्रगति हेर्दा उत्साहजनक देखिएको छ । खासगरी गरिबी घट्नु, विद्यालय भर्नादर तथा विद्यालयतहमा लैङ्गिक समतादरमा उल्लेख्य सुधार हुनु, बाल मृत्युदर घट्नु, मातृमृत्युमा सुधार आउनु, सरसफाईमा सुधार हुनु महत्वपूर्ण उपलब्धि हुन् । केही सहश्राब्दी विकास लक्ष्यका अपेक्षित परिणाम प्राप्त हुन सकेका छैनन् भने राष्ट्रिय रुपमा प्राप्त भएका लक्ष्यहरुले विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समुह वीच पर्याप्त सन्तुलन कायम गर्न सकेको छैन । सहश्राब्दी विकास लक्ष्यबाट प्राप्त उपलब्धिलाई कायम राख्न र हासिल हुन बाँकी लक्ष्यलाई प्राप्त गर्ने गरी संयुक्त राष्ट्रसंघले सन् २०१५ को २५ सेप्टेम्बरमा सन् २०१६ देखि २०३० सम्मको लागि जारी गरेको विकासको अवधारणा नै दिगो विकास लक्ष्य हो । यसका १७ वटा लक्ष्यहरु र १६९ वटा उपलक्ष्यहरु रहेका छन् । दिगो विकासका लक्ष्य विश्व रुपान्तरणको लागि महत्वपूर्ण विश्व विकास ढाँचा हो । यसलाई १९३ देशहरुको साझा प्रतिवद्धता पत्रको रुपमा लिइएको छ । यसमा मुख्यतः आर्थिक वृद्धि, रोजगारी, दिगो उर्जा, असमानता न्यूनीकरण, दिगो सहरीकरण, दिगो उत्पादन र उपभोग, जलवायु परिवर्तन, न्यायमा पहुँच जस्ता महत्वपूर्ण विषयहरु समावेश गरिएको छ ।

दिगो विकासका लक्ष्यहरुमा बालबालिका समग्रपक्षहरुलाई सम्वोधन गर्ने प्रयास गरिएको छ । यसको पूर्ण र प्रभावकारी कार्यान्वयनद्वारा संयुक्त राष्ट्रसंघीय बाल अधिकार सम्बन्धी महासन्धि र यसको इच्छाधिन आलेखहरुका प्रतिफलहरु प्राप्त हुने अपेक्षा गरिएको छ । दिगो विकासका लक्ष्यले बालगरिवी, पोषण, बालस्वास्थ्य, बालशिक्षा, बालसैन्य, बालहिंसा र न्यायमा पहुँच जस्ता महत्वपूर्ण विषयलाई समावेश गरेको छ । यी लक्ष्यहरुलाई कार्यान्वयन गर्नको लागि अन्तर्राष्ट्रिय सूचकहरु तयार भैसकेका छन् । यी अन्तर्राष्ट्रिय सूचकहरुलाई आधार मानी नेपालले राष्ट्रिय सूचकहरु तयार गरेको छ । यसका साथै राष्ट्रिय सूचकहरुलाई खण्डीकृत गरी वार्षिक नीति तथा कार्यक्रम मार्फत स्थानीयकरण गर्ने कार्यको पनि शुरुवात भएको छ । यस लेखमा बालबालिकासंग सम्वन्धित दिगो विकासका लक्ष्य तथा सूचकहरु प्रस्तुत गरिएको छ ।

(२) **बालबालिकासंग सम्वन्धित दिगो विकासका लक्ष्यहरु**

दिगो विकासका लक्ष्यहरुमा बालबालिकाका विषयलाई बालगरीबी, बालपोषण, बालस्वास्थ्य, बालशिक्षा, बालसैन्य, बालहिंसा र न्यायमा पहुँच जस्ता मुख्य विषयहरुमा केन्द्रित गरिएको छ । १७ वटा प्रमुख लक्ष्यमा बालबालिकासंग सम्वन्धित लक्ष्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

लक्ष्य १. सबै किसिमका गरिबीको सर्वत्र अन्त्य गर्ने

लक्ष्य २. भोकको अन्त्य, खाद्य सुरक्षा एवम् सुधारसहितको पोषण हासिल र दिगो कृषि प्रवर्धन गर्ने

लक्ष्य ३. सबै उमेरका सबैजनाको स्वस्थ जीवन सुनिश्चित र उनीहरूको हित प्रवर्धन गर्ने

लक्ष्य ४. सबैका लागि समावेशी तथा स्तरीय शिक्षा सुनिश्चित र आजीवन सिकाइ प्रवर्धन गर्ने

लक्ष्य ५. लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला र बालिकाहरूलाई सशक्तीकरण गर्ने

लक्ष्य ६. पानी र सरसफाइमा सबैको पहुँच सुनिश्चित गर्ने

लक्ष्य ७. पहुँचयोग्य, विश्वसनीय, दिगो एवम् आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने

लक्ष्य ८. सबैका लागि समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण रोजगारी र सम्मानजनक काम र प्रवर्धन गर्ने

लक्ष्य १०. देशभित्र र देशहरूबीचको असमानता कम गर्ने

लक्ष्य ११. सहरहरू र मानव बस्तीलाई समावेशी, सुरक्षित, प्रतिरोधी एवम् दिगो बनाउने

लक्ष्य १२. दिगो उपभोग एवम् उत्पादन ढाँचालाई सुनिश्चित गर्ने

लक्ष्य १३. जलवायु परिवर्तन र यसका प्रभावविरूद्ध सङ्घर्ष गर्न अत्यावश्यक कार्ययोजना सञ्चालन गर्ने

लक्ष्य १६. दिगो विकासकालागि न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरू प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच गराउने र सबै तहमा प्रभावकारी, उत्तरदायी र समावेशी संस्थाहरूको निर्माण गर्ने ।

लक्ष्य १७ : दिगो विकासका लागि विश्वव्यापी साझेदारी र यसको कार्यान्वयनलाई पुनःसशक्त बनाउन

(३) **बालबालिकासंग सम्वन्धित दिगो विकासका लक्ष्य तथा सूचकहरु**[1]

दिगो विकासका लक्ष्य मानवको हित र पृथ्वीको संरक्षणको लागि परिकल्पना गरिएको वृहत लक्ष्य हो । यसका विभिन्न १७ वटा लक्ष्य अन्तर्गत १६९ वटा उपलक्ष्य र ......सूचकहरु छन् । ती मध्ये बालबालिकासंग सम्वन्धित उपलक्ष्यका सूचकहरुमात्र प्रस्तुत गरिएको छ ।

**लक्ष्य १. सबै किसिमका गरिबीको सर्वत्र अन्त्य गर्ने**

१.१ हाल दैनिक १.२५ डलर प्रतिदिन भन्दा कम आयमा जीवन गुजारा गरिरहेका सवै मानिसमा रहेको अत्यधिक गरिबी सन् २०३० सम्म उन्मूलन गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| १.१.१ प्रतिदिन १.२५ डलरभन्दा कम आय भएको जनसंख्या (एएए मुल्य) ५ | २३.७ | १७ | १३.७ | १०.४ | ४.९ |
| १.१.२ प्रतिदिन १.२५ डलरमा गरीबी खाडल अनुपात ५ | ५.६ | ४.९ | ४.३ | ३.७ | २.८ |
| १.१.३ १.९ डलर प्रतिव्यक्ति गरीबी | ३६ | २८.५ | २२.९ | १७.३ | ८ |
| १.१.४ प्रतिव्यक्ति कूल ग्राहस्थ उत्पादन (GNI) ४ | ७६६ | ८२१ | १६४७ | २१२९ | २५०० |

१.२ राष्ट्रिय परिभाषा अनुसार गरिबीका सम्पूर्ण आयाम भित्र रहेर जीवन बिताइरहेका सबै उमेरका पुरूष, महिला र बालबालिकाको अनुपात सन् २०३० सम्म कम्तिमा आधा घटाउने ।

1 यहाँ प्रस्तुत गरिएका तथ्यांकहरु राष्ट्रिय योजना आयोगको Nepal's Sustainable Development Goals Baseline Report June 2017 वाट लिईएको छ ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| १.२.१ गरीवीको रेखामुनी रहेको जनसंख्या % | २१.६ | १७.१ | १३.८ | १०.५ | ४.९ |
| १.२.३ गरीवीको रेखामुनी रहेका बालबालिकाको जनसंख्या % | - | - | - | - | - |

१.३ अति निम्नस्तरमा रहेकाहरू समेत सबैका लागि राष्ट्रिय रूपमा उपयुक्त सामाजिक संरक्षण प्रणाली एवम् उपायहरू लागु गर्ने र सन् २०३० सम्म गरिब एवम् जोखिममा रहेका निःसहायहरूलाई दिगो सम्बोधन गर्ने लक्ष्य हासिल गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| १.३.१ सम्पूर्ण वजेटमा सामाजिक सुरक्षा खर्च % | ११ | १२.१ | १२.९ | १३.७ | १५ |
| १.३.२ सामाजिक सुरक्षाले समेटेको जनसंख्या % | - | - | - | - | १०० |

१.४ सम्पूर्ण पुरूष एवम् महिलाहरू अझै विशेष गरि गरिब र जोखिमपूर्ण अवस्थामा रहेकाहरूको आर्थिक स्रोतहरूमा समान अधिकारका साथै आधारभूत सेवाहरू, जमिन तथा सम्पत्तिका अन्य संरचना/स्वरूपहरूमा नियन्त्रण एवम् स्वामित्व, विरासत, प्राकृतिक स्रोतसाधनहरू, उपयुक्त नयाँ प्रविधि र लघु वित्तसमेत वित्तीय सेवाहरूमा सन् २०३० सम्म पहुँच सुनिश्चित गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| १.४.१ Multidimensional Poverty Index MPI | ४४.२ | ३५.१ | २८.२ | २१.४ | १० |
| १.४.२ Share of bottom quintile in national consumption (%) | ५ | ५.८ | ६.६ | ७.२ | ८ |
| १.४.३ परिवारको ३० मिनेटभित्र वजारमा पहूँच % | ४५ | ५७ | ६६ | ७५ | ९० |
| १.४.४ परिवारको वित्तीय सेवामा पहूँच % | ४० | ५०.७ | ५८.७ | ६६.७ | ८० |

**लक्ष्य २. भोकको अन्त्य, खाद्य सुरक्षा एवम् सुधारसहितको पोषण हासिल र दिगो कृषि प्रवर्धन गर्ने**

२.१ सन् २०३० सम्म भोकको अन्त्य गर्ने र शिशुहरूसहित विशेष गरि गरिब तथा जोखिमपूर्ण अवस्थामा रहेका सम्पूर्ण मानिसहरूका लागि, सुरक्षित, पोषणयुक्त एवम् पर्याप्त भोजनमा बर्षैभरि पहुँच सुनिश्चित गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| २.१.१ Prevalence of undernourishment ९५० | ३६.१ | २७.३ | २०.६ | १४ | ३ |
| २.१.२ Population spending more than two-third of total consumption on food (%) | २० | १५.५ | १२.१ | ८.७ | ३ |

२.२ सन् २०३० सम्म पाँच वर्षमुनिका बालबालिकाहरूमा देखिने कम उँचाइ र तौल हुने समस्याका सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमै सहमति भएका लक्ष्यहरू सन् २०२५ सम्म हासिल गर्दै किशोरीहरू, गर्भवती

एवम् स्तनपान गराउने आमा तथा वृद्धवृद्धाहरूका पौष्टिक आवश्यकताहरूलाई सम्बोधन गर्नुका साथै कुपोषणका सबै किसिम/स्वरूपहरूको अन्त्य गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| २.२.१ Underweight children under five years of age ५ | २७.६ | २२.६ | १७.८ | १३ | ५ |
| २.२.२ Stunting (low height for age) children under five years of age ५ | ३६ | ३२ | २६.७ | २२.३ | १५ |
| २.२.३ Wasting (low weight for height) children under five years of age ५ | १० | ९.१ | ७.४ | ५.८ | ३ |
| २.२.४ Population below minimum level of dietary energy consumption ९५० | २२.८ | १७.९ | १४.३ | १०.७ | ४.६ |
| २.२.५ Anaemia among women of reproductive age (Adolescent girls) ९५० | ३५.६ | २८.५ | २३.२ | ७.९ | ९ |
| २.२.६ Anaemia among children under five years of age | २२.६ | १८.२ | १४.८ | ११.५ | ६ |
| २.२.७ Children aged 6-23 months consuming Minimum Acceptable Diet (MAD) ९५० | ३२.३ | २५.८ | २१ | १६.१ | ८ |
| २.२.८ Adolescent population with low BMI (< 18) ९५० | १७ | १३.५ | १०.९ | ८.९ | ४ |
| २.२.९ Prevalence of exclusive breastfeeding ९५० | ५६.९ | ६५.७ | ७२.३ | ७९ | ९० |

**लक्ष्य ३. सबै उमेरका सबैजनाको स्वस्थ जीवन सुनिश्चित र उनीहरूको हित प्रवर्धन गर्ने**

३.१ सन् २०३० सम्म विश्वव्यापी मातृ-मृत्यु अनुपात दर प्रति १ लाख जीवित जन्ममा ७० भन्दा कममा झार्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ३.१.१ मातृ मृत्युदर प्रतिलाख जीवित जन्ममा | २५८ | १४५ | १०६ | ८६ | ६९ |
| ३.१.२ Live births attended by skilled birth attendants (%) | ५८ | ६८.५ | ७३ | ७९ | ९० |

३.२ सन् २०३० सम्म नवजात शिशु र ५ वर्ष मुनिका बालबालिकाको रोक्न सकिने मृत्युहरूको अन्त्य गर्ने, योसँगै सबै राष्ट्रहरू नवप्रसूति-मृत्यु अनुपात प्रति १,००० जीवित जन्ममा कम्तिमा १२ सम्म र ५ वर्षमुनिका बालबालिकाको मृत्यु दर प्रति १,००० जीवित जन्ममा कम्तिमा २५ सम्म झार्ने लक्ष्यसाथ अगाडि बढिरहेका छन् ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ३.२.१ वाल मृत्युदर (प्रति १,००० जीवित जन्ममा) | ३९ | ३० | २८ | २६ | २२ |
| ३.१.२ वाल मृत्युदर (प्रति १,००० जीवित जन्ममा) | २३ | २० | १७ | १४ | १० |

३.३ सन् २०३० सम्म एचआइभी एड्स, क्षयरोग, मलेरिया र बेवास्ता गरिएका उष्णक्षेत्रीय रोगहरूजस्ता महामारीहरूको अन्त्य गर्ने र हेपाटाइटिस, पानीबाट उत्पन्न हुने रोग एवम् अन्य सरूवा

रोगहरू विरूद्धको जुझाइजारी राख्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ३.३.१ Average prevalence of Soil Transmitted Helminthes among school going children ९५० | १५ | ११ | ८ | ५ | ० |
| ३.३.२ Incidence of Diarrhea (per 1,000 under 5 years children) | ५०१ | ३६७ | २६७ | १६७ | ० |
| ३.३.३ Children under age 5 with Diarrhea in the last 2 weeks (%) | १२ | ८.८ | ६.४ | ४ | ० |

३.४ सन् २०३० सम्म रोकथाम तथा उपचारबाट नसर्ने रोगहरूबाट अकालमै हुने मृत्युहरू एकतिहाइले घटाउने र मानसिक स्वास्थ्य एवम् हित प्रवर्धन गर्ने ।

३.६ सन् २०२० सम्म सडक दुर्घटनाहरूबाट हुने मृत्यु र घाइतेहरूको विश्वव्यापी सङ्ख्या आधासम्म घटाउने ।

३.७ सन् २०३० सम्म परिवार नियोजन, सूचना तथा शिक्षा र प्रजनन-स्वास्थ्यको मुद्दालाई राष्ट्रिय रणनीति एवम् कार्यक्रमहरूमा एकीकृत गर्दै यौन तथा प्रजनन-स्वास्थ्य- स्याहार सेवाहरूमा विश्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ३.७.२ Proportion of births attended by Skilled Birth Attendant (SBA) (%) | ५५.६ | | | | |
| ३.७.३ Adolescent Fertility Rate (births per 1,000 women age 15-19 years) | ८८ | ७२.५ | ६०.९ | ४४.३ | ९० |
| ३.७.५ Postnatal Care (PNC) for mothers (mothers who received care within two days of childbirth, (%)) | ५६.७ | ६६.५ | ७२.९ | ७९.३ | ९० |

३.८ वित्तीय जोखिम सुरक्षा, स्तरीय आवश्यक स्वास्थ्य-स्याहार सेवाहरूमा पहुँच र सबैका लागि सुरक्षित, प्रभावकारी, स्तरीय एवम् क्षमताले भ्याउने गरि अत्यावश्यक औषधी तथा खोपहरूमा पहुँचसमेत विश्वव्यापी स्वास्थ्य सेवाहरू हासिल गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ३.८.१ Women having 4 antenatal care visits as per protocol (among live births) % | ६९ | ७४.६ | ७८.८ | ८३ | ९० |
| ३.८.६ Children age 12-23 months who received all vaccinations (Measles, BCG, OVP3, DPT3, HepB3, Hib3, etc.) recommended in the national immunization schedule by their first birthday (%) of childbirth, (%)) | ८४.५ | ८८.६ | ९१.७ | ९४.८ | १०० |

३.९ विषाक्त रसायन र वायु, जल तथा माटो प्रदूषण एवम् विषाक्तताबाट हुने मृत्यु तथा रोगव्याधिहरूको सङ्ख्या सन् २०३० सम्म उल्लेखनीय मात्रामा घटाउने ।

**लक्ष्य ४. सबैका लागि समावेशी तथा स्तरीय शिक्षा सुनिश्चित र आजीवन सिकाइ प्रवर्धन गर्ने**

४.१ सन् २०३० सम्म सबै बालबालिकहरूले निःशुल्क, समानतामा आधारित एवम् स्तरीय प्राथमिक तथा माध्यमिक शिक्षा हासिल गरून्, जसले सान्दर्भिक तथा लक्ष्य ४ अनुरूप प्रभावकारी सिकाइ परिणाम प्राप्त होस् भन्ने सुनिश्चित गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ४.१.१ Net enrolment rate in primary education (%) | ९६.६ | ९८.५ | ९९ | ९९ | ९९.५ |
| ४.१.२ Primary completion rate (%) | ८७.५ | ९०.७ | ९३.१ | ९५.५ | ९९.५ |
| ४.१.३ Proportion of pupils enrolled in grade one who reach grade eight (%) | ७६.६ | ८१.५ | ९२.० | ९३.० | ९५ |
| ४.१.४ Ratio of girls (to boys) enrolled in grade one who reach grade eight | १.०४ | १.०३ | १.०२ | १.०१ | १ |
| ४.१.५ Ratio of girls (to boys) enrolled in grade one who reach grade twelve | १.१ ब | १.०४ | १.०३ | १.०२ | १ |
| ४.१.६ Ratio of students to teacher in basic education (up to 8 level) | ४० ब | ३६ | ३३ | ३० | २५ |
| ४.१.७ Ratio of students to teacher in secondary education (up to 12 level) | ३९ ब | ३५.३ | ३२.५ | २९.७ | २५ |
| ४.१.८ Proportion of trained teachers in primary and secondary education (% of total teachers) | ९५ब | ९६.५ | ९७.५ | ९८.४ | १०० |
| ४.१.( Learning Achievement / Score (Math, Nepali and English) for Class 5 | ५५.६द | ६०.८ | ६४.६ | ६८.५ | ७५ |
| ४.१.१० Gross Enrollment secondary education (grade 9 to 12) | ५६.७ अ | ७२ | ९० | ९५ | ९९ |

४.२ सन् २०३० सम्म सबै बालिका एवम् बालकहरूको स्तरीय प्रारम्भिक बाल्यावस्था विकास, स्याहार र पूर्वप्राथमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने, जसले गर्दा उनीहरू प्राथमिक शिक्षाका लागि तयार हुन सकून् ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ४.२.१ Coverage of child grant for pre-primary education (number in '000) | ५०६ब | १०३८ | १४३७ | १८३५ | २५०० |
| ४.२.२ Day meal program coverage (%) | १७ | ३१ | ४१ | ५१ | ६८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.२.३ Attendance to early childhood education (Gross Enrollment) (%) | ८१.० | ८५.८ | ८९.४ | ९३.० | ९९ |

४.५ सन् २०३० सम्म शिक्षामा रहेको लैङ्गिक विभेद उन्मूलन गर्ने र अपाङ्गता भएका व्यक्तिहरू, आदिवासी जनजातिहरू र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकासमेत जोखिमको स्थितिमा रहेका सबै मानिसहरूका निम्ति शिक्षाका सबै तह एवम् व्यावसायिक प्रशिक्षणमा समान पहुँच सुनिश्चित गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ४.५.१ Gender parity index (GPI) (primary school) | १.०२ | १.०१ | १.०३ | १.०३ | १ |
| ४.५.२ Gender Parity Index (GPI) (secondary school) | १ | १ | १ | १ | १ |
| ४.५.३ Gender Parity Index (GPI) based on literacy (above 15 years) | ०.६२ | ०.७२ | ०.८० | ०.८७ | १ |

४.६. सन् २०३० सम्ममा सबै युवा तथा उलेख्य अनुपातमा वयस्कहरू, महिला तथा पुरूष दुवैले अक्षर र संख्या चिन्न सक्ने अवस्था सुनिश्चित गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ४.६.१ Literacy rate of 15-24 years old (%) | ८८.६ | ९१.३७ | ९५ | ९८ | ९९ |
| ४.६.२ Literacy rate of 15-24 years old (women) (%) | ८७.४ | ९०.५ | ९२.८ | ९५.१ | ९९ |
| ४.६.३ Numeracy all (who can read and write numeric terms) of 15 years and older (%) | ६२.२ | ७१.७ | ७८.९ | ८६.१ | ९८ |
| ४.६.४ Numeracy of female (who can read and write numeric terms) of 15 years and older (%) | ५१.९ | ६३.४ | ७२.० | ८०.६ | ९५ |
| ४.६.५ Public spending per student (Basic education in ‘000) | १५ | १९ | २२ | २५ | ३० |

४.क बालबालिका, अपाङ्गता र लैङ्गिक संवेदनशील शैक्षिक संरचनाहरूको निर्माण र स्तरोन्नति गर्ने र सबैलाई सुरक्षित, अहिंसावादी, समावेशी एवम् सिक्ने/सिकाउने प्रभावपूर्ण वातावरण उपलब्ध गराउने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ४.क.१ Schools with access to electricity (%) | - | - | - | - | - |
| ४.क.२ Schools with access to internet (%) | ३.९अ | २८.६ | ४७.२ | ६५.८ | ९९ |
| ४.क.३ Schools with "WASH" facilities (%) | २८.२अ | ५३.० | ७१.५ | ९०.१ | ९९ |
| ४.क.३ Disability friendly schools (%) | - | - | - | - | - |

**लक्ष्य ५. लैङ्गिक समानता हासिल गर्ने तथा सबै महिला र बालिकाहरूलाई सशक्तीकरण गर्ने**

५.१ सबै ठाउँमा सबैतिर सबै महिला र बालिकाहरू विरूद्ध हुने सबै किसिमका भेदभावको अन्त्य गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ५.१.१ Gender Inequality Index | ०.४९८ | ०.३८ | ०.२९ | ०.२० | ०.०५ |
| ५.१.३ Gender Empowerment Measurement (Index) | ०.५६८ | ०.६० | ०.६३ | ०.६६ | ०.७ |

५.२ महिला र बालिकाहरू विरूद्ध सार्वजनिक र निजी क्षेत्रमा हुने बेचविखन तथा यौनिक र अन्य

किसिमका शोषणसमेत सबै किसिमका हिंसा उन्मूलन गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ५.२.१ Sex ratio at birth (female to male) | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ | १ |
| ५.२.२ Ratio of women to men in healthy life expectancy | १.०३ | १.०२ | १.०२ | १.०१ | १ |
| ५.२.३ Women aged 15-49 years who experience Physical / sexual violence (%) | २६ | १९.१ | १३.९ | ८.७ | ० |
| ५.२.४ Girls Trafficking (in number) | ७००० | ५१३३ | ३७३३ | २३३३ | ० |

५.३ बालविवाह, कम उमेरमा र जबरस्ती विवाह तथा महिलाको योनी-उच्छेदन जस्ता हानिकारक प्रथाहरू उन्मूलन गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ५.३.१ Women aged 15-19 years who are married or in union (%) | २४.५ब | १८.० | १३.१ | ८.२ | ० |
| ५.३.२ Lifetime Physical and/or Sexual violence (%) | २८.४ | २२.२ | १७.५ | १२.८ | ५ |
| ५.३.३ Discrimination for *Chhaupadi and mensturation* ९५० | १२.० | ८.८ | ६.४ | ४.० | ० |
| ५.३.४ Children age 1-14 years who experienced psychological aggression or physical punishment during the last one month (%) | ८१.७म | ५९.९ | ४३.६ | २७.२ | ० |

५.ग सबै तहका महिला र बालिकाहरूको सशक्तीकरण तथा लैङ्गिक समानताका लागि स्वस्थ नीति एवम् कार्यान्वयन गर्न सकिने नीतिहरू अङ्गीकार गर्दै त्यसलाई सबलीकृत गर्ने ।

**लक्ष्य ६. पानी र सरसफाइमा सबैको पहुच सुनिश्चित गर्ने**

६.१ सन् २०३० सम्म सबैका लागि सुरक्षित एवम् पहुँचयोग्य खानेपानी सेवामा विश्वव्यापी तथा समान पहुँच हासिल गर्ने ।

६.२ सन् २०३० सम्म सबैका लागि पर्याप्त तथा समान सरसफाइ एवम् स्वास्थ्यमा पहुँच हासिल गर्ने र विशेष गरि महिला र बालिकाहरू तथा जोखिमपूर्ण अवस्थामा रहेकाहरूका आवश्यकताहरूलाई विशेष दृष्टि पुऱ्याउँदै खुला दिसा पिसाबको स्थिति अन्त्य गर्ने ।

**लक्ष्य ७. पहुँचयोग्य, विश्वसनीय, दिगो एवम् आधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने**

७.१ सन् २०३० सम्म पहुँचयोग्य, विश्वसनीय एवम् आधुनिक ऊर्जा सेवाहरूमा विश्वव्यापी पहुँच सुनिश्चित गर्ने ।

**लक्ष्य ८. सबैका लागि समावेशी र दिगो आर्थिक बृद्धि, पूर्ण रोजगारी र सम्मानजनक काम र प्रवर्धन गर्ने**

८.७ इच्छा विरूद्धको जबरजस्ती श्रम उन्मूलन, आधुनिक दासता एवम् मानव बेचविखनको अन्त्य गर्नका लागि तत्काल एवम् प्रभावकारी मापदण्डहरू अपनाउने र बालसैनिकको भर्ती र प्रयोग समेत बालश्रमका सबैभन्दा नराम्रा स्वरूपहरूको निषेध तथा उन्मूलन सुरक्षित गन र सन् २०२५ सम्म त्यसका

सबै स्वरूपहरूसहित बालश्रमको अन्त्य गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| ८.७.१ Children Working under Hazardous Conditions % | ३० | २२ | १६ | १० | ८ |

**लक्ष्य १०. देशभित्र र देशहरूबीचको असमानता कम गर्ने**

१०.१ सन् २०३० सम्म जनसङ्ख्याको सर्वाधिक तल्लोस्तरमा रहेका ४० प्रतिशत मानिसको आय वृद्धि राष्ट्रिय औसतभन्दा उच्च तहमा प्रगतिशील ढङ्गले हासिल गर्दै त्यसलाई कायम राख्ने ।

**लक्ष्य ११. सहरहरू र मानव बस्तीलाई समावेशी, सुरक्षित, प्रतिरोधी एवम् दिगो बनाउने**

११.१ सन् २०३० सम्ममा पर्याप्त, सुरक्षित र हासिल गर्न सकिने आवास तथा आधारभूत सेवाहरूमा सबैका लागि पहुँच सुनिश्चित गर्ने र सुकुमबासी बस्तीहरूको स्तर उकास्ने ।

११.२ सन् २०३० सम्म जोखिमपूर्ण अवस्थामा रहेकाहरू, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू र जेष्ठ नागरिकहरूको आवश्यकतालाई विशेष ध्यान दिँदै सडक सुरक्षालाई सुधार गरेर तथा उल्लेखनीय रूपमा सार्वजनिक यातायात विस्तार गरेर सबैका लागि सुरक्षित, हासिल गर्न सकिने, पहुँचयोग्य र दिगो यातायात व्यवस्थामा पहुँच दिलाउने ।

**लक्ष्य १२. दिगो उपभोग एवम् उत्पादन ढाँचालाई सुनिश्चित गर्ने**

१२.८ सन् २०३० सम्म दिगो विकास र प्रकृतिसँग सामञ्जस्य राख्ने जीवनशैलीका लागि सबैतिरका जनतासँग सान्दर्भिक सूचना र चेतना भएको सुनिश्चित गर्ने ।

**लक्ष्य १३. जलवायु परिवर्तन र यसका प्रभावविरूद्ध सङ्घर्ष गर्न अत्यावश्यक कार्ययोजना सञ्चालन गर्ने**

१३.१ सबै देशहरूमा जलवायुसम्बन्धी जोखिम एवम् प्राकृतिक विपद्हरू विरूद्ध जुझ्न प्रतिरोधी तथा अनुकूलन क्षमता सशक्त तुल्याउने ।

१३.२ जलवायु परिवर्तनसम्बन्धी मापदण्डहरूलाई राष्ट्रिय नीति, रणनीति र योजनाहरूसित एकीकृत गर्ने/गराउने ।

**लक्ष्य १६. दिगो विकासकालागि न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरू प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच गराउने र सबै तहमा प्रभावकारी, उत्तरदायी र समावेशी संस्थाहरूको निर्माण गर्ने ।**

१६.१ जहाँसुकै हुने सबै प्रकारका हिंसा र सम्बन्धित मृत्यु दरहरू उल्लेखनीय रूपमा घटाउने ।

१६.२ दुर्व्यवहार, शोषण, ओसारपसार र बालबालिकाविरूद्धका सबै प्रकारका हिंसा र यातनाहरू अन्त्य गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| १६.२.१ Children age 1-14 years who experienced psychological aggression or physical punishment during the last one month) (%) | ८१.७ | ६० | ४४ | २७ | ० |
| १६.२.२ Women age 20-49 years who were first married before age 18 years (%) | ४८.८ | ३६ | २६ | १६ | ० |
| १६.२.३ Children trafficking to abroad (including India) per annum (reported number) | ६४ | ४७ | ३४ | २१ | ० |

१६.३ राष्ट्रिय र अन्तराष्ट्रिय तहमा विधिको शासनलाई प्रवर्धन गर्ने र सबैका लागि न्यायमा समान पहुँच सुनिश्चित गर्ने ।

१६.९ सन् २०३० सम्म सबैका लागि जन्म-दर्तासमेतका कानुनी पहिचान प्रदान गर्ने ।

| सूचक | २०१५ | २०१९ | २०२२ | २०२५ | २०३० |
|---|---|---|---|---|---|
| १६.९.१ Birth registration (% of children under age 5 whose births are registered) | ५८.१ | ६६.० | ७९.० | ८६.९ | १०० |
| १६.९.२ Birth registration by gender and social groups | - | - | - | - | - |
| १६.९.३ Citizenship by gender and social groups | - | - | - | - | - |

**लक्ष्य १७ : दिगो विकासका लागि विश्वव्यापी साझेदारी र यसको कार्यान्वयनलाई पुनःसशक्त बनाउन**

तथ्याङ्क, अनुगमन र जवाफदेहिता

१७ :१८ सन् २०२० सम्म उच्चस्तरीय, समयोचित र भरपर्दो तथ्याङ्क, जुन आय, लिङ्ग, उमेर, वर्ण, जातिगत, बसाइँ सराइको अवस्था, अपाङ्गता, भौगोलिक अवस्थिति र राष्ट्रिय सन्दर्भमा प्रासङ्गिक अन्य विशेषताहरूको आधारमा खण्डीकृत गरिएको हुन्छ, तिनको उपलब्धता अति कम विकसित देशहरू र साना प्रायद्वीपीय विकासोन्मुख राज्यहरूसमेत विकासोन्मुख देशहरूका लागि उल्लेखनीय रूपमा अभिवृद्धि गर्न क्षमता- निर्माणका लागि सहयोग बढाउने ।

१७ :१९ सन् २०३० सम्म कुल गार्हस्थ्य उत्पादनमा योगदान गर्ने दिगो विकासको प्रगतिका मापदण्डहरू विकास गर्न विद्यमान पहलकदमीहरू तयार गर्ने र विकासोन्मुख देशहरूमा तथ्याङ्कीय क्षमता-निर्माणमा सहयोग गर्ने ।

अन्त्यमा, बालबालिकासंग सम्वन्धित दिगो विकासका लक्ष्यहरु प्राप्त गर्नको लागि राष्ट्रिय पूर्वाधारको आवश्यकता पर्दछ । यी लक्ष्य कार्यान्वयनको प्रमख आधारको रुपमा वालअधिकार सम्वन्धी महासन्धि र यसका इच्छाधनि आलेखहरु, मानव अधिकार सम्वन्धी महासन्धि, महिला अधिकार सम्वन्धी महासन्धिहरु जस्ता अन्तराष्ट्रिय संयन्त्रहरु रहेका छन् । नेपालको संविधान र यसको कार्यान्वयनको लागि तयार गरिएका विशिष्टीकृत ऐनहरु जस्तै बालबालिका सम्वन्धी ऐन, बालश्रम निषेध गर्ने ऐन मुख्य रुपमा रहेका छन् भने सामान्य ऐनको रुपमा श्रम सम्वन्धी ऐन, शिक्षा, स्वास्थ्य सम्वन्धी ऐनहरु रहेका छन् । राष्ट्रिय स्तर देखी स्थानीय तहसम्म बालबालिकाको संरक्षण तथा बालअधिकारको प्रवर्द्धनको लागि सरकारी तथा गैर सरकारी संस्था / संरचनाहरु कार्यान्वयनमा रहेका छन् । हालै सम्पन्न स्थानीय तहको निर्वाचनवाट कार्यान्वयनमा आएको स्थानीय सरकारको काम अन्तर्गत वालसंरक्षण, सडक बालबालिकाको व्यवस्थापन, सामाजिक कुरीति, वेचविखनको रोकथाम जस्ता विषयहरु रहेका छन् । यी विषयहरुको प्रभावकारी कार्यान्वयनवाट पनि बालबालिका सम्वन्धी दिगो विकासका लक्ष्यहरु हासिल गर्न सकिने देखिन्छ । बालबालिकाको सर्वोत्तम हित हुने गरी सरकारका नीति तथा कार्याक्रम लक्षित गरी राष्ट्रिय  तथा अन्तराष्ट्रिय स्रोत तथा साधनहरुको परिचालन र राष्ट्रिय लगानीको बढोत्तरी गर्न सकेमा माथि उल्लिखित लक्ष्यहरुको हासिल सुनिश्चित गर्न सकिन्छ ।

■■■

*(लेखक नेपाल सरकारका सहसचिव हुनुहुन्छ)*

# जेष्ठ नागारिक र सामाजिक सुरक्षा: सन्दर्भ जेष्ठ नागारिक ऐन संशोधनको

**शंकर प्रसाद पाठक**

बुढ्यौली (old age) जीवनको पछिल्लो अवस्था हो। पूर्वीय मान्यता र दर्शनअनुसार मानव जीवनलाई व्रह्मचर्य (शिक्षा), गृहस्थ (घर व्यवहार) , वानप्रस्थान (अवकाश) र सन्यास (त्याग) गरी चार भागमा विभाजन गरिएको छ । हरेक अवस्थाको विशेष कर्तव्य र व्यवहार समेत उल्लेख गरिएको छ ।

चारवटा चरणको उपयुक्त व्यवस्थापनबाट मानव जीवनको समग्र विकास सम्भव हुने, जीवनलाई आनन्दित र खुसी बनाउन सकिने तथा अन्त्यमा परमात्मासँग लिन हुने सम्मको विषयहरूमा चर्चा गरिएको छ ।

कुल उमेरलाई ४ भागमा विभाजन गरी पहिलो २५ वर्षको उमेरलाई जीवनमा चाहिने ज्ञान, सीप, अनुशासन, दर्शन, नैतिक शिक्षा जस्ता विषयवस्तुहरूबाट आफूलाई निपूर्ण बनाई जीवनलाई सार्थक बनाउने लक्ष्य लिएको देखिन्छ। त्यस्तै किसिमले, गृहस्थाश्रम भनेको जीवनको अर्को २५ वर्षको चरण हो। यो चरणमा गृहस्थ जीवन बिताउने आफ्ना छोरा छोरीहरूलाई शिक्षा दिक्षा तथा कर्म संस्कार पूरा गरी योग्य बनाउने लक्ष्य लिएको देखिन्छ भने वानप्रस्थाश्रम भनेको अवकासको उमेर हो। यो उमेरमा व्यक्तिले आफ्नो जिम्मेवारीलाई  आफ्नो सन्तानमा हस्तान्तरण गर्ने, आफूले सल्लाहाकारको भूमिका निभाउँदै विस्तारै सांसारिक विषयवस्तुबाट आफुलाई अलग राख्दै मोक्ष प्राप्तिको लागि सक्रिय बनाउनु  ५० देखि ७५ वर्षसम्मको जीवनको लक्ष्य राखेको देखिन्छ। अन्त्यमा ७५ वर्ष पूरा भएपछि व्यक्तिले आफूलाई सबै प्रकारका सांसारिक मोहबाट मुक्त गराई भौतिक वस्तु प्रतिको इच्छा, चाहना, घर, परिवारबाट मुक्त बनाएर मोक्षको अवस्थामा लाग्न पर्ने गरी निर्देशित गरेको छ ।

यो बुढ्यौली जीवनलाई विभिन्न समाजमा फरकफरक नामबाट सम्बोधन भएको देखिन्छ। पश्चिमी मुलक विशेष गरी अमेरिकी र बेलायती समाजमा ज्येष्ठ (senior) वा जेष्ठ नागरिक (senior citizens) भन्ने नाम दिएको देखिन्छ भने धेरै जसो समाजमा पाका व्यक्ति (elders)  भनेर चिनिने गरेको पाइन्छ। नेपालको सन्दर्भमा भने गाउँघरमा बुढाबुढी नै भनेर चनिन्छन् तर कानुनी हिसाबले जेष्ठ नागरिक (senior citizen) भनेर  परिभाषा गरेको छ। संयुक्त राष्ट्र संघले ६० वर्षभन्दा माथिका व्यक्तिहरूलाई जेष्ठ नागरिक मानेकाले सामान्यतया धेरे जसो देशहरूले ६० वर्षभन्दा माथिल्लो उमेर समूहका व्यक्तिहरूलाई ज्येष्ठ नागरिकको परिभाषाभित्र राखेका छन् । जापान, अमेरिका, बेलायत जस्ता देशहरूले ६५ वर्षभन्दा माथिका व्यक्तिहरूलाई जेष्ठ नागरिकको परिभाषा भित्र राखेका छन् ।

**ज्येष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षा राज्यले किन गर्नु पर्ने ?**

हरेक विकसित तथा सभ्य (civilized) समाजले कुनै न कुनै हिसाबमा, आफ्ना नागरिकको भौतिक तथा सामाजिक सुरक्षाका लागि विभिन्न उपाय (security valve) हरू अपनाएका  हुन्छन् । समाजले आफ्ना विभिन्न तह र तप्काका सदस्यहरूलाई हेर्ने तरिकाबाट यी  उपाय (security valve) हरूको निर्माण र परिचालन गर्ने विधि समेत निर्धारण गरिएको

हुन्छ।

जेष्ठ नागरिकहरूको सन्दर्भमा पूर्वीय समाजले आफ्नै विशिष्ट व्यवस्था गरेको थियो। विशेषगरी संयुक्त परिवार (joint family) को संरचनाले यो संरक्षण प्रणालीलाई बलियो बनाएको छ। त्यस्तै जेष्ठ नागरिकहरूप्रति रहने श्रद्धा, सम्मान तथा आदरलाई सामाजिक नैतिकता र संस्कृतिका रूपमा लिइएको थियो। तसर्थ पूर्वआधुनिक नेपाली समाजको संरचनाले एक हिसाबमा जेष्ठ नागरिकलाई समाजको विशिष्ट तथा शक्तिशाली सदस्यका रूपमा लिइएको थियो। अत: उक्त सामाजिक संरचनामा जेष्ठ नागारिक लक्षित समयसापेक्ष न्यूनतम संरक्षण तथा सुरक्षाको व्यवस्था थियो भन्नु अतिशयोक्ति हुँदैन।

समाज तथा सामाजिक संरचनाको परिवर्तन र विकाससँगै यसले प्रयोग गरेका संरक्षणका विधिहरूमा परिवर्तन हुन जानु स्वाभाविक नै हो। सामाजिक संरचनाको परिवर्तन र विकास यदि क्रमिक हिसावले (evolutionary) हुँदै जाँदा यसले अङ्गीकार गर्ने संरक्षणका विधिहरू सोहीअनुसार स्वैच्छिक (voluntary) वा अस्वैच्छिक (involuntary) हुने सम्भावना बढी रहन्छ। आधुनिक राज्य व्यवस्था र यससँगै परिवर्तित सामाजिक तथा आर्थिक संरचनाको विकासले गर्दा हाम्रा पुराना सामाजिक संरचनालाई व्यापक परिवर्तन गर्दै लगेको छ। यस परिवर्तनलाई पक्कै पनि नराम्रो भन्न खोजिएको होइन। तर यस किसिमको परिवर्तनको बहावले हाम्रो समाजको मूल्य, मान्यता, सोचाइ व्यवहार आदिमा आएको परिवर्तनको अनुकूलन (adaptability) को गतिभन्दा बढी भयो भन्न खोजिएको मात्र हो। समाजको मूल्य, मान्यता र सोचाइमा आएको परिवर्तन र राजनीतिक आर्थिक क्षेत्रमा आएको परिवर्तनको बीचमा केही फरक छ। सोही कारण सामाजिक सुरक्षाको विषयमा हाम्रो सामाजिक संरचना संस्थागतरूपमा कमजोर देखिन आएको हो। यस्ता कमजोरीलाई सामाजिक सुरक्षा र संरक्षणका माध्यमबाट व्यवस्थापन गर्ने जिम्मेवारी आधुनिक लोककल्याणकारी राज्य व्यवस्थाको दायित्व भित्र परेकाले यस प्रणालीलाई राज्यस्तरबाटै सुदृढ गर्नु पर्ने आवश्यकतादेखिन आएको छ।

बुढ्यौली जीवनचक्रको अन्तिम चरण हो। यो उमेरमा व्यक्ति शारीरिक हिसाबले क्रमशः कमजोर हुँदै जाने, रोगव्याधि ज्यादा लाग्ने, प्राय: रोजगारी नहुने, साथी भाइहरू कम हुने, एकल परिवारको संरचना बढदै गएकाले घर परिवारका सदस्यलाई पालनपोषण तथा हेरचाहको लागि समय अभाव हुनुको साथै संयुक्त परिवारमा रहेकाहरूको पनि पुस्तान्तरको कारणबाट एक्लो जस्तो हुनु परेको जस्ता कारणले गर्दा ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षाको विषय राज्यको प्राथमिकताभित्र पर्दै गएको हो।

**छोरा छोरीको पारीश्रमिकबाट १० प्रतिशत आमा बुबालाई दिनु पर्ने प्रावधान ऐनमा राख्ने विषय:**

जेष्ठ नागारिकहरूको संरक्षण र सुरक्षाको विषयको सन्दर्भमा मौलिक हकमा रहेको संवैधानिक प्रावधानबमोजिम जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ र नियमावली, २०६५ लाई संविधानको भावनालाई समेटेर संशोधन गर्नु पर्ने आवश्यकता देखिन आएको छ। जेष्ठ नागारिक ऐन, २०६३ को आगामी संशोधनमा छोरा छोरीको तलबको निश्चित प्रतिशत रकम सोझै आमा बुबाको खातामा जम्मा गर्ने भन्ने विषय सञ्चार माध्याममा आएको हुदाँ नेपाली समाजमा यो विषयले एक प्रकारको तरङ्ग पैदा गरेको छ। आमा बुबाहरू खुसी देखिनु भएको छ। तर यो विषय सोचेअनुसार सजिलो छैन। यस्तो प्रावधान ऐनमा राख्दा यसबाट विभिन्न अप्ठ्यारा एवं समस्याहरू उत्पन्न हुन सक्ने अवस्था रहने देखिन्छ।

## तलबको १० प्रतिशत रकम आमा बुबाको खातामा जम्मा गर्दा आउने समस्या

छोराछोरी को तलबको १० प्रतिशत बराबर रकम ६० वर्ष उमेर पूरा गरेका आमा बुबाको खातामा जम्मा गर्ने गरी ऐन संशोधन गर्दा यसबाट केही नीतिगत तथा नैतिक प्रश्नहरू उठ्ने देखिन्छ। सर्वप्रथम यसरी व्यक्तिको तलबको निश्चित प्रतिशत सीधा आमा/बाबुको खातामा जम्मा गर्ने विधि राज्यले निर्वाह गर्ने सामाजिक सुरक्षा नै हो भन्ने विषय विवादास्पद छ। सामान्यरूपमा, सामाजिक सुरक्षाअन्तर्गतका कार्यक्रम गर्नका लागि नै राज्यले कर प्रणाली अन्तर्गत राजस्व उठाउने गरेको हुन्छ। यसरी राजस्व प्रणालीभन्दा बाहिर गएर गरिने कार्यक्रमलाई सामाजिक सुरक्षा अन्तर्गत राख्दा राजनीतिक नैतिकताको विषयमा प्रश्न उठ्न सक्छ।

तलबको निश्चित प्रतिशत यसरी सीधै आमा बुबालाई दिने विधि हेर्दा राम्रो देखिए पनि नीतिगत रूपमा फितलो हुने देखिन्छ। यस कार्यक्रमले सीमित जेष्ठ नागारिकलाई मात्र समेट्दछ। यो प्रावधानले तलब लिने कर्मचारीलाई मात्र समेट्ने देखिन्छ। अन्य आर्थिक क्षेत्रमा रोजगारी भएकाहरूलाई ऐनमा हुने यस्तो प्रावधानले समेट्न सक्दैन। अत: यस्तो संशोधन गरेर समग्र जेष्ठ नागारिकहरूको समाजिक सुरक्षाको विषयलाई प्रभावकारी रूपमा समेट्ने सम्भावना कम छ। यसकारण यस्तो प्रावधानले जेष्ठ नागारिकहरूबीच राज्यले गर्ने व्यवहारमै असमानता आउने प्रष्ट छ।

जेष्ठ नागारिकप्रतिको सामाजिक सुरक्षाको दायित्व राज्यको हो। नेपालको संविधान (२०७२) ले समेत यस विषयलाई प्रष्ट रूपमा समावेश गरेको अवस्था छ। कुनै पनि सन्तानको माता पिताप्रति नैतिक कर्तव्य र दायित्व पक्कै हुन्छ तर सन्तानको उक्त कर्तव्यकै कारणबाट राज्यले जेष्ठ नागारिकप्रति निर्वाह गर्नुपर्ने दायित्वलाई काट्न वा कुनै प्रकारले साट्न वा प्रतिस्थापन गर्न मिल्दैन र सक्दैन। यसरी तलबको निश्चित प्रतिशत रकम सीधै आमा बुबाको खातामा जम्मा गर्ने प्रावधानले राज्यले आफ्नो दायित्वलाई सन्तानको कर्तव्यसँग साट्न खोजेको आरोप लाग्न सक्छ।

यस्तो प्रावधानबाट राज्यले नागरिकको व्यक्तिगत जीवनमा नैतिक हस्तक्षेप (ethical intervention) गरेको अर्थ लाग्न सक्छ। यसबाट व्यक्तिगत स्वतन्त्रता अन्तर्गत लिइने विविध व्यक्तिगत चयनको विषय राज्यले प्रदान गर्ने सुविधा र सुरक्षाको आधार बन्ने देखिन्छ। उदाहरणका लागि यस प्रावधानले धेरै सन्तान हुने जेष्ठ नागरिकलाई पुरस्कृत गरेको अर्थ लगाउन पनि सकिन्छ। भन्नुको अर्थ सामाजिक सुरक्षाको यस्तो विधि (scheme) ले आम नागारिकहरूलाई धेरै सन्तान उन्मुख हुन प्रोत्साहन गरेको हो कि जस्तो अर्थ लाग्ने पनि देखिन्छ। धेरै सन्तान कि थोरै सन्तान राम्रो भन्ने कुराका आफ्नै तर्क होलान्। तर त्यस विषयको निर्धारण सामाजिक सुरक्षाको विधिबाट पक्कै हुनु हुँदैन। त्यस्तै विविध कारणले (मनौं mental-disability भएका कारणले) रोजगारी नभएका सन्तानका आमा बाबुलाई राज्यको यस विधिले व्यङ्गय गरेको छ। यसरी व्यक्तिगत जीवनका आयामहरूलाई राज्यले दिने सुरक्षाको आधार बनाउँदा राज्यले प्रदान गरेको व्यक्तिगत स्वतन्त्रता तथा मानविय सम्मान कै (dignity) हनन हुनेसम्मको अवस्था आउने प्रबल सम्भावना हुन्छ।

जेष्ठ नागरिकसम्बन्धी राष्ट्रिय मूल कानुनमा यस्तो असमान व्यवहार निर्माण गर्ने व्यवस्था राख्नु मानव अधिकारको स्थापित मान्यता एवं जेष्ठ नागरिक र समग्र राष्ट्रिय हितको पक्षमा देखिंदैन।

## ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा स्थापित गर्ने उपाय:

ज्येष्ठ नागरिकको सामाजिक सुरक्षाको लागि तल उल्लेख गरिएका विधिहरू जस्तै थप कर लगाई कर प्रणालीको प्रयोगबाट स्रोत साधनको व्यवस्था गर्न सकिने देखिन्छ साथै यो तरिका वैज्ञानिक पनि छ। अर्को तरिका भने सङ्गठित संस्थामा कार्यरत कामदारका आमा बुबाहरूको हेरचाह, पालन पोषण र संरक्षण गर्ने विषयलाई सम्बन्धित संस्थालाई नै जिम्मेवार बनाएर ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षा गर्न सकिने देखिन्छ।

### १) कर प्रणालीमार्फत् सामाजिक सुरक्षा र संसक्षण

यदि तलबको निश्चित प्रतिशत काटेर जेष्ठ नागारिकलाई दिने नीतिमा सरकार दृढ रहने हो भने यसलाई सङ्घीय कर प्रणालीमा ल्याउनु आवश्यक छ। अहिलेको विद्यमान आयकरमा निश्चित प्रतिशत बढाई सो बाट (marginal increment) बढेको राजस्वलाई जेष्ठ नागरिकलाई दिइने सामाजिक सुरक्षा भत्ता वा सोही अनुरूपको अन्य सामाजिक सुरक्षा अन्तर्गतको कार्यक्रममा खर्च गर्न सकिन्छ ।

यस्तो कर प्रणालीको प्रयोग गर्दा निम्न फाइदा हुने देखिन्छ:

१) जेष्ठ नागारिकहरूलाई राज्यले सामाजिक सुरक्षा अन्तर्गत रकम (monetary relief) नै उपलब्ध गराउने हो भने पनि कर प्रणालीमार्फत् गर्दा त्यस्तो कार्यक्रम समतामूलक तथा न्यायोचित हुने देखिन्छ। छोरा/छोरी को तलबबाट सीधै जेष्ठ नागरिकको खातामा निश्चित रकम काट्दा उत्पन्न हुने नीतिगत असमानतालाई यसले हटाउने छ। साथै धेरै सन्तान भएका र थोरै वा निसन्तान जेष्ठ नागारिकबीच हुने असमान स्थिति राज्यले निर्माण गर्नु हुँदैन । यस प्रक्रियाले लोककल्याणकारी नीति अन्तर्गतको आयको समानुपातिक (income redistribution) वितरणको सिद्धान्तलाई सबल रूपमा प्रवर्धन समेत गर्दछ ।

२) आयकर लिने सम्बन्धमा स्थापित निकाय र प्रक्रिया समेत रहेकाले एकीकृत (integrated) रूपमा आयकारमा थोरै बढाएर (marginal increment) यसरी उठेको राजस्व जेष्ठ नागरिकलाई मात्र खर्च गर्दा राज्यलाई प्रक्रियागत वा अन्य रूपमा कुनै थप व्ययभार थपिँदैन। यसो गर्न राजनीतिक इच्छा शक्तिबाहेक राज्यले अन्य थप केही लगानी गर्नु पर्ने देखिंदैन।

३) कर प्रणालीबाट सामाजिक सुरक्षा अन्तर्गतका कार्य गर्दा सो कार्य तथा कार्यक्रम दिगो हुने सम्भावना बढी रहन्छ। यसले राज्यलाई जेष्ठ नागारिक (र सम्पूर्ण नागरिक) प्रति उत्तरदायी बनाउँछ। जेष्ठ नागारिकप्रतिको सामाजिक सुरक्षाको अन्तिम र सबैभन्दा महत्त्वपूर्ण दायित्व राज्यको हो। तलबको निश्चित अनुपात सिधै जेष्ठ नागारिकको खातामा पठाउने भन्ने कानुन जति नै कर्णप्रिय लागे पनि यसले राज्यले आफूले गर्नु पर्ने कर्तव्यबाट विमुख हन लागेको भन्ने आरोप पनि लाग्न सक्ने देखिन्छ।

त्यसैगरी छुट्टै सामाजिक सुरक्षा करको अवधारणा समेत अवलम्बन गर्न सकिन्छ । यसरी छुट्टै सामाजिक सुरक्षा कर ल्याउँदा समग्र कर तथा राजस्व प्रणालीमा नीतिगत स्पष्टता आउँछ। तथापि हाम्रो जस्तो अल्पविकसित अर्थतन्त्रमा धेरै प्रकारको करको प्रयोग गर्दा कर प्रणाली खर्चिलो र अनुत्पादक हुने सम्भावना बढी रहन्छ । तसर्थ यथास्थितिको आयकरमा निश्चित मात्रा बढाएर त्यस अनुसारको राजस्वलाई सामाजिक सुरक्षाको क्षेत्रमा उपयोग गर्दा बढी प्रभावकारी हुनेछ ।

### २) सङ्गठित संस्थाहरू लक्षित प्रयासमा जोड:

सङ्गठित संस्थामा कार्यरत पदाधिकारी, कर्मचारी वा अन्य व्यक्तिका आचरणलाई आफ्ना आमा बुबाको हित र संरक्षण गर्ने किसिमको वाध्यकारी प्रावधान ऐनमा राख्न सक्ने देखिन्छ ।

यसका लागि तल उल्लिखित प्रावधान तथा व्यवस्थाहरू अवलम्बन गर्न उपयुक्त देखिन्छ:

१) महिला हिंसा विरुद्ध केन्द्रित कार्यस्थलमा हुने यौनजन्य हिंसा रोक्ने सम्बन्धी ऐनले यस्तो हिंसा रोक्ने कामको जिम्मेवार सम्बन्धित सङ्गठित संस्थालाई बनाएको छ । त्यस्तै किसिमको प्रवधान जेष्ठ नागरिकहरूको सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धित सङ्गठित संस्थालाई जिम्मेवार बनाउने गरी वर्तमान ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ मा आवश्यक प्रावधान राखी संशोधन गर्नु उपयुक्त हुने देखिन्छ । सरकारी निकायमा दर्ता भएका सङ्गठित संस्थामा काम गर्ने कामदारहरूका आमा बुबाहरूको सामाजिक सुरक्षाको

जिम्मेवार सोही संस्थालाई बनाउनु उपयुक्त हुन्छ । आफ्ना आमा बुबाहरूलाई हेरचाह गरेनगरेको विषय सम्बन्धित संस्थाले समय समयमा अनुगमन वा आवश्यक सूचना लिइरहनु पर्ने; आमा बुबालाई हेरचाह नगर्ने कामदारको हकमा तलवको कति प्रतिशतसम्म काटेर आमा बुबाको खातामा जम्मा पर्ने हो सो काम त्यस्ता संस्थालाई नै दिँदा कार्यान्वयन प्रभावकारी हुन्छ । अत:सङ्गठित संस्थाअन्तर्गतका कर्मचारीका आमाबुबाहरूको न्यूनतम संरक्षणको अनुगमन (vigilance) को जिम्मा सो संस्थाले गर्नुपर्ने कानुनी प्रवधान राख्नु पर्ने गरी ऐन संशोधन गर्नु उपयुक्त हुने देखिन्छ। साथै कानुनमा सामाजिक सुरक्षा हेर्ने मन्त्रालयले र प्रदेश तथा स्थानीय तहका सरकारले सो विषयमा प्रभावकारी अनुगमनको प्रावधान समेत राख्न उपयुक्त हुने छ ।

२) हरेक सङ्गठित संस्थाले आफ्ना कर्मचारीको आचारसंहिता बनाएर (code of conduct) कर्मचारीको आमाबुबाप्रति गर्नु पर्ने न्यूनतम जिम्मेवारी र कर्तव्यलाई समावेश गर्ने र सोको पालनाको लागि छुट्टै निर्देशिका बनाउन वाध्यात्मक कानुनी प्रावधान ऐनमा सामेल गर्न उपयुक्त हुने ।

३) सङ्गठित संस्थाहरूले आफ्ना कर्मचारीहरूको आमाबुबासँग नियमित सूचना लिने, आवश्यकता अनुसार अन्तर्क्रिया गर्नुपर्ने गरी व्यवस्था गर्ने । न्यूनतम जिम्मेवारी र कर्तव्य पालना नगरेको अवस्थामा सो कर्मचारीको आमा बुबाको गुनासाहरू सुन्ने, सकेसम्म त्यस्ता गुनासा वा उजुरीहरू मेलमिलाप वा वार्तामार्फत् मिलाउने । आमा-बुबा प्रति सन्तोषजनकरूपको आचरण रहेको नपाइएमा सोको जानकारी नगरपालिका वा गाउँपालिकको न्यायिक निकायमा विषय र राय सहितको उजुरी वा निवेदन दिने व्यवस्था पनि राख्न सकिन्छ ।

**३) स्थानीय तहलाई जिम्मेवार बनाउने**

यस्तै हिसावले ऐनको संशोधनमा सङ्गठित संस्थामा रोजगार नभएका तर कुनै न कुनै पेशा व्यवसाय अँगाली सम्बन्धित स्थानीय तहमा बसोवास गरेका वा विदेशमा रहेकाहरूलाई समेत आफ्ना आमा बुबाहरूको सामाजिक सुरक्षाको लागि जिम्मेवार बनाउने हिसावको प्रावधान राख्नु पर्ने । साथै जेष्ठ नागारिकहरूलाई सम्भावित जोखिमबाट बचाउन स्थानीय तहले विभिन्न अन्तरकालीन आदेशहरू दिने व्यवस्था गर्न पनि सकिन्छ ।

**अन्त्यमा:**

सामाजिक सुरक्षा र संरक्षण भन्ने विषय तात्विकरूपमा समाजको कमजोर व्यक्ति, वर्ग वा समुहप्रति आकर्षित हुन्छ। राज्यले जेष्ठ नागरिकहरू लक्षित सामाजिक सुरक्षा र संरक्षणको दायित्व लिनुको अर्थ समाजमा जेष्ठ नागरिकहरू कमजोर सदस्यका रूपमा रहेका छन् भन्ने पनि बुझिन्छ। सामाजिक सुरक्षा र संरक्षणको सन्दर्भमा कमजोर भन्ने शब्दलाई राजनीतिक र आर्थिक सन्दर्भमा लिनु पर्छ। धर्म र नैतिकताको आधारमा चलेको पुरानो तथा प्राचीन समाजमा जेष्ठ नागरिकहरू शक्तिको नजिक रहन सफल भएका थिए । यस अर्थमा पूर्वकालमा शक्तिको नजिक रहेका जेष्ठ नागरिकहरू आज आफूलाई कमजोर स्थितिमा पाएका छन् ।

सापेक्षरूपमा छोटो समयमै नेपाली समाजमा शक्तिशालीबाट शक्तिहिनताको अवस्थामा पुगेका जेष्ठ नागारिकप्रति गरिने राज्यको व्यवहार पनि विशिष्ट प्रकारको हुन जरुरी छ। सामाजिक सन्तुलन र जेष्ठ नागारिकहरू स्वयंको सम्मान (dignity) को आधारमा पनि सामाजिक संरक्षण र सुरक्षाको अधिकतम आवश्यकता रहेका सीमित व्यक्ति, वर्ग, लिङ्ग र

समुदायमध्ये जेष्ठ नागारिकलाई प्रदान गरिने संरक्षण र सुरक्षाका प्रावधानहरू फरक तथा सम्मानजनक हुनुपर्दछ। नेपाली समाजमा जेष्ठ नागारिकहरूको विशिष्ट ऐतिहासिक परिचय र पहिचान रहेको छ। यसकारण पश्चिमा झुकाव रहेका सामाजिक संरक्षण र सुरक्षाका अवधारणाहरू हाम्रो परिवेश सुहाउदो (compatible ) हुन्छन् भने केही छैन।

भत्ताका (monetary relief) रूपमा प्रदान गरिने सामाजिक सुरक्षाका विधिहरूका निश्चित फाइदाहरू नभएका होइनन् तर सामाजिक सुरक्षा र संरक्षणको विषयलाई केवल नगदको परिधिमा व्याख्या र व्यवस्था गर्ने पछिल्लो लहरले हाम्रा सीमित स्रोत र साधनको उच्चतम प्रयोग नहुने सम्भावनालाई बढाएको छ। ऐन संसोधन उल्लेख्य मात्रामा स्रोत जुट्ने गरी गर्नु पर्नेदेखिन्छ। यसरी जुट्ने स्रोतको उच्चतम प्रयोग जेष्ठ नागारिक केन्द्रित अन्य क्षेत्र जस्तै नैतिक शिक्षा र स्वास्थ्य क्षेत्रमा प्रयोग गर्न सके यो अझ प्रभावकारी हुनेछ।

माथि उल्लेख गरिएका विषयहरूलाई समेटेर संशोधन गर्दा नेपाली समाजमा माता पिताप्रतिको छोराछोरीको खस्कँदो व्यवहार र परिस्थितिलाई केही हदसम्म सुधार गर्न सकिने हुन्छ। एकल परिवार, विश्वव्यापीकरण, खस्कँदो सामाजिक/नैतिक मूल्यमान्यता जस्ता कटु यथार्थहरूले आजको नेपाली समाजमा जेष्ठ नागारिकहरूको स्थितिलाई नकरात्मकरूपमा प्रभाव पारेको छ। जेष्ठ नागारिकको सन्दर्भमा नैतिक शिक्षा, सामाजिक मूल्यमान्यता तथा सामजिक सुरक्षा र संरक्षणको सम्बन्ध एकआपसमा जोडिएको छ। तर नीतिगत हिसाबले सामाजिक सुरक्षा/संरक्षण र नैतिक शिक्षाको विषय स्पष्ट रूपमा छुट्टिनु आवश्यक हुन्छ। किनभने यी दुई विषयलाई सम्बोधन गर्ने प्रक्रिया तथा व्यवस्थाहरू फरक हुन्छन्। नैतिक शिक्षाको पाटोलाई सामाजिक सुरक्षाको औजारले व्यवस्थापन गर्न मिल्दैन। वर्तमान ज्येष्ठ नागरिक ऐन संशोधन समग्र ज्येष्ठ नागरिकको हित र संरक्षण गर्ने किसिमको हुनु पर्दछ।

*लेखक नेपाल सरकारको सहसचिव हुनुहुन्छ।*

# निर्वाचन र बालअधिकार

तारक धिताल

लोकतन्त्रको आधारस्तम्भका रूपमा रहेको निर्वाचन वयस्कहरू सहभागी हुने एक महत्त्वपूर्ण प्रक्रिया हो। जसले स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म सबै पक्षमा दिशानिर्देश गर्दछ। नेपालको जनसङ्ख्याको ४४ प्रतिशत हिस्सा ओगटेका १८ वर्षमुनिका बालबालिकाको भने यस प्रक्रियामा सहभागिता रहँदैन; उनीहरूले कसैलाई मत हाल्दैनन्। आँफूले मत नहाल्ने निर्वाचनसँग बालबालिकाको अधिकारको के सम्बन्ध छ त भन्ने सन्दर्भमा यहाँ सामान्य चर्चा गर्ने प्रयत्न गरिएको छ।

घर परिवार चलाउने घरमुलीदेखि देश चलाउने राष्ट्रप्रमुख, सरकारप्रमुख हुने सबै वयस्क नै हुन्। बाल्यकाल पार गरेर नै हरेक व्यक्ति वयस्क बनेका हुन्छन्, तर कतिपयले आफू ठूलो भएपछि, जिम्मेवारी बहन गर्ने स्थानमा पुगेपछि बालबालिकाको विषयलाई विशेष ध्यान र प्राथमिकतामा राख्नुपर्छ भन्ने नै महसुस गर्न सक्दैनन्। वयस्कको जिम्मेवारी बालबालिकाको बचाउ गर्नु, संरक्षण गर्नु, विकास र सहभागिता सुनिश्चित गर्नु हो, जो बालबालिकाको अधिकार हो। तर जानेर, नजानेर वा बेवास्ता गरेर वा उचित ध्यान नपुर्‍याएर प्रायः वयस्कहरू अझ विशेषतः विभिन्न क्षेत्रको निर्णायक तहमा रहेका वयस्कहरूले बालबालिका र बालबालिकासम्बन्धी विषय आफ्नो कार्यप्रसँगमा प्राथमिकतामा राखेको पाइँदैन। यदाकदा वचनमा प्रतिबद्धता देखाए पनि व्यवहारमा भने न्यूनरूपमा लागु भएको देखिन्छ। अधिकांशतः ठूलाका कुराका अगाडि सानाका कुरा ओझेलमा नै पर्ने गरेको पाइन्छ। वास्तवमा जहाँ बालबालिकाका लागि लगानी गर्नुपर्ने हुन्छ त्यहाँ ध्यान पुगेकै हुँदैन। बालबालिकालाई र उनीहरूका निम्ति रहेका सेवा सुविधालाई कुनै वहानामा अवरोध गर्न नहुने मान्यता विपरीत आफ्नो निहित स्वार्थ पूर्तिका लागि 'शक्ति' प्रदर्शन गर्नुपर्‍यो भने बालबालिकाको सजिलै प्रयोग गरिन्छ वा बालबालिकाका शिक्षा लगायतका आधारभूत सेवाहरू बन्द गरी आफ्नो शक्ति प्रदर्शन गर्ने गरिन्छ। यस्तो प्रवित्ति राजनीतिक दलदेखि अन्य पेशागत संघसंस्था र समुदायसम्म रहेको पाइन्छ। बालअधिकारको आँखाबाट हेर्दा वयस्कहरूले (व्यक्तिगत रूपमा र सङ्गठित रूपमा समेत) गर्दैआएका महाभूल बालबालिकाको विषयलाई उचित प्राथमिकता नदिनु र आफ्ना स्वार्थका लागि बालबालिकाको आधारभूत अधिकार उपभोगमा बाधा सिर्जना गर्दै उनीहरूलाई अधिकार प्रयोग गर्नु नदिनु नै हुन्। मूलतः यी दुई पक्षबाट निर्वाचन र बालअधिकारलाई पनि विवेचना गर्नु सान्दर्भिक हुन्छ।

बालबालिकाले राजनीति गर्दैनन्, राजनीतिक क्रियाकलापमा सहभागी हुँदैनन्, राजनीति बालबालिकाले होइन बयस्कले नै गर्ने हो, तर यसको अर्थ बालबालिकाको विषय राजनीतिक 'एजेण्डा' होइन भन्ने होइन। बालबालिकाको विषय राजनीतिको एक प्रमुख विषय हुनुपर्दछ, बनाउनु पर्दछ र यसको उचित सम्बोधन सबैबाट हुनुपर्छ। भनिन्छ, हरेक समाज कस्तो छ भन्ने कुरा त्यहाँको बालबालिकाको अवस्थाले दर्शाइरहेको हुन्छ। बालबालिका कुनै एक अमुक दलका कार्यकर्ता होइनन्, राष्ट्रका भविष्य हुन्, वर्तमान समाजका हिस्सेदार हुन्।

लोकतन्त्रमा राजनीतिक दल त्यस्ता शक्ति हुन् जसको सोंच र अवधारणात्मक स्पष्टताको आधारमा राष्ट्रको दिशानिर्देश हुन्छ, विकासका 'मोडेल' निर्माण हुन्छन्, आगामी पुस्तालाई कस्तो राष्ट्र छोडेर जाने भन्ने कुरा भर पर्दछ।

अतः बालबालिका र उनीहरूसँग सम्बन्धित विषयहरूप्रति हरेक राजनीतिक दलको सोच, अवधारणा, प्राथमिकता के कस्तो छ भन्ने बुझ्नका लागि एउटा बलियो आधार दलको निर्वाचन घोषणा-पत्र नै हो । जसले सिद्धान्ततः निर्वाचनमा विजयपश्चात् उसले प्रयोग गर्ने 'शक्ति-स्रोत'लाई निर्देश गर्दछ, तर व्यवहार के हुन्छ, के हुँदैआएको छ त्यो अर्कै चर्चाको विषय हुनसक्दछ ।

देशको राजनीतिक अस्थिरता, लामो सङ्क्रमणकाल र संवैधानिक परिवर्तनपश्चात् दुई दशकको अन्तरालमा आएको स्थानीय तहको निर्वाचनमा बालबालिकाको विषयलाई प्राथमिकतामा ल्याउन धेरै तहमा असल प्रयत्नहरू भएका छन् र त्यसको सकारात्मक परिणाम पनि देखिन थालेको छ । सबैको प्रयत्नबाट संविधानमा मौलिक हकअन्तर्गत बालबालिकाका अधिकारको व्याख्या हुनु र राज्यको निर्देशक सिद्धान्तमा 'बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिइने' भन्ने बालअधिकारको एक आधारभूत सिद्धान्तलाई प्रतिपादित गरिनु विश्वकै निम्ति गौरवको विषय हो भन्ने लाग्दछ । यसैको सेरोफेरो र बालअधिकारप्रति नेपालले जनाएको क्षेत्रीय, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूका आधारमा निर्वाचनको क्रममा दलहरूबीच बालबालिकाका विषयलाई उनीहरूको प्राथमिकताका विषयसूचीभित्र पार्ने प्रयत्नहरू भए । धेरै संघसंस्थाहरूले राजनीतिक दलहरूलाई आफ्ना घोषणापत्रमा बालबालिकाको विषय समावेश गर्न अनुरोध गरे, बुँदागत टिपोट दिए, 'लबिङ्ग' गरे । अधिकांशतः प्रमुख राजनीतिक दलहरूले त्यसलाई केही हदसम्म सामाविष्ट पनि गरे । स्थानीय तह निर्वाचन २०७४ मा जारी राजनीतिक दलका घोषणा-पत्रहरूमा विभिन्न पूराना स्थापितदेखि भरखरका नयाँसम्मका दश राजनीतिक दलले समेटेका बालबालिकासम्बन्धी विषयहरू सङ्क्षेपमा यहाँ चर्चा गरिएकोछ । जसले राजनीतिक वृत्तमा बालबालिकाको विषयको स्थान कस्तो रहेको छ भन्ने केही इङ्गित गर्दछ ।

विश्लेषण गरिएका दश राजनीतिक दलका घोषणा पत्रमा सामान्यतः सबैले बालबालिकाको शिक्षा र स्वास्थ्यसम्बन्धी विषयलाई उल्लेख गरेको पाइन्छ । शिक्षाबारे दशवटै दल र बाल स्वास्थ्यसम्बन्धी सात वटा दल (कांग्रेस, एमाले, नयाँ शक्ति, राप्रपा, साझा, राष्ट्रिय जनमोर्चा र नेकपा माले)ले मात्र उल्लेख गरेका छन् ।

शिक्षामा साझा एजेण्डाका रूपमा माध्यमिक तहसम्म पूर्ण निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा सर्वसुलभ गराइने; बजेटको निश्चित प्रतिशत शिक्षालाई छुट्याइने; पुस्तकालयहरूको स्थापना गरिने र प्राथमिक शिक्षा मातृभाषामा उपलब्ध गराउने जस्ता विषय रहेका छन् । यसका अतिरिक्त एमाले र राष्ट्रिय जनमोर्चाले विद्यालय र बालबालिकालाई शान्तिक्षेत्र बनाइने; नेकपा माओवादी केन्द्रले छात्राहरूको निम्ति आत्मरक्षाको लागि शारीरिक शिक्षाको कार्यक्रम सञ्चालन गर्ने; विवेकशील नेपाली पार्टले नयाँ खोलिने विद्यालयहरू भूकम्प प्रतिरोधी हुनुपर्ने व्यवस्था ल्याउने तथा विद्यालयमा एउटै पाठ्यपुस्तक बनाउने; कक्षा ५ सम्म वार्षिक परीक्षा नलिई सिकाइका आधारमा ग्रेड दिने व्यवस्था बनाउने र व्यावहारिक तथा नैतिक शिक्षालाई प्रोत्साहन गरिने जस्ता विषय समेटेकोछ ।

स्वास्थ्यसम्बन्धी विषयमा साझा एजेण्डाका रूपमा शिशु मृत्युदर घटाइने, पोषण कार्यक्रम सञ्चालन गरिने, पोषण भत्ता उपलब्ध गराइने, बालबालिकालाई आधारभूत स्वाथ्य सेवा निशुल्क उपलब्ध गराइने, नवजात शिशुको निःशुल्क उपचार र टोलटोलमा शिशु स्याहार केन्द्रहरूको स्थापना गर्ने रहेका छन् । यसबाहेक नेपाली कांग्रेसले प्रत्येक वडामा तलबी नर्स स्वयंसेवकको रूपमा काममा लगाई सुरक्षित मातृत्व तथा शिशु स्वास्थ्य उपचारको व्यवस्था गर्ने र विद्यालयमा प्रत्येक महिना स्वाथ्य परीक्षण गरिने; एमालेले सरकारी अस्पतालमा जन्मिने शिशुको पोषण र न्यानो कपडाका लागि एकमुष्ठ ५ हजार भत्ता दिइने; राप्रपाले विपन्न परिवारका छोरा/छोरी जन्मनासाथ प्रति शिशु एकमुष्ठ रु. ५००० पोषण अनुदान दिइने; साझा पार्टले मातृशिशुको स्वास्थ्य रक्षाको लागि सहरी स्वास्थ्य केन्द्रमा मनोवैज्ञानिक परामर्शदाताको व्यवस्था गरिने र नेकपा मालेले गाउँ बस्तीलाई पायक पर्नेगरी बालअस्पतालहरूको स्थापना गरिने कुरा उल्लेख गरेका छन् ।

बालसंरक्षण सम्बन्धी विषयहरूलाई नौ वटा दलहरू एमाले, माओवादी, नयाँ शक्ति, राप्रपा, साझा पार्टी, विवेकशील

नेपाली पार्टी, नेमकिपा, राष्ट्रिय जनमोर्चा र नेकपा माले) ले समेटेका छन्। साझा एजेण्डाका रूपमा बालबालिका विरुद्ध हुने हिंसा, श्रमशोषण एवं बेचविखन पूर्ण रूपमा अन्त्य गरिने, बालविवाह नियन्त्रण गरिने र बालउद्यानहरू स्थापना गरिने रहेका छन्। बालसंरक्षणसम्बन्धी थप विषयहरूमा नेकपा मालेले धर्मपुत्र वा धर्पुत्रीको नाममा विदेश पठाउने कार्यलाई हतोत्साहित गरिने; अभिभावकसँग कारागारमा बस्न बाध्य बालबालिका, अनाथ र सडक बालबालिकाको संरक्षण र समाजोपयोगी विकासका लागि बालसंरक्षण तथा सुधारगृहको स्थापना गरिने; राष्ट्रिय जनमोर्चाले कामकाजी महिलाहरूका लागि कार्यस्थल नजिक पायक पर्ने स्थानहरूमा पर्याप्त शिशु स्याहार केन्द्रहरूको स्थापना गरी व्यवस्थित रूपले सञ्चालन गरिने; एमाले तथा राप्रपाले बालमैत्री स्थानीय तह/बालमैत्री स्थानीय शासन लागु गर्ने; एमालले जोखिमपूर्ण बालश्रम, विभेद, यौनशोषण, बालविवाह, ओसारपसार तथा बेचबिखन नियन्त्रण गरिने तथा असहाय, बाबुआमा पहिचान नभएका, द्वन्द्वपीडित, विस्थापित बालबालिकाको संरक्षण गरिने; बालबालिकाको जन्मदर्ता, प्रारम्भिक बालविकास, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, मानसिक तथा प्रजनन् स्वास्थ्य तथा र्सवाङ्गीण व्यक्तित्व विकासका निम्ति आवश्यक व्यवस्था गरिने उल्लेख गरेका छन्।

दलगतरूपमा स्थानीय निर्वाचन २०७४ का लागि जारी घोषणापत्रलाई केलाउँदा बालअधिकारसँग सम्बन्धित हुने प्रमुख विषयहरू सङ्क्षेपमा उल्लेख गर्ने प्रयास गरिएको छ।

### १. नेपाली कांग्रेस

१५ देखि २५ वर्ष उमेर समूहलाई शतप्रतिशत साक्षर बनाइने; माध्यमिक तहसम्म पूर्ण निशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा सर्वसुलभ गराइने; सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तरमा आमुल सुधार, भौगोलिक विकटताको आधारमा सामुदायिक आवासीय विद्यालयहरू निर्माण र सोमा अति विपन्न बालबालिकाको खर्च स्थानीय सरकारले व्यहोर्ने रहेका छन्। निजी शिक्षा क्षेत्रको लगानीको सुरक्षाको पूर्ण प्रत्याभूति गरिने तथा विपन्न तथा वञ्चितीकरणमा परेका वर्गप्रति सामाजिक उत्तरदायित्व देखाउन उत्प्रेरित गरिने; लोकतन्त्र, शान्ति, मानवअधिकार, नैतिक शिक्षा र अहिंसा जस्ता अवधारणालाई विद्यालयको शैक्षिक पाठ्यक्रममा समावेश गरिने; 'एक वडा एक पुस्तकालय'को स्थापनामा जोड, सबै विद्यालयहरूमा प्रत्येक महिना स्वास्थ्य परीक्षण, १० वर्षभत्र शिशुमृत्यु दरलाई (प्रति एक लाख जीवित जन्ममा) ५ भन्दा कम बनाइने; प्रत्येक वडामा स्थानीय महिलाहरूलाई आवश्यक नर्सिङ्ग सेवाको तालिम दिई तलबी नर्स स्वयंसेवकका रूपमा काममा लगाई सुरक्षित मातृत्व तथा शिशु स्वास्थ्य उपचारको व्यवस्था, 'सुत्केरी आमा पोसिलो खाना' भन्ने नाराका साथ स्थानीय स्वास्थ्य संस्थाबाट सुत्केरी भएको २ वर्षसम्म पोषण कुपन वितरण, गर्भवती महिलाहरूको पोषणको लागि नियमित भत्ताको व्यवस्था, नवजात शिशुको निःशुल्क उपचार र हाल कार्यान्वयनमा रहेको सुनौलो हजार दिन कार्यक्रम सबै वडाहरूमा पुर्‍याइने कुरा उल्लेख गरिएको छ।

### २. नेकपा एमाले

केन्द्र, प्रादेशिक तथा स्थानीय सरकारहरूले आफ्नो कुल बजेटको न्यूनतम २० प्रतिशत शिक्षामा लगानी गर्ने व्यवस्था मिलाउने, माध्यमिक तहसम्मको सम्पूर्ण शिक्षा अनिवार्य र निशुल्क गरिने; इ-लाइब्रेरी स्थापना गर्ने; विद्यार्थीहरूलाई पाठ्यपूस्तकका साथै क्रमश ल्यापटप समेत अध्ययन सामग्रीको रूपमा उपलब्ध गराइने; अध्ययन अवलोकन भ्रमणलाई प्रात्साहन, प्रारम्भिक बालशिक्षादेखि कक्षा ३ सम्म मातृ भाषामा अध्ययन अध्यापन गराइने; पाँच वर्षभित्रमा हरेक गाउँ र नगरलाई कुपोषण रहित बनाउने; प्रत्येक वडामा सुरक्षित मातृत्व एवं बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन, सरकारी अस्पतालमा जन्मिने शिशुको पोषण र न्यानो कपडाका लागि एकमुष्ठ ५ हजार भत्ता, जोखिमपूर्ण बालश्रम, विभेद, यौनशोषण, बालविवाह, ओसारपसार तथा बेचबिखन नियन्त्रण गरिने उल्लेख छ। त्यसैगरी

असहाय, बाबुआमा पहिचान नभएका, द्वन्द्वपीडित एवं विस्थापित बालबालिकाको संरक्षण गरिने; विद्यालयलाई शान्तिक्षेत्र बनाइने; बालमैत्री घर, बालमैत्री समाज, बालमैत्री विद्यालय, बालमैत्री समुदाय तथा बालमैत्री स्थानीय तह निर्माण गरिने र बालबालिकाको जन्मदर्ता, प्रारम्भिक बालविकास, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, मानसिक तथा प्रजनन् स्वास्थ्य तथा र्सवाङ्गीण व्यक्तित्व विकासका निम्ति आवश्यक व्यवस्था गरिने कुरा उल्खेख गरिएको छ।

### ३. नेकपा माओवादी केन्द्र

बालविवाहलाई दण्डनीय बनाइने; निःशुल्क, गुणस्तरीय, व्यावहारिक र सर्वसुलभ सार्वजनिक शिक्षाको अनिवार्य व्यवस्था गरिने; १२ कक्षासम्म अनिवार्य शिक्षा र आवासीय शिक्षाको व्यवस्था गरिने; छात्राहरूको निम्ति आत्मरक्षाको लागि शारीरिक शिक्षाको कार्यक्रम सञ्चालन गरिने  र प्रत्येक वडामा शिशु स्याहार केन्द्र स्थापना गरिने कुरा उल्लेख गरिएको छ।

### ४. राप्रपा

गाउँ, नगरपालिकाहरूको आफ्नो कुल बजेटको कम्तीमा २० प्रतिशत शिक्षाको लागि बिनियोजन गरिने; अंग्रेजी, गणित र विज्ञानका शिक्षकहरूको दक्षतामा वृद्धि गराई सरकारी विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यालयमा सुशासन प्रवर्द्धन गर्न स्थानीय समुदायको सहभागिता बढाउने; सामुदायिक विद्यालयका लागि सुरक्षित भवन, पर्याप्त फर्निचर, छात्रछात्राका लागि छुट्टाछुट्टै शौचालय, खेलकुद र सरसफाईको उचित प्रवन्ध मिलाइने; विपन्न परिवारका छोरा/छोरी जन्मनासाथ प्रति शिशु एकमुष्ठ रु. ५००० पोषण अनुदान दिइने; बालमैत्री स्थानीय शासन अवधारणालाई थप प्रवर्द्धन गरिने; बालबालिकाको जन्मदर्ताको अधिकारलाई अनिवार्य र प्रभावकारी बनाइने; बाबुआमा गुमाएका, विपन्न, अल्पसंख्यक र सीमान्तकृत एवं जोखिममा रहेका बालबालिकाका लागि वैकल्पिक स्याहार तथा सुरक्षा उपलब्ध गराइने; बालबालिका विरुद्ध हुने हिंसा, श्रमशोषण एवं बेचविखन पूर्ण रूपमा अन्त्य गरिने र कुपोषण रोकथामका लागि पोषण कार्यक्रमहरू सञ्चालन गरिने कुरा उल्लेख गरिएको छ।

### ५. नेपाल मजदुर किसान पार्टी

कक्षा १२ सम्म निःशुल्क र अनिवार्य शिक्षाको व्यवस्था र प्राथमिक विद्यालयमा आ-आफ्नो मातृभाषामा शिक्षा दिन जोड दिने र शिशुहरूको उचित पालनपोषणका लागि गाउँपालिकाको वडाका टोल-टोलमा शिशु स्याहार केन्द्र तथा बालउद्यान स्थापना गरिने कुरा उल्लेख गरिएको छ।

### ६. राष्ट्रिय जनमोर्चा

अनाथ, असहाय बालबालिकाहरूलाई राज्यले संरक्षण दिने; उनीहरूलाई शिक्षा, स्वास्थ्य, मनोरन्जन, यातायात, बालउद्यानको उचित व्यवस्था हुने; बालबालिका शान्तिक्षेत्र हुन् भन्ने मान्यता र अवधारणालाई लागू गर्न विशेष पहल गरिने र कामकाजी महिलाहरूको लागि कार्यस्थल नजिक पायक पर्ने स्थानहरूमा पर्याप्त शिशु स्याहार केन्द्रहरूको स्थापना गरी व्यवस्थित रूपले सञ्चालन गरिने कुरा उल्लेख गरिएको छ ।

### ७. नेकपा माले

माध्यमिक तहसम्मका विद्यालयहरूका पाठ्यक्रममा व्यवसायिक शिक्षालाई अनिवार्य रूपमा समावेश गरिने; शिक्षालाई गुणस्तरीय बनाउन विविध उपायहरू अपनाइने; बालबालिकालाई पर्याप्त स्वास्थ्य सेवा उपलब्ध गराउन गाउँ बस्तीलाई पायक पर्नेगरी बालअस्पतालहरूको स्थापना गरिने; बालबालिकालाई कुपोषणबाट बचाउन हरेक शिशु स्याहार केन्द्र र बालसंरक्षण केन्द्रहरूमा भोजनको समुचित व्यवस्था गरिने; बालश्रमलाई कडाइका साथ रोक्न आवश्यक कानुन बनाइने; अभिभावकसँग कारागारमा बस्न बाध्य बालबालिका, अनाथ र सडक बालबालिकाको संरक्षण र समाजोपयोगी विकासका लागि बालसंरक्षण तथा सुधारगृहको स्थापना गरिने; बालबालिकालाई धर्मपुत्र वा पुत्रीको नाममा विदेश पठाउने कार्यलाई हतोत्साहित गरिने र बालबालिकाको बेचविखन रोक्न कानुनको प्रभावकारी कार्यान्वयन गरिने कुरा उल्लेख गरिएको छ।

### ८. नयाँ शक्ति नेपाल

विद्यालय जाने उमेरका शतप्रतिशत बालबालिकालाई विद्यालय जाने व्यवस्था मिलाउने; शिशु मृत्युदर प्रतिहजार १६ मा झार्ने र १५ वर्षन्दा मुनिका बालबालिकालाई निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था गर्ने कुरा उल्लेख गरिएको छ।

### ९. विवेकशील नेपाली पार्टी

विद्यालयमा एउटै पाठ्यपुस्तक बनाउने र कक्षा ५ सम्म वार्षिक परीक्षा नलिई सिकाइको आधारमा ग्रेड दिने व्यवस्था बनाउने; व्यावहारिक तथा नैतिक शिक्षालाई प्रोत्साहन गरिने; नयाँ खोलिने विद्यालयहरू भूकम्प प्रतिरोधि हुनुपर्ने व्यवस्था ल्याउने र बालमैत्री थिममा उद्यानहरू परिवर्तन गरिने कुरा उल्लेख गरिएको छ।

### १०. साझा पार्टी

गुणस्तरीय प्राथमिक र माध्यमिक शिक्षाको लागि स्कुल जोनिङको अवधारणा तथा शिक्षक तालिम तथा बालबालिका अनुकूल विद्यालय परिसरका लागि लगानी अनुगमन र नियमन गरिने; सिर्जनशील र प्रयोगात्मक शिक्षा जस्तै विज्ञान, प्रविधि, इन्जीनियरिङ र गणित (STE:) को लागि विद्यालयस्तरीय शैक्षिक स्रोत र शिक्षक तालिमको व्यवस्था गरिने; मातृशिशुको स्वास्थ्य रक्षाको लागि सहरी स्वास्थ्य केन्द्रमा मनोवैज्ञानिक परामर्शदाताको व्यवस्था गरिने; पर्याप्त पूर्वाधार भएका सामुदायिक विद्यालयहरूमा कक्षा ९ देखि प्राविधिक शिक्षाको व्यवस्था गरिने र महिला, बालबालिका, एवं अपाङ्गता भएका व्यक्तिको विशेष आवश्यकता पूरा गर्ने खालको सहरी सेवा सुविधाको व्यवस्था गरिने कुरा उल्लेख गरिएको छ।

निर्वाचन र बालअधिकार सम्बन्धी अर्को पक्ष निर्वाचनका क्रममा हुने राजनीतिक क्रियाकलापमा बालबालिकाको प्रयोगसम्बन्धी विषय महत्त्वपूर्ण रूपमा रहेको पाइन्छ । बालअधिकारका बारेमा क्रमिक संवेदनशीलता बढेअनुरूप निर्वाचनमा राजनीतिक दल विशेषका क्रियाकलापमा बालबालिकाको प्रयोग गर्न नहुनेबारे विगतका आचार संहिताहरूमा उल्लेख हुदैआएका छन् भने विद्यालय समेतलाई प्रयोग गर्न नहुनेबारे विस्तृत रूपमा २०७० सालमा सम्पन्न अर्को संविधानसभाको निर्वाचन आचार संहिताको नं. १० मा शैक्षिक संस्थाको पर्खाल वा भित्तामा कुनै किसिमको पर्चा टास्न नहुँने; नं ३२ मा बालबालिकालाई जुलुस, र्‍याली, आमसभा, बैठक वा भेलामा सहभागी गराउन तथा निर्वाचन प्रचार-प्रसार र निर्वाचनसँग सम्बन्धित अन्य कुनै पनि काम वा गतिविधिमा प्रयोग गर्न र गराउन नपाउने र नं ३५ मा विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ लगाएत निर्वाचन प्रचारसम्बन्धी कार्य गर्न नहुने भनी स्पष्टरूपमा उल्लेख भएको

इतिहास पाइन्छ। निर्वाचन आयोगले 2074 मा जारी गरेको निर्वाचन आचारसंहितामा पनि परिच्छेद २ बुँदा नं. ४ (ड) मा निर्वाचन प्रचार प्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने व्यवस्था उल्लेख भएको छ। अघिल्लो आचारसंहितामा उल्लेख भइसकेको विद्यालयको प्रयोग गर्न नहुने भन्ने बुँदा पछिल्लो अचार संहितामा स्पष्ट उल्लेख नहुनु आश्चर्यजनक र गुनासोको विषय रहन गएको छ।

२०७० सालमा सम्पन्न भएको अर्को संविधानसभाको निर्वाचन पनि केन्द्रीय बालकल्याण समितिको समन्वयमा बालअधिकारको दृष्टिकोणबाट देशैभरि अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरी कुन दलबाट के कति घटनाहरूमा बालबालिका, विद्यालयको प्रयोग हुन गयो भन्ने विवरण समेत प्रकाशित गरिएको थियो। त्यस अनुभव समेतका आधारमा २०७४ सालको स्थानीय तह निर्वाचनमा पनि बालबालिकाको दुरूपयोग नहोस् भन्ने उद्देश्य लगायत बालअधिकारको दृष्टिकोणबाट निर्वाचन गतिविधिहरू अनुगमन गरिएको छ। यसका लागि विभिन्न सरोकारवाला संघसंस्थाहरूको सहकार्यमा केन्द्रीय बालकल्याण समितिको नेतृत्वमा निर्वाचनमा बालअधिकार अनुगमन गर्ने केन्द्रीय स्तरमा एक समिति र जिल्लामा जिल्ला बालकल्याण समितिको नेतृत्वमा सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, निर्वाचन पर्यवक्षेणको अनुमति प्राप्त संस्था, पत्रकार लगायतको संलग्नतामा बालअधिकार अनुगमन समूह गठन गरियो। स्पष्टताका लागि केन्द्रीय बालकल्याण समितिले बालअधिकार अनुगमनसम्बन्धी सहयोगी पुस्तिका, २०७४ तयार गरी सोहीबमोजिम केन्द्र तथा जिल्लामा प्रथम चरणको बालअधिकार अनुगमन कार्य सम्पन्न भयो।

निर्वाचनपूर्व, निर्वाचनको दिन र निर्वाचनपश्चात् समेत बालबालिकालाई जुलुस, र्‍याली, आमसभा, बैठक वा भेलामा सहभागी नगराउन तथा निर्वाचन प्रचार-प्रसार र निर्वाचनसँग सम्बन्धित अन्य कुनै पनि काम वा गतिविधिमा प्रयोग नगर्न र नगराउन, विद्यालय र विद्यालय हाताभित्र आमसभा, माइकिङ्ग लगायत निर्वाचन प्रचारका काम नगर्न र निर्वाचनका समयमा हुने बालअधिकार उल्लङ्घनका घटनाहरू अभिलेखीकरण गर्न र राजनीतिक पार्टीको तर्फाबाट जनाइएका प्रतिवद्धता पूरा भए नभएको अनुगमन गर्न तथा निर्वाचन आचारसंहिता तथा प्रचलित बालअधिकारका मूल्य र मान्यता विपरीत बालबालिकालाई निर्वाचनमा प्रयोग गरी जोखिमको अवस्था रहेको पाइएमा तत्काल सो कार्य रोक्नको निम्ति सरोकारवाला निकाय तथा राजनीतिक दललाई सूचित गर्ने उद्देश्यले केन्द्रीय बालकल्याण समितिले स्थानीय तह निर्वाचन २०७४ मा देहायबमोजिमका कार्यहरू गरेको छः

- निर्वाचनमा बालअधिकार अनुगमन गर्ने संघसंस्था तथा सञ्जालहरूसँग सहकार्य गर्नुका साथै अनुगमन सम्बन्धी सूचना एकीकृत व्यवस्थापन गर्नुका साथै घटनाहरूको अभिलेखीकरण तथा सम्बन्धित दलहरूलाई सचेत गराइएको थियो। बालअधिकारको दृष्टिकोणबाट समेत अनुगमन गरी दिने सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगलाई अनुरोध गरिएको थियो भने राजनीतिक गतिविधि तथा कार्यक्रमहरूमा बालबालिकालाई प्रयोग नगरिदिन आग्रह गर्दै विभिन्न राजनीतिक दलहरूलाई पत्र पठाइनुका साथै सार्वजनिक अपिल समेत गरिएको थियो।
- जिल्ला बालकल्याण समितिको संयोजनमा निर्वाचनमा बालअधिकार अनुगमन समूह गठन गरी अनुगमन गतिविधि व्यवस्थित गर्ने; निर्वाचन आचारसंहिता र बालअधिकारबारे राजनीतिक दल लगायतसँग छलफल गरी राजनीतिक दलको लिखित हस्ताक्षर सहितको प्रतिवद्धता लिने र सचेतना सामग्री प्रकाशन वितरण र सञ्चारमाध्यम लगायतबाट सचेतना बढाउने समेतका कार्यहरू भए।
- अनुगमनबाट प्राप्त घटनाका आधारमा प्रमाण सहित राजनीतिक दलहरूलाई पुनः ध्यानाकर्षण गराइएको थियो।
- देशैभरि एकैसाथ प्रसारण हुने लगायत जिल्लाका स्थानीय एफएम्बाट निर्वाचनमा बालबालिकाको प्रयोग गर्न नहुनेसम्बन्धी सूचना प्रसारण गरिएको थियो।

- फेसबुक पेजमार्फत् निर्वाचन सम्बन्धी ३ वटा सन्देशमूलक सामग्री बुस्ट गरिएको थियो। सो सन्देश २१ लाख मानिसमा पुगको अनुमान गरिएको छ।
- निर्वाचन आयोगबाट पर्यवेक्षण अनुमति पाएका संघसंस्थासँग अन्तर्क्रिया गरी पर्यवेक्षणका क्रममा बालअधिकारको दृष्टिकोणबाट समेत पर्यवेक्षण गरिदिनका लागि अनुरोध र अभिमुखीकरण गरिएको थियो।
- निर्वाचनको दिन केन्द्रीय बालकल्याण समितिले काठमाडौं, ललितपुर र भक्तपुर जिल्लालाई आधार बनाई ७४ वटा मतदान केन्द्रमा बालअधिकार अनुगमन गरेको थियो।
- निर्वाचनपश्चात् केन्द्रीय र जिल्ला बालकल्याण समितिले विजय जुलुसमा बालबालिकाको प्रयोग हुन नदिन सार्वजनिक माध्यमबाट अनुरोध गर्नुका साथै अनुगमन कार्य गरिरहेको छ।
- निर्वाचन पूर्व, निर्वाचनको दिन र निर्वाचनपश्चात् बालअधिकार अनुगमन तथा सूचना सङ्कलन, तथ्याङ्कहरूको प्रविष्टि र विश्लेषण गरिएको छ।

  प्रथम चरणको निर्वाचनमा केन्द्र र जिल्लास्तरमा बालअधिकार अनुगमनका निम्ति गठन भएका समिति/समूहले निर्वाचन पूर्व, निर्वाचनका दिन तथा निर्वाचनपश्चात् अनुगमन गर्ने क्रममा बालअधिकार उल्लङ्घनका निम्न स्वरूपदेखिएका छन्ः

- विभिन्न राजनीतिक दलहरूले निर्वाचनसम्बन्धी राजनीतिक कार्यक्रम गर्न ७ वटा विद्यालयको कक्षाकोठा, प्राङ्गण प्रयोग भएको।
- चुनाव प्रचार प्रसारका लागि एउटा विद्यालयको बस प्रयोग गरिएको।
- घर दैलो लगायत चुनाव प्रचार गर्न बालबालिका लगिएको।
- बालबालिकालाई परम्परागत भेषभुषा लगाइदिएर सांस्कृतिक कार्यक्रममा प्रयोग गरिएको।
- चुनावी प्रचारप्रसारका क्रममा जिप, ट्याक्टर, टिप्पर, ट्रक लगायतका सवारी साधनमा बालबालिकालाई राखी र्‍याली, आमसभा लगायत घरदैलो अभियानमा १६ वटा घटनामा ६९४ जना बालबालिका प्रयोग भएको।
- र्‍याली, आमसभा तथा कार्यक्रमहरूमा बालबालिकालाई बाजा बजाउने काममा २ वटा घटनामा ७ जना बालबालिका प्रयोग भएको।
- उम्मेदवार मनोनयनको क्रममा ४ वटा घटनामा ३० जना बालबालिकाको प्रयोग भएको।
- निर्वाचनको दिन बालबालिकालाई स्वयंसेवकको रूपमा २ वटा घटनामा २० जना बालबालिका प्रयोग भएको।
- विजय जुलुसहरूमा चुनाव चिन्ह अङ्कित टिर्सट लगाई बालबालिकालाई नारा लगाउँदै ५ वटा घटनामा ९२ जना बालबालिका प्रयोग भएको।

अनुगमनबाट प्राप्तभएका हालसम्मको जानकारीनुसार विभिन्न राजनीतिक दलहरूले निर्वाचनका क्रममा ३७ वटा घटनाहरूमा ८५३ जना बालबालिका प्रयोग भएको पाइएको छ। यी त केही प्रतिनिधिमूलक घटनाहरू मात्रै हुन्। आशा गरौं दोस्रो चरणको निर्वाचनमा यस्ता घटनाहरूमा न्यूनता आउने छ।

देशको राजनीतिक गतिविधि तथा प्रक्रियाहरूमा बालबालिकाको सरोकार रहनु र उनीहरूले आफ्ना कुरा भन्न पाउनु तथा सम्बन्धित पक्षले सुनिदिनु बालबालिकाको अधिकार हो। तर अमुक दलविशेषका लागि बालबालिकालाई राजनीतिक क्रियाकलापमा प्रयोग गरिनुलाई बालअधिकारसम्मत बालसहभागिता मान्न सकिँदैन, यस्ता कार्य बालअधिकारको विपरीत र निर्वाचन आचार संहिताविपरीत हुन जान्छ। बालबालिकालाई राजनीतिमा प्रयोग गर्नेर्

होइन, बालबालिकाका विषयलाई राजनीतिक मुद्दा बनाइनुपर्छ । विगतका निर्वाचनहरूमा भन्दा यसपटकको निर्वाचनमा राजनीतिक दलहरू बालबालिकाको विषयमा केही संवेदनशील भएको पाइनुले असल संस्कृतिको विकासमा अग्रसर भएको मान्न सकिने केही आधारहरू रहेकोदेखिन्छ । निर्वाचनमा बालबालिका र विद्यालयको प्रयोग नगर्नेबारे स्थानीय तहमा नै राजनीतिक दलहरूको लिखत प्रतिवद्धताहरू आउनु र समुदायको पनि यस विषयमा चासो र सरोकार बढ्नु, सबैको क्रियाशीलता र सक्रियता बढ्नु सकारात्मक पक्ष रहन गएकोछ । बालक्लबदेखि संघसंस्था र सरकारी निकाय, सञ्चार माध्यम सबैले नै निर्वाचनमा बालअधिकार अनुगमनलाई सघाउ पुर्‍याएबाट असल अभ्यासको थालनी भएको छ।

अन्त्यमा, समग्रमा बालबालिकाका विषयलाई सबैको प्राथमिकतामा ल्याउन केन्द्रीय बालकल्याण समिति लगायतका राज्यका निकाय तथा बालबालिकाको क्षेत्रमा क्रियाशील संघसंस्था, सञ्चारक्षेत्र र बालक्लबहरू समेतको भूमिका महत्त्वपूर्ण रहेको छ । निर्वाचनले देशको नयाँ खाका बनाउने गोरेटो बसालिसकेको छ । निर्वाचन पछाडिको अब कार्यान्वयनको चरणमा मत हाल्ने वयस्कका मात्र हैन ४४ प्रतिशत मताधिकार नहुने बालबालिकाका विषयले पनि प्राथमिकता पाउनु पर्छ । हालसम्म सबैको क्रियाशीलताले बालअधिकारको क्षेत्रमा धेरै सकारात्मक प्रगतिहरू पनि भएका छन् र गर्न बाँकी कार्यका सूची पनि लामै छन् । अबको परिवर्तित संरचनामा स्थानीय तहसँग घनीभूत रूपमा बालअधिकारको संरक्षण, सम्वर्धन, सम्मान र परिपालनका लागि अवधारणागत स्पष्टतादेखि सीप, क्षमता विकास र बालसंरक्षण पद्धति स्थापना लगायतका क्षेत्रमा सहकार्य गर्न आवश्यक छ ।

बालबालिकाले कुनै पनि निर्वाचनमा मत खसाल्दैनन्, तर गहिरिएर विश्लेषण गर्दा हाम्रो देशमा प्रत्येक वर्ष निमोनिया, झाडापखाला, मलेरिया, कुपोषण, जण्डिस, चिसो तथा सङ्क्रमण जस्ता रोकथाममूलक स्वास्थ्य समस्याका कारण जीवन गुमाउने ५ वर्ष उमेर मुनिका २३ हजार बालबालिकाले हामी अर्थात् वयस्कहरू प्रति अझ भनौं "देश चलाउनेहरु" प्रति प्रतीकात्मक रूपमा गम्भीर "अविश्वासको मत" खसालिरहेका हुन्छन्, आफ्नै जीवनलाई मेटाएर । यस्ता गम्भीर विषयहरूलाई ठूला राजनीतिक लेनदेनका विषयले ओझेल पारिरहेको हुन्छ । क्षण क्षणमा दुर्व्यवहारमा परेका, यौन शोषणमा परेका, बेचबिखनमा परेका, विद्यालयमा सिक्ने रमाउने र कलम समाउने हातहरू कडा परिश्रममा लगाइरहेका, परित्यक्त भई सडकमा भौतारिएका, कुपोषणले ख्याउटिएका, उपचार बिना पीडाले छट्पटिएका, अभिभावकत्व गुमाएका, फकाएर होस् या तर्साएर वा वाध्य बनाई, भ्रममा पारी या सपना देखाई आफ्ना राजनीतिक अभीष्टका लागि हिंसा-द्वन्द्वमा लगाइएका, अपाङ्गताका कारण सेवासुविधाबाट बञ्चित भैरहेका, भेदभाव र तिरस्कारमा परेका तमाम कलिला बालबालिकाले सबैप्रति "अविश्वासको मत" खसालिरहेका हुन्छन्- आफ्नै जीवनलाई जोखिममा पारेर, असह्य पीडा र वेदना बोकेर । तर, उनीहरूले आफ्ना लागि बन्द र चक्काजाम गर्दैनन्, हिंसा तोडफोड गर्दैनन्, न त गरेको मन नै पराउँछन् । बालबालिका सदैव दया मायाका पात्र मात्रै होइनन्, उनीहरू त देश विकासका एक महत्त्वपूर्ण हिस्सेदार हुन् । त्यसैले बालबालिकालाई प्राथमिकता दिनु भनेको, उनीहरूको संरक्षण र विकासमा लगानी गर्नु भनेको, राष्ट्र विकासको महत्त्वपूर्ण पक्षलाई बलियो बनाउनु हो । बालबालिकाका निम्ति आजको लगानी भनेको भविष्यको निम्ति जगेर्ना हो । हामी सबैको हातेमालोबाट नै बालबालिकाको अनुहारमा मुस्कान ल्याउन सक्छौं, देशलाई समृद्ध बनाउन सक्छौं ।

*लेखक केन्द्रीय बालकल्याण समितिको कार्यकारी निर्देशक हुनुहुन्छ ।*

# चौथो अन्तर्राष्ट्रिय महिला सम्मेलनका प्राथमिकता क्षेत्रहरू

**भरतराज शर्मा**

**विषय प्रवेशः**

विकासमा महिलाको अवधारणासँगै सन् १९७० को दशकमा मात्र आएर सुरु भएको लैङ्गिक तथ्याङ्कको पहलले हालसम्म पनि परिपक्वता पाएको छैन । ऐतिहासिक पृष्ठभूमिमा तथ्याङ्कको सुरुआत नै ढिला हुनु र लैङ्गिक तथ्याङ्ककै परिपूरकको रूपमा रहेका लैङ्गिक हिंसा, मानव वेचविखन, दुर्व्यवहार र विभेद जस्ता तथ्याङ्कहरूको न्यून उपलब्धताले गर्दा नै हालसम्म लैङ्गिक तथ्याङ्कहरूले पूर्णता प्राप्त गर्न नसकेकोदेखिन्छ । लैङ्गिक तथ्याङ्कलाई पूर्णता प्रदान गर्न व्यवस्थित अभिलेख प्रणालीका साथसाथै नियमित रूपमा तथ्याङ्क हरू उपलब्ध हुने गरी सर्वेक्षणहरू सञ्चालन गर्नुपर्ने हुन्छ। लैङ्गिक समानता तथा महिला सशक्तीकरणको लागि सन् १९९५ मा वेइजिङ्गमा सम्पन्न चौथो अन्तर्राष्ट्रिय महिला सम्मेलनले १२ वटा प्राथमिकताका क्षेत्रहरू तोकेको छ । यस लेखमा यिनै क्षेत्रहरूमा उपलब्ध केही तथ्याङ्कहरूको विवेचना गर्ने प्रयास गरिएको छ ।

### १. महिला र गरिवी

महिला आफ्नो मौजुदा अवस्थाबाट माथि उठ्न नसक्नुको एक मुख्य कारण गरिवी भएको धेरै अध्ययनहरूले देखाएका छन् । आर्थिक अवस्था कमजोर भएका परिवारका महिला, किशोरी तथा बालिकाहरू तुलनात्मक रूपमा बढी हिंसामा परेकोदेखिन्छ । महिलाको न्यून सारक्षरता दर र गैरकृषि क्षेत्रमा रहेको महिला सहभागिताले मात्र पनि नेपालका महिलाहरू गरिवीको दर बढी भएको पुष्टि गर्दछ । लिङ्गअनुसार गरिवीका तथ्याङ्कहरू उपलब्ध हुने हो भने समुदाय लक्षित कार्यक्रम सञ्चालन गर्न तथा गरिवी सम्बन्धी कार्यक्रमको मूल्याङ्कन समेत गर्न सहयोग पुग्ने थियो । तर नेपालमा लिङ्गअनुसार गरिवीका तथ्याङ्कहरू हालसम्म उपलब्ध छैनन् । केन्द्रीय तथ्याङ्क विभागले सञ्चालन गरेको नेपाल जीवनस्तर सर्वेक्षण (२०१०-११) लाई हेर्दा परिवारमूली महिला भएका परिवारहरूमा २३.६९ प्रतिशत जनसङ्ख्या गरिवीको रेखामुनि रहेकोदेखिन्छ ।

### २. महिला शिक्षा र तालिम

महिला शिक्षा आर्थिक विकासको आधारस्तम्भ नै हो । महिला शिक्षाले महिलाको मात्र नभएर समग्र पारिवारिक विकास गर्दछ; गरिवी न्यूनीकरण गर्दछ; भने सभ्य, समतामूलक र महिलामैत्री समाज निर्माणमा समेत योगदान पुर्‍याउँदछ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कलाई आधार मान्ने हो भने अझै पनि ४२.६ प्रतिशत ५ वर्षभन्दा र सोभन्दा माथिका उमेरका महिलाहरू निरक्षर (महिला साक्षरता ५७.४ प्रतिशत) छन् ।

### ३. महिला र स्वास्थ्य

नेपालमा कम उमेरमै बच्चा जन्माउने, छिटो छिटो वच्चा जन्माउने र बढी परिश्रम पर्ने कृषि जस्तो क्षेत्रमा काम गर्नुपर्ने अवस्थाले गर्दा महिलाको स्वास्थ्य स्थिति कमजोर छ। पछिल्लो समय मातृमृत्युदरमा केही कमी भएको छ तापनी विपन्न र ग्रामीण क्षेत्रका महिलाहरू आङ खस्ने लगायत विभिन्न रोगबाट बढी प्रभावित छन्। पुरुषको तुलनामा महिलाहरूको अनुमानित आयु (Life Expectancy at Birth) बढी हुने विश्वव्यापी मान्यता बमोजिम पछिल्ला वर्षरुमा महिलाहरूको अनुमानित आयू (Life Expectancy at Birth) पुरुषको तुलनामा बढी छ। राष्ट्रिय जनगणना २०६८ अनुसार महिलाको अनुमानित आयुदर ६८ वर्ष छ। हाल समग्र जन्ममा स्वास्थ्य संस्थामा बच्चा जन्माउने महिलाहरूको संस्थाभित्र २८ प्रतिशत छ। त्यसैगरी राष्ट्रिय जनगणना २०६८ अनुसार कुल जनसङ्ख्या को १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति छन्। अपाङ्गता भएका व्यक्तिमध्ये महिलाको अनुपात करिव ४५ प्रतिशत रहेको छ।

उमेर बढ्दै जाँदा ज्येष्ठ नागरिकहरूमा विभिन्न किसिमका स्वास्थ्य समस्या देखिँदै जान्छन्। नेपालमा ६० वर्षमाथिका ज्येष्ठ नागरिकहरूको सङ्ख्या कुल जनसङ्ख्या को ८.१३ प्रतिशत छ भने यसमा महिलाको अनुपात ५०.६२ प्रतिशत छ -के.त.वि. २०६८)।

### ४. महिला हिंसा

हिंसालाई सम्बोधन गर्न, व्यवस्थापन गर्न तथा पुनर्स्थापना लगायतका कार्यक्रम सञ्चालन गर्न सेवा केन्द्र, पुनर्स्थापना केन्द्र आदि आवश्यक पर्ने भएकाले सञ्चालित अल्पकालीन तथा दिर्घकालीन सेवा, पुनर्स्थापना केन्द्र, बालगृह वृद्धाश्रम आदिलाई महिला हिंसाको सूचकको रूपमा लिन सकिन्छ। हाल ८ वटा पुनर्स्थापना केन्द्र, १७ वटा सेवा केन्द्र, ५७७ वालगृह र २९ वटा वृद्धाश्रमहरू सञ्चालनमा रहेका छन् भने घरेलु हिंसामा परेकाहरूलाई पुनर्स्थापना गर्न मंगला साहना दिर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनमा रहेको छ। यी केन्द्रहरूबाट आ.व. २०७१/७२ मा सेवा लिनेहरूको सङ्ख्या निम्नानुसार रहेको छ।

**तालिका १: सेवा केन्द्र, पुनर्स्थापना केन्द्र आदिबाट सेवा लिनेहरूको सङ्ख्याः**

| क्र.सं. | विवरण | सङ्ख्या | सेवा लिनेको विवरण |
|---|---|---|---|
| १ | सेवा केन्द्र | १७ | ३६९३ |
| २ | पुनर्स्थापना केन्द्र | ८ | ४९४ |
| ३ | बाल गृह | ५७४ | १६५३५ |
| ४ | वृद्धाश्रम | ४० | १३३१ |
| ५ | मंगला साहना पुनर्स्थापना केन्द्र | १ | ११ |

*स्रोत वार्षिक प्रगति प्रतिवेदन, २०७३*

### ५ महिला र सशस्त्र द्वन्द्व

महिलारूप नै द्वन्द्वको समयमा सबैभन्दा बढी प्रभावित हुन्छन्। कोही महिलारूप बलात्कारको सिकार हुन्छन् भने कोही महिलारूप आफ्नो श्रीमान् तथा वालवच्चारूप गुमाएका हुन्छन्। नेपालमा पनि विगतमा भएका सशस्त्र द्वन्द्वले यस कुरालाई प्रभाणित गरिसकेको छ। तर सशस्त्र द्वन्द्वमा प्रत्यक्ष र अप्रत्यक्षमा रूपमा महिलामा परेको प्रभाव मापन गर्ने गरी सूचकको रूपमा तथ्याङ्करूप राख्ने तथा समय समयमा अद्यावधिक गर्ने गरिएको छन्। त्यसैले यो क्षेत्र मापनको लागि सूचक रूप समेत पहिचान हुनु जरुरी छ।

### ६. महिला र अर्थतन्त्र

विश्वमा नै महिला र पुरुषबीच श्रम सहभागिता दरमा करिव 26 प्रतिशत भिन्नता रहेको छ भने महिलाहरूले पुरुषको तुलनामा 2.5 गुणा बढी समय पारिश्रमिक नपाउने काममा बिताउछन्। त्यसैगरी पुरुषको तुलनामा महिलाहरूले ज्याला पनि 2.4 प्रतिशत कम पाउँछन्। नेपालमा पनि ज्यालाको यो विभेद विद्यमान रहेको पाइन्छ। राष्ट्रिय जनगणना, 2068 को तथ्याङ्कअनुसार 15 वर्ष माथिको जनसङ्ख्यामा महिलाको आर्थिक क्रियाकलापको दर 54.04 प्रतिशत छ भने पुरुषको 74.03 रहेको छ।

### ७. नीति निर्माणमा महिला

नीति निर्माण तहमा महिलाहरूको सहभागिताले समतामूलक र महिलामैत्री समाज निर्माणमा योगदान पुग्दछ। पछिल्लो समयमा महिला सहभागिता बढ्ने गरी संवैधानिक र कानुनी व्यवस्था भएबोजिम नीति निर्माण तहमा महिला सहभागिता बढ्दो क्रममा रहेकोदेखिन्छ। व्यवस्थापिका संसद्मा महिलाको सहभागिता ३३ प्रतिशत सुनिश्चित गरिएको छ (हाल २९.९ प्रतिशत मात्र सहभागिता रहेकोछ ) भने स्थानीय निकायमा महिला सहभागिता ४० प्रतिशतम हुने सुनिश्चित गरिएको छ। त्यस्तै निजामति सेवामा महिला सहभागिता २० प्रतिशतको हाराहारीमा रहेको छ।

### ८. महिला विकासका लागि संस्थागत संरचना

महिला विकासको लागि २०३८ सालदेखि नै आयोजनाको रूपमा महिला विकास कार्यक्रम सञ्चालन गरिएको थियो भने हाल महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, राष्ट्रिय महिला आयोग तथा ७५ वटै जिल्लाहरूमा महिला तथा बालबालिका कार्यालयहरू स्थापना भएका छन्। यसै गरी विभिन्न मन्त्रालय र केन्द्रीयस्तरका निकायहरूमा लैङ्गिक सम्पर्क विन्दु तोकिएको छ।

### ९. महिला र मानव अधिकार

महिला र किशोरीहरूको स्वास्थ्य, शिक्षा, राजनीतिक सहभागिता, आर्थिक सवलीकरण र हिंसामुक्त वातावरण जस्ता कुराहरू मानव अधिकारमा पर्दछन्। महिला र किशोरीहरूले यस्ता मानव अधिकारहरूको पूरा उपभोग गर्न पाउनु पर्दछ र कुनै पनि विभेद विना समाजमा जिउन पाउनु पर्दछ। यसको लागि नेपालले पनि महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धिलाई अनुमोदन गरेको छ भने यसको कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना, २०६० तयार गरेको छ। त्यसैगरी महिलाहरूको मानव अधिकार प्रत्याभूतिको लागि राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग जस्ता संवैधानिक संरचना समेत खडा भएका छन्। तर हाल राष्ट्रिय मानव अधिकार आयोगमा महिलाहरूको सङ्ख्या भने न्यून (५ पदाधिकारी मध्ये १ जना मात्र) रहेको छ।

### १०. महिला र सञ्चार

पछिल्लो समयमा सञ्चारमा महिलाहरूको सहभागिता बढ्दै गएको भए तापनि महिला सहभागिताको अनुपात मात्र २० प्रतिशतको हाराहारीमा छ। सदस्यताको क्षेत्रअनुसार सञ्चारक्षेत्रमा महिलारूपको सहभागिताको विवरण निम्नानुसार रहेको छ।

तालिका २: सदस्यताको क्षेत्रअनुसार सञ्चारमा महिला सहभागिता

| क्र.सं. | सदस्यताको क्षेत्र | जम्मा सदस्य | पुरुष | महिला | महिला पुरुष अनुपात |
|---|---|---|---|---|---|
| १ | पूर्वाञ्चल क्षेत्र | १४४४ | ११९८ | २४६ | २०.५ |
| २ | मध्यमाञ्चल क्षेत्र | १५८७ | १३२० | २६७ | २०.२ |
| ३ | पश्चिमाञ्चल क्षेत्र | १४०२ | ११७० | २३२ | १९.८ |
| ४ | मध्यपश्चिमाञ्चल क्षेत्र | १४११ | ११४३ | २१७ | १९.० |
| ५ | सुदुरपश्चिमाञ्चल क्षेत्र | ६६६ | ५८६ | ८० | १३.७ |
| ६ | काठमाडौं उपत्यका | १४८४ | ११८२ | २५६ | २१.७ |
| ७ | कर्पोरेट क्षेत्र | १५८३ | ११५९ | २७१ | २३.४ |
| ८ | संस्थाहरू | ५०० | ४५६ | ४४ | ९.६ |
| | जम्मा | १००७७ | ८२१४ | १६१३ | १९.६ |

*स्रोत नेपाल पत्रकार महासंघ, 2074*

### ११. महिला र वातावरण

जलवायु परिवर्तनले विश्वमानै विनासहरू निम्त्याइरहेको छ। यसको प्रभावबाट वाढी, पहिरो, शीतलहर, तापक्रम बढ्ने जस्ता समस्याहरूदेखिएका छन्। जलवायु परिवर्तले महिलाहरू विशेष गरी गर्भवती र मातृत्व अवस्थाका महिलाहरू बढी प्रभावित भएका छन्। अतः वातावरणसम्बन्धी व्यवस्थापन तथा योजना निर्माणमा महिलाहरूको आवाज सुनिनु पर्दछ। महिलाहरूको पनि अर्थपूर्ण सहभागिता सुनिश्चित हुनुपर्दछ। केही नीति नियमहरूले योजना तर्जुमा तथा कार्यान्वयनमा महिलाहरूको सहभागिता सुनिश्चित गरेको भए पनि सहभागिता न्यून तथा अर्थपूर्ण सहभागिता भएको देखिदैन। निर्णय तहमा महिलाहरू सहभागिता एकदमै न्यून रहेकोछ। उदाहरणका लागि हाल राष्ट्रिय योजना आयोगमा महिला सहभागिता शून्यको स्थितिमा छ भने मन्त्रिपरिषद्मा पनि न्यून छ।

### १२. बालिका

पितृसत्तात्मक सोचका कारण बालिकाहरूले जन्मदेखिनै संघर्ष गर्नुपर्ने अवस्था छ। जन्ममा नै छोरालाई प्राथमिकता दिने भएकोले जन्ममा लिङ्ग अनुपात १०६.४ (१०६ बालक जन्मदा १०० मात्र बालिका जन्म) रहेको छ। खानामा विभेद गरिएको कारणले बालिकाहरूमा कुपोषण हुने अवस्था रहेको छ भने बालविवाह, उनीहरूप्रति गरिने दुर्व्यवहारले बालिकाहरू जोखिममा रहेका छन्। यस तथ्यलाई विभिन्न तथ्याङ्कहरूले पुष्टि गरेको छ। त्यसैगरी कुपोषणको दर पनि बालिकाहरूमा बढीदेखिएको (नेपाल डिमोग्राफिक हेल्थ सर्वेक्षण, प्रारम्भिक प्रतिवेदन, २०१६, पेज ३०) छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार १०देखि १९ वर्ष समूहका किशोरीहरूमध्ये २४ प्रतिशतभन्दा बढीको विवाह भइसकेकोदेखिन्छ। सडक बालबालिका, संरक्षणविहीन बालबालिका, बालविवाहमा परेका वालबालिका, अनुशासनका नाममा वालबालिकालाई दिइने साजय, Corporal Punishment जस्ता गम्भीर विषयहरूले वालबालिकाको उत्थान र विकासमा अवरोध खडा गरेका छन्। यस्ता विषयहरूलाई सम्बोधन गर्ने क्रममा नेपालमा बालविवाह अन्त्यका लागि रणनीति तयार भई कार्यान्वयनमा रहेको छ भने अनुशासनका नाममा हुने सजाय अन्त्यका लागि पनि पैरवी लगायतका कार्यक्रमहरू सञ्चालनमा आएका छन्।

**निष्कर्ष:**

थुप्रै सूचकहरूका आधारमा चौथो अन्तर्राष्ट्रिय महिला सम्मेलनका १२ प्राथमिकता क्षेत्रहरूको मूल्याङ्कन गर्न सकिने भए तापनि यस लेखमा न्यूनतम सूचकहरूको मात्र चर्चा गरिएको छ। सूचकहरूलाई हेर्दा केही सूचकहरूमा पछिल्लो समय उल्लेख्य सुधार भएको छ तापनि महिला सहभागिताको अनुपात अझै न्यून छ। केही प्राथमिकता क्षेत्रमा लिङ्ग अनुसार तथ्याङ्कहरू समेत उपलब्ध हुन सकेको छैन भने केही प्राथमिकता क्षेत्रमा सूचकहरू समेत पहिचान गरी तथ्याङ्कहरू अद्यावधिक गर्नुपर्ने अवस्था रहेको छ। समग्रमा राष्ट्रले चौथो अन्तर्राष्ट्रिय महिला सम्मेलनका प्राथमिकता क्षेत्रको समग्र मूल्याङ्कनका लागि सूचकहरू पहिचान गरी समय समयमा अद्यावधिक तथ्याङ्क सहित समीक्षा गर्न सके महिला सशक्तीकरण तथा समग्र महिलाको अवस्था र यसमा भए गरेका प्रगति स्पष्ट रूपमा देख्न र मनन गर्न सकिन्छ।

*लेखक महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा उपसचिव हुनुहुन्छ।*

# मानव बेचबिखन तथा ओसारपसारको अवस्था र निराकरणका लागि भएका प्रयासहरू

सुनिता नेपाल

## पृष्ठभूमि

मानव बेचबिखन लैङ्गिक हिंसाको एउटा स्वरूपको रूपमा लिईन्छ । तर यसले मानिसको अस्मितामा यस्तो गहिरो प्रहार गर्दछ जसबाट प्रभावितको उद्धार र उद्धार पछिको धेरै प्रयासबाट उसमा अत्मविश्वास जगउन सफल भए तापनि समाज र परिवारले उनीहरूलाई नअपनाउँदा सम्मानपूर्वक जीवन जिउन ठूलो सङ्घर्ष गर्नुपरेका धरै उदाहरणहरू हाम्रा माझ छन् । मानव बेचबिखन तथा ओसारपसार एक विश्वव्यापी र बहुआयामिक समस्या हो । हातहतियार र लागू औषधको अवैध कारोबार जस्तै मानव बेचबिखन तथा ओसारपसार अन्तर्राष्ट्रिय आपराधिक सङ्गठित गिरोहद्वारा सञ्चालित धन्दाका रूपमा विश्वमा फस्टाउँदै गएको छ । मानव बेचबिखनको बदलिदो स्वरूप तथा आयामहरूले मानव बेचबिखन राक्नको लागि चुनौती थपिँदै गएको छ । विगतमा भारतमा महिला तथा बालिकाहरू माथि व्यावसायिक यौन शोषणबाट सुरु भएको मावन बेचबिखन हाल यसको पूरानो शैलीमा परिवर्तन हुँदै विभिन्न नयाँ स्वरूपमा देखा परिरहेको छ । विगतमा मानव बेचबिखन तथा ओसारपसारका दृष्टिले नेपाललाई प्रमुख स्रोत (source) मुलुकको रूपमा हेरिने गरिएकोमा विश्वव्यापीकरण तथा बजारीकरणको प्रभावले गर्दा अन्तर्राष्ट्रिय सम्बन्धमा विस्तार भएपछि नेपाल मार्गस्थ (Transit) र गन्तब्य (Destination) समेत बन्न पुगेको छ । आन्तरिक बेचबिखनको समस्यालाई केलाउँदा उद्योग कलकारखाना अन्तर्गत इँटा भट्टा, जरी उद्योग, गलैंचा, तयारी पोशाक आदि, मनोरञ्जन क्षेत्र अन्तर्गत डान्स, बार, दोहोरी साँझ, क्याविन, रेष्टुराँहरू, सेवा क्षेत्र अन्तर्गत मसाज पारलर, यातायात, पर्यटन, घरेलु श्रम आदि एवं परम्परागत कृषि प्रणालीमा हरूवा-चरूवा, कमैया, कमलरी, हलिया आदिका नाममा व्यवहारमा नेपाली महिला तथा बालबालिकाहरू श्रम तथा यौन शोषणका लागि मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेको पाइन्छ । यसरी व्यावसायिक यौन, सरकस तथा अङ्गप्रत्यारोपण समेतका लागि छिमेकी मुलुकहरूमा हुने गरेको बेचबिखनका साथै वैदेशिक रोजगार, अन्तरदेशीय विवाह तथा सांस्कृतिक/साङ्गीतिक कार्यक्रमका नाममा समेत यौन तथा श्रम शोषणमा परी बेचबिखनको जोखिममा वृद्धि हुँदैगएकोदेखिन्छ । केही विदेशी दलालहरूको संलग्नतामा विदेशी नागरिकहरूसँग विवाह गराइदिने वाहनामा नेपाली युवतीहरूलाई बेचबिखन गर्ने घटनाहरू पनि सार्वजनिक हुन थालेका छन् ।

गरिबी, अशिक्षा, अज्ञानता र बेरोजगारी, कमजोर सामाजिक सुरक्षा प्रणाली, घरेलु हिंसा र पारिवारिक विखण्डन,असुरक्षित बसाइसराइ, सङ्गठित आपराधिक गिरोह तथा दलालहरूको चलखेलख लगायत विभिन्न समस्याका कारणहरूले गर्दा नेपालमा पनि मानव बेचबिखन तथा ओसारपसारको समस्या जटिल बन्दै गइरहेको छ । पीडित/प्रभावितहरू फरक फरक सामाजिक, आर्थिक, सांस्कृतिक र भौगोलिक परिवेशबाट आएका हुन्छन् । घरबाट भागेका बालबालिका, किशोरी, युवा र महिला, जबरजस्ती करणीमा परेका महिला तथा किशोरी, घरेलु हिंसा लगायत विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसामा परेका महिला तथा किशोरीहरू र द्वन्द्वबाट प्रभावित महिला तथा बालबालिकाहरू बेचबिखन तथा ओसारपसारको बढी जोखिममा पर्ने गरेका छन् । कतिपय अवस्थामा परिवारका सदस्य,

सबैभन्दा नजिकको मान्छे, आफन्त, छिमेकी, साथीहरू र चिनजानका व्यक्तिहरू नै मानव बेचबिखन तथा ओसारपसारमा मुख्य दलालका रूपमा संलग्न रहेको पाइन्छ । कतिपय अवस्थामा अनभिज्ञता रहेको हुन्छ भने कतिपय अवस्थामा उनिहरूको मिलोमतो । त्यसैकारणले गर्दा धरै जसो घटनाहरू कानुनको दायरामा आउने गर्दैनन्, प्रभावितलाई प्रहरीसमक्ष घटना दर्ता गर्न दिइँदैन (घरको इज्जतको नाममा, प्रलोभनमा र डर धम्की देखाई) । नेपाल प्रहरीको तथ्याङ्कलाई हेर्ने हो भने आ.व. २०७०।०७१ मा १८५, आ.व. २०७१।०७२ मा १८१ तथा आ.व. २०७२।०७३ मा २१२ मुद्दाहरू दर्ता भएकोदेखिन्छ ।प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका सेवा निर्देशनालयको अभिलेखअनुसार आ.व. २०६८/६९देखि २०७२/७३ को पाँच वर्षको अवधिमा मानव बेचबिखन तथा ओसारपसार विरूद्धका मुद्दाका रूपमा दर्ता भएका उजुरीहरू र मुद्दामा पीडित/प्रभावित व्यक्तिहरूको सङ्ख्या निम्नअनुसार रहेकोदेखिन्छ ।

**तालिका १.१ : मानव बेचबिखन तथा ओसारपसारविरूद्ध दर्ता मुद्दा र पीडित/प्रभावित व्यक्तिहरूको सङ्ख्या आ.व.२०६८/६९देखि आ.व.२०७२/७३ सम्म**

| विवरण | आ.व.२०६८/६९ | आ.व.२०६९/७० | आ.व.२०७०/७१ | आ.व.२०७१/७२ | आ.व.२०७२/७३ | जम्मा |
|---|---|---|---|---|---|---|
| दर्ता मुद्दा | ११८ वटा | १४४वटा | १८५ वटत | १८१ वटा | २१२ | ८४० |
| कूल पीडित | १४३ जना | १६१वना | २९६ जना | २८० वना | ३५२ | १२३२ |
| पीडित महिला | ६७ जना | ६१ जना | १६० जना | १३१ जना | २४१ | ६६० |
| पीडित बालिका | ६३ जना | ९७ जना | १३६ जना | ११२ जना | १०९ | ५१७ |
| पीडित बालक | ४ जना | ३ जना | ० जना | ३५ जना | ० | ४२ |
| पीडित पुरूष | ९ जना | ० जना | ० जना | २ जना | २ | १३ |

*स्रोतः प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, महिला तथा बालबालिका सेवा निर्देशनालय*

महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले विभिन्न ८ जिल्लामा स्थानीय गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा सञ्चालित पुनर्स्थापना केन्द्रहरूबाट आ.व. २०६८/६९देखि २०७२/७३ को पाँच वर्षको अवधिमा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित तथा प्रभावितहरूलाई विभिन्न सेवाहरू प्रदान गरेको छ ।

**तालिका १.२ : नेपाल सरकारको सहयोगमा सञ्चालित पुनर्स्थापना केन्द्रहरूबाट सेवा प्राप्त गर्ने पीडित प्रभावितको सङ्ख्या -आ.व. २०६८/६९-२०७२/७३)**

| क्र.सं. | पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला | आ.व. | | | | |
|---|---|---|---|---|---|---|
| | | २०६८/६९ | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ |
| १ | झापा | ४१२ | ६३५ | २१२ | २४४ | ४९४ |
| २ | सिन्धुपाल्चोक | ६६ | १९ | २५ | २३१ | ३३ |
| ३ | काठमाडौं | ६९ | ८ | १४ | २८ | ४१ |
| ४ | पर्सा | 2४० | १७६ | ६८ | ११४ | २७८ |
| ५ | चितवन | ४३ | १०७ | १०९ | १३ | ११२ |
| ६ | रूपन्देही | १९५ | २३३ | १५७ | ९० | ४११ |
| ७ | बाँके | २५४ | २५४ | १२६ | १६५ | २५३ |
| ८ | कैलाली | ३२ | २६ | २९ | १८ | ७५ |
| | जम्मा | १,३११ | १,४५८ | ७४० | ९०३ | १६९७ |
| | घट्दो/बढ्दो | | १४७ (बढेको) | ७१८(घटेको) | १६३(बढेको) | ७९४ (बढेको ) |

*स्रोतः मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालय*

यी माथिको दुई तालिकालाई आधार मानेर हेर्दा पनि विभिन्न पुनर्स्थापना केन्द्रहरूबाट सेवा पाउनेको दाजोमा प्रहरीमा घटना दर्ता भएको सङ्ख्या न्यून रहेकोदेखिन्छ। यर्थाथमा पुनर्स्थापना केन्द्रहरूमा सेवा पाउनेहरूमा बेचबिखनबाट प्रभावितहरू मात्र नभई घरेलुहिंसाबाट प्रभावितहरू पनि रहेका छन्। अर्कोतर्फ मानव अधिकार आयोगबाट प्रकाशित हुने प्रतिवेदनलाई आधार मान्ने हो भने हजारौको सङ्ख्यामा मानव बेचबिखन तथा ओसारपसारबाट पीडित रहेकोदेखिन्छ। सङ्ख्याको अन्तर हुनुमा एकीकृत तथ्याङ्क अध्यावधिक गर्नेको लागि Standard format नरहनु, कानुनमा स्पष्ट उल्लेख नभएको कारण सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरूले यस सम्बन्ध यथार्थ तथ्याङ्क यस्तो मुद्दा हेर्न कानुनले तोकेको राष्ट्रिय समिति र जिल्ला समितिमा आवधिक रूपमा नबुझाउनु पनि प्रमुख कारण हो। साथै सबै पीडित तथा प्रभावितहरू न्यायका लागि प्रहरीमा घटना दर्ताको लागि नआउनु पनि चुनौतीको रूपमा रहेको छ। मानव बेचबखन तथा ओसारपसार जस्तो सङ्गठित, जटिल र जघन्य अपराधको नियन्त्रणका लागि नेपाल सरकारले विभिन्न प्रयासहरू गर्दैआएको छ। यसको विरूद्ध समुदायस्तरसम्म सचेतना बढाउनुका साथै पीडितहरूको सहायताका लागि सेवा विस्तार गरेको छ भने फौजदारी न्याय प्रणालीमा समसामयिक सुधार गरेको छ। कानुन निर्माण, राष्ट्रिय कार्ययोजना तर्जुमा, राष्ट्रियस्तरदेखि स्थानीयस्तरसम्म संस्थागत संरचनाहरूको गठन गरेको छ।

**मानव बेचबिखन तथा ओसारपसार विरूद्धका नीति, कानुन तथा संस्थागत प्रयासहरुः**

इतिहासलाई फर्केर हेर्दा नेपालको एकीकरणपश्चात् पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा बनेपा, धुलिखेल लगायत सात गाउँका मानिसले कमारा कमारी राख्न नपाउने गरी रोक्का जारी गरेको पाइन्छ। त्यसै गरी वि.सं. १९१० मा सुरेन्द्र शाहको पालामा जारी भएको मुलुकी ऐनमा मानिस बेच्नेलाई ७ वर्ष कैद हुने, आफ्नी श्रीमती बेच्ने व्यक्तिलाई थप सजाय हुने, विदेशको कोइलाखानी र समुद्रपार लाने-पठाउने कार्य दण्डनीय हुने एवं यस्तो कसुरको सुराकीलाई असुल भएको सजायको अंशबाट बकस दिइने तथा यस्तो मुद्दा सरकारवादी हुने व्यवस्था समेत गरेको थियो। वि.सं. १९८२ बैशाख १ गते नेपालभर दास प्रथा उन्मूलन गर्ने घोषणा भयो। वि.सं. २०२० सालमा जारी भएको नयाँ मुलुकी ऐनमा मानिसको बेचबिखनलाई अपराध मानी यसमा संलग्न हुनेलाई सजायको व्यवस्था गरियो। वि.सं. २०३३ मा भएको उक्त ऐनको छैटौं संशोधनले थप सजायको व्यवस्था गरेको थियो। मानव बेचबिखन तथा ओसारपसार विरूद्ध कानुनी आधार प्रदान गर्ने उद्देश्यले विशेष ऐनको रूपमा २०४३ साल कात्तिक २४ गते जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन जारी भयो। वि.सं. २०५२ सालमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय गठन गरेपछि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि विशेष प्रयासहरूको थालनी गरेको पाइन्छ। फलस्वरूप "चेलीबेटी र बालबालिका बेचबिखन तथा देहव्यापार विरूद्धको राष्ट्रिय नीति" तर्जुमा भएको थियो। सो नीति अन्तर्गत चेलीबेटी बेचबिखन तथा देहव्यापार विरूद्ध जनचेतना बढाउन अभियान सञ्चालन गर्ने, कानुनको निर्माण गरी पीडित/प्रभावितको न्यायमा पहुँच पुर्‍याउने, प्रभावितहरूको व्यावसायिक सीप विकासका लागि उपयुक्त वातावरण सिर्जना गरी उनीहरूलाई आत्मनिर्भर बनाउने, चेलीबेटी बेचबिखन तथा देहव्यापार नियन्त्रणका लागि गा.वि.स. स्तरसम्म संरचनाको बिस्तार गर्ने तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत समन्वय गरी चेलीबेटी बेचबिखन नियन्त्रण गर्ने लगाएतका विषयमा जोड दिइएको पाइन्छ।

बेचबिखन भन्नाले महिला र बालिका मात्र पर्दछ साथै बेचबिखन व्यावसायिक यौन शोषणको लागि मात्र हुन्छ भन्ने आम सोचाई भन्दा फरक रूपमा बेचबिखन तथा ओसारपसारको स्वरूप र आयाममा आएको परिवर्तले गर्दा नयाँ कानुनको आवश्यकतालाई औल्याई बि.स. २०६४ सालमा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली २०६५ कार्यान्वनमा ल्याइएको छ। महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय र मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समितिलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दाका लागि सम्पर्क निकायको

रूपमा तोकिएको छ भने मन्त्रालयमा यस विषयलाई हेर्ने छुट्टै मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको शाखा गठन गरिएको छ ।मानव बेचबिखन विषेशगरी महिला तथा बालबालिकाहरूको बेचबिखन तथा ओसारपसार बिरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन योजना २०७१, पुनर्स्थापना केन्द्र संचालन निर्देशिका २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित प्रभावितहरूको हेरचाह तथा संरक्षणमा राष्ट्रिय न्यूनतम मापदण्ड लगायतका कानुनी दस्तावेजहरू कार्यन्वयनमा रहेको छ।

मुलुकको मूल कानुनको रूपमा रहेको नेपालको संविधानको धारा २९ शोषण बिरूद्धको हकमा मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन भनी उल्लेख भएको छ। धारा ३८ को उपधारा (३) महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनी स्पष्ट पारिएको छ। साथै धारा ३९ को उपधारा (५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन। (६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन भन्ने व्यवस्था गरिऐको छ ।त्यस्तै धारा ३९ को उपधारा (९) ले असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक बारे उल्लेख छ। यसै गरी सोही धाराको उपधारा (१०) ले उपधारा (५), (६) विपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुने व्यवस्था गरेको छ।

(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ। (१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन मोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

मानव बेचबिखन नियन्त्रणका लागि बनेका कानुनी दस्तावेजहरूलाई कार्यरूप दिनको लागि नेपाल सरकारले महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई सम्पर्क निकायको रूपमा तोकेको छ भने यसअर्न्तगत रहेका पचहत्तर जिल्लाका महिला तथा बालबालिका कार्यालयहरू यस विषयमा सम्पर्क निकायको रूपमा रहेका छन्। ऐनमा व्यवस्था गरिएको मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय समिति र जिल्लास्तरमा रहेको जिल्ला समिति पनि क्रियाशील रहेका छन्। विगत दुईवर्षदेखि वडा, गा.वि.स र न.पा. स्थानीय स्तरमा पनि स्थानीय समितिहरू गठन गरी मानव बेचबिखन विरुद्ध निरोधका तथा संरक्षणका क्रियालापहरूलाई गति प्रदान गरिएको छ। आ.ब. २०७२।०७३ सम्ममा ७३२ वटा स्थानीय समिति गठन तथा परिचालन भएका छन् । कार्यक्रमगत हिसावले हर्ने हो भने आ.व. २०६९।७० ५७,५०,००० कार्यक्रम बजेट विनियोजना गरेकोमा, २०७०।७१ मा २,२३,६८,००० र २०७१।७२ मा २,२०,९७,००० विनियोजन भएको छ। पुनर्स्थापना कोषमा विनियोजित रकम यस कार्यक्रम बजेट भित्र पर्दैन तर समास्याको गाम्भीर्यलाई हर्दा यस क्षेत्रमा छुट्याइएको बजेट अत्यन्त न्यून रहेको मान्न सकिन्छ। यसको अतिरिक्त ऐनले व्यवस्था गरेको पुनर्स्थापना कोषको लागि नेपाल सरकारले हरेक वर्ष एक करोड रुपैया प्रभावितहरूको उद्धार, संरक्षण र पुनर्स्थापनको लागि विनियोजित गर्ने गरेकोमा २०७३।०७४ मा यस कोषमा नेपाल सरकारले दुई करोड पचासलाख रुपैयाँ विनियोजन गरेको छ। कानुनमा यो कोषमा व्यक्ति वा संस्थाहरूले पनि योगदान गर्न सक्ने उल्लेख भए तापनि हाल सम्म कहींबाट यस कोषमा सहयोग रकम प्रप्त हुन सकेको छैन। यस कोषको रकम आठ जिल्लामा सञ्चालित पुनर्स्थापना केन्द्र, दिल्ली, थाईल्याण्ड, आवुधावि स्थित कुटनीतिक नियोग र कलकोत्ता स्थित महाबाणीज्य दूतावासमा प्रभवितहरूलाई विभिन्न सेवाहरू प्रदानको लागि मागको आधारमा रकम उपलब्ध गराइँदै आएकोमा आ.व. २०७३।०७४

मा सुर्खेत र कास्कीमा दुईवटा पुनर्स्थापना केन्द्र विस्तार गरी पुनर्स्थापना केन्द्रको सङ्ख्या दश पुर्याइएको छ । सो सम्बन्धमा कोषबाट नियमित रकम नजाने देश हरूको हकमा भने दूतावसहरूको मागको आधारमा उपलब्ध गराइँदै आएको छ । प्रभावितहरूको उद्धार तथा स्वदेश फिर्तीलाई सहज र सरल बनाउनको लागि सरकारले कानुन तर्जुमाको प्रक्रियालाई अघि बढाएको छ ।

त्यसै गरी पुनर्स्थापना केन्द्रमा रहने प्रभावितहरूलाई कानुनबमोजिम छ महिना सम्म राख्ने व्यवस्था रहेको छ । प्रयःजसो प्रभावितहरूको मुद्दा त्यति समयमा किनारा नलाग्ने र मुद्दामा नगएका प्रभावितहरूको हकमा पनि त्यति समयमा परिवारमा पुनर्मिलन गराउन नसक्ने अवस्थामा कानुनले तोकभन्दा पनि बढी समय राख्नु पर्ने बाध्यतालाई ध्यानमा राख्दै नेपाल सरकारले २०७२।०७३देखि काठमाडौंमा मगंला सहाना दीर्घकालीन पुनर्स्थापना गृह सञ्चालनमा ल्याएको छ । हाल त्यस केन्द्रमा बाह्रजना प्रभावितहरूलाई सेवा प्रदान गर्दै आएको छ र भविष्यमा उक्त गृहको क्षमतालाई विस्तार गर्ने योजना रहेको छ ।विभिन्न स्थानीय गैरसरकारी संस्थाहरूसँगको सहकार्यमा आठ जिल्लामा सञ्चालित पुनर्स्थापना केन्द्र (झापा, पर्सा, रूपन्देही, चितवन, काठमाडौं, सिन्धुपाल्चोक, कास्की, सुर्खेत, बाँके र कैलाली) मा वि.स.२०६७।०६८देखि वि.स. २०७२।०७३ को अषाढ मसान्तसम्म जम्मा ६१०९ प्रभावितहरूलाई विभिन्न सेवाहरू प्रदान गरेको छ । तर पुनर्स्थापना पछि प्रभावितहरूको अवस्था कस्तो छ भन्ने विषयमा कुनै पनि कार्यक्रम नरहेको र कानुनले पनि वाध्यकारी नबनाएको हुदा सम्बन्धित सबै निकायको ध्यान पुग्न नसकेकोदेखिन्छ । जसले गर्दा एक पटक घरमा पुनर्स्थापना भएका प्रभावित सुरक्षित नभई पुनः बेचबिखनमा पर्न सक्ने जोखिम रहिरहेकोदेखिन्छ ।

कानुनी कारवाहीको पक्षलाई हेर्ने हो भने प्रभावितलाई न्याय प्रदान गर्नको लागि २०६४ सालमा आएको ऐन अत्यन्त प्रगतिशील र प्रभावित केन्द्रितदेखिन्छ । यो मुद्दा सरकारवादी हुने, क्षतिपूर्तिको व्यवस्था, आत्मरक्षको व्यवस्था, दोभाषेको व्यवस्था, प्रभावितको उद्धार, संरक्षण र पुनर्स्थापनाको व्यवस्था लगायतका धरै व्यवस्थाहरू रहेका छन् । अदालतको निर्णयबमोजिम पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने सम्बन्धमा "लैङ्गिक समानता कायम गर्न तथा लैङ्गिक हिंसा अन्त्य गर्न केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ को दफा १७ (१क)"मा उल्लेख भए बमोजिमको अदालतको अन्तिम निर्णयपश्चात पुनर्स्थापना कोषबाट पीडितलाई मनासिव क्षतिपूर्ति भराई दिने व्यवस्था कार्यान्वयनको लागि जिल्लामा महिला तथा बालबालिका कार्यालयमा निवेदन पर्न आएमा जिल्लास्थित तत्काल उद्धार कोषबाट प्रक्रिया पूरा गरी रकम उपलब्ध गराई मन्त्रालयमा रहेको पुनर्स्थापना कोषबाट सोधभर्ना माग गर्ने व्यवस्था गरिएको छ । त्यसै गरी अन्य फैसलाको हकमा पीडकको सम्पत्तिबाट क्षतिपूर्ति भराउनको लागि फैसला कार्यान्वयनलाई अझ प्रभावकारी बनाउनु पर्नेदेखिन्छ ।

निरोध र संरक्षणका कार्यक्रमलाई महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले महिला तथा बालबालिका कार्यालयमार्फत् स्थानीय स्तरमा महिला समुह, महिला सहकारी, लैङ्गिक हिंसा निगरानी समुह, बाल क्लब, मानव बेचबिखन विरुद्धको स्थानीय समितिमार्फत् विभिन्न कार्यक्रम तर्जुमा गरी संचालन गर्नुको साथ साथै स्थानीय स्तरमा हुने हरेक क्रियाकलापको निगरानी गरी मानव बेचबिखनको जोखिमलाई न्यूनीकरण गर्ने कार्य गर्दै आइरहेको छ । यस कार्यक्रमलाई पनि प्रत्येक वडा वडामा विस्तार गर्नु पर्ने आवश्कता रहेको छ । व्यक्ति, परिवार र समाजलाई नै यस जघन्य अपराध घटन नदिनको लागि सचेत गराउन आवश्यक छ भने आप्रवासनलाई सुरक्षित बनाउनको लागि पनि लक्षित वर्गहरूमा सुरक्षित आप्रवासनका उपायहरू अवलम्वन गर्न सुझाउनु पर्नेदेखिन्छ । सानो लापरवाहीले पनि ठूलो दर्घटनालाई निम्ताउने हुँदा विभिन्न अवसरको खोजीमा जन्म थलो छोडी अन्यत्र बसाइ सराइ गर्नेदेखि लिएर वैदेशिक रोजगारीमा जानेहरूले सहजै अपरिचित मानिसको प्रलोभनमा पर्दा मानव बेचबिखनको सिकार हुन सक्छन् । तसर्थ आगामी दिनमा सञ्चालन हुने कुनै पनि महिला लक्षित कार्यक्रमहरूमा यस विषयमा पनि उनिहरूलाई जानकार बनाउने हिसाबले योजना बनाउनु पर्नेदेखिन्छ । यसका लागि राष्ट्रिय कार्ययोजनाले तय गरेका रणनीतिहरूलाई सरोकारवाला

सबै निकायहरूले आआफ्नो कार्यक्षेत्रभित्र पर्ने कार्यक्रमहरूमार्फत् सम्बोधन गर्नु पर्ने आवश्यकता छ। यस विषयलाई सबै सरोकारवाला निकायले प्राथमिकता दिँदै यस मुद्दालाई राष्ट्रिय मुद्दाको रूपमा अघि बढाउनु पर्नेदेखिन्छ। यस विषयमा आम नागरिकलाई सचेत गराउन र सत्य तथ्य बाहिर ल्याउनको लागि आम सञ्चार माध्यमसँग सहकार्य गर्दै अभियानको रूपमा कार्यक्रमालाई गति प्रदान गर्नु पर्नेदेखिन्छ।

प्रभावितहरूले पाउने सेवाहरू, उनीहरूको उद्धार र क्षतिपूर्तिलाई पनि सहज बनाउँदै लैजाने उद्देश्यले नेपाल सरकार विद्यमान ऐनको संशोधन गर्ने क्रममा रहेको छ। यो बहुपक्षीय र बहुआयामिक समस्या भएको हुँदा यसलाई निकारण गर्नको लागि यस विषयसँग सम्बन्धित सबै सरकारी तथा गैरसरकारी निकायको अहं भूमिका रहेको छ। नेपाल सरकारले तय गरको नीतिगत व्यवस्था बमोजिम नै सरकारसँग समन्वय र सहकार्य गरी सबै निकायहरू अघि बढ्न सकेमा मात्र हामी सबै लिएको लक्ष्य पूरा हुन सक्छ। सरकारभन्दा माथि कोही छैन र हामी सबै यो अपराध विरुद्धको यात्रामा साथ छौं, हातमा हात र काधँमा काधँ मिलाई अघि बढौं अवश्य हामी गन्तव्यमा पुग्नेछौं।

*लेखक महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा उपसचिव हुनुहुन्छ।*

## सन्दर्भ सामग्री


१. नेपालको सविधान, २०७२, काठामाडौं, कानुन किताब व्यवस्था समिति।

२. मुलुकी ऐन, २०१९।

३. मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५।

४. बेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको जीउ मास्ने, बेच्ने काम राकथाम गर्ने र सो विरुद्ध सङ्घर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको दक्षिण एशियाली क्षेत्रीय सहयोग सँगठन महासन्धि, २००२।

५. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन, २०७२, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय।

६. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय प्रतिवेदन, २०७१, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय।

७. मानव बेचबिखन विशेष गरी महिला तथा बालबालिका बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय कार्ययोजना, २०६८, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय।

८. पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय।

९. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयन कार्ययोजना, २०६१।

१०. सशक्तीकरण पत्रिका अंक १ पूर्णाङ्क ११, २०६४, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय।

# संविधान र महिला अधिकार

**मीठू थापा**

**विषय-प्रवेश**

नेपालमा महिलाको सङ्ख्या पुरुषको भन्दा बढी रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसङ्ख्या २,६४,९६,५०४ छ । जसमध्ये महिला ५१.५ प्रतिशत छन् । जनसङ्ख्याका दृष्टिले महिलाको सङ्ख्या बढी रहे तापनि आर्थिक, सामाजिक, राजनीतिक एंव प्रशासनिक क्षेत्रमा महिलाको अवस्था तुलनात्मक रूपमा कमजोर रहेको छ । सबै क्षेत्रमा महिलालाई समान अवसर, क्षमता विकास र सशक्तीकरणका लागि नेपालमा विभिन्न समयमा जारी भएका संविधानले यस विषयमा सम्बोधन गरेका छन् । खास गरी लोकतन्त्रको पुनर्वहालीपछि जारी नेपालको अन्तरिम संविधान, २०६३ ले समावेशी लोकतान्त्रिक राज्य व्यवस्थाका साथै छोराछोरीलाई पहिलो पटक आमाको नामबाट नागरिकता प्रदान गर्ने, महिलाको हक लगायत विभिन्न मौलिक हकको व्यवस्था एवं मिश्रित निर्वाचन प्रणालीमार्फत् व्यवस्थापिका संसद्मा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने जस्ता विभिन्न व्यवस्था गरेको थियो ।

नेपालको इतिहासमा पहिलोपटक संविधानसभाबाट संविधान जारी भएको छ । संविधानसभा संविधान निर्माण गर्ने सबैभन्दा उत्तम पद्धति मानिन्छ । संविधानको प्रस्तवनामा नै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको संकल्प गरेको छ । नेपालको संविधान (२०७२) मा महिलालाई समान अवसर, पहिचान, पहुँच र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि विभिन्न प्रावधान राखिएका छन् यस लेखमा यिनै विषयमा चर्चा गर्ने प्रयास गरिएको छ ।

**नेपालको संविधान (२०७२) मा महिला अधिकार सम्बन्धी प्रावधानहरू**

नेपालको संविधान संवत् २०७२ साल असोज ३ गतेदेखि लागु भएको हो । यस संविधानमा ३५ भाग, ३०८ धारा र ९ अनुसूची रहेका छन् । संविधानमा रहेका महिलासम्बन्धी अधिकारहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तावना

- लौङ्गिक विभेदको अन्त्य गर्ने र
- समानुपातिक समाबेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने ।

नागरिकता

- कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट बञ्चित नगरिने,
- कुनै व्यक्ति जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको

आधारमा नेपालको नागरिक हुने र

- नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोवास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिने तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानुनबमोजिम अङ्गीकृत नागरिकतामा परिणत हुने।
- विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको व्यक्तिको हकमा निज नेपालमा नै स्थायी बसोबास गरेको र निजले विदेशी मुलुकको नागकिता प्राप्त गरेको रहेनछ भने निजले सङ्घीय कानुन बमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ। तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने नेपालमा जन्मेको त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ।
- यो संविधान बमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचान सहितको नेपालको नागकिताको प्रमाणपत्र पाउन सक्नेछ

**मौलिक हक**

- समान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात जाति, लिङ्ग बा अन्य कुनै आधारमा भेदभाव नगरिने।
- सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्ने।
- समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन।
- महिलासम्बन्धी मौलिक हकको व्यवस्थामा-
  - (१) प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ।
  - (२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ।
  - (३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ
  - (४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।
  - (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ।
  - (६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुनेछ।
- सामाजिक सुरक्षा र सामाजिक न्यायसम्बन्धी अधिकारः

सामाजिक रूपले पछाडि परेका महिला समेतले समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ।

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला समेतलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।

**राज्यका नीतिहरू**

सामाजिक न्याय तथा समावेशी नीति

(१) असहाय अवस्थामा रहेका एकल महिलालाई सीप, क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्दै जाने,

(२) जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने ,

(३) प्रजनन अवस्थामा आवश्यक सेवा सुविधा उपभोगको सुनिश्चितता गर्ने,

(४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्यांकन गर्ने,

(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने,

(१०) मधेशी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण,उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(११) उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने,

(१२) सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने,

**राष्ट्रपति र उपराष्ट्रपति**

राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने ।

**सङ्घीय व्यवस्थापिका**

(२) समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधि सभाको-

- सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष फरक फरक लिङ्गको हुनुपर्ने ।
- सङ्घीय संसद र प्रदेशसभामा निर्वाचनहुने कुल सदस्यको कम्तीमा एक तिहाइ महिला सदस्य हुने गरी सुनिश्चित गरिएको .
- राष्ट्रिय सभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला निर्वाचन हुने र मनोनीत गर्दा कम्तीमा एक जना महिला समाबेश गर्नु गर्ने ।
- सभामुख र उपसभामुख तथा राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष फरक फरक लिङ्गको हुनुपर्ने ।

**प्रदेश व्यवस्थापिका**

➢ समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रदेशसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व

हुने व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा सम्बन्धित प्रदेशको भौगोलिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ ।

- प्रदेशसभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्य महिला हुनु पर्नेछ ।
- प्रदेश सभाको सभामुख र उपसभामुखको निर्वाचन गदा प्रदेश सभामुख वा प्रदेश उपसभामुखमध्ये एक जना महिला हुने गरी गर्नु पर्नेछ

**स्थानीय कार्यपालिका र व्यवस्थापिका**

- गाउँसभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र गाउँसभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका चार जना महिला सदस्य समेत गाउँ कार्यपालिकाको सदस्य हुने छन् ।
- नगरसभाको निर्वाचनको अ न्तिम परिणाम प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगरसभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचित गरेका पाँच जना महिला सदस्य हुने छन् ।
- जिल्ला सभाले कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ ।
- गाउँसभा र नगरसभामा प्रत्येक वडाबाट कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुनेछ ।

**संवैधानिक आयोग**

- राष्ट्रिय महिला आयोग, समावेशी आयोग लगायतका विभिन्न आयोगहरूको व्यवस्था ।

**विविध**

- राष्ट्रपतिले समावेशी सिद्धान्तको आधारमा नेपाली राजदूत र कुनै खास प्रयोजनका लागि विशेष प्रतिनिधि नियुक्ति गर्न सक्नेछ ।
- संबैधानिक निकाय र अन्य निकायका पदमा समाबेशी सिद्धान्तको आधारमा नियुक्त गरिने ।
- सङ्घीय निजामती सेवा लगायत सवै सङ्घीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा सङ्घीय कानुनबमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ ।

विगतका संविधानमा भन्दा यस संविधानमा व्यवस्था गरिएको समावेशी सिद्धान्तले नीति निर्माण तहमा महिलाहरूको उपस्थितिको सुनिश्चितता स्वागत योग्य छ । संबैधानिक एवं कानुनी आधार बलियो हुँदै गएका कारण नेपालमा महिलाको अवस्था राजनीतिक, सामाजिका आर्थिक एवं प्रशासनिक रूपमा क्रमशः सबल हुँदैगएको छ । राज्यकाको तीन वटै अङ्गका प्रमुखहरूमा महिला पुग्नुलाई महिला सशक्तीकरणको अमुपम उदाहरणका रूपमा लिन सकिन्छ । -(राष्ट्रप्रमुख, सभामुख एवं प्रधानन्यायाधीश ), व्यवस्थापिका संसदमा ३० प्रतिशत महिला (१७६) को प्रतिनिधित्व रहेको छ् । समाजमा महिलाहरूलाई हेर्ने दृष्किोणमा परिवर्तन हुँदैआएकोदेखिन्छ । सामाजिक सम्मान र सहभागिता बढदै गएको छ । प्राथमिक र माध्यमिक तहमा लैङ्गिक समानता दर क्रमश १.०९ र १.० प्रतिशत पुगेको छ । स्वास्थ्य सेवामा महिलाहरूको पहुँच बढ्दैगएको छ । मातृमृत्युदर उल्लेख्य सङ्ख्यामा घटाएकोमा संयुक्त राष्ट्रसंघको महासभाबाट पुरस्कार समेत पाएको छ । आर्थिक वर्ष२०६४/६५ बाट सुरु गरिएको लैगिक उत्तरदायी बजेट ११ प्रतिशतबाट बढेर २३.१ पुगेको छ भने समावेशी

तथा आरक्षणको नीतिले गर्दा प्रशासनिक क्षेत्रमा महिलाको प्रतिनिधित्व करिव १८ प्रतिशत पुग्न गएको छ।

महिलाहरू उनीहरूको अधिकार, विकास र शसक्तीकरणका क्षेत्रमा केही सकरात्मक सुधार र परिणामदेखिन थालेको भए तापनि तुलनात्मक रूपमा महिलाहरू अझै कमजोर र पछाडि परेका छन्। महिला जनसङ्ख्याका दृष्टिले पुरुष भन्दा बढी छन् भने साक्षरता जम्मा ५७.४ प्रतिशत रहेको छ जवकि पुरुषको साक्षरता प्रतिशत ७०.१ रहेको छ। त्यस्तै महिला धरमुली २५.७ प्रतिशत छ। जग्गामा महिलाको स्वामित्व जम्मा १९ प्रतिशत रहेको छ। पुरुषहरू जम्मा ७ घण्टा दैनिक काम गर्छन् भने महिलाको दैनिक कार्यघण्टा ११ रहेको छ (CBS Report- 2068)। विकासमा महिलाको सहभागिता सारभूत नभई साङ्केतिक मात्र रहेको छ।महिला र पुरुषबीचको ज्याला दरमा अझै विभेद कायमै छ। अधिकांश महिलाहरू घरेलु श्रममा समय विताउँछन तर यस्तो श्रम राष्ट्रिय आयमा गणना गरिँदैन। समाजमा पितृसत्तात्मक सोंच , सामाजिक सांस्कृतिक कुरीति र कुसंस्करहरू कायमै रहेका छन्। लैगिक हिंसालाई अपेक्षित रूपमा न्यूनीकरण गर्न सकिएको छैन।द्वन्द्व, गरिवी, वैदेशिक रोजगार, HIV/AIDS मानव बेचबिखन आदिमा भार महिलामा नै बढी पर्न गएको छ।

**निष्कर्ष:**

संविधानसभाबाट निर्मित नेपालको वर्तमान संविधानले लोकतन्त्र, सङ्घीयता, समावेशिता र गणतन्त्रलाई संस्थागत गरेको छ। संविधानलाई महिलामैत्री बनाउन लैङ्गिक न्याय, समान अधिकार, विशेष संरक्षण र आरक्षणका विशेष व्यवस्था गरिएको छ। साथै महिला विकास र सशक्तीकरणका निम्ति नीति निर्माण र अनुगमन गर्ने प्रभावकारी संयन्त्रको रूपमा महिला आयोगको समेत व्यवस्था गरेको छ। संविधान जतिसुकै राम्रो भए तापनि यो आफै कार्यान्यिन हुने विषय होइन। यसको सफलता र असफलता यसको कार्यान्वयनमा निर्भर गर्दछ। संविधानको मर्म र भावनालाई साकार बनाई सफल बनाउने काम हामि सबै नेपालीको हो। महिलाका संवैधानिक हक र अधिकारहरूलाई प्राप्त गर्न र राजनीतिक, आर्थिक एवं सामाजिक सशक्तीकरण र समावेशीकरणमार्फत् विकास गर्न संविधानप्रति अपनत्व र स्वामित्व बोध गर्नु पर्दछ। संविधानमा भएका प्रावधानहरूलाई कार्यन्वयन गर्नका लागि आवश्यक ऐन कानुनको निर्माण र परिमार्जन, निश्चित कार्य योजना, प्रयाप्त स्रोत साधन, बलियो संस्थागत संयन्त्र र प्रभावकारी एवं निरन्तर अनुगमन मूल्याङ्कनको जरुरी छ। साथै महिलाको समग्र विकासका लागि सरोकारवाला निकायहरूबीच समन्वय, सहयोग र साझेदारी कायम गरी अगाडि बढ्न सकेमा सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा हुने देखिन्छ।

*लेखक महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयमा उपसचिव हुनुहुन्छ।*

# अपाङ्गता परिचयपत्रः पहिचान र सामाजिक सुरक्षाको

नीरा अधिकारी

पहिचान व्यक्तिको आत्मसम्मानसँग सम्बन्धित विषय हो। २०६२-२०६३ को जनआन्दोलन २ पश्चात् पहिचानको मुद्दाले बढी महत्त्व पाएको छ । खासगरी अन्तरिम संविधान, २०६३ ले विभिन्न जातजाति, समुदाय, महिला, मधेशी, अपाङ्गता भएका व्यक्तिहरू, मुस्लिम लगायतका जातिको पहिचानलाई पहिलोपटक सम्बोधन गर्ने प्रयास गरेको थियो । यस विषयले नेपालको संविधान (२०७2) मा अझ बढी स्थान पाएको छ । यस संविधानमा महिला आयोगबाहेकका अन्य आयोगहरू जस्तै- समावेशी आयोग, थारु आयोग, मुस्लिम आयोग, मधेशी आयोग समावेश भएका छन्। पहिचानले व्यक्तिलाई आत्मसम्मानको अनुभूति दिलाउँछ। म के हुँ? को हुँ? भन्ने आत्मबोध गराउँछ। त्यसैले समाजमा पिछडिएका वा पछाडि पारिएका यस्ता वर्गको पहिचान हुन सक्यो भने मात्र नयाँ नेपालको परिकल्पनाले साकार रूप लिन सक्छ। यस लेखमा पहिचानको प्रसँगलाई अपाङ्गताको परिचयपत्रसँग जोडेर प्रष्ट्याउने प्रयत्न गरिएको छ ।

सामाजिक जीवनमा पूर्ण सहभागिता हुनबाट बञ्चित अवस्था अपाङ्गता हो । अर्थात् मानिसको शारीरिक तथा मानसिक क्रियाशीलतामा ह्रास वा कठिनाइ उत्पन्न भई समाजबाट वञ्चितीकरण भएको अवस्था अपाङ्गता हो। जसबाट दैनिक दिनचर्यामा अवरोध सिर्जना हुन्छ। परिणामस्वरूप व्यक्तिमा कार्य सीमितता हुनुको साथै वञ्चितीकरणको अवस्था सिर्जना हुन पुग्छ। तर अपाङ्गतालाई असक्षमतासँग गाँसेर हेर्ने र यसलाई पूर्वजन्मको पापको परिणाम भन्ने नकारात्मक सोच पनि समाजमा विद्यमान छ। वास्तवमा अज्ञानता अन्धविश्वास लापर्वाही र दुर्घटना जस्ता कारणको परिणति अपाङ्गता हो। नेपाल सरकार (तत्कालीन श्री 5 को सरकार) ले "अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९" प्रचलनमा ल्याएपछि नै अपाङ्गता परिचयपत्रको विषय अगाडि आएको हो। यद्यपि विसं २०५१ सालमा आएर मात्र अपाङ्ग संरक्षण तथा कल्याण ऐनको नियमावली जारी भयो। तत्पश्चात् यो ऐनमा रहेका प्रावधानहरूले मूर्तरूप पाएकोदेखिन्छ। विसं २०५६ सालमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र वितरणको कार्य प्रारम्भ गरेको हो। यसअघि नै २०५१ सालबाट सरकारले अपाङ्गता भएका व्यक्तिहरूलाई समेत मासिकरूपमा एक सय रुपैयाँ भत्ता उपलब्ध गराउने कार्यक्रम कार्यन्वयनमा ल्याइसकेको थियो। निश्चय पनि परिचयपत्रको अभावमा भत्ता वितरण कार्य जटिल थियो नै। जब सरकारले २०५६ सालबाट अपाङ्गता परिचयपत्रको वितरण कार्य जिल्ला प्रशासन कार्यालयबाट सुरु गर्यो त्यहीबेलादेखि यस कार्यमा केही सहजता आउन थाल्यो। त्यो परिचयपत्र नागरिकता जस्तो एकपाने थियो। समयसापेक्ष परिचयपत्रको आकारमा परिवर्तन भएको पाइन्छ। यसैक्रममा २०६० साल साउन ५ गतेको निर्णयअनुसार महिला तथा बालबालिका कार्यालयलाई सामाजिक सुरक्षाको कार्य जिम्मेवारी सुम्पियो। त्यसैगरी नेपाल सरकारले महिला तथा बालबालिकाको अधिकृतलाई समाजकल्याण अधिकृतका रूपमा कार्यजिम्मेवारी तोकिदियो। जब २०६३ सालमा अपाङ्गता सम्बन्धी राष्ट्य परिभाषा आयो तत्पश्चात् वर्ग छुट्याएर परिचयपत्र दिने कार्यको सुरुवात भएको हो। यसै सिलसिलामा विसं २०६५ सालमा अपाङ्गता परिचयपत्र वितरण निर्देशिका जारी भयो। यसै निर्देशिकाले

परिचयपत्रलाई रातो (पूर्ण अपाङ्गता), नीलो (अति अशक्त अपाङ्गता), पहेँलो (मध्यम अपाङ्गता) र सेतो (सामान्य अपाङ्गता) गरी ४ वर्गमा विभाजन गर्‍यो ।

वास्तवमा अपाङ्गता जोकोहीलाई जुनसुकैबेला वरण गर्नुपर्ने हुन्छ र यसलाई सामाजिक प्रतिष्ठाको विषय बनाउनु सर्वथा गलत विषय हो । अपाङ्गता परिचयपत्र वितरण कार्यलाई सहज बनाउन सहायक प्रमुख जिल्ला अधिकारी संयोजकत्वमा जिल्ला विकास समितिका योजना अधिकृत, जिल्ला जनस्वास्थ्य अधिकृत र राष्ट्रिय अपाङ्ग महासंघ-नेपालमा आवद्ध संघ संस्थाका प्रतिनिधि वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधि सदस्य रहेको एक सिफारिस समितिको व्यसस्था गरिएको छ ।यस सिफारिस समितिमा सचिवको जिम्मेवारी महिला विकास अधिकृतलाई तोकिएको छ । हालसम्म ७५ बाटै जिल्लाबाट वर्ग छुट्टिएको परिचयपत्र वितरण गरिन्छ । महिला तथा बालबालिका कार्यालयमा प्राप्त विवरण अनुसार हालसम्म २,१९,००० जना अपाङ्गता भएका व्यक्तिहरूले वर्ग छुट्टिएको परिचयपत्र प्राप्त गरिसकेका छन् । यो परिचयपत्रको प्रयोजनको कुरा गर्दा सामाजिक सुरक्षाको विषयलाई जोड्नु सान्दर्भिक नै हुन्छ । सामाजिक सुरक्षा वितरणात्मक न्यायको सिद्धान्तमा आधारित हुन्छ । अन्तर्राष्ट्रिय श्रमसँगठनबाट सुरु गरिएको सामाजिक सुरक्षाको विषयले अझ ब्यापकता प्राप्त गर्दैंगएको छ । खासगरी देशमा उपलब्ध साधनस्रोतमा कुनै पनि रूपमा विभेद नगरी सबै वर्ग जातजाति समुदायलाई समतामूलक ढङ्गले वितरण गर्नु नै सामाजिक सुरक्षाको मूलभूत उद्देश्य हो । अपाङ्गता भएका व्यक्तिहरू पनि आर्थिक तथा सामाजिक रूपमा उपेक्षित अवस्थामा रहेका हुँदा उनीहरूको सन्दर्भमा यो विषयले बढी महत्त्व राख्दछ । तसर्थ यस अपाङ्गता परिचयपत्रको प्रयोजनको कुरा गर्दा यसले अपाङ्गता भत्तादेखि लोकसेवा आयोगबाट लिइने परीक्षामा आरक्षणको विषयसम्मलाई समेटेको छ । नेपाल सरकारले अपाङ्गता भत्तालाई क्रमशः वृद्धि गरी आ. व २०७३-०७४देखि रातो कार्ड प्राप्त व्यक्तिलाई मासिक रु.२००० र नीलो कार्ड प्राप्त व्यक्तिलाई मासिक रु.६०० प्रदान गरिएको छ । तर यो रकम जीवन निर्वाहका लागि अपर्याप्त नै हो । यसअघि नै वि.सं २०६९ साउन ३० गते सर्वोच्च अदालतले अपाङ्गता भएका व्यक्तिका लागि कम्तीमा मासिक रु.५००० उपलब्ध गराउने वा सक्षम खालका अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त किसिमको रोजगारी दिलाउने फैसला गरेको थियो । तर उक्त फैसलालाई कार्यन्वयनमा ल्याउन सकिएको छैन । किनकी यो राज्यको सामर्थ्यसँग जोडिएको विषय हो । । अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने परिचयपत्रले उनीहरूको अधिकारलाई सुनिश्चित गराउँदै विभिन्न सेवामा पहुँचको अवस्था सिर्जना गर्न सहयोग पुर्‍याएकोदेखिन्छ, जसलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

- निःशुल्क शिक्षाका लागि परिचयपत्रलाई अनिवार्य गरिएको छ ।
- यातायातमा ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ ।
- आन्तरिक हवाई उडानमा ५० प्रतिशत भाडा छुटको व्यवस्था छ ।
- आयकरमा विशेष छुटको व्यवस्था गरिएको छ ।
- अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्रीमा जिल्ला प्रशासन कार्यालयको सिफारिसमा भन्सार छुटको व्यवस्था छ ।
- रोजगारीमा परिचयपत्रको आधारमा प्राथमिकता निर्धारण गर्ने कार्यको थालनी भएको छ ।
- लोकसेवा आयोगबाट लिइने परीक्षामा ५ प्रतिशत आरक्षणको व्यवस्था ऐनद्वारा नै गरिएको छ ।
- सरकारी अस्पतालमा उपचारको सुविधालाई व्यावहारिक बनाउने प्रयास भएको छ ।
- सेवा लिने कुनै पनि स्थानमा प्राथमिकता क्रममा अग्रपङ्क्तिको अधिकार सुनिश्चित गराउने अभ्यास लागु

भएको छ ।

माथि उल्लिखित विभिन्न सुविधाहरू हुँदाहुँदै पनि अपाङ्गता भएका व्यक्ति स्वयं यो परिचयपत्रको बहुउपयोगितालाई बेवास्ता गरी केवल भत्ताका लागि रातो परिचयपत्र लिन लालायितदेखिन्छन् । रातो कार्डको परिभाषाले व्यक्तिको शारीरिक तथा मानसिक प्रणालीहरूमा भएको कार्यगत विचलनका कारण अरुको सहारा लिएर पनि दैनिक जीवन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरू, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू, पूर्ण रूपमा श्रवण र दृष्टिविहीन व्यक्तिहरू तथा आफैं हलचल गर्न नसक्नेगरी पूर्ण रूपमा अशक्त भई अपाङ्गता भएका व्यक्तिहरूलाई 'क' वर्गको अपाङ्गताको परिचयपत्र वितरण गर्ने व्यवस्था छ । तर शिक्षित र पढेलेखेका व्यक्तिहरूले समेत रातो परिचयपत्र लिनको लागि राजनीतिक रूपमा दवाब दिने र झुठा विवरण पेश गर्ने गरेको पाइएको छ । कतिपयले त रोजगारमा संलग्न हुँदाहुँदै पनि भत्ता पनि लिएकोदेखिन्छ । त्यसैगरी यो परिचयपत्र लिनका लागि सामान्य रूपमा शारीरिक क्षति अर्थात् औँला छोटो भएको बाङ्गिएको एउटा औँला नभएका केही हदसम्म सामान्य अवस्था भन्दा फरकदेखिने व्यक्तिको पनि उत्तिकै मोहदेखिन्छ । त्यसैगरी मुटु रोगी मृगौला रोगी पाठेघरको समस्या हुने जस्ता रोगबाट ग्रस्त व्यक्तिहरूको पनि अपाङ्गता परिचयपत्र लिने दौडमा लागेका छन् । अझ लोकसेवा आयोगबाट लिइने परीक्षामा आरक्षण भएका कारण उक्त अवसरलाई आफ्नो हातमा पार्न परिभाषा बाहेकका व्यक्तिहरू हरसम्भव प्रयासरतदेखिन्छन् । यतिसम्म की कुनै दुर्घटनामा परी स्टीलका पाता लगाएका व्यक्तिसमेत यो परिचयपत्र लिई जागिर पाउन सफल भएका छन् । यस्तो गलत प्रवृत्तिका कारण वास्तविक अपाङ्गता भएका व्यक्ति जो समाजमा बल्ल आफ्नो पहिचान बनाउन थालेका, राज्यको सीमित स्रोतसाधनमा पहुँच खोजिरहेका, आत्मनिर्भर भई बाँच्ने सपना साँचेका व्यक्तिहरू भने यस्ता अवसरबाट बञ्चित हुन पुगेका छन् । इमान्दार भएर सोचौँ यी सबै काम सही छन् त ? अपाङ्गता परिचयपत्र लिने बहानामा कतै अरुको भाग पो खोसिरहेका छ कि ? रातो परिचयपत्र लिँदा वा अनावश्यक रूपमा परिचयपत्रको प्रयोग गर्दा आफूभन्दा पनि गम्भीर अपाङ्गता भएका नागरिकहरूको भाग हरण गरिरहेका छौँ कि ?

हो अपाङ्गता भएका व्यक्तिहरू पनि देशका असल नागरिक हुन सक्छन् । सही ठाउँ पाउन सके राष्ट्रलाई योगदान दिन सक्छन् । अवसर र उचित वातावरण पाए भने उदाहरणीय व्यक्ति बन्न सक्छन् । त्यसैले रातो कार्ड लिएर राज्यलाई आर्थिक बोझ थप्ने र कमजोर अपाङ्गता भएका व्यक्तिहरूको भाग खोस्ने प्रवृत्ति रोकिनुपर्छ । क्षमताको प्रदर्शन गरी आफ्नो योगदानको कमाइ खान सिक्नुपर्छ । पहिचान अधिकार हो तर यसलाई दुरूपयोग गर्नु दण्डनीय हुन्छ । कोही कसैले दण्डको भागी नबनी सक्षम बन्ने बाटो रोजौँ । राज्यले पनि अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणको लागि उपयुक्त वातावरण निर्माण गर्नुपर्छ नै । सम्भव के छैन र दुबै हातखुट्टा नचल्ने व्यक्तिसमेत मुखले कलम च्यापेर लेख्न सक्ने भएका छन् । खुट्टाले लेखेर साहित्यिक आकाशलाई फराकिलो बनाउँदै गरेकी झमक कुमारी हाम्रै सामु छिन् । निजामती सेवामा समेत खुट्टाले लेखेर प्रवेश गरिसकेकी सुशीला अर्की उदाहरण हुन् । यी अपाङ्गता भएका यी व्यक्तिहरू संघर्षका धेरै यात्राहरू पार गरेर, चुनौतीका असङ्ख्य पहाडहरू उक्लिएर आफूलाई राष्ट्रको योग्य नागरिकका रूमा स्थापित गर्न सफल भएका छन् । जसलाई समाज र राष्ट्रका उदाहरणीय पात्रका रूपमा लिन सकिन्छ । अपाङ्गता भएका व्यक्तिलाई देशको विकासको मूल प्रवाहमा ल्याउने सवालमा राज्यको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले अपाङ्गता परिचयपत्रको उपयोगितालाई अपाङ्गताको गम्भीरता बमोजिम बनाउँदै जान र अपाङ्गता भएका व्यक्तिको सामाजिक सुरक्षाको लागि उचित वातावरण तयार गर्न राज्य सशक्त रूपमा लाग्नुपर्छ ।

*लेखक महिला तथा बालबालिका विभागमा कार्यरत हुनुहुन्छ ।*

# अपांगता र नेपालमा अपांगता भएका व्यक्तिहरूको अवस्था

निम राज भट्टराई

**परिभाषाः**

अपांगतालाई दुई दृष्टिकोणबाट हेरिन्छ । पहिलो, व्यक्तिको शारिरिक प्रणालीमा रहेको कुनै समस्या वा यसबाट श्रृजित सीमितता र दोस्रो, वातावरणीय पक्षहरुले पुऱ्याउने अवरोध । अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, २००६ मा अपांगता सम्बन्धी वृहत्तर परिभाषा उल्लेख नभए पनि यसको उदेश्यमा अपांगता भएको व्यक्ति भन्नाले दीर्घकालिन अशक्तताद्धारा सृजित शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रीय सम्बन्धी कमजोरी तथा तिनको विभिन्न अवारोधहरुसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगबाट सहभागी हुन बाधा भएको व्यक्ति समेतलाई जनाउने भनिएको छ। नेपालमा अपांग संरक्षण तथा कल्याण ऐन, २०३९ मा अपांगतालाई परिभाषित गरिएको थियो । तर सो ऐनको परिभाषा अपांगता भएका व्यक्तिका अधिकारका दृष्टिकोणले मर्यादित र आत्मसम्मानपूर्ण नभएकाले नेपाल सरकारले २०६३ भाद्र २० गतेको नेपाल राजपत्रमा प्रकाशन गरी अपांगतालाई परिभाषित गरेको हो । यस अनुसार शरीरका अंगहरु र शारीरिक प्रणालीमा भएको समन्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सृजना भएको अवरोध समेतले दैनिक कियाकलाप सामान्य रुपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाई हुने अवस्था अपांगता हो । यसरी अपांगताका सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा गरिएका परिभाषाहरुले यसलाई शारीरिक रुपमा भएका सिमितता तथा दृष्टिकोणजन्य, संस्थागत, भौतिक तथा सञ्चारजन्य अवारोधबाट अपांगता सृजना हुने भनी परिभाषित गरिएको छ । यसलाई तलको चित्रबाट प्रष्ट्याउन सकिन्छ ।



अपांगता बिभिन्न शारीरिक, मानसिक वा इन्द्रीयसम्बन्धी विचलन, क्षति वा भिन्न अवस्था भएका व्यक्तिहरु र वातावरणबाट सृजना हुने बिभिन्न अवरोधहरुवीच हुने अन्तरक्रियाको परिणाम हो । मानिसको गर्भावस्थामा हुने समस्या, जन्मको क्रममा र जन्मपछि आइपर्ने दुर्घटना, रोग, विपद, द्धन्द्ध आदिका कारणबाट शारीरिक वा मानसिक रुपमा क्षति वा विचलन भई अपांगताको सृजना हुन्छ ।

**नेपालमा अपांगता भएका व्यक्तिहरुको जनसंख्याः**

विश्व स्वास्थ्य संगठन र विश्व बैंक जस्ता अन्तर्राष्ट्रिय संस्थाहरुले कुल जनसंख्याको करिब १५ प्रतिशतमा कुनै न कुनै किसिमको अपांगता हुने प्रतिवेदनहरुमा उल्लेख गरेको पाईन्छ । तर नेपालको राष्ट्रिय जनगणना, २०६८ ले यो संख्या १.९४ प्रतिशत मात्र रहेको देखाएको छ । यो संख्या कूल जनसंख्या २६४९४५०४ मध्य ५१३३२१ हो । लिंगका आधारमा हेर्दा अपांगता भएका महिला जनसंख्या २३३२३५ र पुरुष जनसंख्या २८००८६ रहेको छ । यो संख्या कूल जनसंख्याको क्रमशः ०.८८ प्रतिशत र १.०६ प्रतिशत हो । अपांगताको जनसंख्या मात्रमा महिलाको संख्या ४५ प्रतिशत र पुरुषको संख्या ५५ प्रतिशत हुन आउछ ।

अन्तराष्ट्रियस्तरको आंकलन र नेपालको तथ्यांकबीच यती ठूलो अन्तर देखिनुका पछाडी अपांगताको परिभाषामा रहेको भिन्नता एक प्रमुख कारण रहेको छ । अपांगतालाई देखाउन नचाहने सामाजिक प्रवृत्ति र परिवेश एवं तथ्यांक संकलनको प्रश्नावलीमा रहेको सिमितताले पनि सबै अपांगता भएका व्यक्तिहरु समेटिन नसकेको हो ।

**अपांगताको वर्गिकरण र परिचयपत्रः**

नेपालमा अपांगता भएका व्यक्तिहरुलाई वि.सं. २०५७ बाट परिचयपत्र उपलब्ध गराउन थालिएको हो । वर्गिकरण सहितको परिचयपत्र भने अपांगता परिचय पत्र वितरण निर्देशिका, २०६५ मा जारी भए पश्चात महिला तथा बालबालिका कार्यालयहरु मार्फत दिन थालिएको हो । नेपाल सरकारले २०६३ मा नेपाल राजपत्रमा प्रकाशित गरी शारीरिक अंगहरु र शारीरिक प्रणालीमा भएको समस्या एवं कठिनाईको प्रकृति अनुसार अपांगतालाई निम्नबमोजिम सात प्रकारमा वर्गिकरण गरेको छः

१. शारीरिक अपांगता
२. दृष्टिसम्बन्धी अपांगता
   क) दृष्टिबिहिनता
   ख) न्यून दृष्टियुक्त
३. सुनाईसम्बन्धी अपांगता
   क) बहिरा
   ख) सुस्त श्रवण
४. श्रवण दृष्टिविहिनता
५. स्वर र बोलाईसम्बन्धी अपांगता
६. मानसिक अपांगता
   क) बौद्धिक अपांगता/सुस्त मनस्थिति
   ख) मानसिक अस्वस्थता
   ग) अटिज्म

७. बहुअपांगता

अपांगताको मात्रा वा गम्भिरताका आधारमा निम्नबमोजिमको चार प्रकारमा वर्गिकरण गरी चारै प्रकारको परिचयपत्र उपलब्ध गराउने गरिएको छः

१. पूर्ण अशक्त अपांगता 'क' वर्ग
२. अति अशक्त अपांगता 'ख' वर्ग
३. मध्यम अपांगता 'ग' वर्ग
४. सामान्य अपांगता 'घ' वर्ग

यसै आधारमा नेपाल सरकारले पूर्ण अशक्त र अति अशक्त अपांगता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा भत्ता मासिक रुपमा उपलब्ध गराउदै आएको छ । महिला तथा बालबालिका कार्यालयहरुबाट निम्नबमोजिमको संख्यामा परिचयपत्र वितरण गरिएको छः

| वर्ग | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| क(रातो परिचयपत्र) | १४९९७ | १९९३७ | ३४९३४ |
| ख(नीलो परिचयपत्र) | २७००९ | ३७८९९ | ६४९०८ |
| ग(पहेंलो परिचयपत्र) | २६३७८ | ३८४२१ | ६४७९९ |
| घ(सेतो परिचयपत्र) | १८६७७ | २६५९५ | ४५२७२ |
| **कुल जम्मा** | **८७०६१** | **१२२८५२** | **२०९९१३** |

*श्रोतः महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय*

**अपांगतासम्बन्धी कानूनी व्यवस्थाः**

वि.सं. २०३९ सालमा अपांग संरक्षण तथा कल्याण ऐन लागू गरियो । तर यसको नियमावली १२ बर्षपछि अर्थात २०५१ मा मात्र जारी गरिदा ऐनमा भएका कतिपय व्यवस्थाहरु कार्यान्वयन हुन सकेनन् । नेपालले अपांगता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि, २००६ अनुमोदन गरिसको छ । यस पश्चात अपांगता भएका व्यक्तिको अधिकार प्रवर्द्धनका लागि कानूनी व्यवस्थाहरुको सुधारले केही तिव्रता पाएको छ । नेपालको संविधान, २०७२ मा अपांगता भएका व्यक्तिको सामाजिक सुरक्षा, शिक्षामा पहुँच र राजनैतिक प्रतिनिधित्वका लागि गरिएका व्यवस्थाहरु उत्साहजनक छन् । साथै अपांग संरक्षण तथा कल्याण ऐनलाई विस्थापित गर्न अन्तराष्ट्रिय महासन्धी र यसको इच्छाधिन आलेख लगायत अन्तराष्ट्रिय प्रतिवद्धता समेतको कार्यान्वयन हुने गरी अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐनको विधयेक तयार भई संसदमा विचाराधिन रहेको छ ।

अपांगताको विषयमा बिभिन्न क्षेत्रगत कानूनहरुमा समेत व्यवस्था गरिएको छ । यसका साथै क्षेत्रगत मन्त्रालयहरुबाट समेत बिभिन्न नीति, नियम, निर्देशिका तथा कार्ययोजनाहरु कार्यान्वयन गरिएका छन् । अपांगताको क्षेत्रमा विद्यमान कानूनहरु निम्न बमोजिम छन्ः

१. अपांगता संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१ (नयाँ विधयेक संसदमा बिचाराधिन रहेको)

२. निजामती ऐन,२०४९(अपांगता भएका व्यक्तिहरुलाई ५प्रतिशत आरक्षण)
३. बिशेष शिक्षा नीति, २०७३
४. अपांगतासम्बन्धी राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ (नयाँ नीति तथा कार्ययोजनाको मस्यौदा तयार भएको)
५. अपांगता परिचयपत्र वितरण निर्देशिका, २०६५
६. सि.बि.आर. (समुदायमा आधारित पुनर्स्थापना) निर्देशिका, २०६८
७. अपांगता भएका व्यक्तिहरुका लागि पहँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९
८. अपांगलाई आर्थिक सहायता सम्बन्धी निर्देशिका(शान्ति तथा पुन:निर्माण मन्त्रालय)
९. विशेष शिक्षा संचालन सम्बन्धी निर्देशिका, २०६०
१०. अपांगता भएकाव्यक्तिहरुलाई आन्तरिक हवाई यात्रामा दिइने छुट वा सहुलियत सम्बन्धी कार्यविधि, २०६३

अपांगता भएका व्यक्तिहरुका लागि विभिन्न व्यवस्था र सुविधाहरुको व्यवस्था गर्न बनेका माथि उल्लिखित ऐन नियमका अतिरिक्त स्थानीय स्वायत्त शासन ऐन, शिक्षा ऐन, स्वास्थ्य सेवा ऐन, आयकर ऐन, प्रेस काउन्सिल ऐन, खेलकुद विकास ऐन, प्रहरी नियमावली, सशस्त्र प्रहरी नियमावली लगायतमा बिशेष सेवा सुविधा र आरक्षणको प्रवन्ध गरिएको छ ।

**बिशेष सेवा सुविधाहरु:**

नेपाल सरकारले अपांगता भएका व्यक्तिहरुका लागि उपलब्ध गराउदै आएका प्रमुख सेवा सुविधाहरु निम्न बमोजिम रहेका छन्:

१. **नि:शुल्क शिक्षा र छात्रावृत्ति**: सामुदायिक शिक्षण संस्थाहरुमा अपांगता भएका विद्यार्थिहरुका लागि नि:शुल्क शिक्षाको व्यवस्था गरिनुका साथै अपांगताको गम्भिरता र शिक्षण संस्थासम्मको दुरीका आधारमा छात्रावृत्तिको समेत व्यवस्था गरिएको छ ।
२. **नि:शुल्क स्वास्थ्य सेवा**: अपांगता भएका व्यक्तिहरुका लागि सरकारी अस्पत्तालहरुमा नि:शुल्क स्वास्थ्योपचारको व्यवस्था छ ।
३. **भाडामा छुट र सिट आरक्षण**: आन्तरिक हवाई भाडा र सार्वजनिक सवारी साधनमा ५० प्रतिशत छुटको व्यवस्थाका साथै १५ सिट वा सो भन्दा बढी सिट क्षमताका सार्वजनिक यातायातका साधनमा दुई सिट अपांगता भएका व्यक्तिका लागि आरक्षण गर्ने प्रावधान रहेको छ ।
४. **चारपांग्रे स्कुटर र सहायक सामग्री खरिदमा कर छुट**: अपांगता भएका व्यक्तिले चलाउन मिल्ने बिशेष प्रकारको चारपांग्रे स्कुटरको खरिद गर्दा तिर्नुपर्ने भन्सार महशुल छुट दिईएको छ । त्यसै गरी अपांगता भएका व्यक्तिहरुको प्रयोजनका लागि(व्यापारीक प्रयोजन बाहेक) खरिद गरिने सहायक सामग्रीमा कर छुट दिइदै आएको छ ।
५. **आयकरको दायरा वृद्धि**: अपांगता भएका व्यक्तिका लागि आयकरको दायर अन्य व्यक्तिको तुलनामा ५० प्रतिशतले फराकिलो बनाईएको छ ।
६. **नि:शुल्क सहायक सामग्री तथा शैक्षिक सामग्री**: सरकारले अपांगता भएका व्यक्तिहरुको पहुँच तथा गमनशिलता बढाउन आवश्यक पर्ने ह्वीलचियर, बैशाखी, सेतो छडी, श्रवण यन्त्र, कृतिम

हात खुट्टा लगायतका सहायक सामग्रीहरु बिभिन्न संघ संस्थाहरु मार्फत निःशुल्क उपलब्ध गराउदै आएको छ । त्यसैगरी दृष्टिविहिन बालबालिकाहरुका लागि ब्रेल पुस्तक, बडियो पुस्तक तथा ब्रेल सामग्रीहरु निःशुल्क वितरण गर्दै आएको छ ।

७. **सार्वजनिक सेवामा आरक्षण**: निजामती सेवा लगायत अन्य सावजनिक सेवाहरुको खुला प्रतिस्पर्धात्मक परीक्षाबाट पूर्ति गरिने पदहरुमा आरक्षित सिटहरु मध्ये पाँच प्रतिशत सिट अपांगता भएका व्यक्तिहरु बीचमात्र प्रतिस्पर्धा हुनेगरी आरक्षित गरिएको छ ।

८. **परीक्षामा सहयोगी राख्ने तथा समय थपको व्यवस्था**: दृष्टिबिहिन तथा हातमा समस्या भई आफै लेख्न नसक्ने व्यक्तिहरुका लागि सहयोगी लेखक राख्न पाउने तथा समय थप हुने समेत व्यवस्था गरिएको छ । यो व्यवस्था विद्यालय/विश्वविद्यालय स्तरको परीक्षा एवं लोक सेवा आयोग लगायतले संचालन गर्ने प्रतिस्पर्धात्मक परीक्षाहरुमा लागू गरिएको छ ।

९. **आवाशीय पुनर्स्थापना सेवा**: आर्थिक बर्ष २०७२/७३ देखि पूर्ण अशक्त अपांगता भएका विपन्न र बेसाहारा व्यक्तिहरुका लागि दीर्घकालिन आवाशीय पुनर्स्थापना सेवा दिन थालिएको छ । यो सेवा हाल काठमाडौं र कञ्चनपुरमा गरी दुई स्थानमा संचालन भईरहेको छ ।

अपांगता भएका व्यक्तिहरुको आवश्यकतालाई ध्यान दिई सार्वजनिक भौतिक संरचनाहरु पहुँचयुक्त बनाउन शुरु गरिएको छ । केहि टेलिभिजनहरुबाट प्रशारण हुने समाचार तथा अन्य कार्यक्रमहरुमा दोभाषेको व्यवस्था गरी बहिरा व्यक्तिहरुको संचारमा पहुँच वृद्धि गरिएको छ । सार्वजिनक सवारी साधनहरुलाई अपांगता मैत्री बनाउन शुरुवात भएको छ ।

**समस्याहरुः**

- सांकेतिक भाषा दोभाषेको उपलब्धताको कमी भएकाले बहिराहरुका लागि सेवा प्रवाहमा समस्या हुने गरेको छ ।
- अपांगताको प्रकृतिभित्र विविधता धेरै भएको र पहिचान गर्ने प्रविधी तथा जनशीक्तको अभावमा अपाङ्ग परिचयपत्र वितरणमा द्विविधा हुने गरेको छ ।
- परिचय पत्र तथा अन्य सम्बन्धी तथ्यांक अद्यावधिक गर्ने सफ्टवेयर नभएका कारण सूचना व्यवस्थापनमा चुस्त हुन सकेको छैन ।
- सार्वजिक निकायका कार्यालय भवन र शौचालय अपांगता मैत्री नहुँदा अपांगता भएका व्यक्तिहरुले सेवा सुविधा सहजरुपमा प्राप्त गर्न सकेका छैनन् ।
- अपांगता भएका व्यत्तिहरुलाई घरमा लुकाएर राख्ने चलन अझैपनि रहनुले उपचार, सुधार तथा पहुँचको अधिकारबाट उनीहरु वञ्चित रहनुपर्ने अवस्था छ ।
- अपांगता भएका व्यक्तिहरुको आर्थिक सशक्तिकरणमा उचित ध्यान पुग्न सकेको छैन ।
- सीबीआर कार्यक्रमको क्षेत्र व्यापक रहेको तर कार्यक्रम सञ्चालन बजेट अत्यन्त कम भएकाले अपेक्षित नतिजा प्राप्त गर्न सकिएको छैन ।
- अपांगताको क्षेत्रमा काम गर्ने संघसंस्थाहरु सुगम क्षेत्र केन्द्रित हुने गरेकाले दुर दराजको अपांगता भएका व्यक्तिहरुको चेतना वृद्धि, सशक्तिकरण र जीविकोपार्जनका बिषयहरु ओझलमा परेका छन् ।
- अपांगता भएका व्यक्तिहरुको रोजगारीका लागि गरिएको आरक्षणमा अपांगता अनुसारको

बिशिष्टिकरण हुन नसक्दा वास्तविक वर्गको समावेशिकरण हुन सकेको छैन ।

- सहयोगी सेवाको व्यवस्था नहुदा पूर्ण तथा अति अशक्त अपांगता भएका व्यक्ति र उनका परिवारको गमनशिलता, सामाजिकिकरण एवं जीविकोपार्जनमा समस्या परेको छ ।

**निष्कर्ष:**

अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि अनुमोदन गर्नु, अधिकारका दृष्टिकोणबाट नयाँ ऐनको प्रकृया अगाडि बढ्नु तथा शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रगत बिषयमा बिभिन्न कानूनी प्रवन्ध गरिनुले कानूनी दृष्टिबाट महत्वपूर्ण विकास भएको छ । अपांगता भएका व्यक्तिहरुको पहिचानका लागि वर्गिकरणका साथै गम्भिरताको आधारमा परिचयपत्र दिने व्यवस्थाले उनीहरुले प्राप्त गर्ने सेवा सुविधा वितरणमा सहजता आएको छ । आरक्षणको व्यवस्थाले सार्वजनिक निकायहरुमा उनीहरुको प्रतिनिधित्व वृद्धि हुदै गएको छ । नयाँ बन्ने सार्वजनिक भौतिक संरचनाहरु अपांगता मैत्री बनाउन थालिएको छ ।

कानूनी व्यवस्था मजबुद हुदाहुदै पनि कार्यान्वयन पक्ष कमजोर रहनु र श्रोत साधनको पर्याप्त व्यवस्था नहुदा अपांगता अधिकार प्रवर्द्धनका लागि गरिएका प्रयासहरुले अपेक्षित परिणम दिन सकेका छैनन् । अन्य व्यक्ति सरह उनीहरुलाई स्वाबलम्बी र आत्मनिर्भर बनाउन सबै क्षेत्र र तहबाट संचालन हुने कार्यक्रममा अपांगताको बिषयलाई मूलप्रवाहीकरण गरी स्वरोजगार, सीपविकास र सशक्तिकरणमा जोड दिनुपर्ने आवश्यकता छ ।

■■■

*(लेखक महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा शाखा अधिकृत पदमा कार्यरत हुनुहुन्छ ।)*

# अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ कार्यानव्यनको अवस्थाः सन्दर्भ नेपालको

सुदर्शन सुवेदी

**भूमिका :**

अपाङ्गताको सवाललाई अन्तर्राष्ट्रिय जगतमानै संवेदनशीलका साथ प्रमुख मुद्दाको रूपमा हेरिन थालेको धेरै समय भने भएको छैन। संसारभरि इतिहासको प्रारम्भदेखि दया र भाग्यवाद र करुणाको रूपमा हेरिने अपाङ्गताको सवाल क्रमश: परिवर्तन हुँदै अधिकार र विकासको सवालको रूपमा परिभाषित हुन थाल्यो । जसको कारणले अपाङ्गताको सङ्ख्यामा सधै अनुमानको भरमा भन्नु पर्ने अवस्थाको सिर्जना भयो । विश्वमा अपाङ्गताको सङ्ख्या खन्डीकृत खन्डीकृत रूपमा कति छन् भन्ने नभए पनि हाल करिव ६ करोड ५० लाख भन्दा बढीको सङ्ख्यामा अपाङ्गता भएका मानिसहरू संसारभरि बसोवास गर्दछन् भन्ने संयुक्त राष्टसंघको भनाइ रहेको छ। यसो हेर्दा यो तथ्याङ्क निकै अपत्यारिलो लाग्न सक्छ तर सत्य यही हो।

अपाङ्गता र गरिवीको प्रत्यक्ष सम्बन्ध छ भन्ने कुरा विभिन्न तथ्याङ्कहरूले देखाएका छन्। हामी अपाङ्गता र गरिवीको कुरा गर्दा संसारका कुल मानिसहरूमा करिव २० प्रतिशत गरिवी भोग्ने मानिसहरू अपाङ्गता भएका व्यक्तिहरू नै पर्न आउदँछन्। अहिले पनि विश्वभरि ९८ प्रतिशत अपाङ्गता भएका बालबालिका विद्यालय जाँदैनन्। जसको ठूलो सङ्ख्या विकासोन्मुख र अल्पविकसित राष्ट्रमा छ। संसारमा जन्मने कुल बालबालिकाहरूमध्ये ३० प्रतिशत बालबालिका कुनै न कुनै किसिमको अपाङ्गता लिएर बाँच्ने गर्दछन्। अपाङ्गता भएका व्यक्तिहरूमा प्रौढ साक्षरता ३ प्रतिशत भन्दा कम छ। यी सबै सवालमा लामो समय सम्म विश्व समुदाय बेखवर भयो।

दोस्रो विश्वयुद्धपश्चात् विस्तारै अपाङ्गताको क्षेत्रमा घाइते सैनिकहरूलाई उपचारको सुरुवात गर्ने क्रममा अपाङ्गताको सवालले प्राथमिकता पायो। तत्कालीन अपाङ्गता क्षेत्रका सरोकारवालाहरू र केही जानकार अपाङ्गता भएका व्यक्तिहरूले माथि उल्लिखित कहालीलाग्दो अवस्थामा परिवर्तन ल्याउन विश्वसमुदायले साझा प्रतिबद्धता जाहेर गरी संसारभरि नै कार्य गर्नुपर्ने भन्ने आवाज उठ्न थाल्यो। संयुक्त राष्ट्रसंघ स्वयंले पनि सन् १९६० को दशकदेखि मात्र यो सवाललाई अत्यन्तै संवेदनशीलताकासाथ हेरी कार्यको थालनी गरेको पाइन्छ। सबैभन्दा पहिला बौद्धिक अपाङ्गता भएका व्यक्तिहरूका लागि १९६० मा एक घोषणापत्र जारी गरिएको थियो। अपाङ्गता सवाललाई अन्तर्राष्ट्रिय जगतले संस्थागत रूपमा सम्बोधन गर्न थालेको यो पहिलो पटक हो भनी जानकारहरू बताउँदछन्।

**महासन्धिको महसुस र सुरुवात:**

सन् १९९२ मा संयुक्त राष्ट्रसंघको महासभाले अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित विश्व कार्यक्रम पारित गर्यो। सन् १९८२देखि १९९२ को दश वर्षको समय सीमा तोकी अपाङ्गता भएका व्यक्तिहरूको दशक घोषणा गरी कार्यान्वयनमा ल्याइयो। अपाङ्गता दशक र विश्व कार्यक्रमको समिक्षाका लागि सन् १९८२ मा स्विडेनको स्टकहोममा भएको पहिलो अन्तर्राष्ट्रिय समीक्षाको समयमा विश्वभरि अपाङ्गताको सवालमा एकै किसिमको प्रगति हुन नसकेको

कारणले गर्दा अपाङ्गताको सवालमा महासन्धिको आवश्यकताको महसुस गरियो । सन् १९९१ मा संयुक्त राष्ट्रसंघले मानसिक स्वास्थ्य उपचार सम्बन्धी सिद्धान्त अंगिकार गर्यो । यसैगरी १९९३ मा संयुक्त राष्ट्रसंघको महासभाले अपाङ्गता भएका व्यक्तिहरूको अवसरको समानिकरण सम्बन्धी प्रमाणिक नियमहरू पारित गर्यो ।

अपाङ्गताको सलालाई मुल प्रवाहीकरणमा ल्याउन सबै अधिकारलाई एकतृत गरी कार्यान्वयनको लागि बाध्यात्मक परिस्थिको सिर्जना गर्नका लागि अपाङ्गता सम्बन्धी महासन्धि तयार गर्न सन् २००१ मा महासन्धि मस्यौदा समिति गठन भयो । उक्त समितिले सन् २००२ मा पहिलो बैठक बसी महासन्धिको खाका तयार पार्‍यो । यस समितिको आठौं बैठकले २५ अगस्ट २००६ मा महासन्धि र महासन्धिको ऐच्छिक आलेखको अन्तिम मस्यौदा पारित गरी संयुक्त राष्ट्रसंघमा औपचारिक रूपमा मस्यौदा पेश गर्यो । संयुक्त राष्ट्रसंघको महासभाबाट १३ डिसेम्वर २००६ मा महासन्धि र ऐच्छिक आलेख सर्वसम्मत बाट पारित भई ३० मार्च २००७ बाट महासन्धि हस्ताक्षर र अनुमोदनका लागि संयुक्त राष्ट्रसंघको न्युयोर्क स्थित मुख्यालयमा खुल्ला गरियो र यो कार्यान्वयनमा आयो ।

**महासन्धिमा भएका मुख्य व्यवस्थाहरू:**

यस महासन्धिमा ५० वटा धारा छन् भने ऐच्छिक आलेखमा १८ धारा रहेका छन् । महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूलाई नयाँ अधिकार सिर्जना गर्नुभन्दा पनि यसभन्दा अगाडि घोषित र कार्यान्वयनमा आएका मानव अधिकारका दस्तावेजहरूलाई बाध्यात्मक बनाएको छ । त्यसैले यस महासन्धिलाई एक्काइसौं सताव्दीको मानव अधिकार सम्बन्धी नवीनतम दस्तावेज भनिएको छ । महासन्धिका सिद्धान्तहरू निम्न अनुसार रहेका छन् ।

- नैसर्गिक, मर्यादा र आफ्नो विषयमा निर्णय गर्न पाउने स्वतन्त्रता सहितको स्वशासन र व्यक्तिको स्वतन्त्रताको सम्मान,
- गैरभेदभाव,
- समाजमा पूर्ण र प्रभावकारी सहभागिता र समावेशीकरण,
- मानवीय विविधता र सम्पूर्ण मानवताको एक भागको रूपमा अपाङ्गता भएका व्यक्तिहरूको फरक क्षमताको सम्मान तथा स्विकारोक्ति,
- अवसरमा समानता,
- पहुँचयुक्तता,
- महिला र पुरुषबीचमा समानता र
- अपाङ्गता भएका बालबालिकाहरूको क्रमिक रूपले विकसित क्षमता तथा उनिहरूको आफ्नो पहिचानको संरक्षण गर्न पाउने अधिकार माथीको सम्मान ।

मुख्य गरी महासन्धिले अपाङ्गता भएका व्यक्तिहरूलाई प्रष्ट रूपमा दिएका अधिकारहरूमा भेदभावरहित ढङ्गले कानुनका अगाडि समानता, व्यक्तिको जीवन, स्वाधीनता र सुरक्षाको अधिकार,कानुन र कानुनी क्षमताको अगाडि समान मन्यता ,यातनाबाट मुक्ति, शोषण, हिंसा र दुर्व्यवहारबाट उन्मुक्ति, शारीरिक र मानसिक अखण्डताको सम्मानको अधिकार, गमनशिलता (हिंडडुल) राष्ट्रियताको स्वत्न्त्रता, समुदायमा बसोवास गर्न पाउने अधिकार, विचार अभिव्यक्तिको स्वत्नत्रता,गोपनीयताको सम्मान,घर तथा परिवारप्रतिको सम्मान, शिक्षाको अधिकार,कामको अधिकार,उचित जीवन स्तरको अधिकार, राजनीतिक र सार्वजनिक जीवनमा भाग लिन पाउने अधिकार, सांस्कृतिक जीवनमा भाग लिने अधिकार , व्यक्तिगत स्वतन्त्रता र छनौटको अधिकार तथा स्वालम्वनजीवन पद्धतीमा बाँच्न पाउने जस्ता अधिकारलाई मुख्य रूपमा लिएको छ ।

**महासन्धि कार्यानवयनमा राज्यको दायित्व :**

नेपाल सरकारले यस महासन्धिलाई कार्यान्वयन गर्न प्रतिबद्धता जाहेर गर्दै पक्ष राष्ट्र बन्ने प्रतिबद्धता सहित ३ जनवरी २००८ मा हस्ताक्षर गरी मे ७, २०१० मा औपचारिक रूपमा अनुमोदन गरेको थियो। सरकारका तर्फबाट महासन्धि कार्यान्यवनको के कस्तो प्रगति भयो भन्ने सन्दर्भमा सन् २०१४ मा ओयचसियचआर जेनेभामा सरकारको प्रतिवेदन पेश गरिसकेको छ।

महासन्धि पारित गरिसकेपछि राज्यले आफ्नो तर्फबाट दायित्वरहरू बहन गर्नु पर्ने हुन आउँदछ। महासन्धिमा उल्लेख भएको सो दायित्व अन्तर्गत पक्ष राष्ट्रहरूले अपाङ्गता भएका व्यक्तिहरूको अवसरको समानताको सुनिश्चितता गर्दै अपाङ्गता अनुसारका सेवा सुविधा र अधिकारहरू प्रदान गर्दै कानुनका अगाडि समानताको सिद्धान्त अवलम्बन गर्नेछन्। भविश्यमा बन्ने कानुनहरूलाई अपाङ्गतामैत्री बनाउने र पहिल्यै बनिसकेका कानुनहरूलाई क्रमशः अपाङ्गतामैत्री बनाउन घरेलुकरण गर्नु पर्ने कुरा राज्यकको दायित्त अन्तर्गत रहेका छन्। यसै गरी महासन्धि कार्यान्यवन गर्न राज्य सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ धारा ३३ अनुसार राष्ट्रिय स्तरमा कार्यान्वयन र अनुगमनको सुनिश्चित गर्नु पर्दछ। जसका लागि अनुगमन संयन्त्र तयार गर्नु पर्दछ।

महासन्धि कार्यान्वयन गर्न सरकारका तर्फबाट भएगरेका असल अभ्यास र प्रयासहरू :

नेपालमा अपाङ्गताको सवाललाई कानुनी रूपमा वि.सं.१९०४ सालको मुलुकी ऐन संशोधन भएबाट सम्बोधन भएको पाइन्छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र विकासलाई छुट्टै कानुनको आवश्यकताको महसुस गरा विक्रम संवत् २०३९ सालमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ निर्माण गरी कार्यान्वयनमा ल्याइयो। यो कानुन दक्षिण एशियामा नै पहिलो कानुन हो। यस कानुनलाई कार्यान्वन गर्न २०५१ सालमा मात्र आएर अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ निर्माण भई कार्यान्वयनमा आयो। यति मात्र नभई अपाङ्गताको सवाललाई नेपालको अन्तरिम संविधान, २०६३ ले पनि प्रमुख रूपमा सम्बोधन गरेको थियो। हाल विभिन्न २७ वटा कानुन अपाङ्गतासँग प्रत्यक्ष सम्बन्धित छन्। यसका अतिरिक्त अपाङ्गता भएका व्यक्तिहरूको संघ संस्थाहरूलाई सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन गर्न महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको तर्फबाट अनुदान दिने कार्यहरू हुँदै आएको थियो।

एउटा संयोग नै भन्नु पर्छ संसारमा बिरलै आउने अवसर नेपालमा प्राप्त भयो त्यो हो नेपालको संविधान २०७२ मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६ अनुसार थोरै सवाल भए पनि सम्बोधन हुन सम्भव भएको छ। महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले तयार पारेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७२ को विधेयक व्यवस्थापिका संसद्मा पारित हुन अन्तिम चरणमा रहेको छ। अपाङ्गता भएका व्यक्तिहरूको भौतिक पहुँच तथा सञ्चार निर्देशिका,२०६९ मन्त्रिपरषद्बाट पारित भई कार्यान्वयनमा आएको छ। शिक्षासम्बन्धी अधिकारलाई सम्बोधन गर्न विशेष शिक्षा नीतिलाई बिस्तापित गर्दै समावेशी शिक्षा नीति, २०७३ जारी भइसकेकको छ भने पछिल्लो समयमा संशोधन भई पारित भएको शिक्षा ऐनमा अपाङ्गता भएका बालबालिकाहरूको सवाल आंशिक रूपमा भने पनि सम्बोधन भएको छ। यसका अतिरिक्त सरकारले विभिन्न नीति नियम र निर्देशिकाहरू ल्याउने गृहकार्य गरिरहेको छ। हाम्रो जस्तो राजनीतिक अस्थिरता भएको देशमा सरकारका तर्फबाट महासन्धि कार्यानवयन गर्न जे जति प्रयासहरू भएका छन् ती प्रयासहरूलाई सकारात्मक र सन्तोषका रूपमा लिनु पर्दछ भनी सरोकारवाला र यस क्षेत्रका हकवालाहरू बताउँदछन्।

**नेपाल सरकारका बिभिन्न नियकाहरुबाट दिदै आएका सेवा सुविधाहरु जुन महासन्धी कार्यान्वयनको पक्षसँग सम्वन्धीत छन्** :

- सामाजिक सुरक्षा भत्ता

  *क वर्गमा पर्ने "पूर्ण अशक्त अपाङ्गता" लाई रातो परिचयपत्र प्रदान गरिन्छ। यो परिचयपत्र प्राप्त गर्ने*

अपाङ्गता भएको व्यक्तिले मासिक **२,००० (दुई हजार) रुपियाँ** सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दछ।
*ख वर्गमा पर्ने "अति अशक्त अपाङ्गता" भएको व्यक्तिलाई नीलो परिचयपत्र प्रदान गरिन्छ। यो परिचयपत्र प्राप्त गर्ने* अपाङ्गता भएको व्यक्तिले **मासिक ६०० (छ सय)** रुपियाँ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दछ।

- **हवाईजहाज भाडामा छुटको व्यवस्था**
  अपाङ्गता भएका व्यक्तिहरूलाई देशभित्र आन्तरिक हवाईजहाजमा यात्रा गर्दा तिर्नुपर्ने **भाडामा ५० प्रतिशत** छुटको व्यवस्था गरिएको छ। यो सुविधा लिनका लागि हवाईजहाजको टिकट खरिद गर्दा सम्बन्धित एयरलाइन्सको टिकट काउन्टरमा अपाङ्गता परिचयपत्र देखाएर खरिद गर्नुपर्छ।
- **सार्वजनिक सवारी साधनमा यात्रा गर्दा छुट**
  अपाङ्गता भएका व्यक्तिहरूलाई जमिनमा गुड्ने सार्वजनिक भाडाका सवारीसाधनहरूमा यात्रा गर्दा **५०प्रतिशत भाडा** छुटको व्यवस्था छ।
- **सार्वजनिक सवारीसाधनमा सिटको आरक्षण**
  १५ सिट वा त्यसभन्दा बढी क्षमता भएका सार्वजनिक भाडाका सवारीसाधनहरूमा अपाङ्गता भएका व्यक्तिहरूका लागि **२ वटा सिट आरक्षित** हुन्छन्।
- **चारपाङ्ग्रे स्कुटर खरिद गर्दा कर छुट**
  शारीरिक अपाङ्गता भएका व्यक्तिहरूले चलाउन मिल्ने विशेष प्रकारको चारपाङ्ग्रे स्कुटर (स्कुटरमा अरू दुइपाङ्ग्रा जोडेर तयार गरिएको) खरिद गर्दा तिर्नु पर्ने **भन्सारमा पूरै छुट दिने** व्यवस्था छ। यो सेवा लिनका लागि अपाङ्गता भएको व्यक्तिले आफूले परिचयपत्र लिएको जिल्ला प्रशासन कार्यालयबाट स्कुटर झिकाउन चाहेको भन्सार नाकाको लागि सिफारिस लिई आफैँ कम्पनीको डिलरमा गएर लिएर आउन वा कुनै स्कुटरको बिक्रीकक्षमार्फत झिकाउन पनि सकिन्छ।
- **आयकरमा छुट**
  अपाङ्गता भएका व्यक्तिहरूका लागि वार्षिक आयमा लाग्ने करको दायरा अन्य व्यक्तिहरूको **तुलनामा ५० प्रतिशतले** फराकिलो पारिएको छ।
- **सहायक सामग्री खरिद गर्दा भन्सार छुट**
  अपाङ्गता भएका व्यक्तिहरूले दैनिक हिँडडुलका लागि सहज बनाउन वा पठनपाठनमा प्रयोग गर्ने बैशाखी, ह्वीलचियर, क्यालिपर, सुन्नका लागि प्रयोग गरिने यन्त्र, म्याग्निफायर वा अक्षर ठूलो बनाएर पढ्न सकिने सीसा, कृत्रिम अङ्ग (जस्तैः कृत्रिम हात खुट्टा) आदि सहायक सामग्री र यस्ता सहायक सामग्री निर्माण गर्दा आवश्यक पर्ने कच्चापदार्थ आयात गर्दा वा त्यस्ता बनिबनाउ सामग्रीहरू आयात गर्दा **लाग्ने अन्तःशुल्क (कर)** नलाग्ने व्यवस्था गरिएको छ। तर, यो सुविधा व्यापारिक प्रयोजनको लागि भने उपलब्ध हुँदैन।
- **निःशुल्करूपमा उपलब्ध हुने सहायक सामग्री**
  अपाङ्गता भएका व्यक्तिहरूका लागि चाहिने सहायक सामग्रीहरू जस्तैः ह्वीलचियर, बैशाखी, सुन्नका लागि प्रयोग गरिने श्रवणयन्त्र, क्यालिपर, सेतोछडी, हिँड्न प्रयोग गरिने लौरो, वाकर, कृत्रिम हात वा खुट्टा आदि **निःशुल्करूपमा** नेपाल सरकारको निकाय राष्ट्रिय अपाङ्ग कोषले र नेपाल सरकार, महिला, बालबालिका कार्यालय वा सरकारी निकायको समन्वयमा केही गैरसरकारी निकायबाट वा पुनर्स्थापना केन्द्रबाट उपलब्ध गराइन्छ।

- **निःशुल्क शिक्षाको व्यवस्था**
  सरकारी विद्यालय र उच्च शिक्षा अध्यापन गरिने क्याम्पसहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई **निःशुल्क** शिक्षाको व्यवस्था गरिएको छ।
- **दृष्टिविहीन बालबालिकाहरूका लागि पहुँचयुक्त पाठ्य सामग्री**
  दृष्टिविहीन बालबालिकाहरूका लागि पठन पाठनमा सजिलो होस् भनी सरकारबाट ब्रेल पुस्तक, अडियो पुस्तक र ब्रेल सामग्रीहरू **निःशुल्करूपमा** उपलब्ध गराउने व्यवस्था गरिएको छ। सम्बन्धित विद्यालयबाट यो सुविधा लिन सकिन्छ। केही गैरसरकारी निकायले पनि यस्ता सुविधा विभिन्न विद्यालयलाई उपलब्ध गराएका छन्।
- **परीक्षामा सहयोगी राख्न पाउने र थप समयको व्यवस्था**
  दृष्टिविहीन व्यक्तिहरूका लागि हालसम्म नेपालमा ब्रेलमा वा उनीहरूलाई उपयुक्त हुने प्रविधिमा परीक्षा दिन पाउने व्यवस्था नभएको हुनाले परीक्षामा उत्तर लेख्ने सहयोगीको आवश्यकता पर्छ। त्यसैगरी, हातको समस्या भएर हातले लेखेर परीक्षा दिन नसक्ने विद्यार्थीलाई पनि सहयोगीको आवश्यकता पर्नसक्छ। यस विषयलाई मध्यनजर गरी दृष्टिविहीन विद्यार्थी वा हातले लेख्न नसक्ने अवस्थाका शारीरिक अपाङ्गता भएका व्यक्तिहरूका लागि परीक्षामा **सहयोगी लेखक** राखी परीक्षा दिन पाउने व्यवस्था गरिएको छ। यस्ता विद्यार्थीले केन्द्रध्यक्षको पूर्वस्वीकृति लिएर परीक्षामा सामान्य तोकिएको समयभन्दा १ घण्टा ३० मिनेटसम्म थप समय पनि पाउने व्यवस्था गरिएको छ।
- **थेसिस वा शोधपत्र लेख्न आर्थिक सहयोगको व्यवस्था**
  स्नातकोत्तर वा उच्चशिक्षा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीहरूका लागि थेसिस लेख्न वा पाठ्याक्रम अन्तर्गत पर्ने अध्ययन अनुसन्धानसम्बन्धी कामहरू गर्न विश्वविद्यालय अनुदान आयोगबाट **छात्रवृत्तिको** व्यवस्था गरिएको छ।
- **निजामती सेवामा आरक्षणको व्यवस्था**
  नेपाल सरकारको निजामती सेवामा अपाङ्गता भएका व्यक्तिहरूका लागि कूल आरक्षित **सिटमध्ये ५ प्रतिशत आरक्षणको** व्यवस्था गरिएको छ।
- **निशुल्क स्वास्थ्य सेवाको व्यवस्था**
  नेपाल सरकारबाट सरकारी अस्पतालहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई **निःशुल्क स्वास्थ्य उपचारको** व्यवस्था गरिएको छ।
- **स्थानीय स्तरमा बजेटको व्यवस्था**
  स्थानीय विकास तथा सङ्घीय मामिला मन्त्रालयले जिल्ला समन्वय समिति, गाउँपालिका/नगरपालिकामार्फत अपाङ्गता भएका व्यक्तिहरूको सेवासुविधा र सशक्तीकरणका लागि बजेट विनियोजन गरेर अपाङ्गता भएका व्यक्तिहरूकै संलग्नतामा परिचालन गर्नु पर्ने प्रावधान बनाएर त्यसका लागि कार्यविधि बनाएर लागु गरेको छ। तोकेको प्रक्रिया र योग्यता पूरा गरेर यस्तो बजेट अपाङ्गता भएका व्यक्तिका संस्था वा स्वावलम्बी समूहहरूले आपसमा समन्वय र सहकार्य गरेर उपयुक्त कार्यक्रम वा परियोजनामा उपयोग गर्न सक्छन्, परिचालन गर्न सक्छन्।

**महासन्धी कार्यान्वयन गर्न सरकारका तर्फबाट गर्नु पर्ने थप कार्यहरु** :

अपाङ्गता भएका व्यक्तिहरुको सवाल सबै भन्दा सम्वेदनशील सवाल हो भन्ने कुरामा कसैको दुई मत नहोला। सरकाले अपाङ्गताको विभेदलाई सम्बोधन गर्ने गरि सरकारका नीति कार्यक्रम नियम र ऐन कानुन बनाउनु जरुरी हुन

आउदछ सो कार्य हाल सम्म पनि हुन सकेको छैन । अहिले सम्म पनि अपाङ्गता भएका व्यक्तिहरु सामन्य भन्दा सामान्य सेवा लिन सुविधा सम्पन्न सहर वा काठमाडौं नै धाउन पर्ने बाध्यता छ । राज्यको परिवर्तित राजनीतिक परिस्थित अनुसार कतिपय अवस्थामा नयाँ संरचना बन्न गइरहेको अवस्थामा अपाङ्गतामैत्री सेवा सुविधा र संरचना निर्माण गर्नु राज्यका लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता पालना गर्ने एक अवसर पनि हो । तसर्थ सरकारले अपाङ्गता अधिकार सम्बन्धी महासन्धि कार्यान्वयन गर्न एक अधिकार सम्पन्न राष्ट्रिय स्तरको एक संयन्त्र निर्माण सङ्घीय र स्थानीयस्तरसम्म लैजानु जरुरी छ ।

अन्त्यमा जव सम्म अपाङ्गताको सवाललाई विकासको मुल प्रवाहमा लगिँदैन , अपाङ्गता भएका व्यक्तिहरुका लागि अवरोमुक्त अधिकारमुखी समावेसी समाजको निर्माण गरी अपाङ्गताको सवाललाई सकारात्कम विभेदको नीति अवलम्वन गरी तव सम्म अपाङ्गताको सवाल अगाडि आउन सक्दैन र अपाङ्गतामा पनि सबैभन्दा सीमान्तकृत समुदाय जस्तै मनोसामाजिक अपाङ्गता, बहुअपाङ्गता, श्रवणदृष्टिविहीन, अटिज्म, बौद्धिक अपाङ्गता र डाउनसिन्ड्रोम सिकाइ अपाङ्गता भएका बालबालिका र महिलाहरुको सवाल कहिल्यै अगाडि आउन सक्दैन । तसर्थ सरकारले महासन्धिको मर्मअनुसार नीति नियम ऐन कानुन निर्माण गरी सबै अपाङ्गता भएका व्यक्तिहरुको समान पहुँचको सुनिश्चितता हुने गरी कार्यको थालनी गर्नु पर्ने जरुरी हुन आउदँछ ।

■■■

*लेखक राष्ट्रिय अपाङ्ग महासंघ नेपालको अध्यक्ष हुनुहुन्छ ।*

**सन्दर्भ सामाग्रीहरू**


१. मानव अधिकारको विश्वव्यापीपी घोषणापत्र, १९४८
२. आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध
३. बौद्धक अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी घोषणापत्र, १९७१
४. अपाङ्गता भएका व्यक्तिहरूको कार्यसम्बन्धी विश्व कार्यक्रम, १९८२
५. अपाङ्गता भएका व्यक्तिहरूको अवसरको समानीकरण सम्बन्धी प्रमाणिक नियम, १९९३
६. संसदहरूका लागि हाते पुस्तिका
७. अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि २००६
८. नेपालको अन्तरिम संविधान २०६३
९. नेपालको संविधान (२०७२)
१०. अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९
११. अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१
१२. अपाङ्ग आवाज मासिक पत्रिका
१३. रुपान्तरण
१४. महिला बालबालिका तथा समाज कल्याण मन्त्रायको वेवसाइट http://www.mowcsw.gov.np/en/
१५. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको वेवसाईट http://www.opmcm.gov.np

# अपाङ्गताः परिचयपत्र र  सेवा सुविधाहरू

विष्णुकुमारी लामिछाने

**सारांश**

केन्द्रीय तथ्याङ्क विभागको सन् २०११ को गणना अनुसार नेपालमा अपाङ्गता भएका व्यक्तिहरू ५,१३,३२१ जना -१.९४ प्रतिशत) रहेका छन् । जसमध्ये आ.व. २०७१/७२ सम्ममा १,८४,७५५ जनाले मात्र परिचयपत्र लिएका छन् । राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई गम्भीरताको आधारमा ४ किसिमका अपाङ्गता परिचयपत्र उपलब्ध गराउँदै आएको छ। जसको आधारमा यस्ता व्यक्तिहरूले राज्यले प्रदान गरेका सेवा, सुविधा, सहुलियत, अवसर साथै अधिकारको उपभोग गर्न सक्दछन् । परिचयपत्रमार्फत्त् राज्यले प्रदान गरेका सेवा सुविधाबारे जानकारी नहुँदा अपाङ्गता भएका व्यक्तिहरू परिचयपत्रविहीन भएका छन् भने अर्कोतर्फ बनेका नीति नियमहरूको प्रभावकारी कार्यान्वयन नहुँदा, अन्य सेवा, सुविधा र सहुलियतको उपभोग गर्न नसक्दा अपाङ्गता भएका व्यक्तिहरू भत्तामुखी भएको पाइन्छ । अपाङ्गता भएका व्यक्तिहरूको लागि परिचयपत्र वितरण सम्बन्धी निर्देशिका, २०६५ मा आवश्यक कागजात र प्रक्रियाका बारेमा उल्लेख गरिएको छ । नेपाल सरकारले गरेको अपाङ्गपनको निर्धारण र गम्भीरताको आधारमा गरिएको अपाङ्गताको वर्गीकरण (नेपाल राजपत्र खण्ड ५६, २०६३ भदौ २) को आधारमा परिचयपत्र वितरण गरिएको छ । वर्गीकरणमा नपरेका अपाङ्गताहरूलाई पनि आगामी दिनमा वर्गीकृत गरी परिचयपत्र वितरणमा सहजता ल्याउनु जरुरीदेखिन्छ । परिचयपत्र प्राप्त गर्न नसकेका अपाङ्गता भएका सम्पूर्ण व्यक्तिहरूलाई परिचयपत्र प्राप्त गर्न सक्ने वातावरण मिलाउनु आवश्यक छ । अपाङ्गता भएका व्यक्तिहरूसँग पनि कुनै न कुनै क्षमता हुने भएकाले परिवारले उनीहरूलाई पारिवारिक बोझको रूपमा नहेरी रुची, क्षमता, दक्षता साथै अनुकूलतालाई ध्यान दिएर विभिन्न क्रियाकलापमा लगाउनुपर्दछ भने राज्यले अपाङ्गता परिचयपत्रमार्फत्त् उपलब्ध गराउने भनिएका सेवा, सुविधा, सहुलियत र अवसरहरू कार्यान्वयनमा ल्याउनुपर्नेदेखिन्छ ।

**परिभाषा**

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रियमहासन्धि, २००६ (UNCRPD) का अनुसार अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घकालीन अशक्तताद्धारा सिर्जित विभिन्न अवरोधहरूसँगको अन्तक्रियाका कारणले समाजमा अन्य व्यक्तिहरूसरह समान आधारमा पूर्ण् र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्तिसमेतलाई जनाउँछ  भनिएको छ ।

नेपाल सरकारले शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चारसमेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्य रूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ भनी परिभाषित

गरेको छ ।

शारीरिक अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्या एवं कठिनाइका प्रकृतिअनुसार अपाङ्गतालाई मुख्यतः सात प्रकारमा वर्गीकरण गरिएको छ, ति हुन्-

१) शारीरिक अपाङ्गता
२) दृष्टिसम्बन्धी अपाङ्गता (दृष्टिविहीनता, न्यून दृष्टियुक्त)
३) सुनाइसम्बन्धी अपाङ्गता (बहिरा, सुस्तश्रवण)
४) श्रवणदृष्टिविहीन
५) स्वर बोलाईसम्बन्धी अपाङ्गता
६) मानसिक अपाङ्गता (बौद्धिक/सुस्तमनस्थिति, मानसिक अस्वस्थता, अटिज्म)
७) बहुअपाङ्गता

नेपाल सरकारले विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट अपाङ्गता भएका व्यक्तिहरूका लागि प्रवाह गरिने सेवा, सुविधा, अवसर र अधिकारको न्यायपूर्ण र प्रभावकारी वितरण गर्ने उद्देश्यले अपाङ्गता परिचयपत्रको व्यवस्था गरेको छ । अपाङ्गता भएका नेपाली नागरिकहरूको पहिचान र लगत राख्न साथै प्रचलित ऐन, नियमअनुसार अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी उपयुक्त अनुकूलतासहित विकास प्रक्रिया र राज्यका संयन्त्रहरूमा समावेशीकरण गराउन परिचयपत्रको व्यवस्था राज्यले गरेका छ । अपाङ्गताको गम्भीरताको आधारमा यसलाई पूर्ण अशक्त अपाङ्गता क वर्ग, अतिअशक्त अपाङ्गता ख वर्ग, मध्यम अपाङ्गता ग वर्ग र सामान्य अपाङ्गता घ वर्ग गरी ४ भागमा वर्गीकृत गरिएको छ । परिचयपत्र क वर्ग रातो, ख वर्ग निलो, ग वर्ग पहेंलो र घ वर्ग सेतो रङ्गको हुन्छ ।

**अपाङ्गता परिचयपत्र वितरण प्रक्रिया**

अपाङ्गता परिचयपत्र वितरण निर्देशिका २०६५ ले अपाङ्गता परिचयपत्र वितरणका मापदण्ड, ढाँचा साथै वितरण प्रक्रिया समेत निर्दिष्ट गरेको छ । अपाङ्गता परिचयपत्र सबै जिल्लाका महिला तथा बालबालिका कार्यालयबाट निःशुल्क रूपमा प्राप्त गर्न सकिन्छ । परिचयपत्र लिनको लागि सम्बन्धित गा.वि.स.को सिफारिस, जन्मदर्ता/नागरिकता, जग्गाधनी प्रमाण पुर्जा, विद्यालयको प्रमाणपत्र आदिमध्ये कुनै एक प्रमाणित लिखत, अपाङ्गतादेखिने ३ प्रति फोटो सहित महिला तथा बालबालिका कार्यालयमा निवेदन दिनुपर्दछ । प्रत्यक्ष रूपमादेखिने अपाङ्गताको हकमा समाजकल्याण अधिकृतले तत्काल परिचयपत्र उपलब्ध गराउने व्यवस्था छ भने नदेखिने खालका वा अपाङ्गताका मात्राका आधारमा चिकित्सकको सिफारिस लिनुपर्ने भएमा परिचयपत्र सिफारिस समितिले निर्णय गरेर परिचयपत्र उपलब्ध गराउने प्रावधान रहेको छ । परिचयपत्र सिफारिस समितिमा तपशिलबमोजिम सदस्यहरू रहने व्यवस्था गरिएको छ-

१) संयोजक - सहायक प्रमुख जिल्ला अधिकारी,
२) सदस्य - योजना अनुगमन तथा प्रशासकिय अधिकृत, जि.वि.स.,
३) सदस्य - जिल्ला जनस्वास्थ्य अधिकृत,
४) सदस्य - राष्ट्रिय अपाङ्ग महासंघ, नेपालमा आबद्ध संघसंस्थाका प्रतिनिधि वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्थाको प्रतिनिधि र
५) सदस्य-सचिव - महिला विकास अधिकृत

## आ.व. २०७१/७२ सम्ममा वितरण गरिएका अपाङ्गता परिचयको विवरण

नेपालको जनसंङ्ख्याको १.९४ प्रतिशत अर्थात् ५,१३,३२१ जना अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् । आ.व. ०७१/७२ सम्ममा नेपालमा जम्मा १,८४,७५५ जनाले मात्र अपाङ्गता परिचयपत्र लिएकोदेखिन्छ । महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको तथ्याङ्कअनुसार वितरण गरिएका वर्गीकृत परिचयपत्रको विवरण देहायबमोजिम उल्लेख गरिएको छ ।

| परिचयपत्रको वर्ग | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| क | १४,१९३ | १६,८५२ | ३१,०४५ |
| ख | २२,३३९ | ३२,२६४ | ५४,६०३ |
| ग | २३,८३२ | ३४,५०५ | ५८,३३७ |
| घ | १६,२६१ | २४,५०९ | ४०,७७० |
| जम्मा | ७६,६२५ | १,०८,१३० | १,८४,७५५ |

*(म.बा.तथा स.क.म., 2071/72)*

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूमा पुरुष २,८०,०८६ जना र महिला २,३३,२३५ जना रहेका छन् । जसमध्ये ३८.६१ प्रतिशत पुरुषले अपाङ्गता परिचयपत्र प्राप्त गरिसकेका छन् भने अझै ६१.३९ प्रतिशत परिचयपत्रबाट वञ्चितदेखिन्छन् । त्यसैगरी महिलाहरू ३२.८५ प्रतिशले परिचयपत्र लिएका छन् भने ६७.१५ प्रतिशत परिचयपत्रविहीन रहेका छन् । यसरी समग्रमा अपाङ्गता भएका व्यक्तिहरूमध्ये जम्मा ३६ प्रतिशतले मात्र अपाङ्गता परिचयपत्र लिएकोदेखिन्छ भने ६४ प्रतिशतले परिचयपत्र लिन बाँकीदेखिन्छ ।

### अपाङ्गता परिचयपत्र वितरणमादेखिएका समस्याहरू

अपाङ्गता परिचयपत्र वितरण गर्दा विभिन्न समस्याहरू देखापरेका छन् जसलाई मोटामोटी रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ -

- नेपाल राजपत्र खण्ड ५६ (२०६३ भाद्र २) मा गरिएको वर्गीकरणमा समावेश नगरिएका अपाङ्गताको वर्गीकरणमा कठिनाइ,
- उपयुक्त सफ्टवेरको व्यवस्था नहुँदा लगत राख्नमा समस्या भएको,
- पूर्णअशक्त अपाङ्गता र अतिअशक्त अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्तिलाई मात्र भत्ता उपलब्ध गराइने हुँदा दोहोर्‍याइ तेहर्‍याइ परिचयपत्र लिन आउने,
- जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएका अपाङ्ग परिचयपत्र लिएर वर्ग खुलाउन आउँदा वर्गीकृत गर्नमा समस्या, जस्तै एउटा आँखा नभएको वा एउटा मात्र आँखाले नदेख्ने,
- सवलाङ्गहरूले आरक्षण लगायतका सेवा, सुविधाको आकर्षणले गर्दा न्यूनदृष्टि वा सुस्तश्रवण भएको भन्ने जस्ता मेडिकल सिफारिस बनाई अपाङ्गता परिचयपत्र लिन खोज्नु,
- रोगको कारणले अपाङ्गता भई परिचयपत्र लिएका केही समयपश्चात् सुधार हुँदैगएका साथै नियमभन्दा फरक ढङ्गले परिचयपत्र लिएका व्यक्तिहरूको परिचयपत्रको पुनरावलोकन हुन नसकेको,

- ग्रामीण भेकका दुर्गमस्थानमा रहेका अपाङ्ग व्यक्तिहरू आतेजाते खर्च र मेडिकल रिपोर्टको अभावमा परिचयपत्रबाट विमुख रहेका,
- केही पूर्णअशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई जिल्लासम्म पुर्‍याउन कठिनाइ भएको,
- परिवारका सदस्य एवं व्यक्ति स्वयं परिचयपत्रबारे अनभिज्ञ हुनु,
- दीर्घ रोगी, मुटु, मृगौला रोगीहरूले पनि पटकपटक रोगको कारणले केही गर्न नसक्ने भनी परिचयपत्र लिने प्रयास गर्नु,
- अपाङ्गता भएका व्यक्तिहरूले परिचयपत्रमार्फत्त् प्राप्त गर्न सक्ने भनी कानुनमा उल्लिखित सेवा सुविधाहरूको सहज पहुँच नभएको वा व्यवहारमा लागू नभएको कारणले ग र घ वर्गको परिचयपत्र प्राप्त गर्ने जसको पढाइलेखाइ छैन उनीहरूले महत्त्वहीन वस्तुको रूपमा लिने गरेका र
- आमाको नागरिकता बन्न नसकेको, बाबुको पहिचान नभइ जन्मिएका अपाङ्गता भएका व्यक्तिहरूले नागरिकता लगायत अन्य सेवा सुविधाबाट वञ्चित हुनुपरेको हुँदा अपाङ्गता परिचयपत्र वितरण गर्न नसकिएको ।

**समाधानका उपायहरू**

- महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले परिचयपत्रको लगत राख्न साथै सबै जिल्लामा एकरूपता कायम गर्न सफ्टवयरको व्यवस्था गर्नुपर्ने,
- मन्त्रालयले जिल्लाबाट प्राप्त नयाँ किसिमका अपाङ्गता लाई वर्गीकरण गरी परिचयपत्र वितरण प्रक्रियामा सहजता ल्याउनुपर्ने,
- सहज रूपमा दुर्गम क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको लागि परिचयपत्र वितरणको व्यवस्था मिलाउनुपर्ने,
- अपाङ्ग सेवा राष्ट्रिय समन्वय समितिले महिला तथा बालबालिका कार्यालयमार्फत्त् वितरण गरिएका अपाङ्गता परिचयपत्रको अनुगमन गरी कमी कमजोरी पत्ता लगाई जानकारी गराउनुपर्ने,
- आरक्षणको दुरूपयोग गरिरहेका नक्कली अपाङ्गहरूको खोजी गरी बदर गरिनुपर्ने,
- वितरण भैसकेका निर्देशिकाबमोजिम नभएका, परिचयपत्र लिँदाको अवस्थाभन्दा सुधार हुँदै गएका अपाङ्ग व्यक्तिहरूको परिचयपत्रको पुनरावलोकन गर्ने मार्गदर्शन बन्नुपर्ने,
- ऐन, कानुनमा उल्लिखित सेवा, सुविधाहरूको कार्यान्वयनमा जोड दिइनुपर्ने र
- सवलाङ्ग व्यक्तिलाई अपाङ्गता परिचयपत्र बनाउनको लागि सिफारिस गर्ने कार्यलाई निरुत्साहित गरिनुपर्ने आदि ।

**अपाङ्गता परिचयपत्रको उपयोगिता**

अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न सेवा, सुविधा साथै सहुलियत प्राप्त गर्न अपाङ्गता परिचयपत्र अनिवार्य शर्त हुन्छ । नेपाल सरकारले अपाङ्गता परिचयपत्रमार्फत्त् अपाङ्गता भएका व्यक्तिहरूको लगत राखी राष्ट्रिय नीति तथा कार्ययोजना एवं अपाङ्गतासम्बन्धी अन्य प्रचलित नीति तथा कार्ययोजनाका आधारमा अपाङ्गता भएका व्यक्तिहरूलाई उपलब्ध गराइनुपर्ने सेवासुविधाहरू व्यवस्थित रूपमा प्रदान गर्न परिचयपत्रको व्यवस्था गरेको हो । अपाङ्गता परिचयपत्र प्राप्त व्यक्तिहरूलाई अपाङ्गताको मात्राका आधारमा विभिन्न सेवा सुविधाहरूको व्यवस्था गरिएको छ । परिचयपत्र प्राप्त

व्यक्तिहरूले प्राप्त गर्ने सेवा सुविधाहरू निम्नानुसार उल्लेख गरिएको छ।

- शिक्षा
  - नि:शुल्क उच्च शिक्षाको व्यवस्था,
  - विद्यालयमा नि:शुल्क शिक्षाको व्यवस्था,
  - शैक्षिक छात्रवृत्ति (वार्षिक नीति तथा कार्यक्रममार्फत्त्) र
  - विशेष शिक्षाको व्यवस्था -विशेष गरी बहिरा, दृष्टिविहीन,बौद्धिक अपाङ्गता भएका व्यक्तिहरू ) आदि।
- स्वास्थ्य
  - सरकारी स्वास्थ्य संस्थामा नि:शुल्क स्वास्थ्योपचारको व्यवस्था र
  - शय्या आरक्षित साथै विभिन्न प्रकारका औषधीहरू नि:शुल्क रूपमा उपलब्ध।
- रोजगारी तथा आयआर्जन
  - निजामती सेवा, नेपाल टेलिकम, रेडियो नेपाल लगायत निजी क्षेत्रका कलकारखाना तथा उद्योगहरूमा ५ प्रतिशत आरक्षण र
  - आयकरमा सहुलियत।
- तालिम
  - नि:शुल्क व्यावसायिक तालिम (विभिन्न निकाय एवं संघसस्थामार्फत्)।
- आवागमन
  - हवाई यातायात -प्रतिउडान १ जना अपाङ्गता भएका व्यक्ति लाई पचास प्रतिशत छुट),
  - सार्वजनिक सडक यातायातमा पचास प्रतिशत भाडा छुट- टिकट काउण्टरबाट नै टिकट खरिद गर्दा परिचयपत्र देखाई माग गर्नुपर्ने) साथै सिट आरक्षण र
  - विशेष प्रकारका सवारी साधनमा भन्सार छुट।
- सार्वजनिक संरचनामा भौतिक पहुँचको व्यवस्था
  - भवनहरू निर्माण गर्दा अपाङ्गमैत्री तवरले बनाइनुपर्ने।
- पुनस्थापना, सशक्तीकरण तथा सामाजिक सुरक्षा
  - स्थानीय स्तरमा बजेट व्यवस्था,
  - अपाङ्गता भत्ताको व्यवस्था (पूर्णअशक्त अपाङ्गलाई प्रतिव्यक्ति मासिक रु.१ हजार र अन्य वर्गमा पर्नेलाई जिल्लामा तोकिएको कोटाअनुसार प्रतिव्यक्ति मासिक रु. तीन सय),
  - सशस्त्र द्वन्द्वमा अपाङ्गता भएका व्यक्तिलाई विशेष सुविधा र
  - जग्गा रजिष्ट्रेसन दस्तुरमा पच्चीस प्रतिशत छुट आदि।

**अपाङ्ग सम्बन्धी बनेका कानुनी प्रावधानहरू**

परिवर्तित समयसँगै हाम्रो समाजमा अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोण केही फरक भएको छ। अपाङ्ग लक्षित बजेट साथै अपाङ्गमैत्री संरचना निर्माणमा जोड, योजना निर्माणमा सहभागी गराउने प्रचलन बढ्दै गएकोदेखिन्छ। जसको कारण सामाजिक, आर्थिक साथै भौतिक पूर्वाधार एवं सुविधाहरू उपलब्ध गराउन र उनीहरूका समस्याको समाधान गर्नका लागि विभिन्न कानुनी व्यवस्था रहेको छ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धि, २००६ लाई पनि नेपालले हस्ताक्षर गरी कार्यान्वयनमा ल्याइसकेको छ। यसको मुख्य उद्देश्य मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण र समान उपभोग संवर्धन, संरक्षण र सुनिश्चित साथै नैसर्गिक मर्यादाको सम्मानको संवर्धन गर्नु हो। पुरुष, महिला साथै उनीहरूको अवसरमा समानता, पूर्ण र प्रभावकारी सहभागिता तथा समावेशीकरण, अपाङ्ग भएका व्यक्तिको भिन्नताको स्वीकार्यता, अपाङ्गता भएका बालबालिकाको विकासोन्मुख क्षमताको सम्मान साथै पहिचानको संरक्षण गर्न पाउने अधिकारको सम्मान जस्ता सिद्धान्तहरूलाई अवलम्बन गरेको छ। विभिन्न धाराहरूमा अपाङ्गता भएका महिला, बालबालिका, स्वतन्त्रता, सम्मान, पहुँच, शिक्षा, स्वास्थ्य, रोजगार, सामाजिक संरक्षण लगायतका प्रावधानहरूको बारेमा उल्लेख गरिएको छ।

**सेवा सुविधाको पहुँचमादेखिएका समस्या/चुनौतीहरू**

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूलाई सेवा, सुविधा साथै अवसरहरू उपलब्ध गराउने उद्देश्यले अपाङ्गता परिचयपत्र वितरण गर्दैआएको छ।तथापि विविध कारणहरू र परिस्थितिहरूले गर्दा यस्ता व्यक्तिहरूले राज्यले प्रदान गरेका सुविधाहरू, आरक्षण एवं अवसरहरूको उपयोग गर्न सकिरहेका छैनन्। स्वयं अपाङ्ग व्यक्तिको हीनताबोधदेखि पारिवारिक संरक्षण, सामाजिक दृष्टिकोण लगायत राज्यको नीति नियमको सहज कार्यान्वयन नभएको कारण अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण र समावेशीकरणमा ठेस पुगेकोदेखिन्छ। विभिन्न किसिमका समस्या एवं चुनौतीहरू तल उल्लेख गरिएको छ।

- व्यक्ति स्वयंमा हीनताबोधको भावना हुनु,
- परिवारका सदस्यहरूले बोझको रूपमा लिनु,
- अपाङ्गता भएका छोराछोरीलाई उनीहरू अनुकूलको शिक्षा उपलब्ध गराउनमा अभिभावक अनभिज्ञ रहनु,
- कानुनमा उल्लेखित सेवा सुविधाहरूको बारेमा अपाङ्गता भएका व्यक्तिहरू जानकार नहुनु,
- राज्यले उपलब्ध गराएका आरक्षण लगायतका सेवा सुविधा एवं अवसरहरूमा सीमित वर्गले मात्र फाइदा लिनु,
- सामाजिक रूपमा सम्मान, स्वतन्त्रता साथै अवरोधमुक्त वातावरणको कमी हुनु,
- अपाङ्गका मुद्दाहरू प्राथमिकीकरणमा नपर्नु,
- अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरू अनुकूलको शिक्षाको सहज पहुँचको अभाव हुनु,
- सहभागिताको कमी,
- अपाङ्गता लक्षित कार्यक्रमहरू सञ्चालन गर्ने संघसस्थहरूबीच समन्वय नहुनु,
- अपाङ्गता भएका व्यक्तिहरूमा पनि सामान्य अपाङ्गता भएकाहरूले बढी अवसरहरूको उपयोग गर्नु,
- सहायक सामग्रीहरूको उपलब्धता नभएको कारण घरबाट बाहिर निस्कन नसक्नु, दैनिक कार्यसम्पादनमा कठिनाइ,
- सीपमूलक तथा आयआर्जनमुखी क्रियाकलापतर्फ भन्दा भत्तातर्फ बढी आकर्षित हुने प्रवृत्ति,
- कानुनमा उल्लिखित सेवा सुविधाहरू व्यवहारमा लागू हुन नसक्नु र
- अपाङ्गमैत्री संरचनाको अभाव आदि।

**समाधानका उपायहरू**

- व्यक्ति अनुकूलको शिक्षा/सीपमा जोड दिइनुपर्ने,

- पारिवारिक तथा सामाजिक रूपमा अपाङ्गता भएका बालबालिकाहरूलाई सकारात्मक वातावरण प्रदान गरिनुपर्ने,
- सहभागितामूलक योजना तर्जुमामा जोड दिनुपर्ने,
- सरकारले व्यवस्था गरेका कानुनी प्रावधानहरूको कार्यान्वयनमा जोड दिनुपर्ने,
- दुर्गम क्षेत्रमा छरिएर रहेका अपाङ्गता भएका व्यक्तिहरूको लागि सहायता सामग्रीहरूको वितरण गरिनुपर्ने,
- दुर्गम क्षेत्रमा सूचना, सञ्चार साथै शिक्षाको पहुँचमा वृद्धि गरिनुपर्ने,
- अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरी स्वास्थ्य शिविर सञ्चालन गरिनुपर्ने र
- दैनिक जीवनमा सम्पादन गर्नुपर्ने कार्य सम्पादन गर्न नसक्ने अपाङ्गता भएका व्यक्तिहरूको लागि भत्ताको व्यवस्था तथा अन्य अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षा साथै सीपमा सहभागी गराउनुपर्ने।

**निष्कर्षः**

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूलाई मात्रा र गाम्भीर्यका आधारमा अपाङ्गता परिचयपत्र वितरण गर्दै आएको छ ।२०७२ असार मसान्तसम्म जम्मा ३६ प्रतिशतले मात्र परिचयपत्र प्राप्त गरेका छन् भने ६४ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरूले अझै परिचयपत्र प्राप्त गर्न सकेका छैनन्। अपाङ्गहरूलाई विभिन्न अवसरहरू उपलब्ध गराउने एक साधन हो अपाङ्गता परिचयपत्र। यसर्थ सर्वप्रथम अपाङ्गता भएका व्यक्तिहरूलाई सहज र सरल तरिकाले परिचयपत्र उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ। परिचयपत्र वितरण प्रक्रियामादेखिएका समस्याहरूको जतिसक्दो छिटो समाधान तर्फलाग्नुपर्नेदेखिन्छ।

राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई प्रदान गर्ने भनी तोकिएका सेवा, सुविधाहरू उपलब्ध गराउनुपर्दछ। अपाङ्गहरू जो शिक्षा साथै सीपमूलक तालिम ग्रहण गर्न सक्दछन् तिनीहरूको लागि अवसर तथा जो अरुमा पूर्ण निर्भर छन् उनीहरूको लागि राज्यले आर्थिक सहायता गर्नुपर्दछ। कानुनमा मात्र नभएर व्यवहारमा पनि उनीहरूलाई शिक्षा, स्वास्थ्य, रोजगारी, यातायात, तालिम आदि विषयहरूमा अवसर उपलब्ध गराउनुपर्दछ। अपाङ्गता धेरै किसिमको हुने भएकोले वर्गीकरणमा जटिलता उत्पन्न भइरहेको छ यसर्थ परिचयपत्र वितरणमा आइपरेका समस्याहरूको समयमै पहिचान गरी तिनीहरूको समाधान गरिनु जरुरीदेखिन्छ।

*लेखक महिला तथा बालबालिका कार्यालय, लमजुङ्गमा कार्यरत हुनुहुन्छ।*

**सन्दर्भ सूचीः**

१) महिला बालबालिका तथा समाजकल्याण मन्त्रालय, ०७१/७२
२) केन्द्रीय तथ्याङ्क विभाग, २०११
३) अपाङ्कता भएका व्यक्तिहरूको लागि परिचयपत्र वितरण सम्बन्धी निर्देशिका, २०६५
४) अपाङ्कता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६

# सामाजिक न्याय र सामाजिक सुरक्षा

**रामदरेश शाह**

## सारांश

न्याय भनेको कानुनको आधारशीला हो। सामाजिक न्यायले सबै पक्षमा समान न्यायको खोजी गर्ने र समाजका प्रत्येक व्यक्तिहरूप्रति सम्मानपूर्वक तथा अविभेदपूर्वक समान व्यवहार गरी सहयोग र सहकार्यको माध्यमबाट सहिष्णुता कायम न्याय र नैतिकतामा आधारित पँहुचयोग्य समानताको प्रवर्द्धन गर्ने कुरामा जोड दिन्छ। यसले प्रत्येक नागरिकलाई अवसरमा समानता र समाजमा रहेको सामाजिक आर्थिक, राजनितिक असमानता हटाउन अधिकारको प्रयोगमा पछाडि परेका व्यक्ति वा समुदायलाई सबभन्दा बढी फाइदा हुने गरी अवसरहरूमा प्रथमिकता दिई स्वच्छ रूपमा सामानता कायम गर्न जोड दिन्छ। सामावेशी राज्यनिर्माण यसको मुख्य ध्येय हो। यसले राज्य संयन्त्रको हरेक तहमा सबै नागरिकहरूको अर्थपूर्ण सहभागिता कायम गर्ने विषयलाई समेटेको हुन्छ। यो मानिसको सम्मानपूर्वक वाँच्न पाउने अधिकार मानव अधिकारको आधारभूत विषय हो।

आर्थिक, सामाजिक तथा राजनितिक रूपले पछाडि परेको तथा पारिएको जातजाति, धर्म, लिङ्ग, असहाय, अपाङग, बृद्धबृद्धा जस्ता जोखिममा रही आफ्नो जिवकोपार्जन आफै गर्न नसक्ने व्यक्तिहरूलाई राज्यको तर्फाबाट विशेष सहुलियत सहयता र संरक्षणको सुनिश्चितता प्रदान गर्ने विषयलाई नै सामाजिक सुरक्षाको अवधारणाले समेटिएका हुन्छ। यो न्याय र लोककल्याणकारी व्यवस्थाको प्रवर्द्धन गर्ने दिशामा लक्षित नीतिगत तथा कार्यक्रमगत मान्यता हो। सामाजिक सुरक्षाको सम्बन्ध रोजगारीको अधिकारसँग जोडिएको हुन्छ।

नागरिक कल्याणको सुनिश्चितता कायम गर्नु राज्यको प्रमूख दायित्व हो। सबै नागरिकहरू प्रति समानएवं अविभेदपूर्ण व्यवहार राज्यको कर्तव्य हो। राज्यको मूलधारमा समाबेश हुन नसकेको वर्ग, लिङ्ग र क्षेत्रका व्यक्ति तथा समुदायलाई राज्यको हरेक संयन्त्रमा समान सहभागिताको सुनिश्चितताबाट मात्र न्यायपूर्ण समाज त्यति बेला सम्भव हुन्छ जब राज्य संयन्त्रको हरेक तहमा सबै नागरिकहरूको समान पहुँच र समान सहभागीनाको सुनिश्चितताको साथै सबैको भावनाको सम्मानपूर्वक सम्बोधनको सुनिश्चितता रहेको हुन्छ।

## पृष्ठभूमि

कानुनका दृष्टिमा समान हुनुपर्ने न्याय हो भन्ने परम्परागत मान्यता र कानुनको दृष्टिको साथसाथै व्यवहारमै समान हुनु न्याय हो भन्ने आधुनिक मान्यता रहेको छ। यही पछिलो मान्यता अनुसार सामाजिक न्यायको अनुसार विकास हुन गएको पाइन्छ। सामाजिक न्यायले मुलुकमा सर्वपक्षी विकास, समानता, समता कायम गर्न, जनसहभागिता अभिवृद्धि गर्ने, उपेक्षित र उत्पीडित वर्गको संरक्षण गर्ने, दिगो जीवकोपार्जनमा सहयोग पुर्‍याउने साथै सुधारको लागि

सहयोग पुर्‍याउने गर्दछ । समाजमा रहेका आर्थिक, सामाजिक, राजनितिक असमानतालाई हटाई समतामूलक व्यवस्था कायम गरी समानतामा आधारित राज्य व्यवस्था कायम गर्ने विषय सामाजिक न्याय हो । सामाजिक न्यायको मुख्य लक्ष्य समावेशी राज्य निर्माण गर्नु हो । सामाजिक न्यायले समाजका हरेक तह र तप्कामा न्यायको पक्षमा वकालत गर्नुको साथै सबै नागरिकको अर्थपूर्ण सहभागिता कायम गर्दछ ।

राज्यले नागरिकप्रति समान व्यवहार गर्दै जाँदा सक्षम वर्ग र दुर्बल वर्गको विकासको गति समान हुन गई दुर्बलहरू सबल वर्गको हाराहारीमा पुग्न सक्दनन् जसको कारण ती दुई वर्गबीचको विभेदको खाडल यथावत कायम रही रहन्छ । तसर्थ यी दुई वर्गबीचको खाडललाई कम गर्नको लागि वितरणात्मक न्यायको माध्यमबाट पछाडि पारिएका वा परिएका व्यक्ति, वर्ग, समुदाय, जातजाति, महिला, दलित, अपाङ्ग, वृद्धवृदा असहाय आदिलाई राज्यको तर्फाबाट प्रवाह गरिने सेवा सुबिधाहरूको  उपयोगमा न्यायपूर्ण तरिकाबाट सहभागिता गराउन सामाजिक न्यायको अवधारणा अगाडि सारिएकोदेखिन्छ ।

नेपालमा सामाजिक न्याय तथा सामाजिक सुरक्षाको विषय नविनतम विषयको रूपमा रहे पनि पछिल्लो समयमा ज्यादै महत्त्व पाएको विषय हो । नेपालको संवैधानिक व्यवस्थालाई अध्ययन गर्दा समानताको हक, स्वतन्त्रताको हक, सम्मानपूर्वक बाँच्न पाउने हक, न्यायसम्बन्धी हक, यातनाविरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, शोषण विरुद्धको हक, शिक्षा सम्मबन्धी हक, महिलाको हक, बालबालिकाको हक, जेष्ठ नागरिकको हक आदि विषयलाई मौलिक हकको रूपमा राखी सामाजिक न्याय तथा सामाजिक सुरक्षाको भावनालाई मुखरित गरेको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले समानताको हक तथा राज्यको निर्देशक सिद्धान्तमा सामाजिक न्याय र साममाजिक सुरक्षाका विषयहरूलाई समेटेको पाइन्छ भने छुट्टै मौलिक हकको रूपमा सामाजिक न्याय र सामाजिक सुरक्षालाई नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको बर्तमान संविधानले सम्बोधन गरी यो विषयलाई वढी  आवश्यकता र महत्त्व दिएको छ । संवैधानिक प्रवधानलाई केलाउँदा सामाजिक  न्यायको मुख्य उद्देश्य समावशी राज्य गर्ने दिशामा केन्द्रित रहेको पाइन्छ भने सामाजिक सुरक्षा सामाजिक न्यायलाई व्यवहारमा उतार्ने एउटा माध्यम वा उपकरणको रूपमा अङ्गीकार गरेको पाइन्छ ।

**न्याय तथा सामाजिक न्याय**

न्याय अमूर्त शब्द भएकोले यसलाई न कसैले छुन सक्छ न त देख्न, यो केवल महसुस गरिने विषय मात्र हो । न्याय के हो भने सम्बन्धमा विभिन्न विद्धान्हरूबीच मतैक्यता रहेको पाइदैन् यसको सर्वस्वीकार्य परिभाषा पनि पाइँदैन । न्यायको सम्बन्धमा विभिन्न विद्धानहरूले आ-आफ्नै किसिमले परिभाषा गरेको पाइन्छ  । न्याय समाजले अविष्कार गरेको सत्यतामा आधारित सिद्धान्त, पद्धति र विषयको समग्रता हो । यो विवेकको आधरमा विवेकसङ्गत तवरबाट एउटा व्यक्तिले अर्को व्यक्तिलाई गर्ने व्यवहार हो (Rational Treatment by one Human being to another) । प्लेटोले प्रत्येक मानिसले अर्को व्यक्तिको कार्यमाथि हस्तक्षेप नगरी आफ्नो स्वभाव र गुणले गर्ने उचित ठहर्‍याएको कार्य गर्नु न्याय हो, जुन व्यक्ति तथा राज्य दुवैको सरोकारको विषय हो, भनेर न्यायको परिभाषा गर्दछन् जोन रल्स न्यायलाई (Justice As Fairness) स्वच्छता नै न्याय हो भनी परिभाषा गरेको छन् ।

न्याय कानुनको शासनको आधारशीला हो यो मानवीय व्यवहारसँग सम्बन्धित विषय हो । सामाजिक न्यायको अवधारणा अठारौ शताव्दीको अन्त्यबाट सुरु भई साठीको दशकपछि यसको प्रयोगले गति प्राप्त गरेको पाइन्छ । सामाजिक न्यायलाई वितरणात्क न्यायको माध्यमबाट राज्यले नागरिकप्रति गर्ने समान व्यवहारको रूपमा लिइन्छ । Social Justice is About Assuring the Protection of Equal Access To Liberties, Rights And Opportunities As Well As

Talking Care Of The Least Advntaged Member Of Society. John Raws ले सामाजिक, आर्थिक न्यायको व्यावहारिक रूपमा प्रयोग प्रजातन्त्रबीच सम्भव हुँदैन भने वितरणात्मक न्यायको लागि व्यतिगत स्वतन्त्रता अपरिहार्य हुने कुरा अगाडि सारेका छन् । उनका अनुसार राजनीतिक स्वतन्त्रता र व्यक्तिगत स्वतन्त्रता न्यायका लागि पहिलो र अपरिहार्य शर्त हो भने प्रत्येक नागरिकका लागि अबसरमा रहेका सामाजिक र आर्थिक असमानता हटाउन अधिकारको प्रयोगमा पछाडि परेका व्यक्ति वा समुदायलाई सबभन्दा बढी फाइदा हुने गरी अवसरहरूमा प्राथमिकता दिई स्वच्छ रूपमा समानता कायम गरिनु वितरणात्मक न्याय हो । अतः आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका वर्ग, लिङ्ग, जात तथा समुदायलाई राज्यको मूल प्रवाहमा ल्याई समानतामा आधारित राज्य व्यवस्था कायम गर्नु सामाजिक न्यायको मुख्य उद्देश्य हो । समावेशी राज्य निर्माण यसको ध्येय हो । यो मानिसको समानपूर्वक बाँच्न पाउने अधिकारसँग सम्बन्धित छ ।

### नेपालमा सामाजिक न्यायको लक्षित वर्ग/समुदाय

महिला, मधेसी, दलित, मुस्लिम, बालबालिका, युवा, अपाङ्खता भएका व्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत,आदिवासी,जनजाति, मजदुर/श्रमिक, किसान, पिछडिएको क्षेत्र तथा समुदाय, विपन्न वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, आदि वर्ग तथा जातिहरूलाई नेपालमा सामाजिक न्यायको लक्षित वर्ग/ समुदायका रूपमा लिन सकिन्छ ।

### सामाजिक न्यायको दृष्टिकोणहरू

- Protective Justice
- Corrective Justice
- Restorative Justice

### सामाजिक न्यायको सिद्धान्तहरू

- Theory Of Development
- Theory Of Equaity
- Theory Of Equality
- Theory Of Participation
- Theory Of Protection
- Theory Of Sustainability
- Theory Of Correction

### सामाजिक न्यायका विशेषताहरू

- समावेशी विकासमा जोडदिने
- गरिव र विपन्नवर्गको बाँच्ने आधार
- सामाजिक न्याय न्यायपूर्ण समाज स्थापनामा सहयोगी
- सबैको पहिचान तथा सबैलाई समान अवसर प्रदान
- सामाजिक सुरक्षा तथा कमजोर वर्गलाई माथि उठाउने

- असमानता हटाउने साथै सशक्तीकरणमा जोड दिने

**सामाजिक न्यायको आवश्याकता तथा महत्त्व**

सामाजिक न्याय सबै मानिसको मानव अधिकारको संरक्षण, संवर्धन तथा प्रवर्द्धन गरी सम्मानपूर्वक बाँच्न पाउने स्थिति निर्माणको दिशामा निर्देशित मान्यता हो । मानिस मानिसबीच विभेदपूर्ण व्यवहारलाई यसले तिरस्कार गर्दछ । यसको मुख्य उद्देश्य हुने र नहुनेबीचको दुरी अन्त्यगर्नु तथा राज्य संयन्त्रमा सबै नागरिकहरूको समान र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु रहेको छ । तसर्थ सामाजिक न्याय मानिस मानिसबीचको विभेदको अन्त्य गरी न्याय र नैतिकतामा आधारित समाज निर्माणको लागि आवश्यक रहेको छ ।

सामाजिक न्यायको आवश्यकता तथा महत्त्वलाई बुँदागत रूपमा देहाय वमोजिम उल्लेख गर्न सकिन्छः-

- विश्वबाट गरिबी र भोकमरी अन्त्य गर्ने ।
- प्रत्येक व्यक्तिको आधारभूत मानव अधिकारको संरक्षण, संवर्धन र प्रवर्द्धन गर्न,
- प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्ने अवसरको सुनिश्चितता प्रदान गर्न,
- गरिवी तथा वान्चितिमा परेका व्यक्ति, वर्ग, लिङ्ग र समुदायको संरक्षण गर्न र उनीहरूको आवाजलाई सम्बोधन गर्न,
- सबैलाई आधारभूत शिक्षा र स्वास्थ्य उपलब्ध गराउने,
- लैङ्गिक समानता कायम गर्न तथा महिला सशक्तिकरण गर्न,
- विभिन्न कारणबाट बान्चितमा परेका/पारिएका व्यक्ति, समुदाय, वर्ग र जातजातिलाई राज्यको मूलप्रबाहिकरणमा ल्याउन,
- धनी र गरिवबीचमा रहेको विभेदको खाडल अन्त्य गर्न,
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्न,
- महिला विरुद्ध हुने यौनजन्य दुर्व्यवहार अन्त्य गर्न,
- घरेलु हिंसाको अन्त्य गर्ने,
- समाजमा रहेको भेदभाव तथा असमानता हटाउन,
- जातजातिको आधारमा हुने सबै प्रकारका भेदभाव अन्त्य गर्न,
- असहाय तथा अपाङ्खता भएका व्यक्तिहरूको आवाजलाई सम्बोधनगर्न तथा उनीहरूको उचित समान गर्न,
- न्याय र नैतिकतामा आधारित समाज निर्माण गर्न ।

**सामाजिक न्याय कायम गर्ने उपायहरू**

सामाजिक न्यायको माध्यमबाट राज्यको हरेक तहमा सबैको समान र अर्थपूर्ण सहभागिता गराई समावेशी, समाज र राज्य निर्माण गर्न सकिन्छ । प्रजातन्त्र बिना सामाजिक न्याय सम्भव हुँदैन । सबै व्यक्तिहरूको भावनाको कदर गर्न नसक्ने राज्य तथा सरकारले सामाजिक न्यायको प्रत्याभूति दिन सक्दैन । लोकतन्त्रमा आधारित शासन व्यवस्थाको माध्यमबाट सामाजिक न्याय सुनिश्चित गर्न सकिन्छ । सामाजिक न्यायको प्रत्याभूति गर्न विभिन्न उपायहरू छन् ।

- समावेशीकरणको सिद्धान्तलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न संवैधानिक तथा कानुनी प्रावधान

गरेर,

- सकारात्मक विभेदको माध्यमबाट,
- सशक्तीकरणको माध्यमबाट,
- विशेष संरक्षणको माध्यमबाट,
- कोटा र आरक्षणको माध्यमबाट,
- जनचेतनामूलक कार्यक्रमको माध्यमबाट,
- सुशासनको माध्यमबाट,
- कानुनको शासन स्थापना गरेर,
- सूचनामा पहुँचको सुनिश्चितता प्रदान गरेर,
- हरेक क्रियाकलापमा सहभागिता सुनिश्चित गरेर,
- लैंगिक विभेद हटाएर

नेपालमा सामाजिक न्यायका लागि राज्यबाट अवलम्बन गरिएका नीति तथा कार्यक्रमहरुः

नेपालको संविधान, २०७२, विभिन्न क्षेत्रगत नीतिहरू, कानुनी दस्तावेजहरू र १३ औं योजना आदिबाट नेपालमा सामाजिक न्यायको लागि राज्यबाट अवलम्बन गरिएका नीति तथा कार्यक्रमहरूको विवेचना बुँदागत रूपमा प्रस्तुत गरिएको छ।

- सबै नागरिक कानुनको दृष्टिमा समान हुने, राज्य र राज्यले नागरिकहरूको बीचमा धर्म, जातजाति, लिङ्ग, उत्पत्ति, भाषा, वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव नगर्ने।
- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी समुदाय उत्पीडित वर्ग, गरिव किसान र मजदुरलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागि गराउने।
- विभिन्न धर्म, संस्कृति, जातजाति, समुदाय, सम्प्रदाय, उत्पति र भाषा भाषिकाबीच समानता एवं सहअस्तित्वको आधारमा स्वच्छ र सुमधुर सामाजिक सम्बन्ध विकास गर्ने।
- महिला वर्गलाई शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था गरी राष्ट्रिय विकासमा आधारिक सहभागी गराउने।
- एकल महिला, अनाथ बालबालिका, असहाय, वृद्ध, अपाङ्ग, असक्त र लोपउन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने।
- वृद्ध, सशक्त महिला तथा बेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता उपलब्ध गराउने।
- शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्यसम्प्रभुत्तामा सबै नागरिक अधिकार स्थापित गर्ने।
- किसान, मजदुर लगायत श्रममा आश्रति वर्गको विकासका लागि प्राविधिक शिक्षा, तालिम, प्रशिक्षणको आवश्यक पूर्वाधारको व्यवस्था गर्ने।
- सामाजिक तथा आर्थिक रूपले पछाडि परेका वा पारिएका वर्गको भूमिमा पहुँच बढाउने, यसका लागि राष्ट्रिय भूमि नीति तर्जुमा गर्ने।
- सबै तह र विषयको शिक्षामा समान पहुँच विस्तार गर्ने।
- सरकारी अस्पतालहरूमा निःशुल्क प्रसुति सेवा, प्रसुति भत्ता समेतको व्यवस्था गरिएको।

- बालबालिकाको लागि निःशुल्क खोप सेवा, निःशुल्क शिक्षाको व्यवस्था गरिएको।

**सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा सामाजिक न्यायको अभिन्न अङ्ग हो। समाजमा सबै खालका मानिसहरू रहेका हुन्छन्। आर्थिक, सामाजिक रूपले धेरै सक्षम, धेरै धनी, बौद्धिक रूपमा सक्षम र राजनीतिक नेतृत्वमा प्रखर रहेका व्यक्तिहरू, आफ्नो टाउको लुकाउने ओत र भोक मार्ने चिज केही नभएका, आफ्नो बारेमा बुझ्न, सोच्न र जान्न नसक्ने खालका व्यक्तिहरू एवं आफ्नो बारेमा बुझ्न सक्ने र सोच्न सक्ने भएपनि शारीरिक अपाङ्गता तथा असक्तता वा मानसिक रूपमा असक्तताको कारण आफ्नो लागि केही गर्न नसक्ने व्यक्तिहरू पनि समाजका सदस्यका रूपमा रहेका हुन्छन्। समाज वृद्ध, बालक, असहाय, असक्तदेखि सक्षम र प्रभावशाली व्यक्तिहरूबाट बनेको हुन्छ। समाजमा आफ्नो जीविकोपार्जन गर्न अरुको भर पर्नुपर्ने अवस्थामा रहेका व्यक्ति, समुदाय र वर्गको आधारभूत आवश्यकताहरूको परिपूर्ति राज्यको तर्फबाट गर्नुपर्ने कुरासँग सामाजिक सुरक्षाको अवधारणा सम्बन्धित रहेको छ। सामाजिक सुरक्षाको अवधारणा लोककल्याणकारी राज्यको अवधारणाको उपज हो। यसले आर्थिक तथा सामाजिक रूपमा असुरक्षित वा जोखिममा रही आफ्नो जीविकोपार्जन आफै गर्न असमर्थ रहेका व्यक्तिहरूलाई राज्यका तर्फबाट विशेष सहुलियत सहायता र संरक्षणको सुनिश्चितता प्रदान गर्ने विषयलाई समेटेका हुन्छ। विकसित देशहरूमा आफ्नो जीविकोपार्जन आफै गर्न नसक्ने वा पाको उमेर भइसकेकाहरूलाई राज्य आफैले लालनपालनको व्यवस्था गर्ने गर्दछ। तर हाम्रो सन्दर्भमा राज्यले सामाजिक सुरक्षालाई भत्ताको रूपमा अगाडि ल्याइएको छ। जसअनुसार नेपालको सन्दर्भलाई हेर्दा वृद्धभत्ता, अपाङ्गभत्ता, असक्तहरूका लागि प्रदान गरिने भत्ता, पिछडिएका समुदाय तथा लोपन्मूख जातिको उत्थानको लाथि प्रदान गरिने भत्ता, एकल महिला भत्ता, मातृ संरक्षण भत्ता, आश्रति परिवार सुविधा, सबैको लागि स्वास्थ्योपचार सुविधा, खाद्य सुरक्षा, अनिवार्य शिक्षा जस्ता कुराहरूलाई लिन सकिन्छ। यस अर्थमा सामाजिक सुरक्षालाई सामाजिक न्यायमा पुर्‍याउने तथा सामाजिक न्यायलाई व्यवहारमा उतार्ने एउटा माध्यम तथा उपकरणको रूपमा लिन सकिन्छ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५ (१) ले प्रत्येक व्यक्तिलाई आफ्नो र आफ्नो परिवारको स्वास्थ्य र कल्याणको लागि खाद्यान्न, कपडा, आवास र औषधि उपचारको सुविधा र आवश्यक सामाजिक सेवाहरू लगायत प्रयाप्त जीवनस्तरको अधिकार तथा बेरोजगारी, विरामी, असक्तता, विधवा, बुढेसकाल वा आफ्नो काबु बाहिरका परिस्थितिहरूमा जीवनयापनका उपायका अभावमा सुरक्षा पाउने अधिकार छ र विवाह भई वा नभई जन्मेका सम्पूर्ण बालबालिकाहरूले समान सामाजिक संरक्षण पाउने छन् भन्ने व्यवस्था गरेको छ। नेपालको संविधान, २०७२ ले धारा ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरेर सामाजिक सुरक्षालाई कानुन आधार प्रदान गरेको छ।

सामाजिक सुरक्षालाई संकुचित र वृहत् दुवै तरिकाबाट हेर्न सकिन्छ।

बृहत् अर्थमा सामाजिक सुरक्षाले राष्ट्र र समाजका सम्पूर्ण समूहहरू र औपचारिक तथा अनौपचारिक दुवै अर्थतन्त्रलाई आफ्नो दायरामा समेट्छ।

सङ्कुचित अर्थमा यसले औपचारिक क्षेत्रमा कार्यरत कामदार, कर्मचारी र उनीहरूका परिवारको सुरक्षालाई मात्र समेट्छ। गरिव, बेरोजगार, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, असहायहरू,· विपत्मा परेकाहरू, विस्थापितहरू र श्रमिक वर्ग यी सबैलाई सामाजिक सुरक्षा आवश्यक पर्दछ।

नेपालमा सञ्चालित सामाजिक सुरक्षा कार्यक्रमहरुः-

१. नगद सहायताः वृद्धभत्ता, एकल महिला भत्ता, अपाङ्ग भत्ता आदि।

२. वस्तु सहायताः- दुर्गम जिल्लाहरूमा खाद्यान्न वितरण तथा ढुवानी, विद्यालयमा दिवा खाजा आदि।

३. सेवाहरूः- छात्रा एवं दलित र सीमान्तकृत समुदाय तथा कर्णाली क्षेत्रका बालबालिकाहरूलाई छात्रावृत्ति दिने कार्यक्रम र निःशुल्क प्राथमिक सेवा

४. सामाजिक विमाः- कर्मचारी सञ्चयकोष, कर्मचारीहरूलाई प्रदान गरिने उपदान, नागरिक लगानी कोष आदि।

५. सार्वजनिक निर्माणः- ग्रामीण पूर्वाधार निर्माण कार्यमा दिइने रोजगार, कर्णाली रोजगारी योजना, युवा स्वरोजगार कार्यक्रम।

६. रोजगार तथा सीपविकासः- गरिव तथा अपाङ्गहरूलाई दिइने सीपविकास तालिम, बाल अधिकारको संरक्षण।

७. हेरचाह सम्बन्धी सेवाहरूः- वृद्ध, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूलाई प्रदान गरिने सामजिक हेरचाह सेवा।

**सामाजिक सुरक्षाका क्षेत्रहरू**

चिकित्सा हेरचाह, विरामी सुविधा, बेरोजगारी भत्ता र सुविधा, वृद्धावस्थाको सुविधा, रोजगार, दुर्घटना सुविधा, शैक्षिक वृत्ति, मातृत्व सुविधा,असक्तवृत्ति र परिवारिकवृत्ति आदि अन्तर्राष्ट्रिय श्रमसँगठन (ILO) ले सामाजिक सुरक्षाका लागि पहिचान गरेका क्षेत्रहरू हुन्

**नेपालमा सामाजिक सुरक्षाको अवस्था**

- नेपालमा सामाजिक सुरक्षाको औपचारिक सुरुवात वि.सं. १९९४देखि कर्मचारीलाई पेन्सन दिने व्यवस्थाको थालनीबाट भएको पाइन्छ। त्यसैगरी वि.सं. २०२३ देखि प्रहरीलाई र वि.सं. २०६१ देखि शिक्षकलाई समेत पेन्सन दिन थालिएको हो।
- नेपालमा पहिलोपटक नवौ योजनामा सामाजिक सुरक्षाको नीति अँगालिएको पाइन्छ। त्यसपछिका योजनाहरूमा पनि बालबालिका, ज्येष्ठ नागरिक, एकल महिला लोपोन्मुख आदिवासी जनजाति तथा अपाङ्गता भएका व्यक्तिहरूलाई राज्यका तर्फबाट सामाजिक सुरक्षाभत्ता प्रदान गर्दैआएको छ।
- सामाजिक सहायता विमा अन्तर्गत ज्येष्ठ नागरिकलाई लक्षित गरी वृद्ध भत्ता वितरण भइरहेको छ। त्यसैगरी ६० वर्षनाघेको गरिव एकल महिलालाई लक्षित गरी एकल महिला भत्ता वितरण गर्न थालिएको छ।
- रोजगार, सुरक्षा योजना अन्तर्गत विभिन्न जिल्लामा सार्वजनिक निर्माण कार्यक्रमहरू लागू गरिएका छन्। वेरोजगारहरूलाई लक्षित गरी युवा स्वरोजगार कार्यक्रम कर्णालीरोजगार कार्यक्रम जस्ता कार्यक्रमहरू लागू गरिएका छन्।
- खाद्य सुरक्षाबाट जोखिममा परेका जिल्लाका जनताहरूलाई लक्षित गरी खाद्यन्नसँग सम्बन्धित

कार्यक्रमहरू लागू गरिएका छन् ।

- कर्मचारी तथा कामदारहरूको श्रम सुनिश्चितताका लागि विभिन्न पहलहरू भइरहेका छन् । जस्तै सन्चयकोष, नागरिक लगानी कोष जस्ता योजनाहरूको व्यवस्था गरिएको छ ।
- रोजगारजन्य जोखिमहरूलाई सम्बोधन गर्न सङ्गठित क्षेत्रका कर्मचारी तथा कामदारहरूको परिश्रमिकमा एक प्रतिशत कर लगाई सामाजिक सुरक्षा कोषको स्थापना गरिएको छ ।

**संवैधानिक व्यवस्था**

- नेपालको संविधान, २०७२ ले महिला, दलित, अपाङ्ग, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षाको लागि विशेष व्यवस्था गर्ने नीति अङ्गीकार गरेको छ ।
- सामाजिक सुरक्षाको हक धारा ४३, महिलाको हक धारा ३८, सामाजिक न्यायको हक धारा ४२, बालबालिकाको हक धारा ३९, श्रमको हक धारा ३४, ज्येष्ठ नागरिकको हक धारा ४१, उपभोक्ताको हक धारा ४४ लगायत मौलिक हकको व्यवस्थामार्फत् सामाजिक सुरक्षालाई जोड दिइएको छ ।
- संविधानको धारा ३३ मा राज्यको दायित्व अन्तर्गत सुकुम्बासी, कमैया, हरूवा चरुवा लगायतका पिछडिएका वर्गलाई जग्गा लगायत आर्थिक, समाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने व्यवस्था गरिएको छ ।
- धारा ३५ मा राज्यले एकल महिला, अनाथ बालबालिका, असहाय वृद्ध अपाङ्ग, असक्त र लोपोन्मूख जातिको संरक्षण र उन्नतिका लागि विशेष व्यवस्थाहरू समावेश गरिएको छ ।

**चालु त्रिवर्षीय योजना -२०७३/७४-२०७५/२०७६) मा भएको व्यवस्थाहरू**

- ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरू लोपोन्मूख समुदायका परिवारहरूलाई दिइने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बिमा, पशु बिमा, बाली बिमा लगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू लक्षित वर्ग तथा समुदायमा उपलब्ध गराउने,
- माथि उल्लिखित समुदायका परिवारहरूलाई दिइँदै आएको सामाजिक सुरक्षा भत्ता सहज तथा समयमा नै उपलब्ध गराउने व्यवस्था गरिएको,
- विपन्न सिमान्तकृत तथा लोपोन्मूख आदिवासी जनजातिलाई आधारभूत शिक्षा तथा स्वास्थ्य सेवाहरू निःशुल्क उपलब्ध गराउने,
- दिगोपनाको लागि वैज्ञानिक तवरले व्यवस्थित गर्ने नयाँ कार्यक्रमहरू सञ्चालन,
- "एक विपन्न वेरोजगार घरधुरी एक रोजगारी" कार्यक्रम सञ्चालन,
- जनता पेन्सन कार्यक्रम सञ्चालनका लागि सहयोग र समन्वय,
- अनौपचारिक क्षेत्रमा सामाजिक बिमा तथा लघुवित्त कार्यक्रम सञ्चालन
- सामाजिक सुरक्षा भत्ता थप नगरपालिका तथा गाउँपालिकाहरूमा समेत बैंकमार्फत् वितरण

**संस्थागत व्यवस्था**

- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय; महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय; स्वास्थ्य मन्त्रालय; श्रम तथा रोजगार मन्त्रालय; शिक्षा मन्त्रालय र, शान्ति तथा पुनर्निर्माण मन्त्रालय लगायत कृयाशील केन्द्रीयस्तरका निकायहरू ।
- स्थानीय रूपमा जिल्ला समन्वय समिति गाउँ पालिका, नगरपालिका लगायत विभिन्न गैर रकारी संस्थाहरू तथा नागरिक समाज ।

**सामाजिक सुरक्षाको सम्बन्धमादेखिएका केही समस्याहरू**

- सामाजिक सुरक्षामा भएको खर्चको उत्पादनमूलक तथा परिणाममुखी नतिजा हासिल गर्न सकिएको छैन ।
- सामाजिक सुरक्षा र संरक्षण प्रतिको चेतना कमजोर रहेको ।
- लक्षित वर्गसम्म सामाजिक सुरक्षाको कार्यक्रम प्रभावकारी रूपमा पुर्‍याउन नसकिएको ।
- सामाजिक सुरक्षा कार्यक्रमहरू विभिन्न निकायहरूमार्फत् छरिएर कार्यान्वयन हुन नसकेको ।
- वित्तीय दिगोपना नहुँदा निरन्तरताको अभाव रहेको ।

**सामाजिक सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउने सुझावहरू**

- सर्वप्रथम त सामाजिक सुरक्षाको लागि स्पष्ट र विशिष्ट नीति तथा कार्यक्रम बनाउनु आवश्यक छ ।
- सार्वजनिक सुरक्षा कोषको दुरूपयोगलाई निरुत्साहन गर्न राष्ट्रिय परिचय पत्र बनाउन जोड दिने
- लोपोन्मुख तथा सङ्कटग्रस्त जाति तथा वर्गहरूको लेखाजोखा गर्ने संयन्त्रको स्थापना,
- विभेदकारी तथा असमान कानुनलाई खारेज गर्ने
- स्थानीय निकायलाई पारदर्शी र जिम्मेवार बनाई सामाजिक सुरक्षाभत्ता वितरणलाई अझ प्रभावकारी बनाउने ।
- सामाजिक सुरक्षाको कार्यमा संलग्न सदस्यहरबीच प्रभावकारी समन्वय कायम गर्ने ।

**निष्कर्ष**

नागरिक कल्याणको सुनिश्चितता कायम गर्नु राज्यको प्रमुख दायित्व हो भने सबै नागरिकहरूप्रति समान एवं अविभेदपूर्ण व्यवहार राज्यको कर्तव्य हो । आफ्नो दायित्व निर्वाह गरी नागरिक कल्याण अभिवृद्धि गर्ने काम न्यायमूलक समाज स्थापनाबाट नै सम्भव हुन्छ । राज्य शक्तिको प्रयोग गर्ने राज्यका तिनवटै निकायमा देशका सबै जातिर्/वर्ग/समुदाय र लिङ्गको अर्थपूर्ण सहभागिता आवश्यक हुन्छ । कुनै एउटा जात, वर्ग, समुदाय वा लिङ्गलाई बेवास्था गरेमा राज्यमा न्याय र नैतिकता कायम गर्न सम्भव हुँदैन । आधुनिक राज्य व्यवस्थामा विभिन्न कारणबाट राज्यको मूलधारमा समावेश हुन नसकेको वर्ग, लिङ्ग र क्षेत्रका व्यक्ति तथा समुदायको राज्य संयन्त्रमा समान सहभागिताको सुनिश्चितताबाट मात्र न्यायपूर्ण समाजको निर्माण गर्न सकिन्छ ।

नागरिकहरूलाई राज्यसंयन्त्रको हरेक तहमा सहभागी हुने अवसर जुटाई न्याय र नैतिकतामा आधारित समाज सिर्जना गरी लोकतन्त्रका लाभहरूको उपभोग गर्न पाउने नागरिकहरूको हक सुनिश्चित गर्ने दिशामा राज्यले सदैव ध्यान दिनुपर्दछ । कुनै पनि व्यक्तिले संविधान तथा कानुनप्रदत्त हक अधिकारमा कुनै प्रकारको अंकुश लगाउने वा हस्तक्षेप गर्ने छुट कुनै पनि निकाय वा व्यक्तिलाई हुँदैन । न्यायपूर्ण समाज त्यति बेला सम्भव हुन्छ, जब राज्य संयन्त्रको सबै तहमा

सबै नागरिकहरूको समान पहुँच र समाज सहभागिताको सुनिश्चितता भएको हुन्छ र सबैको भावनाको सम्मानपूर्वक सम्बोधनको सुनिश्चितता रहेको हुन्छ । सामाजिक न्याय र सामाजिक सुरक्षाको माध्यमबाट राज्यले समावेशी समाजको निर्माण र नागरिकहरूप्रति समान व्यवहारको सुनिश्चितता कायम गर्ने आफ्नो दायित्व पूरा गर्न सक्दछ । यी दुवै विषयहरू न्यायपूर्ण समाज स्थापनाको लागि सशक्त माध्यमको रूपमा रहेको छ ।

*लेखक महिला, बालालिका तथा समाजकल्याण मन्त्रालयमा कार्यरत हुनुहुन्छ ।*

**सन्दर्भ सामाग्रीः**


- नेपालको संविधान, २०७२
- १४ औं त्रिवर्षिर्य योजना
- विभिन्न दैनिक पत्रपत्रिकाहरू
- सम्बन्धित वेवसाइडहरू
- विभिन्न लेख/रचनाहरू

# लैङ्गिक विभेद र महिला शिक्षा

दिलिप कुमार श्रीवास्तव

## १.परिचय

विश्वका गरिव देशहरू जस्तै नेपालमा पनि महिलाको अवस्था निम्नस्तर भएको र यहाँको आर्थिक, राजनीतिक, शैक्षिक, मानव अधिकार, नीति निर्माण, प्रशासनिक लगायतका क्षेत्रहरूमा पुरुषको तुलनामा महिलाको सहभागिता धेरै कम रहेको पाइन्छ। नेपालको कुल जनसङ्ख्याको आधाभन्दा बढी करिव ५१.५० प्रतिशत हिस्सा रहेको महिलाहरू राज्यको हरेक क्षेत्रमा पिछडिएको (population census, 2011) पाइन्छ। लैङ्गिक असमानता , साधन स्रोत र अवसरमा महिलाको न्यून सहभागिताले यिनीहरू पछाडि रहेको पाइन्छ। महिला हक-अधिकार, लैङ्गिक विभेदको अन्त्य तथा शसक्तीकरणका लागि विभिन्न सरकारी निकाय, संघसस्था तथा गैरसरकारी संस्थाहरू आ-आफनो क्षेत्रमा क्रियाशील रहेका छन्। नेपालको संविधानले महिलासम्बन्धी हकको सुनिश्चित गरेको भए तापनि अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन। हाम्रो देशमा महिलाहरू आफनै घरपरिवारभित्र, समाज र कार्यस्थलमा विभेदको सिकार भइरहेका छन। मनुस्मृतिमा "यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता" (जहाँ नारीको पूजा हुन्छ त्यहाँ देवता रमाउँछन्) भनेर नारी प्रति सम्मान भाव व्यक्त गरिएको छ। आदिशक्ति देवी भगवती, धनकी देवी लक्ष्मी र शिक्षाकी देवी सरस्वती नारीहरू नै थिए।जसको समाजमा आदर र सम्मान गरिन्थ्यो। तर विडम्बना नै भन्नुपर्छ एक्काइसौं शताब्दीमा आइपुग्दा महिलाहरू पराधीनबाट मुक्ति पाउन सकेका छैनन्। आधा आकाश ढाकेको माहिलाहरू पुरुषसरह नै सभ्य समाजको निर्माण र विकास का परिपूरक हुन्। नेपोलियन बोनार्पाटले महिला र विकासलाई एउटा सिक्काका दुई पाटाको रूपमा पनि वर्णन गरेका छन्।

माहिला र पुरुष शारीरिक भिन्नता प्रकृतिमा आधारित जन्मजात हो। यो जैविक लिङ्गभेद, संसारभरि एकै नासका हुन्छन। जुन अपरिवर्तनीय छ। तर सामाजिक संरचना परिस्थिति सस्कृति आर्थिक एव भौगोलिक अवस्था अनुसार फरकफरक हुन्छ। समाजमा व्याप्त रूढिवादी सोच , अशिक्षा परम्परागत मान्यता , नीति निर्माण तहमा पुरुषहरूको बाहुल्यता र माहिलामाथि महिलाले नै गर्ने लैङ्गिक विभेद एउटा जटिल समस्याको रूपमा नेपालमा देखा परेको छ।

## २.महिला र सामाजिक अवस्था

पछिल्लो समयमा नेपाली महिलाको स्थितिमा केही परिवर्तन आएको छ। महिलाको शिक्षा, रोजगारी तथा स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ। महिलाको पहिचानमा जात, वर्ग र जातीय आयामहरूबाट यस्तो परिवर्तनको विस्तार तथा स्वभावमा अझ प्रभाव परेको छ। त्यसो भए तापनि पुरुषको तुलनामा सामाजिक, राजनीतिक, आर्थिक तथा कानुनी क्षेत्रमा सीमित अवसर र अधिकारका कारण महिलालाई सामाजिक प्रतिष्ठाको सोपानमा तल्लो तहमा रहेको देखाएको छ। मानव विकास सम्बन्धी लैङ्गिक भेदभावका परिसूचकले लिङ्गमा आधारित वास्तविक

विभेदलाई यथार्थ रूपले चित्रण गरेको छ। यसले सामान्य जीवन बिताउनको लागि आवश्यक अवसरमा पनि पक्षपात छ भन्ने कुराको चित्रण गर्दछ। हालको जनसङ्ख्यामध्ये महिलाको सङ्ख्या पुरुषको भन्दा बढी छ तर उनीहरूको अत्यधिक समय कम उत्पादनशील क्रियाकलाप र घरेलु काममा बित्ने गर्दछ।

दक्षिण एसियाका अन्य मुलुकको तुलनामा नेपालको साक्षरता दर सबै भन्दा कम छ। प्रत्येक पाँच जना वयस्क महिलामध्ये एक जना साक्षर छन् । साक्षरता दर पुरुषको ६५.०८ प्रतिशत र महिलाको केवल ४२.४९ प्रतिशत छ। (राष्ट्रिय जनगणना २०५८ केन्द्रीय तथ्याङ्क विभाग) साक्षरता तथा खुद स्कुल भर्ना सङ्ख्याको हिसाबले लैङ्गिक असमानता दक्षिण एसियाली क्षेत्रमै सर्वाधिक रहेको छ हामीकहाँ बलियो कानुनी प्रावधान रहँदारहँदै पनि बालिकाहरूको विवाह कम उमेरमा गरिने प्रचलन आज पनि रहेको पाइन्छ। नेपालमा मातृ मृत्युदर विश्वकै सबैभन्दा बढी छ र प्रति १,००,००० जीवित जन्ममा ५४० जना, १० प्रतिशतभन्दा कम जन्ममा मात्र तालिम प्राप्त स्वास्थ्य कर्मचारीको सेवा पुग्दछ । महिलाको परनिर्भरता सार्वजनिक ठाउँ, बजार र समुदायका अन्य क्षेत्रमा पनि देख्न सकिन्छ। लिङ्गमा आधारित हिंसा, घरेलु हिंसा र चेलीबेटी बेचबिखनको समस्यालाई नियन्त्रण गर्न सरकार निरन्तर रूपमा प्रयत्नशील रहिआएको छ। सरकारी नीति र कानुनी व्यवस्थामा सुधार गर्न आवश्यक हुँदाहुँदै पनि प्रचलित कानुन तथा नीतिको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। सामान्यत महिलाले सम्पत्ति, कर्जा, शिक्षा र रोजगारी जस्ता ठोस भौतिक साधन तथा सूचना, राजनैतिक पहुँच तथा नेतृत्व जस्ता सामाजिक स्रोतमा आफ्नो पहुँच पुर्‍याउन बाधा-व्यवधानहरूको सामना गर्दै अघि बढन प्रयत्न गर्नु पर्दछ। शिक्षा, रोजगारी, निजामती सेवा तथा राजनैतिक प्रणालीमा महिलाको सहभागिता सम्बन्धी गरिएको सानो समीक्षाले ज्ञात हुन्छ।

हाम्रो पितृसत्तात्मक समाजमा परम्परावादी सोच र चिन्तनले गर्दा गर्भदेखि नै महिलाहरू विभेदको सिकार भएको देखिन्छ। वशंपरम्परा धान्न र धार्मिक कार्य सम्पन्न गर्न छोरा नै चाहिने परम्परावादी सोचका कारण गर्भ पहिचान गरी भ्रूण हत्या गर्ने कार्यमा अपेक्षित सुधार आउन सकेको छैन। त्यस्तै देवकी प्रथा , झुमा प्रथा ,दाइजो प्रथा बोक्सी प्रथा ,विधवा प्रथा ,वादी प्रथा, छाउपडी प्रथाले, महिलाको विकासमा अवरोध सिर्जना गरेका छन्। पुरुषको तुलनामा महिलाले अधिकार र स्वतन्त्रताको लागि पाइलै पिच्छै संघर्ष गर्नु पर्दछ। हाम्रा परम्परागत संस्कार एवं रीतिरिवाज आदिले महिला र पुरुषलाई विभेद सिर्जना गरेको पाइन्छ। एक्काइसौं शताब्दीमा आइपुग्दा पनि हाम्रो समाज रूढिवादी सोचबाट मुक्त हुन सकेको छैन।

### ३.महिला र शिक्षा

सामाजिक रूपमा महिलालाई सशक्त, आत्मनिर्भर र आत्मविश्वासी बनाउन शिक्षा पहिलो आवश्यकता हो। महिला शिक्षित भए परिवारै शिक्षित हुन्छ र परिवार शिक्षित भए समाज र समग्र देश शिक्षित हुन्छ। केही दशकयता समग्र रूपमा साक्षरताको दरमा वृद्धि भए तापनि हाम्रो देशमा अझै धेरै महिला शिक्षाको अवसर बाट वञ्चित छन। अशिक्षाको कारणले बालविवाह, बहुविवाह, बढ्दो मातृ मृत्युदर र घरेलु हिंसा आदिले महिलालाई कमजोर बनाउदै लगेको पाइन्छ। शिक्षाको कमीले ग्रामीण क्षेत्रमा छोरीलाई पराई धनको रूपमा लिँदै गरेको पाइन्छ। जसले गर्दा करिव एक चौथाइ महिलाको १५देखि १९ वर्षको उमेरमा विवाह हुने गरेको पाइन्छ। यसलाई आर्थिक विकासको बाधकको रूपमा लिन सकिन्छ। शिक्षाको अभावले हिमालमा होस् या तराई हरेक क्षेत्रका महिलाहरू विभेदका सिकार भइरहेका छन्। विभिन्न अध्ययनका अनुसार हरेक पाँच महिला मध्ये कम्तिमा दुई जना विभेदका सिकार भइरहेका हुन्छन।

### ४.महिला र आर्थिक अवस्था

हाम्रो देशमा महिलाहरू धेरै जसो बिहानदेखि बेलुकासम्म घरधन्दा, कुवा, पधेरो, घाँसपात, खेतबारी ,गाई

गोठालो हाटबजार आदिमा संलग्न रहेको पाइन्छ । पुरुषको भन्दा बढी कार्यबोझ भए पनि त्यस प्रकारको श्रमको कुनै मुल्याङ्कन हुँदैन  निरक्षेप गरीबी रेखामुनि रहेको कुल जनसङ्ख्याको करिव ७० प्रतिशत महिलाहरू नै छन् । महिलाको औसत कार्य बोझ दिन प्रतिदिन बढ्दै गइरहेको छ । हाम्रो देशमा धेरै कम महिला नीति निर्माणको तहमा तथा सरकारी सेवाको पेशामा आबद्ध छन् । महिलाहरू घरेलु हिँसाको सिकार भइरहेकाछन भने घर बाहिर पनि पुरुष वर्गबाट विभेदको सिकार भइरहेको पाइन्छ । महिलाहरूले घर बाहिर पेसागत हकहितको सुरक्षा गर्न सकिरहेका छैनन् । जबसम्म महिलाहरूको कार्यस्थलमा लैगिक विभेद कायम हुन्छ तबसम्म उनीहरूको परम्परागत मानसिकता बाट आक्रान्त समाजमा महिलाहरूको क्षमतालाई निकम्मा बनाउँदै जान्छ । जसले गर्दा आर्थिक क्षेत्रमा महिलाहरू समायोजित हुन सक्दैन  र महिला सहभागिता विना समतामूलक समावेशी शिक्षित ,स्वस्थ र सभ्य समाजको परिकल्पना सम्भव छैन ।

## ५. समस्या तथा निराकरणका लागि राज्यबाट गरिएका प्रयासहरू

महिला हिंसाका घटनाहरूमा खासगरी घरेलु हिंसा त्यसमा पनि कुटपिट गर्ने, खान लाउन नदिने, घरबाट निकाला गर्ने, छोरी बुहारीलाई घरबाट बाहिर जान रोक लगाउने, बुहारीलाई कार्यबोझ बढी दिने, मानसिक यातना, यौनजन्य दुर्व्यवहार, त्यसमा पनि खासगरी बालबालिकाहरूलाई गरिने यौनजन्य दुर्व्यवहार, बहुबिवाह, दाइजो तथा अन्य कारणले हत्या, ज्यान मार्ने धम्की, जबरजस्ती करणी, अपहरण, बोक्सीको आरोपमा यातना, चेलिबेटी बेचबिखन, ललाई फकाई भगाएको जस्ता घटनाहरू मुख्य रहेका छन ।

हाम्रो समाजमा विभेद ,असमानता र बञ्चितिकरण थालनी जंगबहादुर राणाको पालामा सन् १८५३ -बनेको), ६ जनवरी १८५४ मा मुलुकी ऐन लागू भएको पाइन्छ । सो ऐनले देशका समस्त बासिन्दालाई निम्न चार श्रेणीमा विभाजन गरेको थियो । तागाधारी जात क) पहाडे उच्च जात बाहुन, ठकुरी, जैसी, क्षेत्री आदि, ख) मधेसी उच्च जात (ब्राह्मण, राजपुत आदि) । मतवाली जात (मगर, गुरुङ्ग, सुनुवार, लिम्बू, लेप्चा, बज्राचार्य, शाक्य, तुलाधर, महर्जन, नेवार भोटे, तामाङ्ग, चेपाङ्ग, र्घर्ती, हायु, माझी, दनुवार, कुमाल, थारु, मेचे, महारी, आदि) । अशुद्ध तर छोइछिटो हाल्नु नपर्ने जात (खड्गी, कपाली, रजक चर्मकार, मुसलमान, म्लेच्छ आदि) । अशुद्ध तर छोइछिटो हाल्नु पर्ने जात (कामी, दमाई, बादी, गाइने, दयल (नेवार) च्यामखाल (नेवार), चमार, मुसहर आदि । मान्छे मान्छे बीचमा विभेद गर्ने परम्पराले निरन्तरता पायो ।

महिला हिंसा गर्नु कानुनी रूपमा दण्डनीय अपराध हो । महिला हिंसा गर्नेलाई हिंसाको कसुर अनुसारको सजाय हुने स्पष्ट कानुनी व्यवस्था छ । हुनत महिलामाथि हुने सबैखाले हिंसा नियन्त्रण र न्युनीकरण गर्न नेपालमा पहिलेदेखि विद्यमान कानुनहरू पर्याप्त नभएको कारण सरकारले थप कानुनहरू पनि बनाएको छ र त्यसको प्रभावकारी कार्यान्वयनमा जोड समेत दिएको पाइन्छ । महिला हिंसा न्युनीकरण र नियन्त्रणका लागि विद्यमान कानुनहरूमा मुलुकी ऐन, २०२०, नेपालको अन्तरिम संविधान २०६३, राष्ट्रिय मानव अधिकार आयोग ऐन २०५३, यातना सम्बन्धी क्षतिपूर्ति ऐन, २०५३, छाउपडी प्रथा उन्मुलन निर्देशिका, २०६३, राष्ट्रिय महिला आयोग ऐन २०६३, लैङ्गिक समानता कायम गर्न केही नेपाल ऐन संसोधन गर्न बनेको ऐन, २०६३, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६३ र नियमावली २०६५, घरेलु हिंसा कसुर तथा सजाय ऐन २०६६ र नियमावली २०६७ जस्ता थुप्रै ऐन नियमले महिलामाथि हिंसा गर्नेलाई कार्यवाही गर्ने प्रशस्त व्यवस्था गरेको छ ।

त्यस्तै महिलाको सवालमा विभिन्न महासन्धि र नीतिगत प्रावधानहरू पनि रहेका छन् । जसमा खासगरी लैङ्गिक समानता र महिला सशक्तीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना २०६१, लैङ्गिक हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना सन् २०१०, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि सन् १९७९, महिला हिंसा विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धिको इच्छाधिन आलेख सन् १९९९, महिला हिंसा विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मुलन गर्ने महासन्धि कार्यान्वयन गर्ने राष्ट्रिय कार्ययोजना २०६०, लैङ्गिक समानता तथा महिला

सशसक्तीकरण सम्बन्धी राष्ट्रिय कार्ययोजना २०६१ र मानव बेचबिखन खासगरी महिला तथा बालबालिका विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ ले पनि महिला हिंसा अन्त्यको प्रभावकारितामा जोड दिएको पाइन्छ।

त्यसैगरी महिला हिंसाका सबै स्वरूपलाई निषेध गरी सम्बद्ध सबै पक्षलाई हिंसा बन्द गर्न आग्रह गर्दै १९ जुन २००८ मा संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्बाट प्रस्ताव नम्बर १८२० पनि पारित भइसकेको छ। त्यस्तै महिला शान्ति र सुरक्षा सम्बन्धी प्रस्ताव १३२५ ले शान्ति प्रक्रियामा महिलाको भूमिका र आवश्यकताको पहिचान गर्दै द्वन्द्व समाधान, व्यवस्थापन र रोकथामका लागि गरिने निति निर्माणमा महिला सहभागिता वृद्धि गर्नुका साथै उनीहरूको विशिष्ट आवश्यकता, अधिकार र सुरक्षा एवम् शान्ति प्रक्रियामा लैङ्गिक दृष्टिकोणलाई मूल प्रवाहीकरण गर्नुपर्ने कुरामा जोड दिँदै संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदद्वारा ३१ अक्टोबर सन २००० मा प्रस्ताव नम्बर १३२५ पनि पारित भइसकेको छ। महिलासम्बन्धी विद्यमान ऐन, नियम कानुन र सन्धिहरूलाई मात्र मुलुकका महिलाहरूले जान्ने हो र आफ्नो अधिकारप्रति सचेत बन्ने हो भने महिला हिंसा न्युनीकरण र नियन्त्रणमा ठूलो बल मिल्ने छ। तर पुरुषप्रधान सामाजिक संरचना र त्यसप्रति महिलाहरूको स्विकोक्तिका साथै अधिकांश महिलामादेखिएको शिक्षा र आफ्नो अधिकारप्रतिको चेतनाको अभावका साथै पुरुषप्रतिको परनिर्भरताका कारण पनि महिला हिंसाले विराम पाउन सकेको छैन।

### ६.निस्कर्ष

महिला विरुद्धको सबै प्रकारको विभेद र हिंसा अन्त्य गरी महिलाको हक आधिकारको सुरक्षाको प्रवर्धनको लागि राज्यले अधिकारमा आधारित विकास अवधारणामा नीतिगत कानुनी र संस्थागत सुधार गर्नुपर्दछ। विभेदकारी कानुनलाई समयसापेक्ष बनाई  महिलामा अन्तर्निहित क्षमता अभिवृद्धि गरी सशक्तीकरण गरिनु पर्दछ। महिला विरुद्धको विद्यमान शोषण , दमन र सबै किसिमका भेदभाव हटाउन सन १९७५ मा मेक्सिकोमा पहिलो  महिला सम्मेलन आयोजना भएको थियो। संयुक्त राष्ट्रसंघको साधारणसभाबाट १८ डिसेम्बर १९७५ मा महिलामाथि हुने सबै किसिमको भेदभाव हटाउन महासन्धि समेत पारित गरियो। देशका महत्त्वपूर्ण क्षेत्रमा महिलाको समावेशीकरण र निर्णयात्मक भूमिकाको लागि सामाजिक दृष्टिकोण तथा मूल्यमान्यता, सामाजिक संस्कार तथा असमान सामाजिक संरचना र पितृसत्तात्मक सोचमा परिवर्तन हुनु जरुरी छ।

### ७. सन्दर्भ सामग्री


१. राजहाँस वर्ष १३ अंक १३ ,२०७० प्रकाशक बानेश्वर क्याम्पस, काठमाडौं।

२. प्रशासन पत्रिका विभिन्न अंकहरूः सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौं।

३. दैनिक पत्रपत्रिकाको लेख रचनाहरू।



*लेखक नेपाल विज्ञान तथा प्रविधि प्रशार प्रतिष्ठानमा प्रशासकीय अधिकृत हुनुहुन्छ ।*

# दोस्रो विश्व महिला सम्मेलन  र त्यसले उठाएका विषयहरू

**बिन्दा मैनाली**

**१. विषय प्रवेश**

विश्वका आधारभूत तहका महिलाहरूको दोस्रो विश्व महिला सम्मेलन २०७२ फागुन ३०देखि चैत्र ५ गते (१३ -१८ मार्च, २०१६) सम्म काठमाडौंको प्रज्ञा भवनमा भव्यताका साथ सम्पन्न भयो। करिव दुई हजार महिलाहरू र केही पुरुषहरूले १३ मार्चको उद्घाटन जुलुसमा भाग लिएका थिए। झण्डै ३०० जति नेपाली स्वयंसेवक र अन्तर्राष्ट्रिय स्वयंसेवकहरू सहितका ४८ देशबाट आएका १३०० सहभागीहरूले यस सम्मेलनमा भाग लिएका थिए। ६१ देशका महिलाहरू यस संस्थासँग प्रत्यक्ष रूपमा सहभागी भए पनि ती सबै काठमाडौं आउन सकेनन्। यस कार्यक्रमको उद्घाटन सम्मानीय सभामुख ओनसरी घर्ती मगरले गर्नुभएको थियो।

**२. सम्मेलनमा छलफलका लागि तय गरिएका विषयहरू**

१. साम्राज्यवाद, पूँजीवाद र महिलामाथिको उत्पीडन.
२ महिला आन्दोलन र महिलावाद
३. युद्धको आक्रमकता  र महिला मुक्ति र स्वाधीनताको लडाइमा महिलाहरूको भूमिका
४. श्रमिक वर्गीय आन्दोलन र युनियनहरूको संघर्षमा श्रमिक महिलाहरूको भूमिका
५. युवा महिलाहरू काममा, अध्ययनमा, खेलकुदमा खाली समयमा उनीहरूको अवस्था र संघर्षहरू
६. महिला आन्दोलन र राजनीतिमा उनीहरूको सहभागिता
७. धर्ती मातालाई बचाउन संघर्षरत महिला र महिला वातावरणीय आन्दोलन
८. महिला मुक्तिका लागि संघर्ष
९. महिला विरूद्धको यौन हिंसा - संयुक्त राष्टसंघको प्रस्ताव नं. १३२५ पारित भएको १५ वर्षपश्चात्  महिला शान्ति र सुरक्षा)
१० ग्रामीण क्षेत्रका महिलाको  जीवन  र संघर्ष, किसान महिलाका संघर्षहरू।

यस सम्मेलनमा छलफल गरिएका यी दशवटै विषयमा गहन विचार विमर्श गरी ठोस निर्णयमा पुग्न सार्थक प्रयास गरिएको छ। यी दशवटै विषय समय सान्दर्भिक र महत्त्वपूर्ण थिए। त्यसमा  पनि बुँदा नं. १ को "साम्राज्यवबाद पूँजीवाद र महिला माथिको उत्पीडन" विषयमा सबै सहभागी महिलाहरूले बढी नै चासो देखाएको पाइयो। चैत १ र २ गतेको कार्यशाला गोष्ठीमा भएका छलफल र निष्कर्षसहितको प्रस्तावहरू चैत ४ मा प्रस्तुत भयो। कार्याशाला गोष्ठीमा भएका ती १० वटा विषय र त्यससँग सम्बन्धित आफ्ना देश र समाजका उत्पीडन पनि त्यही प्रस्तावसँगै प्रस्तुत गर्ने काम भयो।  यसकारणले पनि विश्वभरिका महिलाहरू के-कस्ता उत्पीडनमा परेका छन् भन्ने कुरा सबै सहभागी महिलाहरूलाई जानकारी भयो। ती ४८ राष्ट्रका महिलाहरूका केही पीडाहरू सबैका साझा पीडा थिए, भने

केही पीडाहरू आ-आफ्नै देशका राजनीतिक, सामाजिक र धार्मिक संस्कारबाट प्रभावित थिए। संसारभरिका महिलाहरू उत्पीडनमा पर्नाका कारणहरूबारे विवेचना गर्ने प्रयास गरिएको छ।

१. राजनीतिक कारण

२. सांस्कृतिक कारण

१. राजनीतिक कारण

संसारका धेरैजसो मुलुकका कानुनहरू महिलामैत्री नबनेका कारण नै महिलाहरू शोषणमा परेका छन्। पछिल्ला समयमा महिलाहरूको सङ्घर्षको परिणामस्वरूप युरोपियन महिलाहरूको जीवनस्तरमा सुधार आएको छ र कानुनी तहमा पनि समानता स्थापित भएको छ। केही अपवाद बाहेक संसारभरि नै पुरुषहरूकै हातमा राज्यसत्ता छ। महिलाहरूलाई पुरुष सरह अधिकार दिइए पनि व्यवहारमा भने लागु भएको पाइँदैन। धेरैजसो राष्ट्रमा महिलामैत्री कानुन नबन्दा र अन्तर्राष्ट्रिय शक्ति राष्ट्रहरूको अर्को कमजोर देशमा गरिने हस्तक्षेपकारी नीतिका कारण महिलाहरू दोहोरो उत्पीडनमा परेका छन्। विश्वको इतिहासलाई हेर्दा पनि १००० वर्षन्दा पहिले "नारी मनुष्य हो वा पशु कुन समुदायभित्र पर्दछन् -" भन्ने विषयमा ग्रीसको चर्चमा गम्भीर छलफल भएको थियो। अन्ततः गम्भीर छलफल, तर्कवितर्कपश्चात् उक्त प्रश्नको निर्क्योल हुन नसकेपछि मतदान भएको थियो। मतदान केवल १ मत बढी भएकाले नारी मनुष्य समुदायमा पर्ने कुरा निर्क्योल भएको थियो (शिवमाया तुम्बाहाङ्फे, नेपालमा महिला अधिकार, पृ. ११८)। यो दोस्रो विश्व महिला सम्मेलन नेपालमा भएको हुनाले पनि विश्वभरिका महिलाहरूले नेपालका महिलाहरूका अवस्थाका जानकारी प्राप्त गरेका थिए।

नेपालको इतिहासलाई फर्केर हेर्दा नेपाली महिलाहरूको राजनीतिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक अवस्था एकदमै कमजोर भएको पाइन्छ। नेपाली महिलाहरू कस्ता किसिमका सामुदायिक साङ्लोमा बाँधिन बाध्य थिए भन्ने कुराको जानकारी हुन आवश्यक छ। नेपालको राजनीतिक इतिहासमा महिला मुक्तिका लागि गरेका संघर्षहरूका बारेमा पनि बुझन जरूरी छ। त्यसैले यस लेखमा महिला मुक्तिका लागि गरिएका संघर्षहरू र उपलब्धिहरूका बारेमा चर्चा गरिन्छ।

सबैभन्दा पहिले सती प्रथा जस्तो जघन्य अपराध कै चर्चा गरौं। संसारमा सायद भारतको केही ठाउँबाहेक नेपालमा मात्र भएका सती प्रथा यो जघन्य अपराध हो। पुरुष मरेपछि निजकी पत्नीलाई पतिको चितामा जिउँदै जलाउने क्रुर र अमानवीय व्यवहारनै सती प्रथा हो। वि.सं. १९७७ (सन् १९२०) मा यो प्रथा उन्मूलन भयो। नेपालको इतिहास हेर्दा नेपाली महिलाको अवस्था पशुको भन्दा दयनीय थियो। पशुहरूलाई काटेर खान्छन् तर जिउँदै आगो लगाउँदैनन्। नेपालमा यस्तो अवस्थामा राणा कालमा बनेको 'मुलुकी ऐन' ( वि.सं. १९१०) ले प्रचलित रीतिरिवाज, परम्परा, स्थिति बन्देज हदको लिखतहरू र धर्मशास्त्रको वचनलाई राखी संशोधन गरियो। यो कानुन मध्ययुगीन सामाजिक अवस्थाको निरन्तरता थियो। राणाकालमा बनेको नियम कानुनहरूले महिलालाई दोस्रो दर्जाको नागरिक हुन बाध्य बनाए। त्यतिबेला महिलाहरू चरम उत्पीडनमा परेका थिए। यस्तो राजनीतिक, सामाजिक अवस्थामा जागरूक महिलाहरूले वि.सं. १९७४ (सन् १९१७) मा 'महिला समिति' नामक संस्थाको गठन गरेका थिए। त्यसको अध्यक्षता योगमया देवीले गर्नु भएको थियो। यसका सदस्य महिलाहरू नेपालका चारजना प्रधानमन्त्रीका आमाहरू थिए। यस 'महिला समिति' ले मुलुकभरिका महिलाहरूमा राजनीतिक तथा सामाजिक कार्यप्रति जागरूक गराउने उद्देश्य राखेको थियो। यही बेला नेपालमा सती प्रथा कायमै थियो। यस संस्थामाथि सरकारी हस्तक्षेप र दमन भयो र यसले आफ्नो नीति र कार्यक्रमहरू अगाडि बढाउन सकेन। यस संस्थाका अध्यक्षसहित धेरै जना महिलाहरूले जलसमाधि लिए। नेपालमा उत्पीडितले आफ्नो हक अधिकार माग गर्दा सरकारी तहबाट उनीहरूको मागलाई सम्बोधन गर्नुको सट्टा दमन गर्ने त्यतिबेलाको चलन निन्दनीय छ। महिला अधिकारका कुरा उठाउँदा सङ्ख्यामा केही छुटफुट बाहेक अधिकांश क्रान्तिकारी महिलाहरूले जीवन नै त्याग गरेको इतिहास छ। यो 'महिला समिति' सामाजिक सुधार र सरकार विरूद्ध महिलाहरूको मात्र सक्रियतामा खडा भएको पहिलो

संस्था हो। देशको सबैभन्दा पूरानो राजीतिक संस्था 'प्रजापरिषद' को जन्म हुनुभन्दा अगाडि 'महिला समिति' को गठन भएको थियो।

नेपालमा राणाशासनका विरूद्ध सामाजिक, राजनीतिक र आर्थिक सुधारका लागि विभिन्न संघसँगठनहरू खोल्ने लहर चलेको थियो भने अन्तर्राष्ट्रिय जगतमा पनि संयुक्त राष्ट्रसंघले नयाँ नयाँ नीति नियमहरू लागु गर्दै थियो। यसले विश्वभरिका महिलाहरूको आवाज सुन्नका लागि वि.सं. २००२ (सन् १९४५) मा महिलासम्बन्धी छुट्टै आयोग स्थापना भई महिलासम्बन्धी गतिविधिहरू सञ्चालन गर्न थाल्यो। सन् १९४५ मा संयुक्त राष्ट्रसंघको साधारणसभाले आफ्ना सदस्य राष्ट्रहरूलाई आ-आफ्ना देशमा आदिकालदेखि चलिआएको महिला विरोधी कानुन, संस्कृति र व्यावहारिक जीवनमा गरिने समस्त भेदभावहरू उन्मूलन गर्न आह्वान गर्न पुग्यो ( शिवमाया तुम्बाहाङ्फे, नेपालमा महिला अधिकार, पृ. ३२)। यतिबेला नेपालमा सती प्रथा उन्मूलन भएको १५ वर्ष मात्र भएको थियो। महिलामाथि हुने अरू सम्पूर्ण उत्पीडन यथावत नै थिए। युरोप लगायत पश्चिमा मुलुकहरूमा पुरुष सरह महिलाहरूले शैक्षिक अधिकारहरू प्राप्त गरिसकेका थिए। संयुक्त राष्ट्रसंघले पनि महिला अधिकार सम्बन्धी आयोगको स्थापना गरिसकेको थियो। नेपालमा भने महिलाहरूको के कुरा पुरुषहरू नै साक्षर थिएनन्। वि. सं. २००७ साल (सन् १९५०) मा पुण्यप्रभा ढुंगानको अध्यक्षमा स्थापित "अखिल नेपाल महिलासँगठन" ले बालविवाह, कन्याविक्रय र विधवा विवाहमा बन्देज जस्ता सामाजिक कुरीतिकै मुद्धामा सीमित हुन पुग्यो। पुरुष सरह महिलालाई अधिकार प्राप्तिका कुराहरू त धेरैपछि मात्र उठेका हुन्। संयुक्त राष्ट्रसंघमा महिला विरोधी कानुन, संस्कृति र व्यावहारिक जीवनमा गरिने समस्त भेदभाव उन्मूलन गर्ने कानुन पारित भएको ५ वर्ष भइसकेको थियो। नेपालमा बनेका संविधानमा महिला अधिकारको भएको व्यवस्थालाई यहाँ चर्चा गर्ने प्रयास गरिएको छ।

नेपालमा वि.सं. २००४ सालदेखि वि.सं. २०७२ सालसम्म वटा संविधान बने। यसमा महिला अधिकारको अवस्था पछिल्ला समयमा आएर मात्र सन्तोषजनक छन्। 'नेपाल सरकार वैधानिक कानुन २००४' मा महिलाकै लागि भनेर कुनै पनि प्रावधानहरू भएको पाइँदैन। ' नेपालको अन्तरिम संविधान २००७' मा महिलाका हकका लागि छुट्टै परिच्छेदमा मौलिक अधिकारको व्यवस्था नगरेर राज्यका राजनीतिक निर्देशक सिद्धान्तभित्र समावेश गराइएकाले ती सहितका अधिकारलाई कार्यान्वयन गराउन सरकार बाध्य थिएन। फलस्वरूप ती मौलिक अधिकार कार्यान्वयन नै भएनन्। त्यस्तै 'नेपाल अधिराज्यको संविधान २०१५' मा नेपालका विभिन्न राजनीतिक दलहरूको समावेश भएकोले यो संविधान २००७ कोभन्दा केही प्रगतिशीलदेखिए पनि यो पनि लैङ्गिक विभेदबाट मुक्त हुन सकेन। 'नेपालको संविधान २०१९' ले नेपाली महिला वर्गको समानताका हकका लागि जे जति प्रयास गरे तापनि सम्पूर्ण नेपाली महिलाहरूको अवस्थामा भने त्यसले कुनै सकरात्मक परिवर्तन ल्याउन सकेको देखिँदैन। 'नेपाल अधिराज्यको संविधान २०४७' ले महिलाका हक, हित र विकासका लागि आर्थिक, राजनीतिक, कानुनी समानताका साथै स्वास्थ्य, शिक्षा, रोजगार सुरक्षाको व्यवस्था गरेको पहिलो अवसर भए पनि कतिपय प्रावधानहरू लैङ्गिक विभेदबाट मुक्त हुन सकेको देखिँदैन। 'नेपालको अन्तरिम संविधान २०६३' यो भन्दा अघिको संविधानले भन्दा पनि बढी अधिकार दिइए तापनि पुरुष सरह समान अधिकार प्राप्त भएकोदेखिदैन। ३ सेप्टेम्बर, १९७९ मा जारी गरिएको 'महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि (Convention on the Elimination of all forms of Discrimination against Women, 1978, CEDAW) को नेपाल २२ अप्रिल, सन् १९९० मा पक्षधर राष्ट्र भइसकेको छ। अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार राज्यले महिलाको हक र अधिकारको पक्षमा कानुन निर्माण गर्नुपर्ने दायित्व हुन्छ। कानुन निर्माणमा जति उदारता अपनाइएका र कार्यान्वयन भने त्यत्तिकै संकुचित भएकोदेखिन्छ। नेपालमा भने वि.सं. २०४६ को जनआन्दोलन, वि.सं. २०५२देखि शुरू भएको १० वर्षे जनयुद्ध र त्यस युद्धमा ४० प्रतिशत महिलाको सहाभागिता, त्यसपछि जारी गरिएको नेपालको अन्तरिम संविधान, २०६३ मा महिला हक अधिकारका कुरा पहिलेका संविधानका भन्दा केही प्रगतिशील देखिए पनि महिला पुरुषसरह समान अधिकार भने पाउन सकेको देखिँदैन।

वि.सं. २००४देखि नेपालमा लिखित संविधानको सुरुआत भयो र यसबेलादेखि वि.सं. २०७२ सम्म आइपुग्दा ६८ बर्षे अवधिमा नेपाली महिलाहरूले महिला मुक्तिको लागि धेरै संघर्ष गर्नुपर्‍यो। नेपालमा अहिलेसम्म बनेका कानुनहरू अहिलेसम्म लागु नहुनु नै गम्भीर समस्याको विषय बनेको छ। यसले बढी सहरी क्षेत्रका महिलाहरू बढी शिक्षादीक्षाको अवसर पाए ।सहरी क्षेत्रका महिलाहरू शैक्षिक, राजनीतिक र सामाजिक अवसर प्राप्त गर्न पुगेका छन् भने विकट ग्रामीण क्षेत्रका महिलाहरू यी अवसरबाट वञ्चित छन्। नेपाल लगायत अन्य मुलुकमा धार्मिक उत्सव होस या राजनीतिक, सामाजिक रीतिरिवाज तिनमा सबैभन्दा बढी महिलाहरू नै उत्पीडनमा परेका छन्। इरान, अफगानिस्तान, अरब देशहरूमा कठमुल्लाबादी धार्मिक आन्दोलनले त्यहाँका महिलाहरूलाई मध्ययुगीन दासतामा झारी राखेको छ। दोस्रो विश्व महिला सम्मेलनमा मुस्लिम राज्यबाट आएका महिलाहरू अरू देशका महिलाभन्दा बढी पिडीत भएको पाइयो। बलिया राष्ट्रले अरू कमजोर राष्ट्रमाथि गर्ने गरेको हस्तक्षेपकारी नीतिले एशिया ठूलो संकटमा परेको चर्चा यस सम्मेलनमा भयो। दक्षिण एशिया र अफ्रिकाली मुलुकहरूमा साम्राज्यवादले लाँदेका द्वन्द्वका कारण शरणार्थी समस्या उत्पन्न भएको कुरा पनि यस सम्मेलनमा चर्चा भयो र यसको विरोध गर्ने काम पनि भयो। विश्वभरिका महिलाहरू उत्पीडनमा पर्नुका कारण नै आफ्नै राष्ट्रको कानुन महिलामैत्री नहुनु , विदेशी हस्तक्षेप, राजनीतिक, सामाजिक कारण नै भएकोदेखिन्छ।

(२) सांस्कृतिक कारण

